# पञ्च आलोक

(संशोधित तथा परिमार्जित संस्करण)




आर. बि. वन्द्य

https://dhamma.digital

https://dhamma.digital

# पञ्च आलोक

(संशोधित तथा परिमार्जित संस्करण)

# FIVE KINDS OF LIGHT

(Revised and Enlarged Edition)

मूल लेखक

**अग्गमहापण्डित डा. लेडि सयाडो डि. लिट् भदन्त ऊः ञाण महास्थविर**

Agga Mahapandit Dr. Ledi Sayado D. Litt. Most Venerable U Nyan Mahathera

अनुवादक / Translator

**आर. बि. वन्द्य / R. B. Vandya**

Dhamma.Digital

प्रकाशक / Publisher

**लक्ष्मी देवी शाक्य / Laxmi Devi Shakya**

जोरगणेश, ओमबहाल, काठमाडौं / Joreganesh, Ombahal, Kathmandu

बुद्ध सम्बत् २५५३ (2553 Buddha Era)
विक्रम सम्बत् २०६६(2066 Bikram Era)
शाके सम्बत् १९३१ (19301 Shakya Era)
अन्जन सम्बत् २७०० (2700 Anjana Era)
नेपाल सम्बत् ११३० (1130 Nepal Era)
इस्वी सम्बत् २००९ (2009 A. D.)

https://dhamma.digital

**पञ्च आलोक** (FIVE KINDS OF LIGHT)


मूल लेखक : अग्गमहापण्डित डा. लेडि सयाडो डि. लिट्
Author Agga Mahapandit Dr. Ledi Sayado D. Litt.

अनुवादक आर. बि. वन्द्य
Translator R. B. Vandya

प्रकाशक : लक्ष्मी देवी शाक्य
जोरगणेश, ओमबहाल, काठमाडौं
फोन नं. ४२६७१५६
Publisher Laxmi Devi Shakya,
Joreganesh, Ombahal, Kathmandu, ☎ 4267156

प्रथम संस्करण : बु.सं. २५२९/ने.सं. ११०५/वि.सं. २०४२/इ.सं. १९८५
संशोधित तथा
परिमार्जित संस्करण बु.सं. २५५३/ने.सं. ११३०/वि.सं. २०६६/इ.सं. २००९

१,००० प्रति



सर्वाधिकार © : अनुवादकमा सुरक्षित



ISBN 978-9937-2-1752-1

मुद्रक 200/- स्पेक्ट्रम अफसेट प्रेस
हनुमानस्थान, गणबहाल, काठमाडौं
फोन नं. ४२६६८९२, ४२६७१५६
e-mail spectrum_press@yahoo.com
spectrum.press@gmail.com



https://dhamma.digital

**"यो धम्मं पस्सति, सो मं पस्सति ।"**

(जसले सद्धर्म – अभिधर्मलाई देख्तछ, उसले मलाई देख्तछ ।)

**- भगवान् बुद्ध**

Dhamma.Digital

https://dhamma.digital

# समर्पण

जिनभाषित तीनवटै यानका बुद्धधर्ममा
अपरिमित श्रद्धा, आस्था र विश्वास राख्दै
आजीवन तथागतोपदेशित सद्धर्म पालनाको पुनित कार्यमा
दत्तचित्त रही पवित्र र सरल बौद्ध आदर्श जीवन व्यतीत गर्नु भएका
प्रात:स्मरणीय अनन्त गुणोपकारक कामनपा वडा नं. २४ स्थित
श्री धर्मचक्र महाविहारका चक्रेश्वर मूल थकाली हुनु भएका
पूजनीय दिवंगत पिताश्री श्री चिढीरत्न शाक्य
एवम्
माताश्री श्री सानुमाया शाक्यको
युगल पाद कमलमा सादर साञ्जली समर्पण ।

– आर. बि. वन्द्य

https://dhamma.digital

https://dhamma.digital

# भूमिका

शाक्यमुनी भगवान् बुद्धका सूक्ष्मातिसूक्ष्म गम्भीरातिगम्भीर उपदेशलाई सरल ढंगबाट सहजै बुझाउने पवित्र उद्देश्य राखी आधुनिक युगका विशिष्ट बौद्ध विद्वान् अग्गमहापण्डित उ. लेडि सयादो (भिक्षु ञाण महास्थविर) ले प्रशस्त दीपनीहरू र अन्य महत्त्वपूर्ण ग्रन्थहरू लेख्नु भएको मध्ये आठवटा ग्रन्थलाई संग्रह गरी "द म्यानुयल्स अफ बुद्धिज्म" (बुद्ध धर्मका दिग्दर्शनहरू) को नाउंबाट अंग्रेजी अनुवाद प्रकाशित भइसकेको छ । उपर्युक्त अंग्रजी अनुवादमा समाविष्ट भएका ग्रन्थहरू मध्येको पञ्च आलोक नामक ग्रन्थलाई नेपाली भाषामा अनुवाद गर्ने प्रयास अनुवादकले प्रस्तुत पुस्तकमा गर्नु भएको छ ।

वर्माका विशिष्ट बौद्ध विद्वान् अग्गमहापण्डित डा. लेडि सयादोले तथागत सम्यक् सम्बुद्धबाट आज्ञा भएको धर्मको उपदेशलाई पाँच किसिमका अन्धकार र पाँच किसिमका आलोक धर्मको रूपमा संग्रहित गरी सत्व प्राणीहरू कसरी मुक्त हुन सक्तछन् भन्ने विषयलाई समेत क्रमिक रूपबाट ब्याख्या गरी स्पष्ट रूपबाट बुझाउने प्रयास गर्नु भएको छ ।

भगवान् बुद्धले भन्नु भएको छ

**यं परे सुखतो आहु तदरिया आहु दुक्खतो ।**
**यं परे दुक्खतो आहु तदरिया सुखतो विदू ॥**

अर्थात्

साधारण लोकजनले जुन कुरालाई सुख भनी भनिआएका छन् त्यसलाई आर्यहरू र सन्त सत्पुरूषहरूले दुःख भनी भनेका छन् ।

आर्यहरू र सन्त सत्पुरूषहरूले जुन कुरालाई सुख भनी भनेका छन् त्यस कुरालाई परजन साधारण लोकजनले दुःख भनी भन्ने गरेका छन् ।

कतिपय सम्मोहमा डुबेका साधारण लोकजनको दृष्टि र धारणा आलोक प्राप्त आर्य पुरूषहरूको दृष्टि र धारणाको ठीक विपरीत नै पनि हुने गर्दछ भन्ने तथ्य उपर्युक्त बुद्ध वचनबाट प्रष्ट हुन्छ ।

प्रस्तुत पुस्तकमा पाँच प्रकारका अन्धकार र पाँच प्रकारका आलोक सम्बन्धमा यसरी क्रमिक रूपमा दर्शाइएको छः-

पाँच प्रकारका सम्मोह

(१) कम्म सम्मोह अर्थात् कर्म विषयमा घोर अज्ञानता ।
(२) धम्म सम्मोह अर्थात् नाम-रूप धर्म विषयमा घोर अज्ञानता ।



https://dhamma.digital

(३) पच्चय सम्मोह अर्थात् कार्य कारण विषयमा घोर अज्ञानता ।

(४) लक्खन सम्मोह अर्थात् त्रि लक्षण विषयमा घोर अज्ञानता ।

(५) निब्बान सम्मोह अर्थात् निर्वाण विषयमा घोर अज्ञानता ।

पाँच प्रकारका आलोक

(१) कम्म सकता ञाण आलोक अर्थात् सम्पूर्ण सत्व प्राणी मात्रका सम्पत्ति भन्नु नै कर्म मात्र हो भन्ने तथ्य ज्ञान ।

(२) धम्म ववत्थान ञाण आलोक अर्थात् धर्म विषयमा विश्लेषणात्मक ज्ञान अथवा नाम रूप परिच्छेद ज्ञान ।

(३) पच्चय ववत्थान ञाण आलोक अर्थात् कार्य कारण विषयमा विश्लेषणात्मक ज्ञान ।

(४) लक्खन पटिवेध ञाण आलोक अर्थात् त्रि-लक्षण अनित्य, दु:ख, अनात्मालाई अवबोध गर्ने ज्ञान ।

(५) निब्बान पटिवेध ञाण आलोक अर्थात् निर्वाणलाई साक्षात्कार गर्ने ज्ञान ।

## कम्म सम्मोह र कम्म सकता ञाण आलोक

**कम्म सम्मोह** :- संक्षेपमा कम्म सम्मोहको अर्थ हो आफूले गरिआएका कायिक एवम् मानसिक कार्यहरूमध्ये कुन कुन कार्य अकुशल हुन् र कुन कुन ती अकुशल कार्यले चार अपाय लोकमा खिंचेर लैजान्छन् भन्ने कुरालाई थाहा नपाउनु ।

**कम्म सकता ञाण आलोक** :- संक्षेपमा कम्म सकता ञाण आलोक भन्नाले यस्ता यस्ता कार्यहरू कुशल मूल हुन् । कुशल कर्मले भावी जन्ममा कुशल फललाई पैदा गरिदिन्छन् । ती कुशल कर्मका कारणले सत्व प्राणीहरू मनुष्यलोक र देवलोक जस्ता सुखी लोकमा उत्पन्न हुन्छन् भन्ने कुराको ज्ञान आलोकलाई जनाउँछ । कर्म र कर्मका विपाक सम्बन्धी सम्पूर्ण समझदारीलाई नै कम्म सकता ञाण आलोक भनिन्छ ।

यो कम्म सम्मोह भन्ने कुरा बहुतै भयानक, भयावह कुरा हो । यस संसारमा सम्पूर्ण मिथ्या दृष्टि नै यसै सम्मोहको कारणले उत्पन्न हुने हुन् । अनादिकालदेखि भव चक्रमा रूमल्लिरहेका प्राणीहरूका लागि कम्म सकता ञाण नै शरण स्थान हो । यस प्रकारको ञाण आलोक प्राप्त भएको खण्डमा मात्र प्राणीहरूले दान प्रदान गर्ने, शील पालन गर्ने, भावनाको अभ्यास गर्ने जस्ता कुशल कर्महरू सम्पादन गरी मनुष्य लोक, देव, ब्रम्हलोकमा उत्पत्ति भई मनुष्य, देव, ब्रम्हाको सुख लाभ प्राप्त गर्ने हुन्छन् । त्यस देखि बाहेक बुद्धत्व, प्रत्येक बुद्धत्व र आर्य श्रावकत्व प्राप्त गर्ने जस्ता कुशल पारमिताहरू पनि यसै आलोकमा उत्पन्न हुन्छन् ।



https://dhamma.digital

## धम्म सम्मोह र धम्म ववत्थान ञाण आलोक

**धम्म सम्मोह** :- संक्षेपमा यसको अर्थ हो धर्मलाई यथाभूत रूपबाट धर्मको रूपमा नै थाहा नपाउनु । पञ्च स्कन्ध भनेको नाम र रूप न सत्व हो न पुद्गल हो, न आत्मा हो । यथार्थमा नाम र रूप भनेका केवल धातु स्वभाव मात्र हुन् भन्ने यथार्थ सत्यलाई अवबोध नहुनाको कारणले गर्दा सञ्ञा विपल्लास, चित्त विपल्लास र दिट्ठि विपल्लास जस्ता प्रकारका विपल्लास धर्म ( भ्रमहरू) उत्पन्न हुन्छन् । यस प्रकारको अज्ञानतालाई धम्म सम्मोह भनिन्छ ।

**धम्म ववत्थान ञाण आलोक** :- संक्षेपमा धम्म ववत्थान ञाण आलोक भन्नाले केवल नाम र रूप बाहेक यो संसारमा सत्व प्राणी भन्ने केही छैनन्, पुद्गल भन्ने कोही छैन, जीव भन्ने छैन, आत्मा भन्ने छैन, स्त्री भन्ने छैन, पुरुष भन्ने छैन भनी यथार्थ सत्यलाई अवबोध गर्ने ज्ञानलाई भनिन्छ । नाम र रूप धर्मलाई परिच्छेद गर्न सकिने ज्ञान बुद्धशासन उत्पन्न हुँदाको समयमा मात्र लोकजनलाई उपलब्ध हुने हुन्छ । पञ्च स्कन्धको रूपमा विद्यमान रहेका नाम र रूप मात्र वास्तवमा सत्य धर्म हुन् भन्ने सत्य तथ्यलाई यसै ज्ञान आलोकबाट मात्र जान्न बुझ्न सकिने हुन्छ ।

## पच्चय सम्मोह र पच्चय ववत्थान ञाण आलोक

**पच्चय सम्मोह** :- संक्षेपमा कार्य कारणको विषयलाई नजान्नु अर्थात् नाम र रूपको उत्पत्ति विषयलाई नजान्नुलाई पच्चय सम्मोह भनिन्छ । पच्चय सम्मोह भन्नाले भगवान् बुद्धद्वारा उपदेश दिनु भएको निम्न प्रतीत्य समुत्पाद धर्मलाई नजान्नु हो । यथा, अविद्याको प्रत्ययबाट संस्कार उत्पन्न हुन्छ । संस्कारको प्रत्ययबाट विज्ञान उत्पन्न हुन्छ । विज्ञानको प्रत्ययबाट नाम रूप उत्पन्न हुन्छ । नाम रूपका प्रत्ययबाट सलायतन उत्पन्न हुन्छन् । सलायतनका प्रत्ययबाट स्पर्श उत्पन्न हुन्छ । स्पर्शको प्रत्ययबाट वेदना उत्पन्न हुन्छ । वेदनाको प्रत्ययबाट तृष्णा उत्पन्न हुन्छ । तृष्णाको प्रत्ययबाट उपादान उत्पन्न हुन्छ । उपादानको प्रत्ययबाट भव उत्पन्न हुन्छ । भवको प्रत्ययबाट जाति उत्पन्न हुन्छ । जातिको प्रत्ययबाट जरा, मरण, शोक, परिदेव, दुःख दौर्मनस्य, उपायास उत्पन्न हुन्छन् । पच्चय सम्मोहको कारणबाट कारक दृष्टि उत्पन्न हुन्छ अर्थात् सृष्टिकर्ताको अस्तित्वको कारणबाट मात्र नाम र रूप धर्म उत्पन्न हुन सक्तछन् भन्ने मिथ्या दृष्टि उत्पन्न हुन्छ ।

**पच्चय ववत्थान ञाण आलोक** :- पच्चय ववत्थान ञाण आलोक भनेको संक्षेपमा नाम रूप धर्म उत्पत्ति हुनाको कारणको जानकारी रहनु हो । अर्थात् अविज्जा पच्चया सङ्खारा । सङ्खार पच्चया विञ्ञाणं । विञ्ञाण पच्चया नाम रूपं । नाम रूप पच्चया सलायतनं । सलायतन पच्चया फस्सो । फस्स पच्चया वेदना । वेदना पच्चया तण्हा । तण्हा पच्चया उपादान । उपादान पच्चया भवो । भव



https://dhamma.digital

पच्चया जाति । जाति पच्चया जरा मरण सोक परिदेव, दुक्ख दोमनस्सपाया सम्भवन्ति । एव मे तस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होति भनी आज्ञा भएको प्रतीत्य समुत्पाद अंग हेतुको विषयमा जान्नु हो ।

यो पच्चय ववत्थान ञाण आलोक नहुँदा तीन प्रकारका मिथ्या दृष्टि उत्पन्न हुन्छन् । यथा,

१) अहेतुक दिट्ठि
२) विसमहेतु दिट्ठि
३) पुब्बेकत हेतु दिट्ठि

१) अहेतुक दिट्ठि भन्नाले सत्ताको लागि कुनै पनि हेतु हुँदैन भन्ने दृष्टिलाई जनाउंछ ।
२) विसमहेतु दिट्ठि भनेको अहेतुलाई हेतुको रूपबाट मान्यता दिने दृष्टि हो ।
३) पुब्बेकत हेतु दिट्ठि भनेको पूर्व कर्म नै मात्र सत्व प्राणीका लागि मूल हेतु हुन् भन्ने दृष्टि हो ।

## लक्खन सम्मोह र लक्खन पटिवेध ञाण आलोक

**लक्खन सम्मोह** :- संक्षेपमा लक्खन सम्मोहको अर्थ हेतु र प्रत्ययको परिणाम स्वरूप उत्पन्न भई द्रुततर गतिमा उत्पत्ति र विनाश भइरहेका नाम र रूपका अनित्यताको विषयमा नजान्नु र अत्यन्त भयावह रूपको दुःखको विषयमा वास्तविक सत्यलाई नजान्नु नबुझ्नु हो ।

**लक्खन पटिवेध ञाण आलोक** :- लक्खन पटिवेध ञाण भन्नाले ( संक्षेपमा) हेतु प्रत्ययका परिणामको रूपमा उत्पत्ति भई द्रुततर गतिवाट उत्पत्ति हुँदै विनाश भइरहेका नाम र रूप अनित्य हुन् भन्ने यथार्थ सत्य कुराको ज्ञान हुनु हो । अत्यन्त भयावह भइरहेको दुःखको वास्तविकतालाई जान्नु हो ।

## निब्बान सम्मोह र निव्वान पटिवेध ञाण आलोक

**निव्वान सम्मोह** :- निब्बान सम्मोहको अर्थ भव चक्रको अनन्त चक्रमा फन् फन् घुमिरहंदाको अवस्थामा सत्व प्राणीहरूले यो यस्ता धर्मका अभ्यास गर्नाले सम्पूर्ण आश्रव, सम्पूर्ण संयोजन, तृष्णाका वन्धन र अनेक प्रकारका दुःखहरूको पूर्ण रूपबाट निरोध भई शान्ति परम शान्तिको अवस्थामा पुगिन्छ भन्ने ज्ञानलाई थाहा नपाउनु हो । यस प्रकारको शान्ति परम शान्तिको अवस्था छ भन्ने कुरा थाहा नपाउनु निव्वान सम्मोह अन्धकार हो ।

निब्बान पटिवेध ञाण आलोकः- माथि उल्लेख गरिए वमोजिमको शान्ति परम शान्तिको अवस्था छ भन्ने कुरालाई महशुस गरी त्यस्तो परम शान्तिको स्थितिलाई साक्षात्कार गर्ने ज्ञान आलोकलाई निब्बान पटिवेध ञाण आलोक भनिन्छ ।



https://dhamma.digital

अग्गमहापण्डित डा. लेडि सयादोले अति गम्भीर यस पाँच किसिमका घनघोर अन्धकार र पाँच किसिमका आलोक विषयका कुरालाई बर्माको येऊ भन्ने नगरमा करीब एक हजार जवान श्रोतागणका सामु पहिले प्रवचन दिनु भएको रहेछ। यस धर्मको प्रवचन सुनी प्रभावित भएका पाँच जवान भद्रपुरूषहरूले यस धर्म प्रवचनलाई ग्रन्थको रूपमा प्रकाशित गर्न डा. लेडि सयादोलाई आग्रह गर्नु भएको थियो । तदनन्तर करीब १० महीनाको समय पछि फाल्गुन शुक्ल सप्तमीको दिनमा राती वर्माको मण्डले भन्ने नगरमा पनि डा. सयादोले यसै धर्मलाई करीब पाँच हजार श्रोतागणको सामु पुनः प्रवचन गर्नु भएको थियो । अग्गमहापण्डित डा. लेडि सयादोले अति गम्भीर धर्म देशनालाई श्रवण गरी श्रोतागणले यस धर्मलाई सदा सर्वदा सम्झना गरी राख्न सकुन् भन्ने सदीच्छाबाट प्रेरित भई डा. लेडि सयादोका प्रधान शिष्य भदन्त माला नामक भिक्षुले यस धर्म प्रवचनलाई पुस्तकको रूपमा प्रकाशित गर्ने आग्रह गर्नु भएको रहेछ। यसरी दुई ठाउँमा धर्मको प्रवचन गर्दा दुवै ठाउँबाट प्रस्तुत धर्म प्रवचनलाई पुस्तककै रूपमा प्रकाशन गर्न आग्रह भएको हुँदा अग्गामहापण्डित डा. लेडि सयादोले प्रस्तुत पञ्च आलोक नामक पुस्तक लेख्नु भएको रहेछ।

यसरी प्रस्तुत पुस्तकका मूल लेखक अग्गमहापण्डित भदन्त ञाण महास्थविर हुनुहुन्छ। उहाँ बौद्ध जगतमा डा. लेडि सयादोको नाउँबाट सुपरिचित हुनुहुन्छ। ब्रिटिश शासन कालमा वर्मेली सम्वत् १२७७ अर्थात् ई. सन् १९०५ मा उहाँलाई सर्वप्रथम अग्गमहापण्डित भन्ने उपाधिबाट विभूषित गरिएको थियो । वर्मेली सम्वत् १२८३ अर्थात् ई. सन् १९२१ मा रंगून विश्व विद्यालयको समुदघाटन समारोहमा उहाँलाई डि. लिटको उपाधि प्रदान गरिएको थियो।

अग्गमहापण्डित डा. लेडि सयादो केवल धर्म कथिक मात्र वा ग्रन्थ कारक मात्र होइन, उहाँ एकजना विशिष्ट कर्मस्थानाचार्य पनि हुनुहुन्छ र आफूले बोले अनुसार काम गर्ने र काम गरे अनुसार नै मात्र बोल्ने यथावादी तथाकारि पण्डित पनि हुनुहुन्छ। उहाँले वर्माको विभिन्न स्थानमा जानु भई धर्म प्रचार कार्य गर्नु भएको थियो । उहाँ जनसाधारणको भाषाबाटै पुस्तक लेख्न रूचाउनु हुन्थ्यो। एकपटक उहाँले के पनि भन्नु भएको थियो भने उहाँले रचना गर्नु भएको किताबहरूमा जंगल पर्वतादिको ध्वनि गुञ्जायमान भइरहेका हुन्छन्। अग्गमहापण्डित डा. लेडि सयादोको विद्वताबाट प्रभावित भई बर्माको छट्ठ संगायनका द्वितीय नायक अग्गमहापण्डित अभिधजमहारट्ठ गुरू म सोयें सयादोले आफू कहाँ आउने एकजना व्यक्तिलाई बुद्ध धर्म प्रचार गर्ने हो भने डा. लेडि सयादोले रचना गर्नु भएका सम्पूर्ण दीपनीलाई प्रकाशित गर भनी बुद्धशासन काउन्सिलका अफिसर उ ल्हा मोऊँलाई भनिदिनु भनी सन्देश पठाउनु भएको थियो। उहाँकै आज्ञा अनुसार बुद्धशासन काउन्सिलले आठ आठ किताबको एउटा एउटा संग्रह गरी दीपनी संग्रहको नाउँबाट किताबहरू



https://dhamma.digital

प्रकाशित गरेको हो । यस अगाडि पनि दीपनीहरू जनताकै तर्फबाट समेत समय समयमा प्रकाशित भइसकेका थिए ।

अग्गमहापण्डित डा. लेडि सयादोले लेख्नु भएका पुस्तकहरूमध्ये यस अघि हाम्रो देशमा पनि चारवटा पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

सुश्री नानी मैया मानन्धर द्वारा अनुदित "मग्गङ्ग दीपनी" २०३३ सालमा सिद्धि थ्रेड इण्डष्ट्रीज प्रा. लि. मखनका तर्फबाट प्रकाशित भएको थियो भने २०३५ सालमा "बोधिपक्खिय दीपनी" पनि सोही अनुवादिकाबाट अनुवाद भई उपासकोपासिकाहरूबाट प्रकाशित भएको थियो । वि. स. २०३७ सालमा पूज्य भिक्षु अनिरूद्ध महास्थविर द्वारा अनुदित "विपस्सना दीपनी" अ. विरतीको दिवंगत माताको पुण्य स्मृतिमा प्रथम पटक प्रकाशित भई त्यही पुस्तकको द्वितीय संस्करण दिवंगत पुत्र गौतम दर्शन बज्राचार्यको पुण्य स्मृतिमा चन्द्र दर्शन बज्राचार्यबाट प्रकाशित भएको थियो । वि. सं. २०४० सालमा नानी मैया मानन्धरद्वारा अनुदित "नियाम दीपनी" पनि पूज्य भिक्षु अनिरूद्ध महास्थविर समेत उपासकोपासिकाहरूको समूहबाट प्रकाशित भएको थियो ।

त्यसपछि पुनः प्रस्तुत "पञ्च आलोक" नामक पुस्तक श्री आर. बि. वन्द्य द्वारा अनुदित भई श्री नन्द सिद्धि गुभाजुबाट वि. सं २०४२ सालमा प्रथमबार प्रकाशित भएको थियो ।

प्रस्तुत पुस्तकको प्रथमबार प्रथम संस्करणको प्रकाशन हुने कार्य कसरी हुन गएको थियो भन्ने विषयमा पनि संक्षेपमा यहाँ पुनःस्मरण गर्नु प्रासंगिक नै ठान्दछु । करीव वि. सं २०४१ सालतिरको कुरा हो । म, साहु नन्द सिद्धि गुभाजु र श्री वन्द्यज्यू बीच अभिधर्म सम्बन्धी विषयमा छलफल हुँदा हुँदै अग्गमहापण्डित डा. लेडी सयादोले लेख्नु भएको "पञ्च आलोक" नामक ग्रन्थको पनि अंग्रेजी प्रकाशनबाट नेपाली भाषामा अनुवाद हुन सके सद्धर्मको सूक्ष्म एवम् गम्भीर पक्षको विषयमा नेपाली पाठकलाई ज्ञान लाभ गर्न सुगम हुने देखी श्री वन्द्यज्यूलाई हामीले सो पुस्तकको अनुवाद गरिदिन आग्रह गर्‍यौं । उहाँले कामको अति बेफूर्सदीपनाको कारणले गर्दा नयाँ पुस्तकको अनुवाद गर्ने विषयमा तुरुन्त यकिन जवाफ नदिनु भए पनि भरिसख्य प्रयास गर्ने आश्वासनसम्म दिनु भयो ।

करीव एक महीना जति पछि श्री वन्द्यज्यू सुमंगल विहारमा आउनु भई "पञ्च आलोक" को अनुवाद ठीक भयो भएन एक पटक हेरिदिनोस् भनी उहाँले अनुवादको पाण्डुलिपी नै मलाई दिनु हुंदा म त आश्चर्य चकित भएं । श्री आर. बि. वन्द्यज्यूको सशक्त कलमको लागि अंग्रेजीबाट नेपालीमा पुस्तकको अनुवाद गर्ने काम त्यति कठीन काम होइन भन्ने कुरा त मलाई थाहा थियो । तथापि अत्यन्त कार्यव्यस्तताको बीचमा पनि समय निकाली पञ्च आलोक जस्तो गम्भीर धर्म दर्शनको विषयको पनि यति चाँडो अनुवाद प्रस्तुत गर्ने



https://dhamma.digital

उहाँको सद्धर्म प्रतिको श्रद्धा, प्रेम र अभिरूची देख्ता म अति नै हर्ष विभोर भएं, प्रर्मुदित र प्रफुल्लित भएँ । बर्मेली भाषाको पुस्तकसँग प्रस्तुत अनुवादलाई दाँज्दै हेरी अंग्रेजी अनुवाद र बर्मेली मौलिक पुस्तकमा रहेका भिन्नतालाई मिलाउँदै पाण्डुलिपीमा केही संशोधन गरी सो पाण्डुलिपी साहु नन्द सिद्धि गुभाजुलाई दिएं र उहाँले पुस्तकलाई प्रकाशित गर्न सहर्ष स्वीकार गर्नु भयो ।

"भौतिक क्षेत्रमा आज विज्ञानले ठूलो प्रगति हासिल गरिसकेको छ । सामान्य व्यक्तिको नग्न चर्म चक्षुको अगाडि हाड, छाला, मासु, सुन, चाँदी, माटो, ढुँगा, हावा, पानी, किरण आदिको रूपमा देखिने भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै केलाउंदै लगी सूक्ष्मातिसूक्ष्म दर्शक यन्त्रको सहायताले विज्ञानले प्रत्येक पदार्थलाई कण कणमा, अणु अणुमा र परमाणु परमाणुमा मात्र विभाजन गर्न सफल भएको होइन, सामान्य सूक्ष्म दर्शक यन्त्रको सहायता सम्मले पत्ता लगाउन नसकिने अति सूक्ष्म रूप परमाणुलाई पनि आजको विज्ञानले गणित, अतिशय सूक्ष्म दर्शक विशिष्ट यन्त्र र रासायनिक प्रकृयाको आधार लिई इलेक्ट्रन, प्रोटन, न्यूट्रन जस्ता विद्युत गति वा तरंग सम्ममा विश्लेषण गर्न सफल भएको छ" (श्री आर. बि. वन्द्यको लेख "अभिधर्म - एक बिचार" बाट उद्घृत)

तर भगवान् बुद्धले आज भन्दा २५९८ वर्ष अघि नै आफ्नो विशुद्ध प्रज्ञा ज्ञानले हेरी रूप धातुको साथ साथै नाम धातु स्वभावलाई समेत जसरी यो वेदना हो, यो संज्ञा हो, यो संस्कार हो, यो विज्ञान हो भनी जुन किसिमले सविस्तार नाम धर्मलाई समेत विभाजन वर्गीकरण विश्लेषण गरी फारी फारी देखाउनु भएको छ, जसरी चर्म चक्षुले र पञ्च इन्द्रियले समेत देख्न जान्न नसकिने चित्त तथा चैतसिकहरूलाई समेत प्रत्येक चित्त तथा चैतसिकको स्वभाव अनुसार यो अतीत भवंग हो, यो भवंग चलन हो, यो भवंगुपच्छेद हो, यी पंचद्वारावर्जन चित्त हुन्, यी तदारम्मण चित्त हुन्, यो वोट्ठब्बन चित्त हो, यी जवन चित्त हुन्, यी तदारम्मण चित्त हुन्, सो प्रतिसन्धि चित्त हो, यो च्यूति चित्त हो भनी इत्यादि रूपबाट चित्तलाई १२१ प्रकारले र चैत्तसिकलाई यो लोभ हो, यो द्वेष हो, यो मोह हो, यी कामच्छन्द, व्यापाद, स्त्यान मृद्ध, औद्धत्य कौकृत्य, विचिकित्सा हुन्, यी वितर्क, विचार, प्रीति, सुख हुन्, यो अलोभ हो, यो अद्वेष हो, यो प्रज्ञा हो भनी इत्यादि किसिमबाट ५२ किसिमबाट चैतसिकलाई विभाजन गरी केलाई फारी फारी देखाउनु भएको छ त्यसरी नाम धातुको अस्तित्वलाई वैज्ञानिक आधारबाट पहिचान गर्न सकिने कल्पना सम्मको कुरा पनि आजको वैज्ञानिकलाई अझै ठूलो उत्तेजना र दुर्भेद्य स्वप्नको विषय सम नै रहिआएको छ भन्नुमा अतिशयोक्ति होवोइन । किनभने आज अद्यापि आधुनिक वैज्ञानिकको ज्ञान क्षेत्रले नाम धर्मलाई धातुको रूपबाट परिभाषित पहिचान गरी अध्ययन गर्ने प्रारम्भ समेत गर्न सकेको देखिंदैन ।



https://dhamma.digital

नाम रूपको स्वभावलाई जान्नु बुझ्नु निश्चय पनि त्यति सजिलो काम चाहिं पक्कै पनि होइन । नाम रूप धर्मलाई जान्न बुझ्न र रसास्वादन गर्न ठूलो धैर्य, प्रज्ञा र अविचलित अभ्यासको आवश्यकता पर्दछ । तर अप्रमादी भई स्मृतिलाई अक्षुण्ण राखी हेर्ने हो भने आधुनिक यन्त्रको सहाराले पत्ता लगाउन नसकिने नाम रूपको स्वभावलाई सामान्य व्यक्तिले पनि यथार्थ रूपबाट देख्न सक्तछ वा अनुभव गर्न सक्तछ । यस तथ्यलाई बुझ्न बुझाउन प्रस्तुत पुस्तकमा नामरूप धर्मको स्वभावको विविध पक्षलाई सउदाहरण सप्रमाण सविस्तार व्याख्यान गर्ने प्रयास गरिएको छ । नेपालमा आजकाल विपश्यना भावनाको अभ्यास गर्ने दिशामा ठूलो मात्रामा जन इच्छा र अभिरूचीको बृद्धि भइरहेको पाइन्छ । यस्तो वेलामा "पञ्च आलोक" जस्तो गम्भीर विषयको पुस्तक वि. सं २०४२ सालमा प्रथमबार नेपाली भाषामा अनुवादित भई स्व. साहु श्री नन्द सिद्धिबाट प्रथम पटक प्रकाशित पुस्तक सकिसकेकोले सद्धर्मप्रेमी पाठकहरूलाई यस्तो अमूल्य पुस्तकको अभावले विगत ८/१० वर्ष अघिदेखि नै ठूलो समस्या भइरहेको थियो । यस्तो बेलामा यस पुस्तकको महत्त्वलाई बुझी आफ्नो दिवंगत पतिदेवको स्मृति मा यस अनमोल ग्रन्थरत्नको परमार्जित एवं परिबर्द्धित (द्वितीय संस्करण) प्रकाशित गर्ने महोत्तम कार्यमा अग्रसर हुन आउनु भएकी सद्धर्मोपासिका लक्ष्मी देवी शाक्यको जति प्रशंसा गरे पनि कमै हुने अनुभूति मैले गरेको छु । तसर्थ विपश्यना ज्ञान र ध्यानको बढ्दो प्रचार प्रसारको आजको अनुकूल समयमा सद्धर्मप्रेमी श्रीमती लक्ष्मी देवी शाक्योपासिकाबाट दुर्लभ यस पञ्च आलोक पुस्तकको परिमार्जित र परिवर्द्धित द्वितीय संस्करण पुनर्वार प्रकाशित हुनु निश्चय पनि समयसापेक्ष र समयानुकूल कार्य हो भन्ने सोचेको छु । मलाई आशा एवम् विश्वास छ कि प्रस्तुत पुस्तकको यस संस्करणबाट नेपाली पाठकवर्ग निकै नै लाभान्वित हुने छन् र भगवान् बुद्धको सूक्ष्म एवम् गम्भीर धर्म दर्शनको अझ बढी अध्ययन र अभ्यासमा आकर्षित भई गम्भीर प्रज्ञा ज्ञानका अधिकारी स्वयं बनी बुद्ध धर्मको गहनता र उपयोगिता जान्न बुझ्न बढी सफल हुनेछन् ।

श्री आर. बि. वन्द्यज्यूले यस्तो अमूल्य पुस्तकको परिमार्जित र परिवर्द्धित संस्करण प्रकाशनार्थ उपलब्ध गराई नेपाली भाषाका धर्मनुरागी पाठकवर्ग समक्ष प्रस्तुत गर्नु भएकोमा श्री वन्द्यज्यूलाई म पुनर्वार हार्दिक साधुवाद सह मंगल कामना व्यक्त गर्न चाहन्छु । साथै भविष्यमा अन्य अमुल्य पुस्तकहरूको अनुवाद कार्य पनि यसरी नै सम्पादन गर्न सकोस् भनी हार्दिक शुभेच्छा पनि अनुवादकलाई दिन चाहन्छु ।

यस्तो अमूल्य बुद्ध धर्मको ग्रन्थलाई प्रथमपटक प्रकाशित गर्नु हुने पहिलेका प्रकाशक द्वय श्री नन्द सिद्धि गुभाजु तथा श्रीमती कयोमयजुलाई र



https://dhamma.digital

हालको यो द्वितीय संस्करण प्रकाशित गर्नु हुने का. जि. ओमवहाल निवासी श्रीमति लक्ष्मी देवी शाक्यलाई पनि हार्दिक साधुवाद दिन चाहन्छु। भविष्यमा पनि यसरी नै अमूल्य बुद्ध धर्म र दर्शनका किताबहरू प्रकाशित गर्दै जान सकोस् भनी शुभ मंगल कामना व्यक्त गर्दछु।

प्रस्तुत पुस्तकको द्वितीय संस्करणको लागि आवरण पृष्ठको डिजाइन तयार गरी धर्म कार्यमा सश्रद्धा सरीक हुनु भएका श्री डिजी डिजाइनलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत पुस्तकका शुरु अनुवाददेखि वर्तमान मुद्रण प्रकाशन कार्य सम्ममा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग गर्ने सद्धर्म प्रेमी महानुभावहरू सबै धन्यवादका पात्र हुनुहुन्छ।

**किन्नुहासो किमानन्दो निच्चं पज्जलिते सति।**
**अन्धकारेन ओनद्धा पदीपं न गवेसथ॥**

अर्थात् सदा सर्वदा रागादि अग्नि प्रज्वलित भइरहेको यस लोकमा के हाँस्नु ? के आनन्द लिनु छ र ? अन्धकारबाट ढाकि राखिएको यस संसारमा अझै पनि प्रदीप-प्रकाशलाई खोज्न जानु पर्दैन र ? भनी भगवान् बुद्धबाट आज्ञा भएको कुरालाई स्मरण गरी भगवान् बुद्धको प्रगाढ प्रज्ञा ज्ञानलाई जति सक्यो चाँडो जान्न बुझ्न चाहने सद्धर्मका प्यासी महानुभावहरूलाई प्रस्तुत पुस्तकको अध्ययनबाट निश्चय पनि केही आशा भरोशा प्रदान गरी ठूलो हितोपकार हुनेछ भन्ने विश्वास लिएको छु। अन्तमा प्रकाशिकाको यस धर्म दान कार्यबाट दिवंगत अमृत मान शाक्यलाई स्वर्ग, सुगति र निर्वाण प्राप्त होस् भनी शुभासीर्वाद दिन चाहन्छु।

**निब्बानस्स पच्चयो होत्तु।**

Dhamma.Digital

अग्गमहासद्धम्म जोतिकधज संघनायक
**भिक्षु बुद्धघोष महास्थविर**
शिक्षाध्यक्ष
नेपाल बौद्ध परियति शिक्षा
नेपाल।

सुमंगल विहार
लुखुसी, ललितपुर
कार्तिक शुक्ल युगादि नवमी, २०६६



https://dhamma.digital

# विनीत निवेदन

## मानव जातिको अनन्त खोज

यस पृथ्वीका सम्पूर्ण जीवधारी प्राणीहरू मध्ये मनुष्य नै हर प्रकारको दृष्टिबाट सर्वोत्तम, सर्वोत्कृष्ट र सुविकसित प्राणी ठहरिन आउँछ र यस सत्यलाई स्वीकार्ने दिशामा प्राचीन धर्म शास्त्रदेखि आधुनिक जीव शास्त्र जीव विज्ञान समेतमा कतै कहिल्यै मतभेद रहेको छैन । मानिस एक चिन्तनशील, भावुक, तर्कप्रिय, अनुमानशक्तियुक्त, बिचारवान र विवेकशील प्राणी मात्र होइन, ऊ प्राकृतिक ज्ञान, स्थूल एवम् सूक्ष्म भौतिक एवम् रसायन शास्त्रीय ज्ञान जस्ता लौकिक ज्ञानदेखि लिएर नाम रूपका धर्म स्वभाव, ६ प्रकारका धातुहरू समेतका परमार्थ धातु स्वभाव, नाम रूपका उत्पत्ति, स्थिति र भङ्ग स्वभाव, यावत् हेतु धर्म र ती हेतु धर्मका निरोध धर्म स्वभाव, अनेक लौकिक लोकोत्तर ज्ञान, सम्पूर्ण ससंस्कृत धर्म धातुदेखि असंस्कृत निर्वाण धातु स्वभावसम्मका लोकोत्तर परमार्थ प्रज्ञा ज्ञान समेतका अधिकारी रहिआएको छ । अन्य प्राणीहरू जहाँ आहार, भय, मैथुन, निद्रा जस्ता लोक व्यवहारमै भूली सोही व्यवहारमै चुर्लुम्म डुबीकन आफ्ना जीवन, आफ्ना काल व्यतीत गर्दछन् भने मानिसले आफ्नो र आफू वरिपरिका संसार र आफूले देखि जानि आएको ब्रम्हाण्डको संजाल र विस्तार मात्रको रहस्य जान्ने बुझ्ने जिज्ञासा सम्ममा पनि सीमित नरही यस संसारकै उत्पत्ति, विकास र विनाश कहाँ कहिले कसरी भएको वा हुने हो, प्राणी मात्रको जन्म र मृत्यु कहाँ कहिले कसरी हुन्छ, प्राणीको अतीत जीवन थियो कि थिएन, मृत्युपछि जीवनको अन्त्य हुन्छ कि हुन्न, जातिजरा व्याधि मरण भयबाट मुक्ति सम्भव छ कि छैन, प्राणीको जन्म, कर्म र मृत्युलाई नियन्त्रणमा राख्न सकिन्छ कि सकिन्न, कर्म फल र पुनर्जन्म, इहलोक र परलोक लाई आफ्नो इच्छानुकूल वशमा राख्न सकिन्छ कि सकिन्न, संसार र जाति, कर्म र मृत्युलाई नियन्त्रण कुन मार्ग द्वारा कसरी गर्न सकिन्छ भन्ने जस्ता जड र चेतन, सांसारिक र गैह्र सांसारिक, लौकिक र पारलौकिक, सकालिक र अकालिक, प्रज्ञप्ति र परमार्थ धर्म, संवृति सत्य र परमार्थ सत्य जस्ता धर्म अर्थ काम मोक्षादि चतुः वर्ग देखि निर्वाण, परिनिर्वाण सम्मका विषयमा ज्ञान, प्रज्ञा, अभिज्ञा, आलोक प्राप्त गर्न अनादि काल देखि अध्ययन, अनुसन्धान, चिन्तन मनन, अन्वेषण गवेषण, खोज खबर, विश्लेषण विवेचना, जपतप, भावभक्ति, साधना अभ्यास, ध्यान भावना आदि कार्यमा लग्नशील भई सततः प्रयास गर्दै आइरहेको छ । यसैको क्रममा यस जगतमा आ-आफ्ना ज्ञान र दर्शन, प्रज्ञा र अनुभव, शिक्षा र दीक्षा, मान्यता र परम्परा अनुकूल अनेक वाद र विद्या, अनेक शास्त्र र विज्ञान, अनेक धर्म र दर्शन, दृष्टि र धारणा, आस्था र विश्वास, मत र मतान्तरका उत्पत्ति र विकास, व्याख्यान र विवेचना, प्रस्तुतीकरण र प्रतिपादन भए गरिएका छन् । मानिसका आ-आफ्ना



https://dhamma.digital

शक्ति र सामर्थ्य, समझ र विवेक, इच्छा र अभिलाषा, आस्था र अभिरूची, निष्ठा र विश्वास, लक्ष र उद्देश्य, ज्ञान र प्रज्ञाको स्तर अनुकूल विभिन्न ज्ञान र विज्ञान, धर्म र दर्शन, मत र मतान्तर धारण र पालन गरिआएका छन्, अनुशरण र अनुकरण गरिआएका छन्, अभ्यास र आचरण गरिआएका छन् । धर्म र दर्शनको नाउँमा "भस्मी भूतस्य देहस्स पुनरागमनं कुतः, अतः ऋणं कृत्वा धृतं पिवेत्" भन्ने जस्ता उच्छेद दृष्टि देखि "सर्वधर्मान् परित्यज्य मामेकं शरणं ब्रज, अहं त्वाम् सर्वपापेभ्यो मोक्षयिष्यामि, मा शूचः" भन्ने जस्ता भक्तिवादी दृष्टि, ईश्वर छैन धर्म पाप छैनन्, कर्म र विपाक छैनन्, पुनर्जन्म छैन भन्ने जस्ता नास्तिक दृष्टिदेखि परम् ब्रह्मा परमात्मा, सृष्टिकर्ता परमेश्वर, आदिबुद्ध धर्मधातु वागीश्वर, श्रृष्टिकान्ता लोकेश्वर सम्मका आस्तिकवाद, द्वैतवाद र अद्वैतवाददेखि नेति नेतिको सूक्ष्मदर्शन, शून्यवादी दर्शनदेखि हेतुवाद-कर्मवाद-विभज्जवाद सहितको अनत्तवादी गम्भीर दर्शन सम्मका धर्म र दर्शन, दृष्टि र सिद्धान्त, वाद र मतमतान्तारहरू प्रस्तुत र प्रतिपादन भए गरिएका छन् । आ-आफ्ना श्रद्धा, निष्ठा, आस्था र विश्वास अनुसारका मत वा वादलाई सर्वश्रेष्ठ, सर्वोत्तम, निर्विकल्प ठहऱ्याउन विज्ञ श्रद्धावानहरू, भक्त पण्डित जन र आस्तिक विद्वत् वर्ग आपसमा धर्म शास्त्रार्थ, बहस पैरवी, सत्संगत, धर्म साकच्छा, धर्म श्रवण र प्रवचन, प्रचार र प्रसार गर्ने कार्यमा संलग्न रहन्छन् भने पूर्वाग्रह पीडित अल्पज्ञ अन्धा अनुयायीहरू र अन्ध भक्तहरूका बीच आपसमा अनावश्यक वादविवाद, अनुचित जोर जुलुम र अनुपयुक्त प्रचार प्रसार भई झै झमेला र झगडा, व्यर्थका तर्क र वितर्क, आपसी मनमुटाव र भेदभाव पनि भए गरिएका पाइन्छन् । सम्पूर्ण धर्म र दर्शनको मूल उद्देश्य नै प्राणी मात्रको दुःखबाट मुक्तिको प्रयास र "वसुधैव कुटुम्बकम्" को भावनाको जागरण हुनुपर्छ भन्ने मानवोपयोगी मूल सत्यलाई नबुझदा आ-आफ्ना वाद र मतलाई जवर्जस्ति अरुमाथि थोपर्न चाहने कारणले गर्दा मानव इतिहासले मानव मानवका बीच असंख्य रीस इबी, ईर्ष्या द्वेष, मारकाट, घात प्रतिघात, संघर्ष र झगडा चलेको पनि देखिसकेको छ, कैयन् सभ्यताको उत्थान र पतन भएको पनि हेरेको छ र धर्म र दर्शनको नाउँमा स्वयं धर्मकै मर्मको पनि घोर अवहेलना र उपेक्षा उपहास र परिहास हुने काम भए गरेको पनि देखेको छ ।

## धर्म र दर्शनको विषयमा पूर्वाग्रही हुन नहुने

धर्म र दर्शन भन्ने कुरा वास्तवमा जीवनको बहुत उत्कृष्ट उच्चत्तम विचार, सर्वोत्तम उन्नत विवेक, गम्भीर प्रज्ञा र प्रगाढ चिन्तनको विषय हुँदा विशाल हृदयको ब्यापक दृष्टिबाट चिन्तन मनन गरिने र आचरण र अभ्यास, धारण र पालन गरिने विषय हुन् । संसारका यावत् सत्व प्राणीको दुःख दर्दप्रति भित्री अन्तःस्करण देखि नै सहानुभूतियुक्त र सम्वेदनशील रही मैत्री, करुणा,



https://dhamma.digital

मुदिता, उपेक्षा जस्ता चतुर्ब्रम्हविहारमा विहार गरी "बसुधैव कुटुम्बकम्" को पुण्यसिद्धान्त र भावनालाई अंगाली अज्ञानीजनको अज्ञानता प्रति करूणाको वर्षा गर्ने व्यक्ति नै वस्तुतः सच्चा अर्थमा धार्मिक र दार्शनिक मानिन्छ। जीवन र संसारलाई तुच्छ सम्भी लोकोत्तर ज्ञानको खोजीमा संलग्न रहने यस्ता पुद्‌गल जाति वा वर्गगत संकीर्णता, पुरोहितवादी सीमित स्वार्थ, रूढीवादी चलनको घेराबाट सर्वथा माथि उठेको हुनुपर्छ। धर्म भनेको कुरा स्वेच्छाले स्व-अनुभूतिले धर्मको मर्म र रहस्यलाई जानी बुभीकन आ-आफ्ना आस्था र विश्वास, लक्ष्य र उद्देश्य अनुकूल मुक्तिको विशुद्ध कामनाको सच्चा हृदयले अबलम्वन र अनुशरण गरिने परिशुद्ध धर्माचरण अनुशासन हो। धर्म र दर्शनका विषयमा कुनै पनि काम कुरा हुँदा, गर्दा पूर्वाग्रहबाट सर्वथा मुक्त रही ज्ञानोपार्जन गर्ने विशुद्ध नियतले स्वतन्त्रतापूर्वक स्वेच्छाले स्व-अनुभूतिको आधारमा समुन्नत विवेक र विचारबाट अभिप्रेरित भएर यस्ता काम कुरा गरिनु वाञ्छनीय हुन्छ।

## अनत्तवादी धर्मको रूपमा बुद्ध धर्मको विशिष्ट स्थान

यस संसारमा प्रसार र प्रचलनमा रहेका विभिन धर्म, मत वा सिद्धान्तहरूलाई व्यापक रूपबाट वर्गीकरण गर्ने हो भने तिनलाई आत्मावादी धर्म र अनात्मावादी धर्म, मानवको अनन्त शक्ति र सामर्थ्य माथि जोड दिने प्रज्ञावाद र ईश्वरीय सत्ताको सर्वशक्तिमान शक्तिमाथि निर्विकल्प विश्वासलाई जोड दिने निष्ठावाद वा कर्मवाद र अकर्मवाद जस्ता दुई समूहमा वर्गीकरण गर्न सकिन्छ। बौद्ध धर्म र हिन्दु धर्म दुवैले देवी देवताहरूको मान्यता कुशला-कुशल कर्म र तिनका विपाकको मान्यता र अतीत जीवन र पुनर्जन्मको सिद्धान्तको मान्यता प्रदान गर्ने भएकोले संसारका अन्य धर्म र वाद भन्दा बौद्ध धर्म र हिन्दु धर्म एकदम फरक रहेको पाइन्छ भने केवल बुद्धधर्मले मात्र "अत्ता हि अत्तनो नाथो" को दर्शन र हेतुवाद विभज्जवाद यथार्थवाद माथि जोड दिनाको साथै "सब्बे संखारा अनिच्चा, सब्बे संखारा दुक्खा र सब्बे धम्मा अनत्ता" भन्ने त्रिलक्षणलाई आफ्नो धर्म र दर्शनको आधार मान्ने भएकोले अनत्तवादी धर्मको रूपमा बुद्ध धर्मको मात्र एउटा अलग अस्तित्व र भिन्न स्थान र आदर्श कायम रहेको पाइन्छ।

## बुद्ध धर्म र आधुनिक विज्ञानका बीचमा समानता र समीप्यता

आधुनिक वैज्ञानिकको नजरबाट हेर्दा पनि बुद्ध धर्मले पूर्णतः वैज्ञानिक धर्मको मान्यता पाएको देखिन्छ। किनभने अनन्त ज्ञानको खोजीमा संलग्न आधुनिक वैज्ञानिकले जसरी कुनै पनि सिद्धान्तको प्रीतपादन गर्दा निश्चित ज्ञात तथ्यहरू र अनुमानहरूबाट अध्ययनको काम शुरू गरी आफ्नो अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षणको माध्यमबाट सो तथ्य प्रमाणित गरेर मात्र स्वयंको अनुभूतिको आधारमा सो सिद्धान्त ठीक भए मात्र ठीक हो भनी



https://dhamma.digital

प्रतिपादन गर्दछ, बुद्धले पनि धर्मको क्षेत्रमा त्यसरी नै वैज्ञानिकले झैं खुल्ला मनले सत्य पत्ता लगाउने उद्देश्यले चार असंख्य र एक लाख कल्पको अनन्त जुनीको ज्ञान र अनुभवलाई संगाली बुद्धत्वको लागि आवश्यक ज्ञान, शक्ति र सामर्थ्यलाई बटुली अझ अन्तिम जन्ममा पनि आफूले स्वयं तपस्या गरी गहन अध्ययन, मनन, चिन्तन गरी विस्तृत रूपमा ज्ञानलाई परीक्षा गरीकन मात्र चतुरार्य सत्य मध्यम प्रतिपद्को मार्गको प्रतिपादन गर्नु भएको पाइन्छ। बुद्ध धर्मावलम्वीलाई यो धर्म ग्रहण गर्दा आधुनिक विज्ञानकै तौर तरीका अनरूप व्यक्ति स्वयंले जाँची बुझी परीक्षा गरी आफ्नै अनुभव, ज्ञान र विवेकबाट सत्य सिद्ध गरेर मात्र धर्म ग्रहण गर्न आव्हान पनि गरिएको छ। बुद्ध धर्मका केही विशेषता हुन् - सु-आख्यात हुनु, आदौ कल्याणं, मध्ये कल्याणं, पर्यवसान कल्याणं" हुनु, सान्द्रिष्टिक हुनु, अकालिक हुनु र एहि पस्सिको हुनु । वैज्ञानिकलाई विज्ञानको अध्ययनमा जसरी हालसम्म प्रतिस्थापित सिद्धान्तहरूलाई काम चलाउ सिद्धान्त (Working hypothesis) सम्म मानी सन्देहको दृष्टिले आफ्नो अध्ययन प्रारम्भ गर्ने छूट रहन्छ, त्यसरी नै प्रतिस्थापित धर्म माथि सन्देह गरी आफ्नै बुद्धि, विवेक, ज्ञान र अनुभवको कसौटीमा घोटी परीक्षा गर्दा पनि सत्य देखिएमा मात्र यो धर्म ग्रहण गर्ने छूट र स्वतन्त्रता बुद्ध धर्ममा मात्र पाइन्छ। (हेर्नोस्-केसपुत्तिय सुत्त, अंगुत्तर निकाय) । तसर्थ आधुनिक वैज्ञानिकको दृष्टिबाट पनि यो धर्म विशुद्ध वैज्ञानिक छ । आधुनिक विज्ञान र बुद्ध धर्मका बीचको एउटा असाधारण समानता र सामीप्यको क्षेत्र यहाँबाट प्रारम्भ हुन्छ।

## बुद्ध धर्म र अन्य धर्महरूका बीचको भिन्नताहरू

बुद्ध धर्मका विशिष्ट विद्वान् उपासक एवम् विपश्यनाका विशिष्ट साधक म्यानमारका भूतपूर्व प्रधानमन्त्री ऊ नु को विचारमा बुद्धधर्म र संसारका अन्य धर्महरूका बीचमा निम्न सात विषयमा मौलिक भिन्नता रहेको पाइन्छ। यथा :-

### प्रथम विभेद

अन्य धर्ममा संसारलाई सृष्टि गर्ने एकदम शक्तिशाली परमात्माको अस्तित्वको मान्यता पाइन्छ। बुद्ध धर्मले पृथ्वी, आप, तेज, वायु, आकाश र मन धातुको स्वभावको परणाम स्वरूप उत्पत्ति हुने नाम रूपको संयोग र प्रवाहलाई नै संसारको उत्पत्ति, स्थिति र विनाशको हेतु मान्ने हुंदा यस धर्ममा नाम रूपलाई सृजना गर्ने ईश्वरीय सत्ताको मान्यता पाइन्न।

### द्वितीय विभेद

अन्य धर्ममा ईश्वर र देवताहरू वास गर्ने देवलोक-१, मनुष्य लोक-१, पशुलोक-१,र नरक लोक-१ गरी कूल चार लोकको अस्तित्व मानिन्छ।



https://dhamma.digital

बुद्ध धर्मले २० ब्रम्हलोक, ६ देवलोक, १ मनुष्यलोक, र ४ अपायलोकको अस्तित्वलाई मान्दछ ।

## तृतीय विभेद

अन्य धर्मका अनुसार स्वर्ग र स्वर्गवासी देवताहरू नित्य र अजरामर हुन्छन् ।

बुद्ध धर्मका अनुसार अनित्यताको सर्वव्यापी नियमको अपवाद भन्ने कुनै सत्ता र लोक छैन ।

## चतुर्थ विभेद

अन्य धर्मका अनुसार सर्वशक्तिमान् ईश्वरकै इच्छा अनुसार संसार चल्दछ र लोकजनले स्वर्ग र नरकमा प्रवेश पाउँछन् ।

बुद्ध धर्मले हेतुवाद र कर्मवादलाई मात्र मान्यता दिन्छ र संसारको सुख दुःख, स्वर्ग र नरकवास जम्मै कुशलाकुशल कर्मका विपाक हुन् भन्ने कुरालाई मान्दछ ।

## पञ्चम विभेद

अन्य धर्ममा आत्मा र परमात्माको मान्यता हुन्छ ।

बुद्ध धर्मले अनात्मवादलाई आफ्नो दर्शनको आधार मानिआएको छ ।

## षष्ठम विभेद

अन्य धर्मको लक्ष्य हो अनन्त सुखवाला स्वर्गवास र अजरामर जीवनको लाभ गर्नु ।

बुद्ध धर्मको मूल उद्देश्य चाहिं जाति (पुनर्जन्म)लाई निःशेष रूपबाट निरूद्ध गरी निर्वाण प्राप्त गर्नु हो ।

## सप्तम विभेद

अन्य धर्मले प्राणी मात्रलाई सुख र दुःख, स्वर्ग र नरकको फल दिन सक्ने सर्वशक्तिमान् परमेश्वर प्रति अनन्य निष्ठा राख्नै पर्ने र ईश्वरको पूजा अर्चना गर्नै पर्ने वाध्यता गरेको पाइन्छ ।

बुद्ध धर्मले बुद्ध प्रतिको श्रद्धा, पूजा र प्रार्थनाले मात्र निर्वाण सुलभ हुने मान्यता नदिई निर्वाणलाई साक्षात्कार गर्न पुद्गल स्वयंले विपश्यना भावनाको अभ्यास गर्नै पर्ने कुरामा जोड दिन्छ । किनभने भगवान् बुद्धले भन्नु भएको छः-

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।**
**पटिपन्ना पमोक्खन्ति झायिनो मारवन्धना ॥"**

धम्मपद २०.४ (२७६)



https://dhamma.digital

### अर्थ

तिमीहरूले स्वयं नै आ-आफ्ना काम गर्नु पर्दछ। तथागतले केवल मार्ग मात्र देखाइदिन्छ। ध्यान गर्ने मार्गमा जाने ध्यानी मार बन्धनबाट मुक्त हुन्छ।

धर्मपद २०.४ (२७६)

## मानव प्रज्ञाको विकासमा बुद्ध धर्ममा जोड

बुद्ध धर्मले मानिसलाई कुनै वाह्य शक्तिको दासता स्वीकार्ने शिक्षा दिनको विपरीत मानवोचित प्रज्ञाको विकास गर्न उत्प्रेरित गर्दछ। भदन्त डा. के. श्री धम्मानन्दको शब्दमा भन्ने हो भने बुद्ध धर्मले "मानिसको आफ्नो भाग्य आफ्नै हातमा छ र जीवनको सर्वोत्कृष्ट लक्ष्य हासिल गर्न सक्षम बन्न आवश्यक शक्ति र प्रज्ञा मानिस आफैसँग छ र आफूसँग भएको यही अन्तर्निहित शक्ति र प्रज्ञाको विकास गरेर नै जीवनको सर्वोच्च लक्ष्य (निर्वाण) प्राप्त गर्न सकिन्छ भनी जोड दिई बुद्ध धर्मले मानिसको आत्मनिर्भरताको भावलाई समुचित रूपबाट सम्बर्द्धन गरिदिन्छ र मनुष्य जातिको प्रतिष्ठाको सम्बर्द्धन गर्दै मानिसलाई उसको बुद्धि विवेकको क्षमतालाई सुहाउँदो गरी समुचित सम्मान प्रदान गर्दछ।" यो धर्मले धर्मको प्रयोजनको निम्ति मानिस होइन कि मानिसको उच्चत्तम हित, उन्नति र सहयोगको निम्ति धर्मको प्रयोजन हुन्छ भन्ने कुरालाई सिकाउँछ।

## बुद्ध धर्मका यानहरूका बीचमा समानता

बुद्ध धर्मलाई राम्ररी अध्ययन गर्ने सुअवसर नपाएका विद्वत् वर्ग, खास गरीकन पश्चिमी विद्वान्हरूमा बुद्ध धर्ममा दैवी शक्ति र देवताहरूको अस्तित्वको कुनै मान्यता छैन भन्ने गलत धारणा रहेको पाइन्छ। वास्तवमा बुद्ध धर्मले पूर्व कुशल कर्मका कारणले अनेक ऋद्धि शक्ति सम्पन्न भएका देवताहरू र ब्रम्हाहरूको अस्तित्वलाई मान्यता प्रदान मात्र गरेको छैन कि के कस्ता पुण्य कर्म गर्नाले कुन कुन देवलोक र ब्रम्ह लोकमा जन्म ग्रहण गरिन्छ भन्ने विषयमा समेत यस धर्ममा विस्तृत चर्चा गरिएको पाइन्छ। विभिन्न मात्राका लौकिक लोकोत्तर ऋद्धि, सिद्धि, शक्ति र ज्ञान प्राप्त विभिन्न लोकको देव ब्रम्हाहरूलाई मान्यता गरी श्रद्धा व्यक्त गर्ने बुद्धधर्मावलम्वी बुद्ध धर्मबाट च्यूत वा भ्रष्ट हुन्छ भन्ने कुरा होइन। बुद्ध, धर्म र संघलाई कृतज्ञतावश श्रद्धा प्रकट गर्न पूजा अर्चना गरे जस्तै अनेक मात्राका ऋद्धि, सिद्धि, शक्ति र ज्ञान सम्पन्न विभिन्न देव शक्र ब्रम्हाहरूलाई पनि पूजा अर्चना गर्दछ भने बुद्ध धर्मले कसैलाई निषेध गरेको छैन। हो, सम्यक् दृष्टिवाला बुद्धधर्मावलम्बीले अनित्य, दुःख र अनात्माका सर्वव्यापी नियमबाट कोही पनि अपवाद छैन भन्ने कुरालाई सदैव स्मरण गर्नु पर्दछ र केवल श्रद्धा, अर्चना, पूजापाठ, भक्ति उपासनाबाट नै मुक्ति-निर्वाण पाइन्छ भन्ने गलत धारणालाई पन्छ्याउन सक्नु पर्दछ। बुद्ध शासनको उदय कालमा शील समाधि सहितको उच्चस्तरको लोकोत्तर प्रज्ञाले सीधै निर्वाणलाई नै प्राप्त गर्न सक्ने



https://dhamma.digital

सुअवसर सुलभ भइरहेको बेलामा स्वयं निर्वाणलाई लाभ गर्न सदुपयोग हुन सक्ने दुर्लभ मनुष्य जीवनको समय अन्य काम कुरामा खर्च गर्नु कतिको हितकारक र बुद्धिमतापूर्ण हुन्छ भन्ने प्रश्न चाहिं व्यक्ति स्वयंको आफ्नो विवेकको भिन्नै प्रश्न हुन्छ । श्रावक, प्रत्येक, बुद्धयान (महायान), तन्त्र मन्त्र सहजयान समेत अनेक यान र सम्प्रदायमा बिभाजित बौद्ध धर्म सबैले त्रिलक्षण धर्म स्वभावलाई मान्यता प्रदान गर्नाको साथै निर्वाण धर्मलाई लाभ गर्नुलाई नै आफ्नो अन्तिम लक्ष्यको रूपमा मानिआएको पाइन्छ । भिन्नता छ भने सो लक्ष्य प्राप्त गर्न अपनाइने मार्गमा छ, तरीकामा छ, विधि विधानमा छ, तिनका प्राथमिकता निर्धारणमा छ । बस् ।

मानव जातिको लागि सबैभन्दा महत्त्वपूर्ण विषय केही छ भने स्वयं मानिस नै छ भनी प्रसिद्ध पश्चिमा विद्वान् कविले भनेको थियो । आज पनि सत्य यही छ । आधुनिक विज्ञानको द्रुततर विकासको गतिको बाबजूद पनि मानव जातिको लागि अझै संसारको उत्पत्ति र विनाशको विषय जति रहस्यपूर्ण छ त्यतिकै रहस्यमय विषय मानिस स्वयंको उत्पत्ति र विनाशको विषय रहिरहेकै छ । रोहितस्स देवपुत्रको प्रश्नको जवाफमा (हेर्नोस् अंगुत्तर निकाय, चतुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी) भगवान् बुद्धले पनि भन्नु भएको थियो- "आयुष्मान् ! यही साढे तीन हात भरको लामो संज्ञायुक्त शरीरमा नै म लोक (संसार)को प्रज्ञप्ति गर्दछु, लोक-समुदायको, लोक-निरोधको र लोक-निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु ।" यसबाट पनि सम्पूर्ण ज्ञानको प्रारम्भ मानिसमै हुने तथ्य प्रष्ट हुन्छ ।

## बुद्ध धर्म र विज्ञानको समानता

अन्तर्मुखी धर्म र दर्शनले संसार र मानिसको रहस्यको व्याख्या गर्न विभिन्न सिध्दान्त र मतहरू प्रतिपादन गरे झैं बहिर्मुखी आधुनिक विज्ञान पनि विगत केही-शताब्दी देखि प्रकृति, मनुष्य र संसारकै रहस्यहरूको खोजीमा सकृय रूपमा संलग्न रहिआएको छ । भौतिक एवम् रसायन शास्त्रको क्षेत्रमा भएको महान् प्रगति र सूचना प्रविधि, कम्प्युटर र सूक्ष्मतम प्रविधि (Nano Technology) का क्षेत्रमा भएको तीब्र प्रगतिले आजको मानव समुदायलाई संसार, प्रकृति, विश्व ब्रम्हाण्ड, यसका संजाल र यिनका रहस्यहरू र उपलब्धिहरूका बारेको ज्ञानमा ठूलो बृद्धि भएको छ भने जीव विज्ञान, जनन विज्ञान (Genetics) र आनुवंशिक इन्जिनियरिंग (Genetic Engineering) को क्षेत्रमा भएको अभूतपूर्व विकासबाट अचेतन, अर्द्ध चेतन र सचेतन प्राणीहरूको उत्पत्ति, सन्तती र विकासको विषयको मानव ज्ञान राशीमा पनि अप्रत्याशित रूपबाट अभिवृद्धि भएको पाइन्छ । आज समय र दूरी माथि मानिसको अधिकार र नियन्त्रण बढ्दो छ । स्थूल र सूक्ष्म, आन्तरिक र वाह्य शक्तिमाथि मानिसको ज्ञान र पहुंच फैलिंदो छ । अन्तरीक्ष, आकाश र कालको खोजी बढ्दो मात्रामा जारी छ । आजको मानिस एक पृथ्वी, एक सौर्यमण्डल र एक ज्योतिर्मण्डल



https://dhamma.digital

विषयको ज्ञानमा मात्र सीमित परिमित छैन । बल्कि यस संसारमा यस ब्रम्हाण्डमा सयौं हजारौं अल्याखौं ज्योतिर्मण्डलहरू (Galaxies) विद्यमान छन् भन्ने कुराको ज्ञान अनुभूति र आभास आजको मानिसलाई छ । हालसालै मात्र वैज्ञानिकहरूले दश हजार ज्योतिर्मण्डलहरूको एक नयाँ समुहलाई पत्ता लगाएबाट अन्तरीक्ष र विश्व ब्रम्हाण्ड सम्बन्धी खोज र जानकारी अझै बढ्दै गई परिष्कृत र परिमार्जित हुने क्रममा रहेको तथ्यलाई पुष्टि गर्दछ । वैज्ञानिकहरूको खोज जारी नै छ । बुद्धका जीवनीको सिलसिलामा ठाउँ ठाउँमा वर्णन गरिएको बुद्ध जन्म सम्बन्धी असाधारण घटनाबाट प्रकम्पित बुद्धका जाति क्षेत्रका दश हजार लोक धातुका साथै बुद्धको तेज रश्मी पुग्ने आणा क्षेत्रका दश खरब चक्रवाल र तीस खरब चक्रवाल र बुद्धले विषय क्षेत्र मानेका असंख्य चक्रवालको अस्तित्व र प्रभावलाई आजको वैज्ञानिकले वैज्ञानिक खोजकै क्रममा भविष्यमा छिटै प्रमाणित गर्ने स्थिति नआउला भन्न सकिन्न । परम्परागत धर्म र दर्शनले आन्तरिक साधन र प्रज्ञा ज्ञानका आधारमा प्रतिपादन गरेका कतिपय कुराहरूको सत्यतालाई प्रमाणित गर्ने वा अन्यथा सावित गर्ने अवस्थामा आज विज्ञान आइपुगेको छ । आजको विज्ञानले आफ्ना सिलसिलाबद्ध वस्तुगत अध्ययन र अनुसन्धानको परिणामबाट कतिपय मानिसका पुराना धारणाहरू, धार्मिक अन्धविश्वासहरू र कोरा अनुमान र कल्पनाहरूलाई गलत र निःसार प्रमाणित गरिदिएको छ भने कतिपय धार्मिक र दार्शनिक मान्यताहरू र विश्वासहरूलाई वैज्ञानिक विश्लेषणबाट समेत सत्य सावित गरिदिएको पनि छ । किनभने विज्ञानले कुनै पनि कुरोलाई यसको बाह्य स्वरूपको भरमा मात्र मोहित भई वा पूर्वाग्रहद्वारा पीडित भई स्वीकार वा अस्वीकार गर्दैन । बरु त्यस कुरालाई केलाई, फारी र अनेक प्रकारका प्रयोग र परीक्षण गरी निस्केको तथ्यलाई विश्लेषण गरेर मात्र वैज्ञानिक कुनै पनि कुराको निस्कर्षमा पुग्दछ र ग्रहण गर्दछ ।

## आधुनिक विज्ञानद्वारा बुद्ध धर्मको अनित्यवादलाई पुष्टि

भौतिक क्षेत्र र रासायनिक क्षेत्रमा आज विज्ञानले ठूलो विकास गरिसकेको छ । सामान्य व्यक्तिको मांस चक्षुको अगाडि हाड, छाला, मासु, सुन, चाँदी, माटो, ढुंगा, फलाम, हावा, पानी, किरण आदिको रूपमा देखिने भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै केलाउँदै लगी सूक्ष्मदर्शकयन्त्रको सहायताले विज्ञानले प्रत्येक पदार्थलाई कण कणमा, अणु अणुमा र विद्युत तरंग स्वभावका परमाणु र परमाणुमा मात्र विभाजन गर्न सफल भएको होइन, सामान्य सूक्ष्मदर्शक यन्त्रको सहायता सम्मले पत्ता लगाउन नसकिने अति सूक्ष्म रूप परमाणुलाई पनि आजको विज्ञानले गणित, अति सूक्ष्मदर्शक विशिष्ट यन्त्र, वबल चाम्वर जस्ता अत्याधुनिक प्रयोगशाला र रासायनिक प्रकृयाको आधार लिई ती विद्युत तरंग स्वरूपका परमाणुलाई उपपरमाणु रज- इलेक्ट्रोन, प्रोटोन र न्यूट्रन जस्ता विद्युत गति वा तरंग सम्ममा विश्लेषण गर्न सफल भएको छ ।



https://dhamma.digital

सो परमाणुभित्र रहेका इलेक्ट्रन, प्रोटन, न्यूट्रनको संख्या र गतिलाई समेत पहिचान गरी आज विज्ञानले कुन कुन परमाणु भित्रको केन्द्रिका (Nucleus) मा के कति संख्यामा प्रोटन र न्यूट्रन हुन्छन् र कुन कुन परमाणुका ती केन्द्रिकालाई के कति इलेक्ट्रनले कुन कक्षमा कसरी फन्को लगाईरहेका हुन्छन् भन्ने विस्तृत कुरा सम्म मात्र पत्ता लगाएको होइन कि केन्द्रिका र इलेक्ट्रनका कक्ष भित्र शून्य स्थान (आकाश) हुन्छ र ती इलेक्ट्रनले प्रकाशको गतिले अर्थात् झण्डै १,८६,००० मील प्रति सेकेण्डको गतिले केन्द्रिकालाई फन्को मारिरहेका हुन्छन् भन्ने कुरा पनि सिद्ध गरेको छ । विज्ञानले हामीलाई के पनि बताएको छ भने पृथ्वी १००० मील प्रति घण्टाको दरले घुमिरहेको छ र यस्तै घुम्दै घुम्दै ३६५ दिनमा स्वयं सूर्यलाई पनि पृथ्वीले फन्को मार्ने गर्दछ । सूर्यको विशाल मण्डल नक्षत्र प्रणाली १३ मील प्रति सेकेण्डका दरले घुमिरहेको छ भने नक्षत्र प्रणालीले २०० मील प्रति सेकेण्डका दरले आकाश गंगालाई र सम्पूर्ण आकाशगंगाले १०० मील प्रति सेकेण्डका दरले अति दूरस्थ ज्योतिर्मण्डलका साथ साथै एक आकाशीय विन्दुलाई केन्द्र मानी घुमिरहेको छ । यसरी विज्ञानले के सिद्ध गरेको छ भने हाम्रा मांस चक्षु अगाडि स्थीर दखिने स्थूल पृथ्वी, सूर्य, नक्षत्र, आकाशगंगा, ज्योतिर्मण्डल सबै घुमिरहे झैं सम्पूर्ण विश्व, पृथ्वी, पदार्थ आदिका मूल भौतिक आधारका रूपमा रहेका रूप धातु पदार्थका अति सूक्ष्मातिसूक्ष्म रूपका विद्युत तरंग स्वभावका परमाणुका इलेक्ट्रन पनि केन्द्रिकालाई केन्द्र विन्दु मानी घुमिरहेका छन् । एक एक परमाणु स्वयंमा एक एक सौर्यमण्डल सरह छ । यसरी सारा संसार नै गतिशील भइरहेको छ । सम्पूर्ण विश्व नै घुमिरहेका छन् । यस संसारमा द्रव्य र उर्जा दुई सत्ता होइनन् । उर्जाको वृद्धिको कारणले द्रव्यको मात्रामा वृद्धि हुन्छ भने द्रव्यको गतिशीलताबाट उर्जाको उत्पत्ति हुन्छ । उपर्युक्त विश्लेषणको क्रममा नै विज्ञानले यो पनि सिद्ध गरेको छ कि व्यवहारमा हामीलाई स्थूल, ठोस र स्थीर पदार्थको रूपमा देखिने बहुत सान्हो र कडा वस्तु पृथ्वीदेखि लिएर संसारमा पाइने यावत् रूप धातु पदार्थ जे जति छन् ती सबै नै वास्तवमा नित्य प्रवाहको अवस्थामा रही असंख्य शिघ्रताका साथ उत्पत्ति र विनाश हुँदै निरन्तर परिवर्तनका अवस्थामा रहेका तिनै विद्युत कणहरू वा तरंगहरू जस्तै प्रोटन, न्यूट्रन र इलेक्ट्रनबाट निर्मित हुनाले ती सबै वस्तुहरू क्षण क्षणमै परिवर्तन हुने स्वयंमा एक घडी पला विपला पनि स्थीर नरहने, गतिशील अनित्य तरंग वा तरंग स्वभाव मात्र हुन् । ती तरंगहरू उत्पत्ति हुँदै गतिशील हुँदै विनाशमा प्राप्त भइरहेका छन् । आजको विज्ञानले बुद्ध धर्ममा उल्लेख गरिएको "संसरन्ति ति संसार" को परिभाषालाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गर्दै रूप धातु विषेशको अनित्यता र परिवर्तनशीलतालाई सिद्ध गरेको छ । यथार्थमा संसार गतिशील छ, परिवर्तनशील छ, अनित्य छ । यस संसारका यावत् पदार्थ वस्तुतः जरैदेखि गतिशील छन्, परिवर्तनशील छन्, अनित्य छन् । विज्ञानको विकासले एक्कासौं शताब्दीमा आएर संसार प्रतिको बौद्ध



https://dhamma.digital

दृष्टिकोणलाई र बौद्ध अनित्यवादलाई निरापवाद रूपमा स्वीकार गरेको छ। जुन कुरा अनित्य छ, जुन कुराको निरन्तर परिवर्तन र व्यय धर्मलाई एक क्षण पनि रोक्न सकिन्न त्यो सुख हुन सक्तैन। त्यस्ता कुरा स्वतः दुःखको कारण हुनुपर्छ। किनभने यसको दुःख, यसको उत्पत्ति र विनाशमै निहित छ, अन्तर्निहित छ। बौद्ध दर्शनका दुई प्रमुख आधारशीला- अनित्य र दुःखलाई यसरी आज विज्ञानले भौतिक विश्लेषण गरेरै प्रमाणित गरिसकेको छ।

भौतिक विज्ञानको इलेक्ट्रोनिक्स र माइक्रोइलेक्ट्रोनिक्स र रसायन विज्ञानको क्षेत्रमा भएको प्रगतिले र सूचना प्रविधि, कम्प्यूटर विज्ञान, सूक्ष्मतम प्रविधिको क्षेत्रमा भएको अभुतपूर्व विकासले आज मानव जीवनको रहन सहन र दैनिक जीवनका कैयन गतिविधिहरू माथि ठूलो प्रभाव पारिसकेको छ र मानिसको जीवनमा भौतिक सुख सुविधा जुटाउन यसले ठूलो मद्दत पुऱ्याएको छ। त्यस्तै जीव विज्ञान-जनन विज्ञान (जेनेटिक्स), आनुवंशिक इञ्जियरिंग (जेनेटिक इञ्जिनियरिंग) जैविक चिप (Bio-chip) र जीन उपचार (Genetic Therapy) को क्षेत्रमा भएको अभुतपूर्व प्रगतिले मानव जीवनको शारीरिक, बौद्धिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष र वैचारिक क्षेत्रमा समेत निकट भविष्यमै महत्त्वपूर्ण प्रभाव र परिवर्तन ल्याउने पूर्व संकेतहरू देखा परिसकेका छन्। भौतिक शास्त्रीले स्थूल पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा परमाणु, प्रोटन, न्यूट्रन, इलेक्ट्रन सम्ममा विभाजित गरे भैं जनन विज्ञान र आनुवंशिक इञ्जिनियरिंगको क्षेत्रमा जनन शास्त्रीहरूले प्राणीमात्रमा पाइने एक कोषीय (Single Cell) जीवहरू जस्तै वैक्टेरिया (Bacteria) र भाइरसहरू (Viruses) को जीवाणुकोष (Cell) को पहिचान गर्नाको साथै जीवधारी प्राणीहरू र मानव शरीरका अंग प्रत्यगंहरूलाई समेत सूक्ष्मातिसूक्ष्म रूपबाट फार्दै विभाजित गर्दै केलाउँदै लगी के कुरा पत्ता लगाएका छन् भने एक सामान्य मानिसको शरीरमा ११ पाइन्ट रगत हुन्छ भने एकजना मानिसको शरीरमा करीब दश खरब जति सूक्ष्म रूपका जीवाणु कोषहरू हुन्छन्। स्त्री र पुरुष जातिका मानव शरीरमा पाइने यी जीवाणुकोषहरू मध्ये अधिकांशको जीवन निमित्त केन्द्रिका (Nucleus) को जरूरत पर्दछ। प्रत्येक जीवाणु कोष स्थित केन्द्रिकामा जोडा जोडाका रूपमा रहने २३ जोडा केन्द्रिका रेशाहरू (Chromosomes) अर्थात् ४६ वटा केन्द्रिका रेशाहरू हुन्छन्। जैविक अणु, डि. एन. ए. (Deoxyribose Nucleic Acid or DNA) भनेको यिनै केन्द्रिका रेशाको एक भाग हो। डि. एन. ए. का अणुहरू मिली वंशाणु बनेका हुन्छन्। तसर्थ डि. एन. ए. को एक अंशको रूपमा रहेको वंशाणु (Gene) ले आमाबाबुका स्वरूप, लक्षण, स्वभाव र अन्य गुण जस्ता वंशानुगत गुण (Genetic Information) लाई तिन्का सन्ततीमा प्रसारण गर्दछन्। मानव शरीरमा करीब दश खरबको संख्यामा विद्यमान रहने यी जीवाणु कोषको प्रत्येकको आकार नै एक मिलिमिटरको सय खण्डको एक खण्ड भन्दा सूक्ष्म रूपको हुन्छ भने ती जीवाणु कोषको पनि सूक्ष्म रूपको केन्द्रिकामा रहने २३ जोडा केन्द्रिका रेशाहरू अर्थात् ४६ केन्द्रिका रेशाहरू



https://dhamma.digital

कति सूक्ष्म हुन्छन् भन्ने कुरा स्वतः कल्पना गर्न सकिन्छ । लामो धागोको आकारको केन्द्रिका रेशाको पनि खण्ड मात्र रहेको मसीनो लामो धागोको रूपमा देखिने बटारिएको दोहरो सर्प कुण्डली आकारको (The double-helix shaped molecule) जैविक अणु, डि. एन. ए. को चौडाइ त अझ केवल ३४ ए अर्थात् ( ३४ आंग्स्ट्राङ) मात्र हुन्छ । यसरी ३४ ए मात्र चौडाइको एक जैविक अणु, डि. एन. ए.को लम्बाइमा पनि करीब १,२०,००० वंशाणुहरू रहन्छन् । तसर्थ वंशाणुको रूप त यति सूक्ष्मतर हुन्छ कि यसलाई सूक्ष्मदर्शकयन्त्रबाट पनि देख्न सकिदैन । १ ए भनेको १ मिलिमिटरको एक करोड खण्डको एक खण्ड मात्र हो भन्ने कुरा यहाँ उलेल्खनीय छ । यसबाट जनन विज्ञान र आनुवंशिक इञ्जिनियरिंग जस्ता आधुनिक जीव विज्ञानले सूक्ष्मातिसूक्ष्म रूपलाई निकै सूक्ष्मताका हदसम्म विश्लेषण र विभाजन गर्न सकेको कुरा स्पष्ट हुन्छ ।

बुद्ध धर्ममा पनि आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरी जीवन शुरु गर्ने मानिस जस्ता जीवधारी प्राणीहरूको जीवन पूर्वजन्मका बीज एक, आमाको रसधातु बीज एक र बाबुको रस धातु बीज एकको संयोगबाट बनेको सूक्ष्म अति साना मांस चक्षुले देख्न कठीन पर्ने कलल रूपबाट शुरू हुन्छ भन्ने कुरा समुल्लेख भएको पाइन्छ । कर्म, चित्त, ऋतु, आहारका हेतुबाट उत्पन्न यिनै रूप सन्ततीका धारा वा प्रवाह अविच्छिन्न रूपबाट जारी भई मानिस क्रमशः वाल, तरुण र वयस्कको रूपमा बृद्धि हुन्छ र यी रूप सन्ततीका प्रवाह कायम रहेसम्म मात्र रूप जीवित भइरहन्छ भन्ने कुरा पनि सो ग्रन्थमा उल्लेख गरिएको छ । आधुनिक जीव विज्ञानले पनि मानिस स्वयं बाबुबाट प्राप्त पुरुष लैङ्गिक (Male Gammete) को केन्द्रिका (Nucleus) र आमाबाट प्राप्त स्त्री लैङ्गिक (Female Gammete) को केन्द्रिकाको संयोगबाट उत्पन्न भएको युग्मज (Zygote) नामक एक सूक्ष्म कोष (कलल रूप) बाट बृद्धि भई शुरू भएको हो भन्ने कुरा सिद्ध गरेको छ । मानिसका जीवाणु कोषहरू माइटोसिस नामक विभाजन क्रियाबाट स्वतः विभाजित हुँदै डबलिँदै चौबरिँदै निरन्तर नयाँ नयाँ आफ्नै किसिमका कोषहरू उत्पन्न गर्दै जान्छन् । माइटोसिस (Mitosis) को यिनै कोषहरू निरन्तर विभाजन क्रियाबाट थरी थरीका कोषहरू निर्मित भई मानिसका हात, गोडा, मुटु, कलेजो, आन्द्रा, मगज, हाड आदि थरी थरीका अंग प्रत्यगंहरू उत्पन्न हुन्छन् । प्रत्येक जीवनले खाएको खाद्य पदार्थबाट नयाँ नयाँ कोषहरू बनाउँछन् र शरीरको गठन हुन्छ । शरीरका विभिन्न क्रियाहरू संचालन गर्न आवश्यक शक्ति कोषहरू वा खाद्य पदार्थका मृदुदहन (Slow Combustion) बाट प्राप्त हुन्छ । मानव शरीरमा नयाँ नयाँ तन्तुहरू (Issues) निर्माण हुने र पुराना तन्तुहरू क्षय हुने रासायनिक क्रिया निरन्तर रूपमा चलि नै रहन्छन् । पुराना तन्तुहरूको क्षयको दाँजोमा नयाँ नयाँ तन्तुहरूको उत्पत्तिको प्रक्रिया बढी रहेर नै युग्मज नामक सूक्ष्म कलल रूपबाट शुरू भएको मानिस क्रमशः वालक, तरुण र पूर्ण वयस्कको रूपमा विकसित हुन, वृद्धि हुन सकेको हो । नयाँ



https://dhamma.digital

तन्तुहरूको निर्माण हुनुको दर भन्दा पुराना तन्तुहरूको क्षय दर बढि हुँदै गएमा शरीर पनि क्षीण हुँदै जरताको विकास हुनेहुन्छ । मानिसको जीवनको निमित्त जीवाणु कोषहरूको आवश्यकता रहे जस्तै ती जीवाणु कोषहरू मध्ये अधिकांश कोषको जीवन निमित्त केन्द्रिकाको जरूरत पर्दछ । केन्द्रिकालाई कोषबाट झिकिदिने हो भने बाँकी साइटोप्लाज्म (Cytoplasm) को तत्काल मृत्यु भईहाल्छ । यसरी आधुनिक जीव विज्ञानले आमा-बाबुको रस धातु बीजका संयोगद्वारा निर्मित अति सूक्ष्म कलल रूपबाट मानिसको जीवन प्रारम्भ भई रूप सन्ततीको प्रवाहको कारण मानिसको वृद्धि हुन्छ र जीवित रूप कायम रहन्छ भन्ने बुद्ध धर्मको कथनलाई वैज्ञानिक विश्लेषणबाट पनि सत्य प्रमाणित गरेको छ ।

आधुनिक जीव विज्ञानका अनुसार जीवाणु कोषहरूका माइटोसिस नामक विभाजन क्रियाबाट निरन्तर रूपमा डबलिँदै चौबरिँदै निरन्तर रूपमा नयाँ नयाँ जीवकोषहरूको उत्पन्न हुने र वृद्धि हुने प्रक्रियाबाट नै जीवनको वृद्धि हुने कुरा माथि चर्चा गरिसकिएको छ । किन्तु आनुवंशिक विज्ञानका अनुसार पुरुष र स्त्री जातिका जीवाणुकोषहरूबाट आमाको गर्भमा प्रतिसन्धि ग्रहण गर्ने समय अघि पुरुष लैङ्गिक अथवा शुक्रकीट र स्त्री लैङ्गिक अर्थात् डिम्ब कोष बन्नु अघि ती जीवाणु कोषका ४६ केन्द्रिका रेशाहरू भने मिओसिस (Meiosos) को कोष विभाजन कृयाबाट आधा आधामा विभाजित भई मनोप्ल्वाइड (Monoploid) बन्दछन् र यसरी मिओसिसको कोष विभाजन क्रियाबाट विभाजित भई बनेका २३ केन्द्रिका रेशा मात्र पुरुष भएको लैङ्गिक र २३ केन्द्रिका रेशा भएको स्त्री लैङ्गिकको संयोगबाट युग्मज (Zygote) नामक जीव कोष उत्पत्ति हुँदा भने सो युग्मजमा ४६ केन्द्रिका रेशा वा २३ जोडा नै केन्द्रिका रेशा बन्न पुग्दछन् । ती केन्द्रिका रेशाले आफ्ना विभाजन प्रक्रियामा आफ्नो बनोट र स्वरूपलाई यथावत कायमै राख्दछन् र साथै माइटोसिस द्वारा कोषको निरन्तर विभाजन र वृद्धिको कारणबाट मानिसको जीवनको प्रारम्भ र वृद्धि हुन्छ । यसरी लाखौं कोष विभाजन भई वंशको तन्तु बन्दा पनि यसले आफ्नो बनौटलाई कायमै राखेकै कारणबाट जीवधारी प्राणीहरूको र मानव जातिमा आफ्ना सन्ततीमा आमाबाबुकै वंशानुगत गुण प्रसारण हुन सकेको हो । मानिसको मनोप्ल्वाइड बन्दा १६,७७७,२१६ तरीकाबाट कोषका केन्द्रिका रेशाहरू वितरण हुनसक्ने कुरा पनि प्रजनन शास्त्रीहरूले अनुमान गरेका छन् । मानव जातिमा पुस्तौं पुस्तासम्मका सन्तान दरको सन्तानमा पनि जीवाणु कोषको केन्द्रिकामा रहने केन्द्रिका रेशाको संख्या २३ नै जोडा अर्थात् ४६ नै कायम रहनुको मूल कारण पनि यही हो ।

जीवधारीमा पाइने रक्तकोष, जीव कोष, केन्द्रिका, केन्द्रिका रेशा, डि.एन.ए. समेतको बिस्तृत र गहिरो विश्लेषण, विभाजन र विवेचनाको क्रममा आधुनिक विज्ञानले एउटा ठूलो जीव विज्ञान विषयको आविष्कारकै रूपमा यसरी के कुरा पत्ता लगाएको छ भने जीवाणु कोषहरूका केन्द्रिकाहरूमा रहेका



https://dhamma.digital

केन्द्रिका रेशाका डि. एन. ए.मा आमाबाबुबाट छोराछोरीमा वंशानुगत गुण प्रसारण गर्ने वंशाणु नामक अति सूक्ष्म जीव तत्वहरू लाखौंको संख्यामा विद्यमान रहेका हुन्छन् । वंशाणु भनेको वस्तु लामो धागोको आकारको सूक्ष्म केन्द्रिका रेशाको एक भागको रूपमा रहेको एकदम झीनो सूक्ष्म धागो जस्तै देखिने जैविक अणु डि.एन.ए.को एक भाग हो । आमाबाट प्राप्त एक वंशाणु र बाबुबाट प्राप्त एक वंशाणु समेत दुई वंशाणु मिली एक जोडा सह–वंशाणु (a pair of allelles of gene) बनेको कारणले कुनै खास वंशाणुगत गुण बन्दछ र सूक्ष्मदर्शकयन्त्रद्वारा पनि नदेखिने यही सूक्ष्म रूप पदार्थ वंशाणु नै हरेक प्राणीको वंशाणुगत गुण प्रसारण गर्ने इकाइ हो भन्ने कुरा प्रजनन शास्त्रीहरू (Geneticians) ले सिद्ध गरेका छन् । यी वंशाणुहरू बहुत तीब्र गतिमा डबलिंदै चौबरिंदै निरन्तर रूपबाट आफू समानका रूपहरू तयार गर्दै वृद्धि हुन्छन् र आफू रहेका शरीरका अन्य अंग प्रत्यंगहरूलाई पनि निश्चित ढंगबाटै विकसित हुन मद्दत यिनिहरूले पुऱ्याउँदछन् ।

मानिसका सन्तती मानिस नै हुनु र आमाबाबुकै स्वरूपमा सन्तती हुनुमा मात्र होइन, मानिसका हात गोडामा ६ औंला हुनु वा नहुनु, जिब्रो दोब्र्याउन सक्नु वा नसक्नु, हातको बूढी औंला पछाडि पट्टि तन्काउन सक्नु वा नसक्नु, कानको लोती जोडिनु वा नजोडिनु, तालु खुइलिनु वा नखुइलिनु आदि जस्ता खास खास वंशाणुगत गुणहरू खास खास वंशाणुहरूकै कारण हुन्छन् । त्यसरी नै मानिसको पुड्को हुनु, अग्लो हुनु, मोटो हुनु, दुब्लो हुनु, जेहेन्दार हुनु, बुद्धु हुनु, मधुमेह, क्षयरोग, शारीरिक विकृति जस्ता रोग हुनु वा नहुनुमा ऋतु, आहार र वातावरणको प्रभावको साथ साथै वंशाणुको पनि धेरै मात्रामा नियन्त्रण रहेको हुन्छ । प्रायः जसो कुनै खास वंशाणुगत गुणको निम्ति कम्तीमा बाबुबाट प्राप्त खास एक वंशाणु शुक्रकीटबाट र आमाबाट प्राप्त खास एक वंशाणु डिम्बबाट गरी एक जोडी वंशाणु डिम्बबाट गरी एक जोडी वंशाणु प्राप्त हुनु जरूरी हुन्छ । मानिस कालो हुनु वा गोरो हुनु जस्ता कुनै कुनै खास गुणमा भने चार, छ वा आठ वंशाणुले नियन्त्रण गरेका हुन्छन् । डि. एन. ए. अणु वंशाणुको आकार मानव शरीरको रौं भन्दा १४ हजार ४ सय गुणा सानो व्यास हुनेभएकोले डि. एन. ए. अणु वंशाणुको विस्तृत विश्लेषण बाट आधुनिक वैज्ञानिकहरू सूक्ष्मताको गुणहद सम्म पुग्न सफल भएका छन् भन्ने देखाउछ । वंशाणु संहिता भन्दा प्रोटिन संहिताहरू (Protein Codes) अझ जटील हुन्छन् भन्ने वैज्ञानिकहरूको धारणा छन् । ई. सन. १९८७ मा शुरु गरी संयुक्त राज्य अमेरिका, ब्रिटेन, फ्रान्स, जापान र चीन जस्ता ६ वटा देशहरूका १६ वटा प्रयोगशालाहरूमा कार्यरत १८ मुलुकका ११०० वैज्ञानिकहरू, कम्प्यूटर वैज्ञानिकहरू र प्राविधिकहरूले १६ वर्ष व्यतीत गरी सम्पन्न गरेको मानव जिनोम आयोजनाले मानव जिनोममा रहेका ३.२ अरब आनुवंशिक वर्णहरूलाई अलग अलग गरी छुट्टयाई सिलसिलावद्ध रूपमा मिलाई नक्साङ्कन गरी



https://dhamma.digital

आनुवंशिक संहिताको अध्ययन कार्य सम्पन्न गर्न सके पछि मानव जीवनको इतिहासमा जेनोमिक विज्ञानको विकासले निरन्तर गति लिन थालेको देखिन्छ भने यसै विकासको फलस्वरुप विकसित हुन थालेको आनुवंशिक उपचार (Genetic Therapy) द्वारा हाल सम्म असाध्य ठहरिएको रोग व्याधिको पनि निकट भविष्यमा सफल उपचार हुन सकिने शुभ लक्षण देखा पर्न थालेको छ । मानिसको शरीरमा रहेका वंशाणु गुणहरू (Genes) कुन अवस्थामा कसरी छन् भन्ने कुराको नक्साङ्कन (Mapping) अर्थात् जिनोम म्यापिंङको कार्यमा संलग्न अमेरिका र बेलायत समेतका करिव १५० वैज्ञानिकहरूले दश वर्ष लामो मिहनेत पछि "क्रमोजोम १" नामक एउटा पुस्तक नै तयार गरेका थिए जुन किताबलाई "बुक अफ लाइफ" अर्थात् जीवन सम्बन्धी पुस्तक पनि भनेका थिए । परन्तु हाल आएर विश्व भरका विभिन्न ८० वटा संस्थाले संयुक्त रूपमा गरेको एउटा अर्को अध्ययनको प्रारम्भिक नतिजाले भने ती वैज्ञानिकहरूले अध्ययनको क्रममा सम्पन्न गरेका ८० वटा भन्दा बढी प्रयोग र त्यसबाट प्राप्त ६० करोड तथ्याङ्कहरूको विश्लेषणबाट मानव शरीरमा रहेको वंशाणु गुणले नै मानव शरीरको बनोट, स्वभाव, बानी व्यवहार, क्षमता लगायतका सम्पूर्ण कुरालाई नियन्त्रण गर्दछ भनी पहिले गरि आएको वैज्ञानिक मान्यता माथि नै प्रश्न चिण्ह खडा गर्दै मानव शरीरमा रहेका डि.एन.ए.हरूको एउटा समुह र अन्य तत्वहरू मिलेर बनेको एउटा जटिल नियन्त्रण संजालले ती कुराहरूलाई नियन्त्रण गर्ने कुराको प्रारम्भिक जानकारी सार्वजनिक गरेका छन् । किन्तु ती वैज्ञानिकहरूले सो अनुसन्धानको क्रममा डि.एन.ए. कोडहरू मध्ये एक प्रतिशतको मात्र अध्ययन हाल गरिएको हुँदा थप अध्ययन गर्न बाँकी रहेको कुरा पनि "नेचर" नामक पत्रिकामा प्रकाशित लेखमा प्रष्ट गरिएको छ ।

केन्द्रिका रेशाको रासायनिक विश्लेषणबाट वंशाणुगत गुण प्रसारण गर्ने वंशाणुहरू वास्तवमा डिअक्सिराइवोन्यूक्लिक एसिड नामक एक प्रकारको न्यूक्लिक एसिडबाट बनेको भन्ने कुरा थाहा भएको छ भने केन्द्रिका रेशा स्वंय वंशाणुगत गुण बाहक जैविक अणु, डि.एन.ए. र प्रोटिन हुन् भन्ने कुरा ज्ञात भएको छ । यसरी वंशाणुहरू डि.एन.ए. कै अणुहरूबाट बनेका हुन् । डि.एन.ए. भनेको थुप्रै न्यूक्लिकओटाइड्स नामक रसायनहरू साथै संलग्न भई मसीनो सूक्ष्म धागोको रूपमा देखिने रसायन हो । न्यूक्लिओटाइड्स नामक रसायन ५ कार्वन परमाणु सहित सुगर (Sugar), फोस्फोरिक एसिड (Phosphoric Acid) र नाइट्रोजनयुक्त आधार वस्तु (Purine or Pyrimidine) बाट निर्मित एक प्रकारको योग (Compound) मात्र हो भन्ने कुरा पनि सिद्ध भइसकेको छ ।

एक एक जोडी वंशाणुले एउटा एउटा गुण निर्धारण गर्ने कुरा माथि चर्चा गरिसकिएको छ । कहिलेकाहीं डि.एन.ए. स्वरूपमा परिवर्तन भई वंशाणुमा उत्परिवर्तन (Mutation) हुनसक्छ । यस्तो परिवर्तनको कारणले गर्दा एकै जाति (Species) का प्राणीहरूमा पनि सन्ततीका स्वरूपमा भिन्नता आउने गर्दछ ।



https://dhamma.digital

## आधुनिक विज्ञानले भेट्टाइ नसकेका विषयहरू

यसरी आधुनिक विज्ञानले प्राणीमात्रको जीवनको आधार रहेका सूक्ष्म जीवाणुकोषहरू र ती जीवाणुकोषहरूका डि. एन. ए.का उत्पत्तिका विधि, वृद्धिका विधि र जीवनको निरन्तरता कायम रहने विधि सम्बन्धमा विस्तारपूर्वक सूक्ष्म रूपबाट विश्लेषण विवेचना गर्न सफल भएतापनि ती जीवाणुकोष र वंशाणुको उत्पत्तिका हेतु के हुन्, किन जीवकोषहरू माइटोसिस विभाजन क्रियाबाट वृद्धि हुन्छन् भने युग्मज रूप निर्माण हुनु अघि केन्द्रिका रेशाहरूलाई मिओसिस विभाजन क्रियाबाट विभाजित हुन किन कर लाग्दछ भन्ने कुराको उत्तर भेट्टाउन सकेको छैन । यस विषयमा बुद्ध धर्ममा उल्लेख भएको सूक्ष्म विश्लेषणलाई हेरौं ।

बुद्ध धर्मका अनुसार कर्म, चित, ऋतु र आहारका हेतुहरूबाट रूपहरू बन्दछन् । प्राणीको अतीत कर्मका हेतुबाट वर्तमान जीवनको जीव भनिने जीवित रूप, हृदय भनिने हृदय वस्तु रूप, स्त्रीको आकार उत्पत्ति हुनाको हेतु भइरहेको इत्थि भाव रूप, पुरुषको आकार उत्पत्ति हुनाको हेतु भई रहेको पुम्भाव रूपका साथै चक्षु, श्रोत, घ्राण, जिह्वा र कायबाट देख्न सकिने, सुन्न सकिने, सुंघ्न सकिने, रस चाख्न सकिने र स्पर्श ग्रहण गर्न सकिने माध्यम बनेका क्रमशः चक्षु प्रसाद रूप, श्रोत प्रसाद रूप, घ्राण प्रसाद रूप, जिह्वा प्रसाद रूप र काय प्रसाद रूपहरू उत्पत्ति हुन्छन् । विभिन्न किसिमका चित्तका हेतुबाट अनेक किसिमका चित्तज रूप कलापहरू, किसिम किसिमका काय-कर्म रूप, वचन-कर्म रूप, र मन-कर्म रूपहरू उत्पत्ति हुन्छन् । ऋतुको कारणले चतुर्महाभूत धातुका चार रूपबाट अनेक किसिमका ऋतुज कलाप रूपहरू उत्पन्न हुन्छन् भने आहारको कारण चतुर्महाभूत धातुका चार रूपबाट उदर भित्रका आहारज रूप कलाप देखि अनेक किसिमका आहारज रूप कलापहरू उत्पन्न हुन्छन् । कर्मबाट उत्पन्न चतुर्महाभूतका कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूतका कलापका बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले ती दुई थरीका रूप कलापलाई परिच्छेद गरी छुट्याएका हुन्छन् । यसैले गर्दा एक अर्का कलापको उत्पत्ति र विनाश प्रक्रिया पनि एकै समान रहेको हो (हेर्नोस्-पेज नं.३३-३९) । ती रूप सन्ततीको धारा वा प्रवाह अविच्छिन्न रूपबाट जारी भइरहेसम्म मात्र रूपको जीवित भइरहन्छ । एक पटक सो रूप सन्ततीको धारा विनाश भई अवरूद्ध भइसकेपछि पुनर्वार औषधि वा पथ्य आहार भोजन सेवनबाट मात्र यसलाई पुनर्जीवित गर्न सकिन्न (हेर्नोस्-पेज नं.३४) । यसरी बुद्ध धर्ममा आमाको रस धातु बीज र बाबुको रस धातु बीजको संयोगबाट निर्मित सूक्ष्म कलल रूपबाट मानिसको जीवन प्रारम्भ भई वृद्धि हुन्छ र रूप सन्ततीका धारा कायम रहेसम्म जीवित रहन्छ भनी उल्लेख भए सम्मको कुरालाई आधुनिक जीव विज्ञानले पनि भौतिक



https://dhamma.digital

एवम् रासायनिक विश्लेषण समेतबाट सत्य हो भनी प्रमाणित गर्न सकेको छ। तथापि ती वंशाणु स्वयं निर्माण हुनुपर्ने कारण, वंशाणुगत गुण प्रसारण गर्ने कारण, क्रम रहित तरीकाको संयोगबाट पनि छोरा वा छोरीकै रूपमा उत्पत्ति हुनुपर्ने निश्चित कारण, एमिनो एसिडबाट बनेका न्यूक्लिक एसिडमा जीवित रूप सम्भव हुन आउने कारणलाई वैज्ञानिकहरूले पहिल्याउन सकेका छैनन्। बरु अमेरिकी वैज्ञानिक क्रेग वेण्टर (Craig Venter) को टोली जस्ता आजका वैज्ञानिकहरू कृत्रिम जीव तयार गर्ने जस्ता काममा आफ्ना बल, बुद्धि र उर्जा खर्च गरी नाउँ कमाउने धन्दामा सक्रिय हुन थालेका भने भेटिन्छन्। बुद्ध धर्मको कथन :- बुद्ध धर्मका अनुसार पुद्गलहरूका सञ्चित कर्मका विविधताले गर्दा विभिन्न परिस्थितिमा जन्म हुने र तिनीहरूको स्वरूप र चरित्रमा अनेकता रहेका हुन्छन् भने चित्तका अनेकताले गर्दा पुद्गलहरूका सोचाई, चिन्तन र काम कार्वाहीमा विविधता देखिन्छन्। विभिन्न वंशाणुगत गुणहरूको व्याख्यानले मात्र प्राणी मात्रका चरित्र, स्वरूप र सोचाई चिन्तन र काम कार्वाहीका विविधतालाई व्याख्यान गर्न सकिन्न। आधुनिक जीव विज्ञानले पुरुष शुक्रकीटमा हुने २३ जोडा केन्द्रिका रेशा मध्ये २२ जोडा एउटै प्रकारका हुने र बाँकी एक जोडा रेशा मध्ये एउटा अंकुशे प्रकारको रेशा हुने र आर्को छोटो प्रकारको रेशा हुने तर स्त्री डिम्बकोषमा भने अलि लाम्चाखालका एकै प्रकारका २३ जोडा केन्द्रिका रेशा हुने हुनाले मिओसिस प्रक्रिया अन्तर्गत पुरुष लैङ्गिकको संयोगबाट युग्मज बन्दा शुक्रकीटमा रहेको अंकुशे केन्द्रिका रेशाको संयोगबाट छोरो उत्पत्ति हुने र छोटो प्रकारको केन्द्रिका रेशाको कारणबाट छोरी उत्पत्ति हुनेसम्म कुरालाई विश्लेषणबाटै पत्ता लगाएतापनि युग्मज बन्दा केन्द्रिका रेशाहरूको संयोग क्रम रहित तरीकाबाट हुने हुँदा सो विज्ञानका अनुसार सम्भाव्यताको सिद्धान्तकै आधारमा मात्र छोरा वा छोरीको निर्धारण हुने कुरा प्रष्ट हुन्छ। बुद्ध धर्मका अनुसार भने छोरो वा छोरी हुने कुरा अतीत कर्मका हेतुबाट पूर्णतः निर्धारित हुन्छन्। भगवान् बुद्धले सर्वज्ञ ज्ञानबाट हेरी अतीत कर्मका हेतुले पुम्भाव (पुरुष भाव) रूप र इत्थि भाव (स्त्री भाव) रूपको उत्पत्ति हुने सत्य पत्ता लगाउनु भएको हो। आजका वैज्ञानिकहरू वर्तमान जीवनको भौतिक एवम् रासायनिक विशलेषण ज्ञान क्षेत्र सम्म मात्र सीमित छन्। भौतिक वा रसायनिक विषय भन्दा बुद्धका गोचर, ध्यानीको ध्यान, कर्मको विपाक र लोक उत्पत्तिको प्रकृया अत्यन्त सूक्ष्म र अत्यन्त जटील भई सामान्य साधकहरूले सम्म पनि अवबोध अनुबोध गर्न नसकिने खालका भएरै होला, बुद्ध विषय, ध्यान विषय, कर्म विपाक विषय र लोकका उत्पत्ति विषयलाई अचिन्तनीय र अविचार्य भनी अंगुत्तर निकाय, चतुक्क निपात, अपण्णक वर्ग ७, अचिन्तेय्य सूत्रमा समुल्लेख गरिएको छ (हेर्नोस्-पेज नं. २५)।

मानिसलाई रोगी वा निरोगी बनाउने सूक्ष्मातिसूक्ष्म जीवाणुहरू वैक्टेरिया र भाइरसहरूका स्वरूप, स्वभाव र शक्तिलाई वैज्ञानिक विश्लेषणको



https://dhamma.digital

प्रक्रियाबाट पनि राम्ररी पहिचान गर्न सकिएको हुंदा केही शताब्दी अघिसम्म मानिसका मृत्युका मुख्य कारण रहेका विफर, हैजा, विषम ज्वर, जस्ता कतिपय रोगहरूलाई आज विज्ञानले निर्मूल प्राय: गर्न सफल भइसकेको छ भने कतिपय ठूला ठूला रोगहरूका निदानको प्रारम्भ भइरहेको छ । आनुवंशिक इञ्जिनियरिंगको प्रविधिबाट आज स्व-प्रजनन (In-breeding) र पर-गर्भाधारण (Cross-fertilization) को माध्यमबाट बोट विरूवाको बिउ बीजनका नश्ल सुधार गरी अधिक उत्पादनशील विउ बीजनका उत्पादन र विकास गर्न मात्र सफल भएको होइन कि पशु पंक्षीको जगत्मा पनि आज विज्ञानले स्व-प्रजनन र पर-गर्भाधानका माध्यबाट नश्ल सुधार गरी उत्पादन बुद्धि गर्ने प्रकृया व्यापक रूपमा प्रयोग भइरहेकै छ । आनुवंशिक इञ्जिनियरिंगको प्रविधिबाट स्वस्थ मानिसको शरीर कोषबाट इन्सुलिन वंशाणुलाई छुट्याई (Yeast) को कोषमा रहेका डिआविसराइवोन्यूल्किक एसिड अर्थात् डि. एन. ए.संग जोडी विकास गरिएको इन्सुलिनको औषधि अमेरिकामा निर्माण भई मधुमेह रोग निको पार्ने सो औषधि बजारमा आज हयुमुलिनको नाउँबाट बिक्री भइरहेको छ । क्यान्सर जस्ता भयानक रोगलाई निर्मूल गर्ने औषधि निर्माण पनि आज आनुवंशिक इञ्जिनियरिंगको प्रविधिबाट मात्र सम्पन्न हुनसक्ने स्थिति देखिएको छ । आज सन्तती सुधार गर्ने, बढी अन्न दिने र रोग नलाग्ने विरूवाको नयाँ जाति निकाल्ने काममा संसार भरमा हजारौं वैज्ञानिकहरू दिलचस्पीकासाथ तल्लीन भई कार्यरत छन् । आनुवंशिक इञ्जिनियरिंगको प्रविधिबाट सम्बन्धित वंशाणुहरूको सम्मिश्रणबाट कडा से कडा रोगलाई निर्मूल गर्ने औषधि बनाउने, खेतमा रासायनिक मल राख्नु नपर्ने गर्ने, र मानव जातिलाई अत्यावश्यक प्रोटिन र पोषण तत्त्व बनाउन सक्ने जीवाणुहरू कृत्रिम रूपबाट तयार गर्ने सम्भाव्यताको अध्ययन र अनुसन्धानमा आज विश्वका हजारौं वैज्ञानिकहरू सक्रियताका साथ संलग्न छन् । सन् १९९७ मा स्कटलाण्डका वैज्ञानिक इयान विल्युटले आनुवंशिक इञ्जिनियरिंगको विधिबाट डली नामक भेडाका प्रतिलिपी क्लोन तयार गरेपछि अब आएर गाईवस्तु, कुकुर जस्ता घरपालुवा जनावरहरूमा कतिपयको प्रतिलिपी तयार गर्ने काम व्यापक रूपमा सफल गरिसकेकोले आज व्यापारिक व्यवसायकै स्तरमा क्लोनिंगबाट यस्ता उपयोगी घरपालुवा वस्तुभाउलाई पैदा गर्न सकिने सम्भावना देखिन थालेको छ भने कतिपय वैज्ञानिकहरू अब मान्छेकै प्रतिलिपी तयार गर्ने दुस्साहस गर्न थालेका पनि प्रतीत हुन्छ ।

मानिसमा रहेका अनन्त शक्ति अनन्त पुण्य कर्मका फल हुने भएकोले मनुष्य जन्मलाई बुद्ध धर्ममा दुर्लभ जुनी मानिएको छ । भौतिक र रासायनिक ज्ञान मात्र होइन लौकिक र लोकोत्तर प्रज्ञा ज्ञान समेतलाई लाभ गरी चित्त र चैतसिकहरू जस्ता नाम धातु स्वभावका निरन्तर उत्पत्ति, स्थिति र भङ्ग हुने स्वभाव धर्मका प्रकृयालाई समेत छुट्याई बुद्ध धर्मका पाँचै आलोकलाई समेत



https://dhamma.digital

लाभ गरी स्वयं निर्वाण धर्मलाई साक्षात्कार गर्न सक्ने क्षमता र सामर्थ्य पनि मानिसमा नै रहेको छ । त्यसैले भगवान् बुद्धले "किच्छो मनुस्स पटिलाभो" अर्थात् "मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ" भनी भन्नु भएको छ ।

आधुनिक विज्ञानको विभिन्न क्षेत्रमा भएका चमत्कारपूर्ण प्रगति निश्चय नै आश्चर्यजनक छ तर यो भन्दा आश्चर्यजनक संयोगको कुरा के छ भने अति सूक्ष्म दर्शक विशिष्ट यन्त्रहरू, आधुनिक कम्प्युटरहरू, सूक्ष्मतम प्रविधि (Nano Tefchnology), वबल चाम्वर जस्ता आत्याधुनिक प्रयोशालाहरू र जटील सूक्ष्मतर रासायनिक प्रकृयाको ज्ञानको सहयोग भएर पनि उपर्युक्त वैज्ञानिक ज्ञानको प्रगतिले अझै पनि २५९८ वर्ष अघि भगवान् बुद्धले आफ्ना अलौकिक प्रज्ञा ज्ञानद्वारा विश्लेषण विवेचना गरी देखाउनु भएको नाम र रूप धर्मको उत्पत्ति, स्थिति र विनाशको केही छेउ सम्म मात्र स्पर्श गर्न आउन सकेको छ । आधुनिक विज्ञानले भगवान् बुद्धले चतुर्महाभूत धातुका उत्पत्ति र विनाश र जीवको उत्पत्ति र वृद्धिको प्रसंगमा भन्नु भएका पदार्थहरू र रूप धातुहरूको उत्पत्ति र तिनका अनित्यता सम्बन्धी केही पक्षलाई वैज्ञानिक खोजबाट प्रमाणित गरे तापनि सम्पूर्ण विषयमा संवृति सत्य र परमार्थ सत्य, प्रज्ञप्ति र परमार्थ धर्म स्वभावका साथै नाम धातु स्वभावको उत्पत्ति, स्थिति र विनाशको विषयमा खोजी गर्ने काम अझै निकै नै बाँकी छ । यस विषयमा तल संक्षेपमा केही चर्चा गरिने छ ।

## धातुहरूका समूह मात्र

बुद्ध धर्ममा उल्लेख भए अनुसार चतुर्महाभूत अर्थात् पृथ्वी, आप, तेज र वायु धातुहरू कर्मबाट उत्पत्ति हुने धातुहरू चार, चित्तबाट उत्पत्ति हुने धातुहरू चार, ऋतुबाट उत्पत्ति हुने धातुहरू चार र आहारबाट उत्पत्ति हुने धातुहरू चार गरी चार किसिमका धातुहरू हुन्छन् र भिन्न भिन्न उत्पत्तिका कारण मुताविक आ-आफ्ना हेतुका कारण ती चार धातुहरू एउटा पिण्ड वा स्कन्धको रूपमा निरन्तर रूपमा उत्पत्ति भइरहन्छन् । कर्मबाट बनेका वा चित्तबाट उत्पत्ति भएका पृथ्वी, आप, तेज र वायु धातुहरूको स्कन्ध वा पिण्डलाई एउटा एउटा कलाप भनिन्छ । कर्मबाट निर्मित चतुर्महाभूतको कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूतको कलापको बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले ती दुई कलापलाई परिच्छेद गरी छुट्याएको हुन्छ (हेर्नोस्-पेज नं. २८) ।

साना ठूला संसारका सबै प्रकारका रूपहरू जे जति छन् जुन वस्तुहरूलाई संसारभरि नै विभिन्न प्रकारका वस्तुहरूको नाउँबाट गलत तरीकाबाट ग्रहण गरी धारणा लिइआएका छन् ती सम्पूर्ण रूपहरूको धारणा विषयलाई परमार्थ प्रज्ञा ज्ञानको आधारमा विश्लेषण, विवेचना र परिच्छेद गरी हेरेमा ती वस्तुहरूमा धातुहरूकै राश, धातुहरूकै समूह, धातुहरूकै संग्रह र धातुहरूकै थुप्रा वाहेक केही भेट्टिने छैनन् (हेर्नोस्-पेज नं.१६) ।



https://dhamma.digital

आधुनिक विज्ञानले प्रत्येक रूप पदार्थको सूक्ष्मातिसूक्ष्म रूप, परमाणुलाई समेत विश्लेषण गरी ती परमाणुहरू, उप परमाणु रज धातुहरू इलेक्ट्रोन, प्रोटन र न्यूट्रन जस्ता विद्युत तरंगहरूबाट बनेका छन् र परमाणुको केन्द्रिका र इलेक्ट्रोनका कक्ष बीचमा शून्य स्थान आकाश हुन्छ भन्ने कुरा प्रमाणित गर्दै बुद्ध धर्मको रूप पदार्थको परिभाषासँग समीप हुने परिभाषा गरेको पाइन्छ । तैपनि बुद्ध धर्ममा भनिए अनुसार कर्म, चित्त, ऋतु, आहार मध्ये कुनै पनि एकबाट उत्पत्ति हुने चतुर्महाभूत मध्येको रूप कलाप कुनै एकमा एक चतुर्महाभूत प्रधानको रूपमा रहेपनि अन्य तीन महाभुतका गुणहरू पनि विद्यमान् हुन्छन् भन्ने कुरा सम्म जसरी सूक्ष्म रूपबाट परिभाषित भएको छ त्यस हदसम्म आधुनिक भौतिक शास्त्रले पनि रूप पदार्थको विश्लेषणबाट परिभाषित गर्न सकेको देखिन्न । यसबाट भौतिक ज्ञान र प्रज्ञा ज्ञानको प्रतिवेध शक्तिमा अझै फरक रहिरहेको स्पष्ट देखिन्छ ।

बुद्ध धर्मका अनुसार आमाको गर्भमा प्रतिसन्धि लिने सत्वहरू तीन बीजहरूबाट वृद्धि हुन्छन्-पहिलेका पूर्वजन्मका बीज-१, आमाको रस धातुको बीज-१ र पिताको रस धातुको बीज-१ । उपर्युक्त तीन बीज रूपी हेतुका कारणले कलल रूपको सूक्ष्म रूपबाट मानिसको जीवन शुरूवात भई कर्म, चित्त, ऋतु र आहारको कारणले नाम र रूपको निरन्तर उत्पत्ति र वृद्धि भई पूर्ण रूपका विकसित हुन्छ । नाम रूपमा पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूप धातु पाँचमा कर्म, चित्त ऋतु आहार नामक हेतु धर्म चार, विज्ञान नामक नाम धातु एक र वत्थु (वस्तु) र आरम्मण (आलम्बन) भन्ने हेतु २ गरी ६ धातुहरूका हेतु धर्म ६ समावेश हुन्छन् । (हेर्नोस्-पेज नं. ३३) क्षण क्षणमै परिवर्तन हुदै उत्पत्ति स्थिति र विनाशको रूपबाट नित्य प्रवाह मात्रका रूपमा रहेका यी नामरूपको प्रवाह नै जीवन हुंदा जीवन र जीवनका सम्पूर्ण अंग प्रत्यंगहरू अनित्य छन् ।

## अनत्तवादलाई प्रमाणित गर्ने दिशामा विज्ञान

जीव विज्ञानको क्षेत्रमा भएको आधुनिक विकासले जीवधारीका जीवाणुकोष, तिनका केन्द्रिका र केन्द्रिका रेशाहरू, ती रेशाका जैविक अणु, डि.एन.ए. र वंशाणुको विश्लेषणबाट शुक्रकीट र डिम्बकोषको संयोगबाट आमा र बाबु दुवैवाट प्राप्त हुने वंशाणु समेत भई बनेको युग्मज कोषबाट मानव जीवनको शुरू हुन्छ र प्राणीको जीवनको मूल आधारका रूपमा रहेका जीवाणु कोषको वंशाणु वास्तवमा डि.एन.ए. र आर.एन.ए. नामक न्यूक्लिक एसिडबाट वनेका हुन्छन् ती न्यूक्लिक एसिडका आधार एमिनो एसिड २० प्रकारका हुन्छन् भनी पत्ता लगाएबाट बुद्ध धर्ममा उल्लेख भएको आमाको रस धातु बीज र बाबुको रस धातु बीजबाट कलल नामको सूक्ष्म रूपको उत्पत्ति हुने कुरा सम्मलाई वैज्ञानिक विश्लेषण बाटै प्रमाणित गरेको पाइन्छ भने डि.एन.ए. वास्तवमा न्यूक्लिओटाइड्स नामक रसायन मात्र हो र ती न्यूक्लिओटाइड्स



https://dhamma.digital

नामक रसायन वास्तवमा ५ कार्बन परमाणु सहित सुगर, फोस्फोरिक एसिड र नाइट्रोजन युक्त आधार वस्तुबाट निर्मित एक प्रकारको योग (Compound) मात्र हो भन्ने कुरालाई सिद्ध गरेबाट बुद्धधर्ममा भनिए अनुसार नाम रूपबाट बनेको मानिसको देह पञ्चस्कन्धलाई फारी फारी केलाई हेरेमा नाम रूप धर्ममा परमाणु प्रमाण पनि कुनै सारभूत, ठोसभूत, नित्य र अपरिवर्तनशील वस्तु भन्ने केही पाइने छैन भन्ने बुद्ध धर्मको कथनलाई वैज्ञानिक अनुसन्धानबाट नै प्रमाणित गर्न खोजेको प्रष्ट देखिन्छ । बुद्ध धर्मका अनुसार प्राणी मात्रका अंग प्रत्यंगहरूका बारेमा सूक्ष्मातिसूक्ष्म रूपबाट विश्लेषण गरेर हेरेर लगेमा प्राणीमात्रमा पञ्चस्कन्धको प्रकृयादेखि भिन्न केही ठोस भूत वस्तुलाई फेला पार्न सकिन्न । वास्तवमा जीव मात्रको विश्लेषणमा पाइने कुरा नै रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्ध नामक पञ्च स्कन्धका समुह मात्र हुन् र यी सबै धर्महरू पल पलमै परिवर्तन भई अनित्यताका शिकार छन् । पुद्गलको बनोटमा स्कन्धहरूको समुह जो छ यसमा कुनै ठोस तत्व, स्थीर तत्व भनेको केही हुन्न । जुन पञ्च स्कन्ध स्वयं अनित्य छन्, क्षण क्षण पल पलमै परिवर्तनशील छन् र एक घडीबाट अर्को घडीसम्म पनि जुन कुराले आफ्नो साविकको स्वरूपलाई संरक्षण गर्दैन भने त्यस्ता कुरा अवश्यमेव अनात्मा हुनुपर्दछ भन्ने कुरा पनि स्वतः स्पष्ट हुन्छ । बुद्ध धर्मको तेश्रो र सबभन्दा महत्त्वपूर्ण किन्तु अन्य धर्ममा भन्दा सर्वथा भिन्न र अलग आधारशीला यही अनत्तवाद वा अनात्मावाद हो । आजको वैज्ञानिकको अगाडि अझै यस संसारमा थुप्रा र महत्त्वपूर्ण रहस्यहरू बाँकी छन् जुन कुराको यथार्थतः वैज्ञानिक विश्लेषण हुन सकेको छैन । जन्म र मृत्युकै सर्वसामान्य घटना चक्रलाई लिउँ । यो सामान्य भइकन पनि आदिकालदेखि समाधान खोज्दै आएको कठीनतम प्रश्न मध्येको समस्या हो । मानिस वा प्राणी किन कहिले कसरी जन्मिन्छन् किन कहिले कसरी मर्दछन्, मृत्यु पछि जन्म हुन्छ कि हुन्न, जन्म हुने भएमा कहाँ कुन लोकमा कहिले पुनर्जन्म ग्रहण गर्छन, मृत्युबाट बच्ने उपाय छ कि छैन भन्ने कुराको जवाफ फेला पार्न सकिने आधार सम्म पनि हालसम्म विज्ञानले फेला पार्न सकेको छैन । त्यसैले वैज्ञानिकको लागि स्वयं मानिसनै अझै रहस्यको विषय रहेको छ । संसार पनि अझै रहस्यकै विषय छ ।

**नाम धातु मात्र होइनन् चतुर्महाभूत रूप धातु सबै नै पनि अनित्य र ठोस र सार तत्व विहीन हुन्**

बुद्ध धर्मका अनुसार हेतुका कारण उत्पत्ति हुँदै उत्पत्ति, स्थिति र भङ्गको स्वाभाविक निरन्तर प्रकृयाबाट स्वतः परिचालित भई हेतु निरोधका साथै निरूद्ध हुने धातुहरूमा मानिसको चर्म चक्षुले जान्न देख्न नसकिने नाम धातुहरू- चित्त र चैतसिकहरू मात्र होइनन्, मानिसको पंच इन्द्रियले देख्न, जान्न र अनुभव गर्न नसकिने ठोस, तरल, शीत वा उष्ण र गतिका रूपमा प्रकट हुने पृथ्वी, आप, तेज र वायु धातु जस्ता चतुर्महाभूत रूप धातुहरू पनि



https://dhamma.digital

सबै नै समावेश हुन्छन् । भदन्त डा. लेडि सयादोले पनि पञ्चआलोक ग्रन्थमा के प्रष्ट रूपमा भन्नु भएको छ भने पृथ्वी धातुका रज कणहरूका एक एक कण परमाणुलाई हजारौं, लाखौं टुक्रामा खण्डित हुने गरी अनन्त रूपमा विभाजित गरे तापनि एउटा परमाणुको रजको एक लाख खण्ड वा अंशको मात्रा बराबर हुने गरी पनि त्यसमा कुनै किसिमको सान्हो वस्तु केही पाइने छैन (हेर्नोस्, पेज नं १७) । न त त्यसमा कुनै प्रकारको ठोस, सार, नित्य, अविनाशी तत्व नै केही भेटिने छन् । तारा, चन्द्र, सूर्यको किरण जस्ता प्रकाशमा, घण्टीको आवाज जस्ता स्वरमा, समीर, पवन, वायु हावामा र मग् मग् सुवास आउने सुगन्धहरू र नाक नै थुन्नु पर्ने खालका दुर्गन्ध जस्ता बासनाहरूमा पनि चतुर्महाभूत रूप धातु पृथ्वी तत्वका सान्होपनका लक्षणहरू भर्पुर मात्रामा विद्यमान रहेता पनि ती वस्तुहरू आफ्नैं स्वभावकै कारण यति सूक्ष्म हुन्छन् कि त्यसमा पृथ्वी तत्वको अस्तित्व पनि हुन्छ भन्ने कुरालाई मानिसको चक्षु इन्द्रियले देख्न जान्न नसकिने हुँदा यस्तो सत्य तथ्यलाई ग्रनथहरूको आधारबाट मात्र प्रमाणित गर्न सकिन्छ । (हेर्नोस् पञ्च आलोक पेज नं. १९) किनभने जब हजारौं, लाखौं, करोडौं पृथ्वी तत्वहरू (जुन केवल सान्होपनका गुणहरू मात्र हुन्)लाई आपो धातुको माध्यमबाट संयुक्त गरी सँगै राखिन्छन्, परमाणु नाउँको रूपको अस्तित्व देखा पर्दछ । जब हजारौं, लाखौं, करोडौं यस्ता परमाणुहरू संयुक्त हुन्छन् । अनि मात्र उडुसहरू उपियाँहरू इत्यादि जस्ता रूपहरू मात्र उत्पन्न हुन्छ । यसरी मात्राको परिमाण बढाउँदै जाने हो भने प्राणीहरूमा क्षुद्रानुक्षुद्र जीवहरूदेखि लिएर ४८०० योजन अग्ला असुरहरूका राजा असुरेन्द्र जस्ता नाम पनि उत्पन्न हुन्छन् भने बाह्य वस्तुहरूमा सुमेरु पर्वत जस्ता १,६८,००० योजन अग्ला पहाडहरू र २,४०,००० योजन भएका पृथ्वी जस्ता नामहरू पनि खडा हुन आउँछन् (हेर्नोस् पेज नं. १९) आप, तेज र वायु जस्ता अन्य परमार्थ रूप धातुहरूका सम्बन्धमा पनि यही सत्य तथ्य लागू हुन्छ । क्षण क्षणमै परिवर्तन हुँदै एक घडी, एक पला, एक क्षण पनि स्थीर नरहीकन निरन्तर उत्पत्ति, स्थिति र निरोधको स्वभावको स्वरूपबाट नित्य प्रवाह मात्रका रूपमा रहेका यिनै नाम रूप धातुको निरन्तर प्रवाह नै जीवन हो । रूप धातुहरू आँखाको एक झिम्काइ वा एक पटक विजुली चम्कंदाको अवधि वा एक चुत्की बजाइको क्षणिक अवधिमा नै हजारौं, लाखौं, करोडौं पटक उत्पत्ति भइ सक्तछन् भने नाम धातु त रूप धातु भन्दा १७ गुणा बढी छिटो उत्पत्ति र निरुद्ध भई सक्ने स्वभाव धर्म भएकोले उक्त क्षणिक अवधि भित्रै एक लाख कोटी भन्दा बढी पटक उत्पत्ति र विनाश भइसक्तछन् भन्ने कुरा यस ग्रन्थमा पनि उल्लेख गरिएको पाइन्छ (हेर्नोस् पञ्च आलोक पेज नं. ३१-३२) । तसर्थ सामान्य लोकजनका लागि एक आँखाको पलकको क्षणिक अवधि भित्रैमा एक लाख कोटी अर्थात् दशौं खरब पटक भन्दा बढी पटक उत्पत्ति भई निरुद्ध भइसक्ने नाम, रूप धातु वास्तवमा कुनै सारतत्व, स्थीर तत्व, आधार भरोसा केही नभएको र



https://dhamma.digital

आधार भरोसा र शरण लिन पनि नसकिने अनित्य कुरा हो भन्ने ज्ञान दर्शन सम्म प्राप्त गर्न सकेमा पनि पर्याप्त हुन्छ (हेर्नोस् पेज नं. ३२)। रूप धातु भन्दा नाम धातुको आयु अझ १७ गुणा घटी हुने तथ्य यहाँ स्मरणीय छ।

भगवान् शाक्यमुनि तथागतको जीवन कालमा मात्र होइन, यस पुस्तकका मूल लेखक भदन्त डा. लेडि सयादोको जीवन कालसम्ममा पनि सूक्ष्मतम कम्प्यूटर विज्ञान र आधुनिक सूक्ष्मतर नानो प्रविधि (Nano Technology) को समुचित विकास भइनसकेको हुँदा तिनताका नाम रूप धातुका परमाणुहरू के कति क्षणिक अवधि भित्र के कति पटक उत्पत्ति र विनाश भइसक्तछन् भन्ने तथ्यलाई यकिन गरी ठोस भौतिक सबूद प्रमाण तेर्स्याई सर्वसधारणलाई देखाउन बुझाउन सम्झाउन सकिने स्थिति नै विकसित भइनसकेको हुँदा नै बुद्ध धर्मका प्राचीन् ग्रन्थहरूमा नाम रूप परमार्थ धातुको आयुको अवधि बारेमा चर्चा गर्दा गोलमटोल भाषा र सांकेतिक भाषाको प्रयोग गरी उपमा र उदाहरण दिइएको हो भन्ने कुरा याँहा स्मरण गर्नु उपयुक्त हुन्छ। भगवान् बुद्धको सर्वज्ञ ज्ञान दर्शन गोचरको लागि यस्ता सूक्ष्मातिसूक्ष्म नाम रूप धातुको उत्पत्ति, स्थिति र निरोध प्रकृयाको यथार्थ गणना सम्बन्धी विषय पनि कुनै कठिनाइको विषय नभए पनि तिनताका त्यस्तो गणना गरेर सम्झाउँदा पनि त्यस बेलाका लोकजनको मन मस्तिष्कले यस्तो जटील तथ्यलाई यथार्थ रूपमा ग्रहण गरी जान्न बुझन सम्झन नसक्ने भएको र त्यति हद सम्मको सूक्ष्मतर ज्ञान दर्शन सर्वसाधारण लोकजनको लागि आवश्यक पनि नपर्ने भएकै कारणले गर्दा नै पुराना ग्रन्थहरूमा यसरी गोलमटोल (Vague) र सांकेतिक (Indicative) भाषाको प्रयोग गरी समयोचित उपमा र उदाहरण दिई विषयवस्तुलाई प्रष्ट गर्न खोजिएको हो भन्ने व्यवहारिक तथ्यलाई यहाँ विज्ञहरूले हेक्का राख्नु उपयुक्त हुन्छ।

## आधुनिक विज्ञानको उपलब्धि

आज आधुनिक विज्ञानले कम्प्यूटर विज्ञान, सूक्ष्म भन्दा सूक्ष्म माइक्रो चीप्सको उत्पादन र नानो प्रविधिको विभिन्न क्षेत्रमा यतिको अभूतपूर्व विकास गरि सकेको पाइन्छ कि हालै आएर सन माइक्रोसिस्टमका वैज्ञानिकहरूले विगत वर्ष (सन् २००७) का जूनमा नै एक सकेण्डमा ४२१ टेरा फ्लप (421 Terra Flop) अर्थात् ४२१ नील अर्थात् ४२ महानयुत (421 Trillions) हिसावको कृत्य गर्न सकिने रेण्जर (Ranger) नामक सुपर कम्प्यूटरको निर्माण गरेको दावी गरि सकेका छन् (हेर्नोस् दि गार्जियनको लण्डन जून २७, २००७ ई.सन्को समाचार)। भने आइ. बि. एम.का वैज्ञानिकहरूले पनि निकट भविष्यमा नै एक वर्ष भित्रैमा एक सेकेण्डको अवधिमा एक पेटा फ्लप (Petaflop) अर्थात् एक पद्म अर्थात् एक कंकर (One Quadrillion) भन्दा बढी हिसावको कृत्य गर्न सकिने पि संयन्त्र (P Machine) निर्माण गरी प्रयोगमा ल्याउने घोषणा जर्मनीको ड्रेस्डेन सम्मेलनमा नै गरिसकेका छन् (हेर्नोस्- दि गार्जियन, लण्डन, जून २७, २००७ को



https://dhamma.digital

समाचार) । यसबाट यस अघि जापानले केही वर्ष अघि तयार गरी प्रयोगमा ल्याएको एक सेकेण्डमा ३५,६०० गिगाफ्लप्स (35,600 gigaflops) अर्थात् ३.५६ नीलको गतिमा हिसावको कृत्य गर्न सक्ने एन. इ. सी. अर्थ स्टिमुलेटर (Nec Earth Stimulator) नामक सुपर कम्प्यूटरको गति पुरानो भइ सकेको प्रतीत हुन्छ (हेर्नोस् "लेखकको पुस्तक आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" पेज नं क्ष) । एक टेरा फ्ल्प भनेको एक सेकेण्डमा दश खर्ब अर्थात् एक महानयुत (Trillion) हिसावको कृत्य गर्न सकिने गति हो भने एक पेटा फ्लप भनेको एक सेकेण्डमा एक पद्म अर्थात् एक कंकर (Quadrillion) हिसावको कृत्य गर्न सकिने गति हो भन्ने कुरा यहाँ स्मरणीय छ ।

हाल नानो प्रविधि (Nano Technolgoy) को अभूतपूर्व विकासको गतिको फलस्वरूप बेलायतको एडिनवर्ग विश्वविद्यालयको रसायन शास्त्री डचाविड लेह (David Leigh) ले विगत २००५ सन्को सेप्टम्वर महीनामा नै मानव केशको व्यास (डायमिटर) भन्दा ८०,००० गुणा कम व्यास (Diameter) भएको सूक्ष्म संयन्त्र (Molecular Machine) निर्माण गरेको दाबी गरिसकेको थियो (हेर्नोस्- दि गार्जियन डबलिन, सेप्टेम्वर ८, २००५ सन्को समाचार) जुन यन्त्रले आफ्नो वजनभन्दा दशौं लाख गुणा ठूला सामानलाई संचालन गर्न सकिन्थ्यो । उता अमेरिकाका हाउसटनस्थित राइस विश्वविद्यालय (Rice University) का वैज्ञानिकहरूले सन् २००७ को अक्टोवरमा नै सूक्ष्मतम गाडीको रूपको सामान्य मोटर गाडी जस्तै चार पाङ्ग्रा भएको ३/४ नानो मिटर आकारको सूक्ष्मतर गाडी (Nano Car) लाई छिट्टै निर्माण गर्ने, घोषणा गरिसकेका छन् (हेर्नोस्- हिमालयन न्यूज सर्भिस, न्यू योर्क अक्टोवर २४, २००६ सन्को समाचार सम्प्रेषण) । यी सूक्ष्म गाडी (Nano Car) को आकार यति सानो हुनेछ कि दश लाख यस्ता चार पाङ्ग्रे नानो कारहरूलाई लहरै सँग जोडी खडा गरिएपनि मानिसको नाँगो आँखाले मुश्कीलले मात्र यसलाई देख्न सकिने हुन्छ ।

दि आर्ट अफ् लिभिंग (The Art of Living) का बेलायती लेखक श्री विलियम हार्टका अनुसार बबल च्याम्वर नामक इलेक्ट्रोन, प्रोटन, न्यूट्रन जस्ता उप परमाणु रजहरूका आयु परीक्षण गर्न सकिने प्रयोगशाला पत्ता लगाउने अमेरिकी वैज्ञानिकको अनुसन्धानबाट एक पटक हात फैलाउने समय वा आँखाको एक पलकको समयावधि भित्र पनि इलेक्ट्रोन, प्रोटन, न्यूट्रन जस्ता उप परमाणु रजहरू एक सेकेण्डमै कैयन् खरब पटक उत्पत्ति र विनाश भइ सक्तछन् भन्ने कुरो पत्ता लागि सकेको छ । अर्थात् अर्को शब्दमा भन्ने हो भने एक सेकेण्ड भित्र $१०^{२२}$ पटक अर्थात् दश सहस्र नहुत=एक बिवाह यस्ता उप परमाणुहरूको उत्पत्ति र विनाश भइसक्तछन् अर्थात् तिनका आयु ०.००००००००००००००००००००००१ सेकेण्ड बराबर मात्र हुन्छन् (हेर्नोस्- लेखकको पुस्तक "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म परिच्छेद छ पेज नं. ११२) ।



https://dhamma.digital

## बौद्ध ग्रन्थको कथनलाई अब सन्देह गर्नु नपर्ने

आधुनिक विज्ञानको अभूतपूर्व गतिको विकासको आजको युगमा विज्ञानको सहयोगले हिजो सम्म मानिसका लागि असम्भव र दुष्कर ठहरिएका वस्तुहरू आज सामान्य हुँदै जान थालेको देखिन्छ । तसर्थ अब आएर बुद्ध धर्मका पुराना ग्रन्थहरूमा उल्लेख गरिएका नाम रूपको क्षणभंगूरताको विषय जस्तो कि एक पटक आँखा झिम्काउँदाको अवधिभित्र नाम रूप धातु एक लाख कोटि पटक भन्दा बढी पटक उत्पत्ति भएर विनाश भइ सक्तछन् भन्ने जस्ता विषयको तथ्यको सत्यता, यर्थाथता र सार्थकतामा आज कुनै प्रकारको सन्देह र आशंका गर्नु पर्ने आवश्यकता बाँकी नरहने तथ्य प्रष्ट छ ।

## आधुनिक वैज्ञानिक अझै सम्मोहमा नै

आधुनिक विज्ञानको भौतिक शास्त्रीय र रसायनिक शास्त्रका विकासले रूप पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपको परमाणु र उपपरमाणु रज, इलेक्ट्रन, प्रोट्रन र न्यूट्रन, फोटन, पोजिट्रन, एण्टी प्रोटन, एण्टी न्यूट्रन जस्ता विद्युत तरंग स्वभाव सम्मको अस्थीर प्रवाह सम्ममा विश्लेषण र विभाजन गर्न सफल भए पनि र जीव विज्ञानको क्षेत्रमा भएको प्रगतिले जीवधारीका जीवाणुकोषमा रहेका केन्द्रिका, केन्द्रिका रेशा, जैविक अणु डि.एन.ए. र वंशाणु सम्मलाई पहिचान गरी तिनका माइटोसिस र मिओसिसको प्रकृया सम्मलाई विश्लेषण गर्न सफल भए तापनि जीव अर्थात् नाम रूपको मूल हेतु मध्येका हेतु-कर्म र तिनका विपाक र कर्मबाट उत्पत्ति हुने नाम रूपको वास्तविक स्वरूप सम्बन्धमा वैज्ञानिकले सत्य कुरा सबै अझै पत्ता लगाउन नसकेको हुंदा आजका भौतिकवादी वैज्ञानिकहरू अझै बुद्ध धर्मको भाषा अनुसार कर्म सम्मोहबाट मुक्त हुन सकेका छैनन् । तसर्थ उनीहरू पंच आलोक मध्येका कर्म शक्यता ज्ञान आलोकबाट सर्वथा दुरीमै रहेका प्रतीत हुन्छन् । “सब्बेसत्ता कम्मसका .......” को धर्मलाई यथार्थ रूपमा नबुझेका भौतिकवादी वैज्ञानिकहरू संसारको उत्पत्ति र विनाशको सम्पूर्ण इतिहासलाई भौगोलिक र भूगर्भिक अध्ययनबाट नै पत्ता लगाउने अठोटमा छन् भने कर्म र तिनका विपाकको अचिन्तनीय स्वरूपलाई नबुझेकै कारणले वैज्ञानिक विकासको आधारमा नै मानिसको जीवन सुखी र सुसमृढ र शान्तिमय र आनन्ददायक बनाउन सकिन्छ भन्ने विश्वासमा छन् । हो, विज्ञानले आज मानव जातिलाई यस अघि कहिल्यै उपभोग गरे भन्दा बढी प्राकृतिक नियम माथिको नियन्त्रण, शक्ति र अधिकार प्रदान गरेको छ । यसले सांसारिक प्राणीहरूको दुःख र हैरानीलाई धेरै हदसम्म राहत प्रदान गर्ने सफलता पनि प्राप्त गरेको छ । किन्तु वर्तमान् भौतिक उन्नतिको इतिहासले पनि यस तथ्यलाई स्पष्ट रूपमा संकेत गरिसकेको छ कि भौतिक उपायहरूकै अनुशरणबाट मानव जातिको



https://dhamma.digital

लागि यस पृथ्वीलाई स्वर्गमा परिणत गर्न सकिन्छ भनी चिन्तन गर्ने भ्रममा मानिसले पर्नु मुनासिव हुन्न । किनभने बढ्दो वैज्ञानिक विकासको फल स्वरूप पनि आज मानव जीवनबाट भय, त्रास, दुःख, दर्द र खतरा हट्दै जानको बदलामा मानिसहरू आज अनेक किसिमका युद्ध, आतङ्कवाद र अशान्तिको भय अन्तरायादि खतराहरूबाट बढ्दो मात्रामा सन्त्रस्त भई आतंकित रही अनिश्चितताको वातावरणमा बाँचिरहनु परेका छन् । भगवान् बुद्धले अप्रमादी भई निर्वाण धर्मलाई नै साक्षात्कार गर्ने प्रयास गर्न सम्पूर्ण लोक जनलाई आह्वान गर्नु भएको कारण पनि त्यसैले होला । बुद्ध धर्मले बुद्धका गोचरहरू, ध्यानी जनको ध्यान विषय, कर्म विपाक र लोकको उत्पत्ति विषयलाई अविचार्य अचिन्तनीय ठहऱ्याई लोकको उत्पत्ति विषयलाई वैज्ञानिक अध्ययनबाट पत्ता लगाउने कार्यलाई होइन, अपितु सम्पूर्ण संस्कार धर्म जति अनित्य, दुःख र अनात्मा हुन् भन्ने परमार्थ सत्यलाई बुझी अप्रमादी भई निर्वाण धर्म साक्षात्कार गर्ने कममा लाग्ने प्रेरणा प्रदान गरेको पाइन्छ । आधुनिक विज्ञानले भौतिक र रसायनिक विश्लेषणको आधारमा रूप धातु पदार्थहरू वास्तवमा सूक्ष्मातिसूक्ष्म रूपमा परमाणु र सो अन्तर्गतका उप परमाणु रज धातुहरू- पोजिशन, फोटन, एण्टी प्रोटन, एण्टी न्यूट्रन इलेक्ट्रन, प्रोटन र न्यूट्रन जस्ता अस्थीर तत्वहरूको क्रमरहित संयोग र प्रवाह मात्र हुन् र जीवधारी प्राणीका जीवाणु कोषहरूपनि नित्य उत्पत्ति हुँदै विनाश भइरहेका अनित्य कुराकै संयोग र प्रवाह मात्र हुन् भनी पहिचान गरे पनि आधुनिक विज्ञानले सम्पूर्ण जड र जीवित रूपलाई यथार्थ रूपमा नाम रूप धर्म स्वभाव मात्र हुन् भनी ठोकुवा गरी नसकेकोले बुद्ध धर्ममा उल्लेख भए बमोजिमका संज्ञा विपल्लास, चित्त विपल्लास र दृष्टि विपल्लासबाट भौतिकवादी वैज्ञानिक र तिनका अनुयायीहरू अझै अभिमुक्त हुन सकेका देखिदैन । फलस्वरूप आधुनिक विज्ञानको नजरबाट कर्म, चित्त, ऋतु, आहारबाट बनेका ६ धातुहरूको परमार्थ धर्म स्वभावलाई अझै राम्ररी चिन्न जान्न नसकिएको अवस्था बाँकी रहंदा आधुनिक विज्ञानले धर्म व्यवस्थान ज्ञान र प्रत्यय परिग्रह ज्ञान आलोकलाई आफ्नो ज्ञान क्षेत्र भित्र अझै समावेश गर्न सकेको देखिन्न । विज्ञानले आफ्नो विकासको क्रममा रूप धातु पदार्थ र जीवित रूपको अनित्यतालाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गरेको देखिए पनि परमार्थ नाम धातु स्वभाव सहितको नाम रूप धर्मको त्रिलक्षण गुण धर्मलाई यथाभूत रूपबाट जान्न बुझ्न सकिने ज्ञानको विकास गरिसकेको नदेखिंदा बुद्ध धर्ममा उल्लेख गरिएको लक्षण सम्मोहबाट पनि आधुनिक वैज्ञानिक विमुक्त रहन सक्ने देखिन्न । कर्म शक्यता ज्ञान आलोक, धर्म व्यवस्थान ज्ञान आलोक, प्रत्यय परिग्रह ज्ञान आलोक र लक्षण प्रतिवेध ज्ञान आलोकको लाभ नभई निर्वाण सम्मोहको विनाश हुन नसक्ने बुद्ध धर्ममा उल्लेखित छ।

**पञ्च आलोक बेगर निर्वाण प्राप्ति नहुने**



https://dhamma.digital

तसर्थ अग्गमहापण्डित डा. लेडि सयादोको कथनानुसार "लौकिक मार्ग (भौतिक मार्ग) को .... अनुशरणले लौकिक ज्ञान (प्रज्ञप्ति) को मात्र लाभ हुनेछ । बीचको मार्ग (अर्थात् मध्यम स्तर) को मार्गको अनुशरण गरी चतुर्महाभूतको अध्ययन, मनन, चिन्तन गर्दै गई पूर्णताको हदसम्म पुग्न सकिने हो भने प्राचीन ऋषि मुनिहरू र आधुनिक वैज्ञानिकहरूले लाभ गरे जस्तै अनेक औषधिहरू, अनेक यन्त्रहरू, धातुका अनेक भौतिक एवम् रासायनिक तत्वहरू बारेमा राम्रो ज्ञान प्राप्त हुने छ ।" किन्तु निर्वाण धर्मलाई लाभ गर्नु छ भने बुद्ध धर्ममा उल्लेख भए अनुसारका पांच आलोकलाई नै प्राप्त गर्न सक्नु पर्दछ ।

## पञ्च आलोकका विषय संक्षिप्त चर्चा

प्रस्तुत पुस्तकका मूल लेखक अग्गमहापण्डित डा. लेडि सयादोको नामबाट सुप्रशिद्ध विशिष्ट बौद्ध विद्वान् भिक्षु ऊञाण महास्थविरले स्थविरवादी बुद्ध धर्मका अभिधर्म पक्षीय गम्भीर धर्म दर्शनलाई व्याख्या गर्ने क्रममा पांच सम्मोहबाट मानव जीवनमा हुने दोषहरू र पांच आलोकबाट प्राप्त हुने अमूल्य उपलब्धिलाई विस्तारपूर्वक चर्चा गर्नु भएको पाइन्छ । कर्म सम्मोह र कर्म शक्यता ज्ञानको चर्चा गर्दै प्रस्तुत पुस्तकमा यस संसारमा सम्पूर्ण मिथ्या दृष्टि नै कर्म सम्मोहबाट उत्पन्न हुने हुंदा यो कर्म सम्मोह अति भयावह कुरा हो भन्ने कुरा देखाइएको छ भने आदि रहित भवचक्रमा रूमिल्लरहेका प्राणीहरूका लागि कर्म शक्यता ज्ञान आलोक नै मात्र शरण स्थान हो भन्ने कुरा पनि प्रष्ट पार्न खोजिएको छ । (पेज नं. ४) नाम रूप सम्बन्धमा पृथ्वी धातु, आप धातु, तेज धातु, वायु धातु, आकाश धातु र विज्ञान धातु सहितका ६ धातुहरूका विषयमा प्रज्ञा लाभ भए पछि मात्र धर्म सम्मोहको निरोध भई धर्म व्यवस्थान ज्ञान आलोक प्राप्त हुने कुरा सविस्तार उपमा सहित उल्लेख गरिएको छ (पेज नं. १६) भने प्रत्यय सम्मोह अन्धकारबाट कारक दृष्टि र वेदक दृष्टिको उत्पत्ति हुने विषयलाई विवेचना गर्दै पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूप धातु ५ मा कर्म, चित्त, ऋतु, आहार नामक हेतु धर्म ४, विज्ञान भन्ने नाम धातु १ र वत्थु र आरम्मण भन्ने हेतु धर्म २ गरी यी ६ धातुहरूका हेतु धर्म ६ का विषयमा ज्ञान आलोक प्राप्त हुने भएमा मात्र प्रत्यय ज्ञान आलोक प्राप्त कुरामा प्रकाश पारिएको पाइन्छ । (पेज नं.३३) प्रस्तुत पुस्तकमा नाम रूपको अनित्यता, दुःख र अनात्मा जस्ता त्रि लक्षणहरू विषयमा नजानिनु लक्षण सम्मोह हो भनिएको छ भने चतुर्महाभूत धातु चार, आकाश धातु एक र विज्ञान धातु एक समेत जम्मा धातु ६ को उत्पत्ति र विनाशलाई पानीको फिंजको उपमा समान निरन्तर रूपबाट जाति, मरण, अनित्यलाई विपश्यना ज्ञानबाट हेरी जान्न सकिएमा मात्र लक्षण त्रय प्रतिवेध ज्ञान आलोक प्राप्त हुने कुरालाई सविस्तार उपमा र उदाहरण सहित विवेचना गरिएको पाइन्छ । (पेज नं.६५) बुद्ध धर्ममा पाँचौं सम्मोह र पाँचौ आलोकको रूपमा रहेका निर्वाण सम्मोह र निर्वाण



https://dhamma.digital

प्रतिवेध ज्ञान आलोकका विषयमा प्रस्तुत पुस्तकमा संक्षेपमा मात्र चर्चा गरिएको देखिन्छ । (पेज नं. ६५) असंखत धातु स्वभाव निर्वाण लाई शब्दबाट व्याख्यान गर्नु कठिन हुने मात्र होइन, स्वयं प्रज्ञाको विकास नगरी यस विषयलाई राम्ररी बुझ्न पनि नसकिने भएरै होला प्रस्तुत पुस्तकमा अग्गमहापण्डित डा. लेडि सयादोले पनि सविस्तार चर्चा गर्नु भएको छैन । बरु प्रस्तुत पुस्तकको भाग ३ मा अनत्तानिसंसको चर्चा गर्दै सत्काय दृष्टि नै सम्पूर्ण अकुशल धर्मको मूल कसरी हुन आउँछ भन्ने विषयमा व्याख्यान गरिएको छ र सत्काय दृष्टिकै कारणले गर्दा अकुशल विपाकहरू पैदा हुन वाध्य हुन्छन् । सत्काय दृष्टि विद्यमान रहुञ्जेल सम्म देवलोक ब्रह्मलोक जस्ता लोकमा पुनर्जन्म ग्रहण गर्नेले पनि पुनः चार अपायलोकमा जन्म ग्रहण गर्न जान सकिने सम्भाव्यता लिएरै जीवन यापन गर्न वाध्य हुने कुरामा सविस्तार प्रकाश गरिएको पाइन्छ ।

यस पुस्तकमा स्थविरवादी बुद्ध धर्मको अभिधर्म बिषयमा विस्तृत विवेचना गरिएको हुंदा प्रस्तुत विषय स्वभावतः कठीन, सूक्ष्म र जटील देखिन्छ र सामान्य पाठकको निम्ति आवश्यक हुने सरल र सरस शैलीमा यो पुस्तक लेखिएको नदेखिंदा विषयको कठीनता र शैलीको क्लिष्टताको कारण प्रस्तुत पुस्तकको रसास्वादन गर्न धैर्यपूर्वक अध्ययन गर्ने समय, प्रज्ञा र उत्साहसको माग हुनु अनपेक्षित देखिन्न । यो पुस्तकको अध्ययनबाट थाहा हुन्छ बौद्ध दर्शन वास्तवमा हेतुवाद, कर्मवादमा आधारित छ र आधुनिक विज्ञानकै सदृश विभज्जवाद यथाभूतवाद र यर्थाथवाद यसको मूल विश्लेषणको तरीका हो । बौद्ध ग्रन्थको अध्ययन, मनन र विश्लेषणबाट सिद्ध हुन्छ कि जहाँ सम्म धर्म र सत्यको प्रश्न छ शाक्मुनि बुद्ध वास्तवमा क्रान्तिकारी रूपमा यथार्थवादी, कर्मवादी, हेतुवादी र विभज्जवादी हुनुहुन्थ्यो ।

### प्रस्तुत पुस्तकको वर्तमान स्वरूपमा संघनायक भन्तेको योगदान

प्रस्तुत पुस्तक Alin Kyan, An Exposition of Five Kinds of Light नामक अंग्रेजी पुस्तकबाट अनुवाद गरिएको हो । तर अनुवादको कार्य सकिए पछि अंग्रेजी प्रति र बर्मी मूल पुस्तक संग भिडाई अनुवादलाई संशोधन गरिदिन हुन पूज्य भदन्त बुद्धघोष महास्थविरज्यूलाई मैले अनुरोध गरेको थिएँ । उहाँले अनुवादको संशोधनार्थ मूल बर्मी पुस्तक समेतलाई दाँजेर हेर्नु हुंदा Alin Kyan को अंग्रेजी अनुवादमै कैयन् भागहरूको छुट भइरहेको पाउनु भएकोले बर्मी मूल पुस्तकमा भई अंग्रेजी अनुवादमा छुट भएका विषयहरूलाई भदन्त बुद्धघोष महास्थविरज्यूको मैत्रीपूर्ण सहयोगले अगष्ट १९७७ मा महासिघं सापिताइबाट मुद्रित "दीपनी पाउँ छयौं" नामक बर्मी पुस्तकको द्वितीय संस्करणको अलैंच्यां भागको ३१८ पेज देखि ४१८ पेज सम्मका पुस्तकबाट अनुवाद गरी यसमा प्रस्तुत गरिएको छ । त्यस्तै यस पुस्तकको भाग २ को अनुवादलाई पनि मूलतः Five Questions on Kamma नामक अंग्रेजी अनुवादबाट अनुदित गरिएका भए



https://dhamma.digital

तापनि सो अंग्रेजी अनुवादमा छुट र अस्पष्ट भएका कुराका हकमा पूज्य बुद्धघोष महास्थविरज्यूको सहयोग लिई “नाइंगां छया पुच्छा” नामक विदेशीहरूले सोधेका प्रश्न संकलन भन्ने बर्मी पुस्तकसंग भिडाई अनुवाद प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो पुस्तकको अनुवाद गर्ने कामको थालनी कसरी भएको हो भन्ने विषयमा भदन्त बुद्धघोष महास्थविरज्यूले भूमिकामा आवश्यक चर्चा गरिसक्नु भएकै छ । पञ्च सम्मोह र पञ्च आलोक जस्ता गम्भीर विषयलाई अनुवाद गर्न प्रेरणा दिनुका अतिरिक्त बर्मी पुस्तकबाट अनुवाद मिलाई प्रस्तुत गर्न ललितपुर स्थित सुमंगल विहारदेखि अलिकति पनि कष्ट र झिंजो नमानी विहान बेलुकी राती केही नभनी दुई-दुई सप्ताह सम्म दिनहुं काठमाडौंसम्म पाल्नु भई मलाई अनुवाद कार्यमा मैत्रीपूर्वक सघाउ र सहयोग गर्नु हुने पूज्यवर भदन्त बुद्धघोष महास्थविरज्यूमा म साभार कृतज्ञता र हार्दिक साधुवाद ज्ञापन गर्न चाहन्छु । सर्वसाधारण लोकजनलाई गम्भीर बुद्ध धर्म र दर्शनको ज्ञान दिलाउन भदन्तज्यू कत्तिको कृत संकल्प हुनु हुंदोरहेछ र लोकजनको अविद्या हटाउने विषयमा उहाँमा कतिको मैत्री र करुणा रहेछ भन्ने कुरा यसबाट मैले जान्ने बुझ्ने थप अवसर प्राप्त गरें भनेमा अतिशयोक्ति हुन्न । नेपाल बौद्ध परियत्ति शिक्षाको विकासको पवित्र कार्यको नेतृत्वमा उहाँ जस्तो धार्मिक व्यक्तित्वको भूमिका रहुञ्जेल निश्चय पनि परियत्तिको भविष्य उज्वल रहनेछ भन्ने कुरामा कुनै सन्देह छैन ।

### गुणानुस्मरण

यस पुस्तकको प्रकाशन हुंदा ७९ वर्षको परिपक्व उमेरमा पनि अभिधर्म जस्ता कठीन विषयलाई दत्तचित्तका साथ अध्ययन गरी अभ्यास र आचरण गर्ने अभूतपूर्व जांगर देखाउनु हुने यस पुस्तकको प्रथम प्रकाशक स्व. श्री नन्द सिद्धि गुभाजुले प्रस्तुत पुस्तकको पाण्डुलिपी स्वयं हेर्नु भई महंगीको बेलामा पनि पुस्तकको गतिलो प्रकाशनमा बढी ध्यान दिनु भई पुस्तक प्रकाशनको अभिभारा बहन गर्नु भएको थियो । स्व. प्रकाशक श्री नन्द सिद्धि गुभाजु तथा कयो मय्जुलाई म आज पुनः स्मरण गर्दै उहाँहरूको स्वर्ग, सुगति र निर्वाण लाभको कामना गर्दछु । २०४२ सालमा यस पुस्तकको प्रथम प्रकाशन हुंदा तिनताका आफ्नो अत्यन्त कार्य व्यस्तताको बीचमा पनि समय निकाल्नु भई प्रस्तुत पुस्तकको प्रूफ हेर्ने काममा स्व. सद्धर्म प्रेमी श्री अमृतमान शाक्यज्यूले ठूलो मद्दत पुऱ्याउनु भएको थियो भने तिनताका अनुवादको सिलसिलामा आवश्यक देखिएका विज्ञानका पुस्तकहरू जुटाउन त्यस बेला नै प्रो. श्री राजेश मान शाक्य, ई. श्री नरेश मान शाक्य, सह प्राध्यापक श्री पवन राज शाक्य र सहायक डीन प्रा. डा. श्री शान्त मान शाक्यले ठूलो सहयोग पुऱ्याउनु भएको थियो । तसर्थ उहाँहरूको गुण पुनः स्मरण गर्दछु । आफ्नो दिवंगत श्रीमान् श्री अमृत मान शाक्यज्यूको अभिधर्मको



https://dhamma.digital

यस गम्भीर पुस्तक प्रति रहेको गहिरो श्रद्धा अनि रूचिलाई स्मरण गर्दै दिवंगत हुनु भएका आफ्ना श्रीमान्‌को लागि स्वर्ग, सुगति र निर्वाण लाभको हेतु होस् भन्ने पवित्र कामना र इच्छा राख्दै सद्धर्म प्रेमी उपासिका श्रीमती लक्ष्मी देवी शाक्यज्यूले आफ्ना दिवंगत पतिदेवको नाउँबाट धर्म दान गर्ने संकल्प गर्नु भई आज यो पुस्तकको द्वितीय परिमार्जित र परिवर्तित संस्करण प्रकाशित गर्नु भएको छ । यस पुस्तकको मुद्रण र प्रकाशनमा उहाँका सम्पूर्ण परिवारले देखाउनु भएको अनन्य श्रद्धा अत्यन्त प्रशंसनीय रहेको कुरा यहाँ स्मरण गर्न चाहन्छु । विगत कैयौं वर्षदेखि यो पुस्तक अप्राप्त भइरहेको कारणले गर्दा विपश्यना ध्यान भावनामा अभिरत साधक साधिकाहरू यस पुस्तकको खोजी गर्दै आउँदा बांकी नहुंदा निराश भई फोटो प्रति निकाली आफ्नो जिज्ञाशालाई मेट्नु पर्ने अवस्था भइरहेकोमा आज सद्धर्मप्रेमी उपासिकाको प्रस्तुत प्रकाशनबाट अभिधर्मको गहन ज्ञानको भण्डार रहेको यस दुर्लभ ग्रन्थरत्न पुनः सुलभ हुने भएको छ । यसको लागि म प्रस्तुत संस्करणका प्रकाशिका श्रीमती लक्ष्मी देवी शाक्यज्यू संह उहाँका सम्पूर्ण सद्धर्मप्रेमी परिवार प्रति हार्दिक धन्यवाद सह साधुवाद अर्पण गर्न चाहन्छु ।

प्रस्तुत पुस्तकको लागि विवेचना सहितको भूमिका समेत लेखी प्रोत्साहित गर्नु भएकोमा पूज्य संघनायक भदन्त बुद्धघोष महास्थविरज्यूमा हार्दिक कृतज्ञता प्रकट गर्दै साधुवाद व्यक्त गर्दछु । यस पुस्तकको आवरण पृष्ठ डिजाइन गर्ने कलाकार श्री डिजी डिजाइनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत पुस्तकलाई छोटो समयमै यति राम्रो संग नयाँ आवरण पृष्टको डिजाइन सहित मुद्रण गर्ने व्यवस्था मिलाउनु भई पुस्तकको मुद्रणमा व्यक्तिगत अभिरूचि र तनमन लगाउनु भएकोमा स्पेक्ट्रम अफसेट प्रेसका प्रोप्राइटर एवम् उहाँका सम्पूर्ण उत्साही सहयोगीहरू र स्टाफहरू समेत सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## उपसंहार

अन्तमा प्रस्तुत पुस्तकको प्रारम्भमा अनुवाद कार्य देखि लिएर मुद्रणको अन्तिम अवस्था सम्ममा प्रत्यक्ष एवम् परोक्ष रूपमा पुस्तकको प्रकाशनार्थ सहयोग, शुभकामना र शुभेच्छा दिई अनुवादक, प्रकाशक र मुद्रक समेतलाई प्रोत्साहन र प्रेरणा प्रदान गर्न हुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु । अंग्रेजी र बर्मी पुस्तक समेत संग भिडाई अनुवाद गर्न प्रयास गरिएको प्रस्तुत अनुवादमा मूल पुस्तकको भाषा शैलीकै कारण वा उपयुक्त शब्दको अभाव वा स्वयं अनुवादकको अल्पज्ञानको कारण समेतबाट भाषा शैलीमै वांच्छित सरलता, सरसता र माधुर्य नरही जटीलपना देखिन आएको हुन सक्छ । अभिधर्म जस्त कठीन धर्म विषयका अनुवादमा पनि



https://dhamma.digital

यस प्रकारको भाषा शैलीबाट थपिन आउने दिक्कतको निम्ति अनुवादक क्षमा प्रार्थी छ । यस भद्रकल्पमा मात्र तीन-तीन जना तथागतहरूलाई उत्पत्ति, उत्थान गराउने बुद्धको जन्मभूमी रहेको नेपाल देशका विज्ञ पाठकजनले प्रस्तुत पुस्तकको अध्ययनबाट स्थविरवादी बुद्ध धर्मका पांच आलोक सम्बन्धमा संक्षेपमा मात्र पनि ज्ञान लाभ गर्नु भई शान्तिका अग्रदूतको वाणीबाट प्रारम्भ भएको शान्ति सन्देशलाई शान्तिप्रेमी मुलुकका शान्तिप्रिय जनताको तर्फबाट अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आधिकारिक रूपमा बढी प्रचार प्रसार गर्न समर्थ भई राष्ट्रवादी नेपालीको आत्म सम्मान बृद्धि गर्ने कार्यमा केही सघाउ पुऱ्याउन सकेमा अनुवादकको प्रयास सफल हुने कुरा सविनय निवेदन गर्न चाहन्छु ।

मुद्रणको क्रममा साना तिना त्रुटीहरू र गल्तीहरू केही समावेश हुन गएको देखिएमा वा यस्ता त्रुटीहरूको अतिरिक्त प्रस्तुत अनुवादमा मेरो आफ्नै अज्ञानता वा प्रमादवस केही त्रुटीहरू रहन गएको देखिएमा विज्ञ पाठकहरूबाट त्रुटी संशोधनार्थ सूचना दिनु भएमा अवश्यमेव अनुगृहित हुनेछु । यो पुस्तकले पाठकहरूमा अभिधर्मको अध्ययनमा उत्साह र अभिरूची बढाई पंच आलोकको लौकिक एवम् लोकोत्तर उपयोगको आभास मात्र पनि बृद्धि गर्न सकेमा अनुवादकलाई आफ्नो प्रयासको सफलतामा सन्तोष हुनेछ ।

अन्त्यमा प्रस्तुत पुस्तककी प्रकाशिकाको सदीच्छा र कामना अनुरूप सद्धर्मप्रेमी अभिधर्म ज्ञान अनुरागी दिवंगत श्री अमृत मान शाक्यलाई यस धर्म दानको पुण्य प्राप्त हुन गई यथाशिघ्र उहाँलाई स्वर्ग, सुगति र निर्वाण लाभ होस् भनी म पनि हार्दिक प्रार्थना गर्दछु । अस्तु ।

"वन्द्य निवास"
टोल वडा नं. २४,
प्यूखा, काठमाडौं
२०६६ पौष २, प्रतिपदा

विनीत
**आर. बि. वन्द्य**



https://dhamma.digital

https://dhamma.digital

# प्रकाशकीय आग्रह

नेपालमा प्रचलित प्राचीन बौद्ध पौराणिक ग्रन्थ स्वयम्भू पुराणका अनुसार आज भन्दा ९१ कल्प अधि जम्बुद्वीपको मध्य देश भित्रको बन्धुमती नगरमा उदय हुनु भएका विपश्वी तथागत नेपाल मण्डलमा आई तत्कालीन् अवस्थामा गहिरो विशाल नाग हृदको रुपमा याहाँको नाग दहको छेउमा रहेको जातमात्रोच्च पर्वतबाट उक्त पवित्र पावन दहको अवलोकन गर्नु भयो र यस पवित्र पावन दहमा भविष्यमा आदि बुद्ध ज्योति स्वरूप धर्मधातुको उत्पत्ति हुने हेतु देख्नु भई सो दहमा चैत्र शुक्ल पूर्णिमाका दिन कमलको गानुको वीजारोपण गर्नु भई व्याकरण गर्नुभयो कि कालान्तरमा यस दहमा उत्पत्ति हुने कमलको फूलमा ज्योति स्वरूप स्वयम्भू धर्मधातु आफैआफ उत्पत्ति हुने छ । विपश्वी बुद्धको उक्त भविष्यवाणी अनुरुप नै नागदहमा कालान्तरमा सहश्रपटल भएको कमलको फूलमा आश्विन शुक्ल पूर्णिमाको दिनमा स्वयम्भू ज्योतिको उत्पत्ति भए पछि तदनन्तर यस संसारमा उदय हुनु भएका शिखि बुद्ध, विश्वभू बुद्ध, क्रकुच्छन्द बुद्ध, कनकमुनी बुद्ध, काश्यप बुद्ध र हाम्रा शाक्यमुनि बुद्ध समेत छ नै जना तथागतहरूले आ-आफना समयमा नेपाल मण्डलको भ्रमण गर्नु भई स्वयम्भू ज्योति रुप धर्मधातु भगवान्‌को दर्शन, पूजन र आराधना गर्नु भएकोले नेपाल मण्डललाई पवित्र पावन पुण्य भूमि, देव भूमि, बोधिसत्व भूमि र बुद्ध भूमि हो भन्ने तथ्यलाई प्रष्ट गर्दछ । यस भद्रकल्पमा हाल सम्म उत्पत्ति हुनु भएका चार तथागतहरू मध्ये काश्यप तथागतको जन्म वर्तमान नेपाल भित्र भएको हो वा होइन भन्ने तथ्य बारेमा यकीन भइ नसके तापनि क्रकुच्छन्द तथागत, कनक मुनि तथागत र वर्तमान शाक्यमुनि तथागतको जन्म भन्ने नेपालकै तौलिहवा-कपिलवस्तुको क्षेत्रभित्र भएको भन्ने ऐतिहासिक तथ्यलाई गोटिहवाको अशोकस्तम्भ र स्तुपावशेष, निग्लिहवाको अशोक स्तम्भको अवशेष र लुम्बिनीको अशोक स्तम्भ र बुद्ध जन्म संकेत शिला. र प्राचीन चिनियाँ तीर्थयात्रीहरूको यात्रा वृतान्तबाट पुष्टि भइरहेकै छ । नेपाल देशभित्र हाम्रा शाक्यमुनि तथागत स्वयंले पटक पटक भ्रमण गर्नु भई बुद्ध धर्मलाई नेपालमा २५५३ वर्ष अघि देखि नै प्रवेश गराउनु भई सुप्रतिष्ठित गगराउनु भएको हो भन्ने तथ्य त्रिपिटकबाट नै प्रमाणित भइरहेको छ । तथापी स्वयं तथागतको जन्म भूमि रहेको नेपालमा वि. स. १४३७ तिर नेपालको राजा बनेका राजा जयस्थिति मल्लले आफनो शासनकालमा राज्य स्तरबाट नै नेपालका बौद्धहरू र बुद्ध धर्ममाथि गरेको अभूतपूर्व दमनको परिणाम स्वरूप नेपाल मण्डलबाट करीब ६ शताब्दीसम्म शुद्ध बुद्ध धर्म स्थविरवादी बुद्ध शासनको लोप नै भएर गएको देखियो । वर्तमान युगमा आएर वि.सं. १९८७ ई. सन् १९३० बु. स. २४७४ मा प्रथम स्थविरवादी शुद्ध बुद्ध धर्मका पीतवस्त्रधारी श्रामणेरको रूपबाट श्रद्धेय संघमहानायक स्व. भदन्त प्रज्ञानन्द महास्थविरज्यूको पदार्पण नेपाल मण्डलको



https://dhamma.digital

उपत्यकामा नै भए पछि विगतमा लुप्त भएर गएको शुद्ध बुद्ध शासनको पुनर्जागरण र पुनस्थापना नेपालकै काठमाडौं उपत्यकामा भएर श्रद्धेय भिक्षु संधको निरन्तरको कठिन त्याग, बलिदान, प्रयास र परिश्रमको फलस्वरूप आज आएर बुद्ध शासनको नेपालमा ठूलो उन्नति, बृद्धि र विकास भइरहेको हामी देख्छौं । दिवंगत संघमहानायक भन्ते प्रमुख उहाँका समकालिन अग्रज भिक्षुहरू, उहाँहरूका शिष्यहरू सहित नेपालका भदन्तहरू, म्यानमारका सुप्रसिद्ध विश्व विपश्यनाचार्य गुरू भन्तेहरू जस्तै महासि सयादोऊ शोभण महाथेंर, ऊ पण्डिता भिवंश भन्ते, भियतनामी भन्ते खिप्प पञ्ञो महाथेंर भारतीय मूलका म्यानमारमा बुद्ध धर्ममा दीक्षित र सुशिक्षित हुनु भएका विश्व विपनाश्यनाचार्य कल्याण मित्र श्री सत्यनाराण गोयन्काज्यू र उहाँहरूका सहयात्री, सहचारी र अनुचारी विपश्यना ध्यान भावनाका प्रचारक साधक, आचार्य, सहायक आचार्यहरू, वर्मी गुरुमाहरू जस्ता स्वदेशका र विदेशका साधक साधिका गुरु आचार्यहरूको निरन्तरको परिश्रम प्रयास र योगदानको परिणाम स्वरूप आज नेपाल भरिमा बौद्ध ध्यान भावना र विपश्यना भावनाको प्रचार प्रसारले व्यापकता लिई बुद्ध शासनको उन्नति, बृद्धि र विकासले ठूलो गति लिइरहेको देखिन्छ । बुद्ध धर्ममा अभिरुची राख्ने सम्पूर्ण बौद्धहरू र खास गरीकन विपश्यना ध्यान भावनाको साधना र अभ्यासमा विशेष रुचि र श्रद्धा राख्ने प्रबुद्ध बौद्ध महानुभावहरूको लागि अत्यन्त उपयोगी सिद्ध भईरहेको तर हाल अप्राप्त भइसकेको वर्तमान युगको सुप्रसिद्ध बौद्ध विद्वान अग्गमहापण्डित डा. लेडि सयादोको नाउँबाट विश्व प्रख्यात हुनु भएका म्यानमारका भदन्त ऊ. ञाण महाथेरले वर्मेली भाषामा रचना गर्नु भई अँग्रेजी भाषामा समेत अनुदित भएको पञ्च आलोक नामक अभूतपूर्व दीपनी ग्रन्थको नेपाली भाषामा अनुदित धर्मग्रन्थ रत्नको परिमार्जित र परिवर्द्धित द्वितीय संस्करणलाई दिवंगत पतिदेव श्री अमृतमान सिंह शाक्यको स्मृतिमा निशुल्क धर्मदानको स्वरूपबाट प्रकाशित गर्ने अवसर पाएकोमा मलाई अनन्य धर्मप्रीति र सन्तोष प्राप्त भएको अनुभव गर्दैछु । यस अनमोल धार्मिक ग्रन्थ रत्नको उपलब्धतावाट शुद्ध बुद्ध धर्ममा श्रद्धा राख्ने जिज्ञासुहरू र बौद्ध ध्यान भावनाको साधना अभ्यास र सदाचरणमा सतत: लागिरहेका र अब लाग्न चाहने विपश्यनाका साधक साधिकाहरू समेत पूर्ण रुपमा लाभान्वित भई पुण्य भूमि नेपाल र विश्वमा समेत शुद्ध बुद्ध ज्ञानको प्रचार, प्रसार र विकासमा समुचित सहयोग पुग्न जाने आशा अपेक्षा लिएकी छु । यस अवसरमा पञ्च आलोक नामक यो ग्रन्थ रत्नको परिमार्जित र परिवर्द्धित संस्करण प्रकाशित गर्ने अनुमति प्रदान गर्नु हुने बौद्ध विद्वान यस पुस्तका अनुवादक श्री आर. वि. वन्द्यज्यूलाई साधुवाद दिँदै यस ग्रन्थका प्रथम संकरणका प्रकाशक सद्धर्म प्रेमी उपासक श्री नन्द सिद्धि गुभाजु र श्रीमती क्यो मयजुलाई पनि कृतज्ञता ज्ञापन गर्दछु । यस ग्रन्थ रत्नमा अत्यन्त सारगर्भित भूमिका लेख्नु भएका नेपाल बौद्ध परियति शिक्षाका तत्कालिन केन्द्रीय परीक्षा



https://dhamma.digital

नियन्त्रक हालका शिक्षाध्यक्ष एवम् वर्तमान नेपालका संघनायक श्रद्धेय अग्ग महा सद्धम्म जोतिक धज भदन्त बुद्धघोष महास्थविरज्यूमा सादर साधुवाद सह कृतज्ञता अर्पण गर्दै उहाँको गुणानुस्मरण गर्न चाहन्छु । अभिधर्मको यस पवित्र धर्म ग्रन्थ रत्नको प्रकाशन गरी धर्मदान गरेको पुण्य मेरा दिवंगत पति श्रीमान् अमृत मान सिंह शाक्यलाई प्राप्त भई उहाँलाई सुगति, स्वर्ग, मोक्ष र शिघ्रा ति शिघ्र निर्वाण लाभ गर्नमा हेतु होस भनी हार्दिक कामना गर्दछु । यस धर्मदानको पुण्य फल मेरा दिवंगत सासु ससुरा, सासु बजै, ससुरा बाजे सहित सम्पूर्ण ज्ञातिवन्धुवर्गलाई समेत प्राप्त भई उहाँहरुलाई पनि सुगति, स्वर्ग, मोक्ष र निर्वाण प्राप्तिको हेतु हुन पुगोस् भनी त्रिरत्न समक्ष साञ्जली प्रार्थना गर्दै जगत् संसार सत्व प्राणी समेतलाई हितोपकार होस् भनी सविनय कामना गर्दछु । अन्त्यमा अत्यन्त परिश्रम गरी यस धर्म ग्रन्थलाई चाँडो प्रकाशित गर्न योगदान गर्ने स्पेक्ट्रम अफसेट प्रेसका प्रबन्धक सहित सम्पूर्ण मुद्रण सहयोगीहरुलाई पनि धन्यवाद सह साधुवाद ज्ञापन गर्दछु ।

दिनाङ्क : २०६६ साल पौष महिना २ गते, प्रतिपदा ।

विनीत
लक्ष्मी देवी शाक्य,
जोरगणेश, ओमबहाल
वडा नं. २३, काठमाडौं

Dhamma.Digital



https://dhamma.digital

# दिवंगत श्री अमृतमान सिं शाक्यः मेरो नजरमा

अमृत मान सि. शाक्यको जन्म बि.सं. १९९२ जेष्ठ ३, ने. सं. १०५५ बैशाख शुक्ल द्वादशी, ई.सं. १९३५ मे १५, बुधबारको दिन बुबा दिवंगत बोधिमान सिं शाक्य तथा माता दिवंगत कुलशोभा शाक्यको प्रथम पुत्रको रुपमा मञ्जुश्रीनक महाविहार, ओमबहाल, जोरगणेश स्थित आफ्नै निवासमा भएको थियो। वहाँ बाल्यकालदेखि नै अति तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो। वहाँको अक्षराम्भ श्री सीताराम हाइस्कूल, लगनबाट शुरु भयो । वहाँलाई बाल्यकालमा बाथ रोगले निकै सताएको थियो। एस. एल. सी. को परीक्षा पनि वहाँले तामदानीमा बोकाएर जाँच दिने सेन्टरसम्म गई दिनु परेको थियो । वहाँको विवाह बि.सं २००५ साल माघ २४ गते, नें. सं. १०६९ सिल्लाथ्व, अष्टमी, ई. सं. १९४९ फेब्रुवरी ६ तारिख, आईतबारका दिन धर्मचक्र महाविहार अन्तर्गत श्री जाम्वुनन्दन पूर्णबुद्ध महाविहार कवः, वटुका दिवंगत बुबा चिढीरत्न शाक्य र दिवगत माता सानुमाया शाक्यकी साहिंली छोरी लक्ष्मीदेवी शाक्यसंग धुमधामपूर्वक सम्पन्न भएको थियो।

वहाँले २०११ सालमा सीताराम हाइस्कूलबाटै एस. एल. सी. सफलतापूर्वक उत्तीर्ण गर्नु भयो । वहाँले नेपाल नेशनल कलेज (हालको शंकरदेब क्याम्पस)बाट आई. ए. २०१६ सालमा र सोही कलेजबाट वी. ए. सम्मको पढाई गर्नु भयो । ममतामयी श्रद्धेय माताको २०१८ सालमा असामयीक निधन भएबाट मर्माहत हुनु भएका दिवंगत श्री शाक्यले परिवारजनहरूलाई सम्हाल्ने जिम्मेवारी बोध गरी यो भन्दा अगाडिको पढाई वहाँले बढाउन पाउनु भएन र आफ्नो बाजे सिद्धिमान सिंको आफ्नै सुनचाँदीको पसलमा काम गर्न थाल्नुभयो । बाजेसंग वहाँले सुनचाँदीको गरगहनासम्बन्धी तालिम लिनु भयो। तर वहाँको मन यसमा लागेन र केही नयाँ बौद्धिक एवं रचनात्मक काम गर्ने ईच्छालाई उहाँले तत्कालिन अवस्थामा अति दुर्लभ एवं चुनौतीपूर्ण पेशा छपाई र पत्रकारितासम्बन्धी काम गर्ने विचार गर्नुभयो। यसकै तयारीको रूपमा नरदेवीस्थित दी कमनर प्रेसमा आवश्यक तालिम प्राप्त गरी आफ्ना स्कूलका मिल्ने सहपाठीहरू श्री सूर्यरत्न शाक्य तथा दिवंगत प्रेमलाल श्रेष्ठ सहितको सहयोग तथा प्रयासमा आफ्नै निवासमा वि.सं. २०१९ सालमा नेपालमा पहिलो पटक सहकारीको क्षेत्रमा छापाखानाको शुरुवात गर्दै नेपाल सहकारी प्रेसको स्थापना गर्नुभयो । जुन नेपालको मुद्रण क्षेत्र तथा सहकारी आन्दोलनको एक आयामकै रुपमा रहेको छ।

बाजे सिद्धिमान सिंहका अति मनपर्ने नातिको रुपमा रहेका वहाँले आफ्नो मृत्यु शैययामा रहेको बाजेलाई दिनु भएको वचन अनुसार परिवारलाई सधैं एकसुत्रमा बाँध्ने कार्य जीवनभर गर्नु भयो र आफ्ना पुर्खाले अति मिहिनेतका साथ जोडेका जग्गाहरु जगेर्ना गर्ने कार्य समेत गर्नु भयो। यसका लागि वहाँले २०२२ साल तिर गाउँगाउँमा हिंडी मोहीहरू पत्ता लगाई भेटी आफ्नो पुर्खाले आर्जन



https://dhamma.digital



दिवंगत श्री अमृत मान सिं शाक्य

https://dhamma.digital

https://dhamma.digital

गरेका पछि हराएका जग्गाहरू पत्ता लगाएर लगत राख्ने काम सफलतापूर्वक पूरा गर्नुभयो । वहाँ आफ्ना भाइहरू अमूल्यमान शाक्य, खास्तीमान शाक्य, भर्णमान शाक्य तथा बहिनीहरू मञ्जुलानी शाक्य, धर्मशोभा शाक्य र नीरा बज्राचार्यका प्रिय दाजु तथा प्रेरणाका स्रोतका रुपमा सदैब रहनु भयो ।

प्रेसलाई कुशलतापूर्वक चलाउँदै वहाँले साहित्य र पत्रकारिता क्षेत्रमा पनि कलम चलाउनु भयो । यस क्रममा वहाँले विभिन्न पत्रपत्रिकाहरू आफ्नै सम्पादन र प्रकाशकत्वमा संचालन गर्नुभयो । उहाँको प्रयासमा प्रकाशन भएका महत्वपूर्ण पत्रिकाहरू जस्तै अर्पण, अर्पणा, फेशन, तरुनी, गाईजात्रा, गोरुजात्रा आदि पाठकवर्गहरूमा गहिरो छाप छोड्न सफल भए । पञ्चायतीकालमा पनि वर्षको एकपल्ट गाईजात्राको दिन पारेर "गाईजात्रा" र "गोरुजात्रा" नामक पत्रिका निकालेर सामाजिक तथा बन्द राजनीतिको परिवेशमा पनि तत्कालीन राजनीतिक अवस्थाप्रति सटीक कटाक्ष गर्न चुक्नु भएन । नेपालको साहित्यिक तथा मुद्रण क्षेत्रको विकासमा वहाँको विशिष्ट योगदान रहेको छ । वहाँ बौद्ध समाजमा अति लोकप्रिय हुनुहुन्थ्यो । वहाँ नेपालको संस्कृति, धार्मिक परम्परा र रीतिरिवाजको विषयमा आधिकारिक जानकारी राख्नुहुन्थ्यो ।

वहाँ २०२६ सालमा दोस्रो बौद्ध तीर्थयात्रामा आफ्ना पत्नी लक्ष्मीदेवी शाक्य सहित सरीक हुनुभयो । दिवंगत भदन्त सुदर्शन महास्थविरको आग्रहमा वहाँले बौद्ध तीर्थयात्राको सम्पूर्ण विवरण समेटी तीर्थयात्राको दिग्दर्शनको काम गर्ने किसिमले "झीगु बौद्ध तीर्थयात्रा" नामक एउटा गहन यात्रास्मरणात्मक पुस्तक नै लेखेर प्रकाशित गर्नुभयो । जुन पुस्तक पछिका तीर्थयात्री तथा तीर्थयात्राका आयोजकहरूको मार्गदर्शनको लागि निकै उपयोगी सिद्ध भयो । २०२६ सालको बौद्ध तीर्थयात्रापछि दिवंगत संघमहानायक अग्गमहापण्डित भदन्त प्रज्ञानन्द महास्थविरसंगको गहन संगतपछि वहाँको जीवनमा थेरवादी बौद्ध शासनप्रति झुकाव झन् झन् बढेर गएको परिणामस्वरुप ललितपुर, थैनास्थित श्री शाक्यसिंह विहारको हरेक कार्यक्रममा वहाँले आजीवन सक्रिय सहभागिता जनाउनु भयो ।

वहाँले प्रकाशित गर्नु भएका पुस्तकहरूमध्ये आफ्ना दिवंगत पूज्य वुबा वोधिमान सिं र मूमा दिवंगत कुलशोभा शाक्य सहितको सुगति, स्वर्ग, मोक्ष तथा निर्वाणको कामना गर्दै प्राप्त भएसम्मको आर्यसंगीति, विविध बौद्ध स्तोत्र र धारणी संग्रहहरू सम्वन्धी कितावहरू संकलन र अध्ययन गरी उहाँले ने.सं. ११२३ चिल्लाथ्व अष्टमी, वि.सं. २०५९ फाल्गुण २७ गतेका दिन बौद्ध स्तोत्रमाला प्रकाशित गर्नुभयो जुन महायानी बौद्धधर्म क्षेत्रको जगेर्ना तथा प्रसारमा कोशेढुंगा नै सावित भएको छ । यो पुस्तक बौद्ध जगतमा अति नै लोकप्रिय र रुचाइएको छ । यो पुस्तक हालसम्म पनि नेपालभरिका बौद्धहरूबाट माग भईरहेको छ । त्यस्तै वहाँले प्रकाशित गर्नु भएको बौद्ध सिलः माला पनि वौद्ध समाजमा अति नै मन पराइएको पुस्तक हो । जुन पुस्तक वि.सं. २०६३ मंसीर ७ गते प्रथम संस्करण र वि.सं. २०६४ मंसीर ८ गते पुनः प्रकाशन भएको थियो ।



https://dhamma.digital

शिक्षालाई जीवनको आधारभूत आवश्यकता मान्ने दिवंगत श्री शाक्यले पत्नी लक्ष्मीदेवी शाक्य सहितको प्रेरणामा तत्कालिन परिस्थितिमा पनि आफ्ना चारैजना छोराछोरीहरूलाई स्नातकोत्तर तहसम्मको उपाधी हासिल गराए । सादा जीवन र उच्च विचारका धनी श्री शाक्य बौद्ध दर्शन र सिद्धान्तलाई दैनिक जीवनमा अनुशरण गर्नुपर्छ भन्ने मान्यता राख्नुहुन्थ्यो र त्यही अनुसारको जीवन वहाँले सधैं जिउनु भयो । धर्मको सारको रुपमा वहाँको धारणा थियो । नराम्रो नचिताउने, नराम्रो नसुन्ने, नराम्रो र असत्य काम नगर्ने, यही आदर्शलाई आजीवन दैनिक जीवनमा अनुशरण गर्दै बुद्ध धर्मको तीनै यानमा अत्यन्त श्रद्धा राखी वहाँले सरल धार्मिक जीवन व्यतीत गर्नुभयो । सम्पत्तिमा लोभ लालच वहाँलाई कहिल्यै रहेन र यही शिक्षा वहाँले सदैव आफ्ना छोराछोरीहरूलाई ममंत प्रदान गर्नु भयो । आफ्नो पुर्खाप्रति वहाँलाई सदा गौरव रह्यो र पुर्खाको प्रतिष्ठा कायम गर्नु भनेर सदा आफ्ना छोराछोरीहरूलाई भनिरहनु हुन्थ्यो । आफ्नो परम्परालाई जीवित राख्न वहाँले आफ्नो छोराहरूको बिहे भोजमा पलाएन प्रायः भैसकेको टिंग्रींचा मरी राखेर नेपालको परम्पराको जगेर्ना गर्नेतर्फ पनि ठोस कदम चाल्नुभयो ।

जीवनको अन्तिम घडीसम्म पनि आफ्नो स्पेक्ट्रम अफसेट प्रेसको कार्यालयमा निरन्तर सक्रिय रुपमा कार्यरत रहदै श्री शाक्यले अन्तिम यात्राको एकदिन अगाडिसम्म पनि प्रेसबाट दिनु पर्ने कोटेशनको लागि दरभाउ तयार गरी आफ्नो छोरालाई निर्देशन दिंदै हुनुहुन्थ्यो । तर नियमित स्वास्थ्य परीक्षणको लागि २०६४ साल पौष २४ गते साँझ क्लिनिक जानु भएका श्री अमृत मान शाक्यलाई स्वास्थ्य परीक्षणको क्रममा ख्याती प्राप्त चिकित्सकले शरीरमा अलि अक्सिजनको कमी भएको र नर्सिङ्ग होममा लगेर एक रात अक्सिजन दिई बिहान घर लग्नु भन्ने सुझाव दिए अनुसार उहाँकै निर्देशनमा पुतली सडकस्थित एक नर्सिङ्ग होममा लगियो । बेलुकीको स्वास्थ्य परीक्षणमा सबै नर्मलनै भएको प्रतिवेदन प्राप्त भएको थियो । रातमा वहाँलाई अलि निन्द्रा परेन र आफ्ना छोराछोरीहरूलाई सना गुठीलाई राम्रोसंग आयोजना गर्नु पर्छ भनेर सुनाउँदै थिए । तिमीहरूलाई केही थाहा छैन सुरेन्द्र र महेशको साथ लिएर तयारी गर्दै गर्नु भनेर भन्दै थिए । भोलीपल्ट बिहान करीव साढे पाच बजे जाउलो खानेकी भनी सोध्दा हुन्छ भनी सहमती जनाएपछि घरमा जाउलो बनाउनु, बुबालाई अहिले ठीक छ भनी खबर गरेको केही क्षणमै एक्कासी वहाँलाई असजिलो महसूस भयो र बेलुकी गरेको सम्पूर्ण स्वास्थ्य परीक्षण पुनः दोहोऱ्याएर गरियो र करीब ८ बजे प्राप्त सम्पूर्ण प्रतिवेदनमा पनि पुनः नर्मल नै देखियो तर वहाँलाई महसूस भएको असजिलोपनमा भने कमी आएन । काठमाडौं भित्र तथा बाहिर रहेका नेपालका विशेषज्ञ डाक्टरहरूसंग सम्पर्क गरी सल्लाह गरियो र ती विशेषज्ञ डाक्टरहरूरुको सुझाव अनुसार तुरुन्त ओम नर्सिङ्ग होममा स्थानान्तरण गरियो । त्यतिञ्जेलसम्ममा आफ्ना नजिकका नातेदारहरू प्रायः अस्पताल पुगिसकेका थिए । सबैमा निकै आश थियो उहाँको



https://dhamma.digital

उपचार सफल हुन्छ भनेर । तर विहान करीब ११ बजे ओम नर्सिङ्ग होममा आफ्ना सारा परिवारलाई टुहुरो बनाई सदा-सदाको लागि यो संसारलाई त्याग गरेर जानुभयो । दैबले वहाँले अति उत्साहका साथ आफ्नो सनाँ गुठीको पालोलाई एक नमूनाको रुपमा सम्पन्न गर्ने भन्ने ईच्छालाई गुठी मनाउन मात्र एक महिना बाँकी रहेको बेला यो संसारबाट लगेर आफ्ना परिवारजनहरूलाई मर्माहत बनाई दिए । यो संसारबाट बिदा लिएको दुई बर्ष भईसके पश्चात पनि साँझपख जब कसैले घरको ढोका ढकढकाउँछ, लाग्छ उहाँनै प्रेसबाट फर्किनु भयो भन्ने पविारजनलाई लाग्छ । परिवारजनलाई अझै पनि उहाँ दिवंगत भएको यथार्थ मान्न मुश्किल परिरहेको छ । वहाँका २ छोरीहरू सुशिला शाक्य, सुदर्शना शाक्य तथा २ छोराहरू राजेशमान शाक्य र नरेशमान शाक्य रहेका छन् ।

डा. नरेन्द्र लाल जोशी
झम्सिखेल, ललितपुर ।
बि. सं. २०६६।९।२
ई. सं. १७।१२।२००९

Dhamma.Digital

https://dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | पृ. सं. |
|---|---|---|
| क. | भूमिका | (१) |
| ख. | विनीत निवेदन | (१०) |
| ग. | प्रकाशकीय आग्रह | (४१) |
| घ. | दिवंगत श्री अमृतमान सिं शाक्य: मेरो नजरमा | (४४) |

**भाग १**

| | | |
|---|---|---|
| १. | पाँच प्रकारका घोर अन्धकारहरू एवम् पाँच प्रकारका आलोकहरू | १ |
| २. | कम्म सम्मोह र कम्म सकता ञाण | १ |
| २.१ | कर्म सम्बन्धमा नजान्नु र कर्म विपाक सम्बन्धमा नजान्नु | २ |
| २.२ | कर्म र कर्म विपाकलाई बुझ्नु | ३ |
| २.३ | विश्वको आलोक | ४ |
| ३. | अचिन्त्य सूत्र | ५ |
| ४. | धम्म सम्मोह र धम्म ववत्थान ञाण | ६ |
| ४.१ | सञ्ञा विपल्लास | ६ |
| ४.२ | चित्त विपल्लास | ६ |
| ४.३ | दिट्ठि विपल्लास | ६ |
| ४.४ | धम्म ववत्थान ञाण | ७ |
| ५. | पच्चय सम्मोह र पच्चय ववत्थान ञाण | ८ |
| ५.१ | कारक दृष्टि | ९ |
| ६. | लक्खन सम्मोह | ११ |
| ६.१ | लक्खन पटिवेध ञाण | ११ |
| ७. | निर्वाण सम्मोह | ११ |
| ७.१ | निर्वाण प्रतिवेध ज्ञान | १२ |
| ८ | धम्म ववत्थान ञाण आलोक | १२ |
| ८.१ | ६ किसिमका धातु | १३ |
| ८.२ | पृथ्वीको विश्लेषण | १७ |


Dhamma.Digital

| | | |
|---|---|---|
| ८.३ | ग्रन्थको आधारबाट प्रमाण | १८ |
| ८.४ | लक्षणहरूको माध्यमबाट प्रमाणित | १८ |
| ८.५ | आप धातुको विश्लेषण | २१ |
| ८.६ | तेज धातुको विश्लेषण | २३ |
| ८.७ | वायु धातुको विश्लेषण | २४ |
| ८.८ | चतुर्महाभूतको उत्पत्ति र विनाशमा प्रकाश | २६ |
| ८.९ | मूल धातु | २७ |
| ८.१० | आकाश धातुको प्रकाश | २८ |
| ८.११ | विज्ञान धातुको प्रकाश | २९ |
| ९. | पच्चय परिग्गह ञाण आलोक | ३३ |
| ९.१ | चार हेतु धर्मको कारणबाट चार धातुहरूको उत्पत्ति हुने विधि | ३३ |
| ९.२ | अतीत कर्मको कारणबाट उत्पत्ति भएको प्रमाण | ३४ |
| ९.३ | विभिन्न काय कर्म रूपको उत्पत्ति | ३५ |
| ९.४ | विभिन्न वचि कम्म रूपको उत्पत्ति | ३६ |
| ९.५ | विभिन्न मनो कम्म रूपको उत्पत्ति | ३६ |
| ९.६ | धम्म सम्मोह महान्धकार | ४३ |
| ९.७ | पच्चय सम्मोह महान्धकार | ४३ |
| ९.८ | पच्चय सम्मोह दिट्ठिको लोप हुने विधि | ४४ |
| १०. | लक्खन पटिवेध ञाण आलोक | ४४ |
| १०.१ | तेज धातुको अनित्य र अनात्म लक्षण | ४६ |
| १०.२ | लक्खणत्तय ञाण प्राप्त हुने विधि | ४८ |
| १०.३ | अति शिघ्र विनाश | ४८ |
| १०.४ | काष्ट मुख सर्प | ५३ |
| १०.५ | दुःख | ५४ |
| १०.६ | निरोध | ५५ |
| १०.७ | मनो विज्ञाणमा अनित्य लक्षण | ५६ |
| १०.८ | उत्पत्ति स्थान | ५६ |
| १०.९ | चक्षु विज्ञानमा प्रकाश | ५९ |
| १०.१० | मनः विज्ञानका आरम्मण | ६३ |
| १०.११ | मुख्य कुरा | ६४ |


Dhamma.Digital

## भाग २


११. कर्म सम्बन्धी पाँच प्रश्नहरू ६६

१२. पूर्व जन्मका कुरा थाहा नपाउने कारणहरू ७४

१३. पुर्व जन्मका कुरा थाहा पाउने कारणहरू ७५

१४. अभिज्ञा पाँच (लौकिक अभिज्ञा) ७५

क) इद्धि विध अभिज्ञा

ख) दिव्व सोत अभिज्ञा

ग) चेतो परिय अभिज्ञा

घ) पुव्वे निवास अभिज्ञा

ङ) दिव्व चक्खु अभिज्ञा


## भाग ३

### अनत्तानिसंस


१५. नरकमा पत्तन हुने खालका असंख्य कर्महरू ७७

१६. सत्काय दृष्टि निरोध हुनुको आनिशंस ७८

१७. अनात्मालाई देख्न सकेमा सत्काय दृष्टि निर्मूल हुने ८०

१८. सत्काय दृष्टिको खराबी ८१


Dhamma Digital

## भाग ४

बुद्धका अमृत वचनहरू ८४

## भाग ५

त्रिरत्न वन्दना र त्रिरत्न परिचय ९३

## भाग ६

अनुसूची १०८

https://dhamma.digital

# Table of Contents


| S.no. | Subject | Page no. |
|---|---|---|
| A. | Foreword by Sangha Nayaka Most Venerable Buddhaghosh Mahathera | |
| B. | Humble request of Author R.B. Vandya | |
| C. | Publisher's request | |
| E. | My Humble say by Mrs. Laxmi Devi Shakya | |
| D. | Late Mr. Amrit Man Singh Shakya in my view | |
| | **Part I** | |
| 1. | Five kinds of Stark Ignorance & Five kinds of Light | 1 |
| 2. | Stark Ignorance of Kamma (Volitional Actions) & Refined Knowledge regarding Volitional Actions | 1 |
| 2.1 | Not Understanding Kamma & Not Understanding the resultant of Kamma | 2 |
| 2.2 | Understanding Kamma & its Resultant | 3 |
| 2.3 | The Light of the World | 4 |
| 3. | The Discourse on the Unthinkables | 5 |
| 4. | Stark Ignorance of Dhamma (The Absolute Realities) & The Light of Analytical Knowledge of the Dhamma (The Absolute Realities) | 6 |
| 4.1 | Erromeous Perception | 6 |
| 4.2 | Erromeous Thought | 6 |
| 4.3 | Erromeous Belief | 6 |
| 4.4 | The Light of Analytical knowledge of the Dhamma | 7 |
| 5. | Stark Ignorance of the Law of Causation of The Light of Analytical Knowledge of the Law of Dependent Origination or Causation | 8 |
| 5.1 | Wrong view regarding the Creator | 9 |
| 6. | Stark Ignorance of Three Characteristics of Life | 11 |
| 6.1 | The Light of the Knowledge of Realization of the Truth of Three Characteristics of Life | 11 |
| 7. | Stark Ignorance of Nibbana (Ultimate Deliverance from the worldly cycles) | 12 |
| 7.1 | The Light of Realization of the truth of Nibbana | 12 |
| 8. | The Light of Analytical Knowledge of the Absolute Realities | 13 |
| 8.1 | Six Kinds of Dhatu (Elements) | 13 |
| 8.2 | Analysis of Pathvi (Solidity) | 17 |

| | | |
|---|---|---|
| 8.3 | Proof by means of the Text (Scripture) | 18 |
| 8.4 | Proof by means of Characteristics | 18 |
| 8.5 | Analysis of Apa-dhatu (cohesion or liquidity) | 21 |
| 8.6 | Analysis of Tejo-dhatu (Kinetic energy or fire) | 23 |
| 8.7 | Analysis of Vayo-dhatu (motion or support) | 24 |
| 8.8 | Exposition of the arising of Four Basic Elements & their cessation (eradication) | 26 |
| 8.9 | Principal Element | 27 |
| 8.10 | Exposition of Akasa Dhatu (space element) | 28 |
| 8.11 | Exposition of Vinnana Dhatu (Consciousness element) | 29 |
| 9. | The Light of Analytical Knowledge of the Law of Causation | 33 |
| 9.1 | Process of the Arising of Four Elements by means of Four Root Causes | 33 |
| 9.2 | Proof of their Arising owing to the past voltional actions | 34 |
| 9.3 | Arising of different forms of bodily actions (kaya kamma) | 35 |
| 9.4 | Arising of different forms of verbal actions (vachhi kamma) | 36 |
| 9.5 | Arising of different forms of mental actions (mano Kamma) | 36 |
| 9.6 | Great Darkness of Stark Ignorance of Dhamma | 43 |
| 9.7 | Great Darkness of Stark Ignorance of Causation | 43 |
| 9.8 | Process of the fading away of the Wrong View of the Stark Ignorance of the Law of Causation | 44 |
| 10. | The Light of Knowledge of Realization of the Truth of Three Characteristics of Life | 44 |
| 10.1 | Features of Transitoriness and non substantibility of Tejo Dhatu (anicca & anatta) | 46 |
| 10.2 | Process of acquisition of the Light of Knowledge of Realization of the Truth of Three Characteristics of Life | 48 |
| 10.3 | Very fast Destruction | 48 |
| 10.4 | Snake with woodenmouth | 53 |
| 10.5 | Suffering | 54 |
| 10.6 | Cessation (Dissolution) | 55 |
| 10.7 | Characteristics of Transitoriness of Mind Consciousness | 56 |
| 10.8 | Place of Arising of Mind Consciousness | 56 |

https://dhamma.digital

10.9 Exposition of seeing Consciousness 59
10.10 Objectives of Mind Consciousness 63
10.11 Most Important thing 64

Part II

11. Five Questions on Kamma (Volitional Action) 66
12. Causes for not knowing about past lifes 74
13. Causes for knowing the past lifes 75
14. Knowledge of Five super normal powers or Five mundane super normal powers 75
14.1 Iddhi vidha (Magical power) Physical powers
14.2 Knowledge of Divya sota (Divine Ear)
14.3 Cetopariya Paracitta Abhinna (Knowledge of power of the minds of other people or thought Reading)
14.4 Pubbe nivas Abhinna or rememberance of one's past lives
14.5 Knowledge of Divine Eye

Part III

A Concise Description of the Advantages Arising out of the Realization soullessness (Anatta)

15. Innumerable Actions leading to Hells 77
16. Virtues (Advantages) Arising out of the ceasing of wrong view or Satkaya Ditti (wrong view of self or Self Illusion) 78
17. Eradicating Satkaya Ditti (wrong view of self or self Illusion) after the Realizatrion of Anatta (Soullessness) 80
18. Harmful Effects of Satkaya Ditti (wong concept of self) 81

Part IV

19. Invaluable words of lord buddha 84

Part V

20. Homage to the Triple Gems & Introduction of the Triple Gems 93

Part VI

21. Appendices 108

https://dhamma.digital

# पञ्च आलोक सम्बन्धी विवेचना

## भाग १

**पाँच प्रकारका घोर अन्धकारहरू एवम् पाँच प्रकारका आलोकहरू**

## [क] पांच प्रकारका घोर अन्धकारहरू

पाँच किसिमका घोर अन्धकारहरू हुन्

१) कम्म-सम्मोह (अर्थात् कर्म-सम्मोह) अर्थात् कर्म विषयमा घोर अज्ञानता ।
२) धम्म-सम्मोह (अर्थात् धर्म-सम्मोह) अर्थात् धर्म विषयका घोर अज्ञानता ।
३) पच्चय-सम्मोह (अर्थात् प्रत्यय-सम्मोह) अर्थात् कार्य-कारण विषयमा घोर अज्ञानता ।
४) लक्खन-सम्मोह (अर्थात् लक्षण-सम्मोह) अर्थात् जीवनका त्रि-लक्षणहरूका विषयमा घोर अज्ञानता ।
५) निब्बान-सम्मोह (अर्थात् निर्वाण-सम्मोह) अर्थात् निर्वाण विषयमा घोर अज्ञानता ।

## [ख] पाँच किसिमका आलोकहरू

पाँच किसिमका आलोक हुन्

१) कम्म-सकता-ञाण (अर्थात् कर्म शक्यता-ज्ञान) अर्थात् सम्पूर्ण प्राणीहरूको सम्पत्ति भन्नु नै कर्म मात्र हो भने तथ्यको ज्ञान ।
२) धम्म ववत्थान-ञाण (अर्थात् धर्म-व्यवस्थान ज्ञान) अर्थात् धर्म विषयमा विश्लेषणात्मक ज्ञान वा धर्म परिच्छेद ज्ञान ।
३) पच्चय ववत्थान-ञाण (अर्थात् प्रत्यय व्यवस्थान-ज्ञान) अर्थात् कार्य कारण विषय विश्लेषणात्मक ज्ञान वा कार्य-कारण परिच्छेद ज्ञान ।
४) लक्खन पटिवेध-ञाण (अर्थात् लक्षण प्रतिवेध-ज्ञान) अर्थात् जीवनका त्रि-लक्षणहरू (अनित्य, दुःख, अनात्मा) लाई अवबोध गर्ने ज्ञान ।
५) निब्बान-पटिवेध-ञाण (अर्थात् निर्वाण-प्रतिवेध-ज्ञान) अर्थात् निर्वाणलाई साक्षात्कार गर्ने ज्ञान ।

### कम्म-सम्मोह र कम्म-सकता-ञाण

अब म कर्म सम्मोह र कर्म शक्यता ज्ञान विषयमा व्याखान गर्दछु । कर्म सम्मोहको अर्थ हो

१) कर्म सम्बन्धमा नजान्नु ।
२) कर्मको विपाक (फल) सम्बन्धमा नजान्नु ।



https://dhamma.digital

## कर्म सम्बन्धमा नजानु

कर्म नजान्नु भन्नुको मतलब हो

[क] प्राणी मात्रको सम्पत्ति भनु नै कर्म मात्र हो, सम्पूर्ण प्राणीहरू कर्मकै उत्तराधिकारी मात्र हुन् (कर्म दायाद), कर्म नै मात्र तिनीहरूको व्युत्पत्तिको मूल कारण हो (कर्म योनी), कर्म नै मात्र वन्धुवान्धव हो (कर्म वन्धु) र कर्म नै मात्र शरण स्थान हो (कर्म प्रतिशरण) भने वास्तविक तथ्यलाई नबुभ्नु हो ।

[ख] आफूले गरेका कायिक, वाचिक र मानसिक कार्यहरूमध्ये कुन चाहिं कार्यहरू अकुशल हुन् भने कुरा नबुभ्नु हो ।

[ग] अकुशल कर्महरूले भावी जन्महरूमा अकुशल विपाक (फल) हरूलाई पैदा गरिदिन्छन् र चार अपाय गतिका लोकहरूमा खिंचेर लैजान्छन् भने तथ्यलाई नबुभ्नु हो ।

[घ] आफूले गरेका कायिक, वाचिक र मानसिक कार्यहरूमध्ये कुन चाहिं कार्यहरू कुशल मूल हुन् भन्ने कुरा नबभ्नु हो, र

[ङ] कुशल कर्महरूले प्राणीहरूलाई भावी जन्महरूमा कुशल विपाक (फल) पैदा गरिदिन्छन् र मनुष्य गति र देव गतिको सुखी लोकहरूमा उत्पत्ति गराउँदछन् भन्ने तथ्यलाई नबुभ्नु हो ।

कर्म सम्बन्धमा नजान्नु भन्नाको मतलब उपर्युक्त बमोजिमका कर्मका लक्षणहरू र स्वभावलाई नबुभ्नु हो ।

## कर्म विपाक सम्बन्धमा नजान्नु

कर्म विपाक नजान्नु भन्नाको तात्पर्य हो

[क] प्राणी मात्रका जीवनको अन्त्य तिनीहरूको मृत्यु हुँदैमा हुने होइन, बल्कि कर्मले तोकिदिएको अर्को लोक वा गतिमा मृत्यु हुने प्राणी उत्पत्ति हुन्छ भन्ने वास्तविक सत्यलाई न नबुझनु हो ।

[ख] चर्म चक्षुबाट देख्न नसकिने नरक, प्रेत र असुर गति र तिर्यक योनीमा असंख्य प्राणीहरू छन् भन्ने तथ्यलाई नबुभ्नु हो ।

[ग] अकुशल कर्महरू गर्नाले ती अपाय गतिहरूमा जन्मिनु पर्छ भन्ने यथार्थ सत्यलाई नबुभ्नु हो ।

[घ] चर्म चक्षुले देख्न सकिने मनुष्य गतिमा असंख्य प्राणीहरू छन् र चर्म चक्षुले देख्न नसकिने सत्वहरूमा पनि असंख्य सत्वहरू विद्यमान छन् जस्तै-असल र खराव देवताहरू, ६ देवलोकहरूमा बास गर्ने देवताहरू, रूप लोक र



https://dhamma.digital

अरूप लोक जस्तो उष्कृष्ट दिव्य लोकहरूमा निवास गर्ने ब्रम्हाहरू छन् भने यथार्थ सत्यलाई नबुभ्नु हो ।

[ङ] प्राणीहरू दान प्रदान गर्ने, शील पालन गर्ने र भावनाको अभ्यास गर्ने जस्ता कुशल कर्महरूको कारणले गर्दा ती विभिन्न लोकहरूमा उत्पत्ति हुन्छन् भन्ने तथ्यलाई नबुझ्नु हो ।

[च] आदि रहित र अन्त्य रहित अनादि संसार (अनेक जन्महरूको भवचक्र) हो भने तथ्यलाई नबुझ्नु हो, र

[छ] यस संसारमा आफूले गरेका कुशल र अकुशल कर्महरूले फल जहाँ जहाँ जन्माउँछन् त्यहाँ त्यहाँ नै प्राणीहरूले अनवरूद्ध रूपमा घुमिरहनु पर्छ भन्ने यथार्थ सत्यलाई नबुझ्नु हो ।

उपर्युक्त प्रकारका ज्ञानको अभाव हुनु नै कर्म सम्मोह हुन् ।

## कम्म सकता-ञाण

कम्म सकता-ञाण (कर्म शक्यता-ज्ञान) को माने हो

१) कर्मलाई बुझ्नु ।
२) कर्मको विपाकलाई बुझ्नु ।

## कर्म र कर्म विपाकलाई बुझ्नु

कर्म र कर्मका फललाई बुझ्नु भन्नाको मतलब हो

[क] "सब्बे सत्ता कम्मस्सका, कम्म दायादा, कम्म योनी, कम्म बन्धु, कम्म पटि सरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति" भने तथ्यलाई बुझ्नु हो । अर्को शब्दमा भन्ने हो भने प्राणी मात्रको सम्पत्ति भन्नु नै कर्म मात्र हो, सम्पूर्ण प्राणीहरू कर्मकै उत्तराधिकारी हुन् (कर्म दायाद), कर्म नै मात्र तिनीहरूको व्युत्पत्ति स्थान हो (कर्म योनी), कर्म नै तिनीरूका वन्धुवान्धव हुन् (कर्म बन्धु) र कर्म नै मात्र तिनीहरूको शरण स्थान हो (कर्म प्रतिशरण) भन्ने यथार्थ सत्यलाई बुझ्नु हो ।

[ख] आफूले गरेका कायिक, बाचिक र मानसिक कार्यहरूमध्ये कुन चाहिं कार्यहरू अकुशल हुन्, ती अकुशल कर्महरूले कसरी भावी जन्महरूमा अकुशल फल दिन्छन् र प्राणीहरूलाई ती अकुशल कर्महरूले चार अपाय लोकमा खिचेर लान्छन् भन्ने कुरा बुझ्नु हो र

[ग] यस्ता यस्ता कार्यहरू कुशल मूल हुन्, कुशल कर्महरूले भावी जन्महरूमा पनि कुशल फल नै दिन्छन् र ती कुशल कर्महरूकै कारण प्राणीहरू



https://dhamma.digital

मनुष्य लोक र देव लोकहरू जस्ता सुखी लोकहरूमा उत्पत्ति हुन्छन् भन्ने कुरा बुझ्नु हो । उपर्युक्त सबै प्रकारका समझदारीलाई नै कम्म सकता ञाण अर्थात् कर्म शक्यता ज्ञान भनिन्छ ।

यो कर्म सम्मोह भनेको ज्यादै भयावह कुरा हो । **यस संसारमा सम्पूर्ण मिथ्यादृष्टि (मिच्छा-दिट्ठी) नै यही अज्ञानताबाट उत्पन्न हुन्छन् । आदि रहित भव चक्रमा रूमल्लिरहेका प्राणीहरूको लागि कर्म शक्यता ज्ञान नै शरण स्थान हो ।** यस प्रकारको ज्ञान-आलोक रहेको खण्डमा मात्र प्राणीहरू दान प्रदान, शील पालन र भावना अभ्यास जस्ता कुशल कर्महरू सम्पादन गरी मनुष्य, देव र ब्रम्हाहरूको सुख लाभ गर्दछन् । बुद्धत्व, प्रत्येक बुद्धत्व र आर्य श्रावकत्व प्राप्त गर्ने जस्ता कुशल पारमिताहरू (पारमि-कुशल) यसै आलोकमा उत्पत्ति हुन्छन् ।

असंख्य लोकहरूमा सम्यक् दृष्टि राख्ने मनुष्य एवम् देवगणहरूलाई मात्र कर्म शक्यता ज्ञानको आलोक प्राप्त भएको हुन्छ । यस संसारमा पनि बुद्धहरूको उत्पत्ति नहुने शून्य कल्पहरूमा पनि सम्यक् दृष्टि राख्ने मनुष्य एवम् देवगणहरूमा मात्र यो आलोक रहेको हुन्छ । यहाँ सम्यक् दृष्टि भन्नाको माने नै कम्म सकता ञाण अर्थात् कर्म शक्यता ज्ञानको यही आलोक हो ।

वर्तमान संसारमा यो आलोक बौद्धहरू र हिन्दुहरूमा उपलब्ध छ । अन्य धर्मावलम्बीहरू र तिर्यक गतिमा यो आलोक रहन्न । यस्ते आलोक नरक लोक, असूर लोक र प्रेत लोकमा पनि मुश्किलले मात्र प्राप्त हुन्छ । यस्तो आलोक प्राप्त नभएका प्राणीहरू कर्म सम्मोहको भूमिमै आबद्ध रहन्छन् । कर्म सम्मोहको भूमिमा आबद्ध रहेका प्राणीहरूको लागि यस संसारमा सुखको मार्गमा डोऱ्याउने बाटोसम्म पुग्ने पहुंच नै रहेको हुन्न, न मनुष्यलोक, देवलोक र ब्रम्हालोकका उच्च भूमिहरूमा पुनर्जन्म गराइने मार्गसम्म पुग्ने मार्ग नै उनीहरूलाई उपलब्ध हुन्छ । यसरी ती प्राणीहरूका लागि उच्चस्तरका लोकहरूमा प्रवेश गर्ने द्वार नै बन्द रहेको हुन्छ र केवल अपाय लोक, दुर्गतिमा जाने ढोका मात्र खुल्ला हुन्छ । हजारौं, दशौं हजार र लाखौं कल्पहरू व्यतीत भैसक्दा पनि यस्ता प्राणीहरू एक पटक आलोक भूमिको छेउसम्म आइपुग्न पनि सक्तैनन् ।

## विश्वको आलोक

पूर्वका बुद्धहरूका पर्यायमा बुद्ध हुने भविष्यवाणी प्राप्त गरिसकेका बोधिसत्वहरूलाई भने तिर्यक योनीमै जन्म हुँदाका समयमा पनि उहाँहरूलाई यस प्रकारको सम्मोह (घोर अन्धकार) ले जित्न सकेको हुन्न । बोधिसत्वहरूमा कम्म सकता ञाण अर्थात् कर्म शक्यता ज्ञानको आलोक लुप्त भएको हुँदैन । हुन त अनेकौं बौद्ध ग्रन्थहरूमा यो कर्म-शक्यता ज्ञान-सम्यक् दृष्टिको उल्लेख बराबर नगरिएका होइनन् तथापि बुद्धहरू उत्पत्ति नभएका अनेकौं अन्य



https://dhamma.digital

लोकहरूमा र बुद्धको उत्पत्ति नहुने कल्पमा पनि प्रत्येक बुद्ध मात्रको उत्पत्ति हुने संसारको समयमा पनि यो आलोक रहि नै रहने हुनाले सम्यक् सम्बुद्धको यस संसारमा उत्पत्ति हुँदा कम्म सकता ञाण अर्थात् कर्म-शक्यता ज्ञानको आलोकको मात्र व्याख्या गर्न उहाँको उत्पत्ति हुने होइन, बल्कि चतुरार्य सत्यहरूलाई साक्षात्कार गराई दिने ज्ञान-आलोकको व्याख्यान गर्न सम्यक् सम्बुद्धको उत्पत्ति हुने हुन्छ।

त्यसैले कम्म सकता ञाण अर्थात् कर्म-शक्यता-ज्ञान सम्यक् दृष्टिलाई नै बुद्ध शासनको आलोक हो भन्न सुहाउँदैन। यसलाई बुद्ध शासनकै आलोक हो भन्न पनि मिल्दैन। कम्म सकता ञाण अर्थात् कर्म शक्यता-ज्ञान-सम्यक् दृष्टिलाई केवल संसारको आलोक अथवा विश्वको आलोकसम्म भन्न मिल्दछ।

तसर्थ अहिले बुद्ध शासनलाई नै भेट्टाउने समयमा रहेका विद्वत् वर्गले, बुद्धिजीविहरूले कम्म सकता ञाण सम्मा दिट्ठि अर्थात् (कर्म-शक्यता-ज्ञान) - सम्यक् दृष्टिको आलोकलाई मात्र लाभ गर्दैमा आफूलाई सन्तुष्ट सम्झिनु हुँदैन। किनभने भगवान् सम्यक् सम्बुद्धले मुख्य रूपमा प्रतिपादन गर्नु भएको आलोक यो होइन। बुद्धिमान व्यक्तिहरूले ध्यान दिनुपर्ने, सम्झना राख्नु पर्ने एउटा महत्वपूर्ण कुरा यो पनि हो।

प्रथम जोडा-अर्थात् कर्म सम्मोह र प्रथम आलोकको व्याख्यान र विवेचना यहीँ टुंगिन्छ।

## अचिन्त्य सूत्र

भिक्षुहरू ! यी चार विषयहरू अचिन्तनीय छन्। यिनीहरूको विषयमा चिन्तन गर्नु हुँदैन। यिनीहरूका विषयमा चिन्तन गर्नाले उन्माद र चित्त-विघात अर्थात् नैराश्य मात्र प्राप्त हुन्छ। ती चार कुराहरू कुन कुन हुन् त ?

१) भिक्षुहरू ! बुद्धहरूका गोचर (बुद्ध-विषय) अचिन्तनीय, अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुँदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य, चित-विघात मात्र प्राप्त हुन्छ।

२) भिक्षुहरू ! ध्यानीजनको ध्यान विषय अविचार्य छ, अचिन्तनीय छ। यस विषयमा चिन्तन गर्नु हुँदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य मात्र प्राप्त हुन्छ।

३) भिक्षुहरू ! कर्म-विपाक अचिन्तनीय, अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुँदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य मात्र प्राप्त हुन्छ।

४) भिक्षुहरू ! लोकको उत्पत्ति विषयको चिन्ता अचिन्तनीय, अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुँदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य चित्त-विघात मात्र प्राप्त हुन्छ।



https://dhamma.digital

भिक्षुहरू ! यी चार विषयहरू अचिन्तनीय, अविचार्य छन् । यिनीहरूका विषयमा चिन्तन गर्नु हुँदैन । यिनीहरूका विषयमा चिन्तन गर्नाले लोकजनलाई उन्माद (पागलपन) र नैराश्य (चित्तको हार) मात्र प्राप्त हुन्छ । (अंगुत्तर निकाय, चतुक्क-निपात, अपण्णक वर्ग ७ अचिन्तेय्य सूत्र ।

## धम्म सम्मोह र द्वितीय आलोक

अव म धर्म सम्मोह र धर्म व्यवस्थान ज्ञान (पालिमा धम्म-ववत्थान-ञाण) नामक दोस्रो जोडाको विषयमा व्याख्यान गर्छु । धर्म सम्मोहको अर्थ हो:

१) धर्मलाई धर्मको रूपमा नजान्नु ।

२) पञ्चस्कन्धको रूपमा रहेका नाम र रूप न सत्व हो, न पुद्गल हो, न आत्मा हो, न त जीव नै हो, केवल यथार्थमा ती त (कायिक र मानसिक क्रियाकलापहरू मात्र हुन्) नाम धातु स्वभाव र रूप धातु स्वभाव मात्र हुन् भन्ने यथार्थ सत्यलाई नजान्नु । धर्म सम्मोहको कारणले तीन किसिमका भूलहरू, भ्रमहरू यथा-सञ्ञा विपल्लास, चित्त विपल्लास तथा दिट्ठी विपल्लासहरू उत्पन्न हुन्छन् ।

## सञ्ञा विपल्लास (अर्थात् भ्रामक संज्ञा)

सञ्ञा विपल्लास भनेको धर्मलाई धर्मको रूपबाट पहिचान गरी सम्झिनुको बदलामा सत्व, पुद्गल, आत्मा, जीव, स्त्री वा पुरूष भनी भ्रामक किसिमले गलत तरीकाबाट सम्झिनु हो ।

## चित्त विपल्लास (अर्थात् भ्रामक चिन्तन)

चित्त विपल्लास भनेको धर्मलाई धर्मको रूपबाट विचार गर्नु चिन्तन गर्नुको वदला सत्व, पुद्गल, आत्मा, जीव, स्त्री वा पुरुष भनी भ्रान्तिजनक तरीकाले गलत किसिमबाट सोचिनु चिन्तना गरिनु हो ।

## दिट्ठि विपल्लास (अर्थात् भ्रामक दृष्टि)

दिट्ठि विपल्लास भनेको धर्मलाई धर्मको रूपबाट विश्वास नगरीकन सत्व, पुद्गल, आत्मा, जीव, स्त्री वा पुरूष भनी भ्रमपूर्ण तरीकाले गलत किसिमबाट विश्वास गरिनु र सदैव यस्तै गलत मिथ्या दृष्टिहरू वा धारणहरूबाट प्रभावित भइरहनु हो ।

धम्म सम्मोह (धर्म सम्मोह) को कारणले उत्पत्ति हुने तीन किसिमका भ्रमहरू - विपल्लासहरूको व्याख्यान यहीं टुङ्गिन्छ । यिनै तीन किसिमका विपल्लासवाट नै प्राणातिपात (प्राणी हत्या) र अन्य सबै प्रकारका अकुशल कार्य र धारणाहरू जस्तै दश अकुशल धर्महरू उत्पत्ति हुन्छन् ।



https://dhamma.digital

## धम्म-ववत्थान-ञाण (अर्थात् धर्म सम्बन्धी विश्लेषणात्मक ज्ञान)

धर्म व्यवस्थान-ज्ञान-अलोकको माने हो

[क] केवल नाम र रूप-धर्महरू बाहेक यस संसारमा सत्व भनेको छैन, पुद्गल भनेको छैन, जीव छैव, आत्मा छैन, स्त्री भनेको छैन र पुरूष भनेको छैन भन्ने यथार्थ सत्यको अववोध हुनु ।

[ख] नाम र रूप धर्मलाई परिच्छेद गर्न सकिने ज्ञान हुनु ।

[ग] एउटा रूप धर्मबाट अर्को नाम धर्मलाई छुट्टयाई परिच्छेद गर्न सकिने ज्ञान हुनु, र

[घ] एउटा नाम धर्मबाट अर्को नाम धर्मलाई छुट्टयाई परिच्छेद गर्न सकिने ज्ञान हुनु ।

यो आलोक भन्नु दृष्टि विशुद्धि (पालिमा दिट्ठि विसुद्धि) भनिने सम्यक् दृष्टि, सम्यक् समझदारी विषयको आलोक बाहेक अरू केही होइन ।

धर्म विषयमा सघन अन्धकारको रूपमा रहेको यो धर्म सम्मोह भनेको कुरो ज्यादै भयानक भयावह कुरो हो । बुद्ध शासनको सम्पर्कमा आइसकेपछि मात्र लोकजनले पञ्च स्कन्धको रूपमा रहेका नाम र रूप नै मात्र वास्तवमा सत्य धर्म हुन् भन्ने कुरालाई सम्झन बुझ्न सक्तछन् । अन्यथा, लाखौं करोडौं र असंख्य कल्पहरू बितेर गएता पनि लोकजनले धर्मलाई धर्मको रूपबाट चिन्न जान्न सक्दैनन् । त्यस्तो अवस्थामा तिनीहरूको जीवन सन्ततिमा धर्म-परिच्छेद-ज्ञानको आलोकको उत्पत्ति हुने संयोग नै उपलब्ध हुँदैन ।

आजकाल बुद्ध-शासनको सम्पर्कमा आएर पनि भौतिक क्रियाकलापहरूलाई रूप धर्म मात्र हुन् र मानसिक क्रियाकलापहरूलाई नाम धर्म मात्र हुन् भनी जान्न बुझ्न नसक्ने ती भिक्षुहरू र सामान्य व्यक्तिहरू अर्थात् उपासकोपासिकाहरू यही भयानक धर्म सम्मोहको लोकमा अवस्थित रहन्छन् । भयानक अज्ञानताको लोकमा तिनीहरूलाई निःसहाय भएर बस्नु पर्ने हुन्छ । तिनीहरूलाई भयानक अज्ञानताको लोकमा रहन बाध्य भई धम्म ववत्थान ञाण अर्थात् धर्म-परिच्छेद-ज्ञान विषयको आलोक प्राप्त गर्न उनीहरू असमर्थ रहने भएकोले तिनीहरूको जीवनमा क्रमशः तीन किसिमका भ्रमहरू (विपल्लासहरू), दश किसिमका अकुशलहरू र अनेक किसिमका मिथ्या दृष्टिहरूको बृद्धि गरिरहेका हुन्छन् । यसले गर्दा तिनीहरू संसारको विमुक्तिबाट निकै पर रहन्छन् र तिनीहरूको लागि केवल संसारको भूमरीमा फंस्ने, डुब्ने र डुबाउने सांसारिक मार्ग मात्र खुल्ला रहन्छ । तसर्थ नाम र रूप धर्मलाई फारी परिच्छेद गरी छुट्टयाउन समर्थवान हुन बुद्धिमान तथा स्मृतिवान व्यक्तिहरूले धम्म ववत्थान ञाण (धर्म परिच्छेद-ज्ञानको आलोक प्राप्त गर्न भरमग्दूर प्रयास गर्नु उचित हुन्छ ।



https://dhamma.digital

धम्म सम्मोह (धर्म सम्मोह) र द्वितीय आलोक विषयको दोस्रो जोडाको व्याख्यान यहीं टुङ्गिन्छ।

## पच्चय-सम्मोह (संस्कृतमा प्रत्यय सम्मोह) र तृतीय आलोक

अब म तेस्रो जोडा-पच्चय-सम्मोह र पच्चय-ववत्थान ञाण विषयको व्याख्या गर्दछु। पच्चय-सम्मोहको अर्थ हो:-

[क] नाम र रूपको उत्पत्ति विषयमा जानकारी नहुनु।

[ख] भगवान् बुद्धद्वारा उपदिष्ट निम्न प्रतीत्य समुत्पाद धर्मको विषयमा जानकारी नहुनु -

"अविद्याको प्रत्ययले संस्कार उत्पन्न हुन्छ। संस्कारको प्रत्ययले विज्ञान उत्पन्न हुन्छ। विज्ञानको प्रत्ययले नाम - रूप उत्पन्न हुन्छन्। नाम - रूपको प्रत्ययले षडायतन (६ अयातन)को उत्पत्ति हुन्छ। षडायतनको प्रत्ययले स्पर्शको उत्पत्ति हुन्छ। स्पर्शको प्रत्ययले वेदना उत्पन्न हुन्छ। वेदनाको प्रत्ययले तृष्णा उत्पन्न हुन्छ। तृष्णाको प्रत्ययले उपादान उत्पन्न हुन्छ। उपादानको प्रत्ययले भव उत्पन्न हुन्छ। भवको प्रत्ययले जाति (अर्थात् जन्म) को उत्पति हुन्छ। जन्मको प्रत्ययले जरा-मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पत्ति हुन्छ।"

हेतु-प्रत्यय (कार्य-कारण) सम्बन्धी घोर अन्धकार अर्थात् पञ्चय सम्मोहको कारणले कारक-दृष्टिको उत्पत्ति हुन्छ। अर्थात् श्रृष्टिकर्ताको अस्तित्वको कारणले मात्र नाम र रूप उत्पन्न हुन सक्छन् भन्ने मिथ्या दृष्टिको उत्पत्ति हुन्छ।

## पञ्चय-ववत्थान-ञाण (अर्थात् हेतु-प्रत्यय-परिच्छेद ज्ञान)

प्रत्यय व्यवस्थान-ज्ञानको अर्थ हो

[क] नाम र रूपको उत्पत्तिको विषयमा जानकारी हुनु।

[ख] प्रतीत्य समुत्पादको निम्न द्वादश सम्बन्धहरूको विषयमा जानकारी हुनु। यथा -

[१] अविद्याको प्रत्ययले संस्कार उत्पन्न हुन्छ।

[२] संस्कारको प्रत्ययले विज्ञान उत्पन्न हुन्छ।

[३] विज्ञानको प्रत्ययले नाम-रूप उत्पन्न हुन्छन्।

[४] नाम र रूपको प्रत्ययले षडायतन (६ आयतन) उत्पन्न हुन्छन्।

[५] षडायतनको प्रत्ययले स्पर्श उत्पन्न हुन्छ।

[६] स्पर्शको प्रत्ययले वेदना उत्पन्न हुन्छ।



https://dhamma.digital

[७] वेदनाको प्रत्ययले तृष्णा उत्पन्न हुन्छ ।
[८] तृष्णाको प्रत्ययले उपादान उत्पन्न हुन्छन् ।
[९] उपादानको प्रत्ययले भव उत्पन्न हुन्छ ।
[१०] भवको प्रत्ययले जाति (जन्म) को उत्पत्ति हुन्छ ।
[११] जातिको प्रत्ययले जरा-मरणको, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुन्छन् ।
[१२] यसरी सम्पूर्ण दुःख स्कन्धकै उत्पत्ति हुन्छ ।

## कारक दृष्टि

पञ्चय सम्मोहको कारणले कारक दृष्टि उत्पन्न हुन्छ । कारक दृष्टि भनेको नाम, रूप धर्मलाई सृष्टि कोही भएमा मात्र उत्पन्न हुन्छ भन्ने धारणा हो ।

पञ्चय ववत्थान - ञाण आलोक भनेको नाम रूप धर्म उत्पत्ति हुनको निम्ति कारण धर्म जान्नु हो । जस्तै-

"अविज्जा पच्चय सङ्खारा, संङ्खार पच्चय विञ्ञाणं, विञ्ञाण पच्चय नामरूप, नामरूप पच्चय सलायतनं, सलायतन पच्चय फस्सो, फस्स पच्चय वेदना, वेदना पच्चय तण्हा, तण्हा पच्चय उपादान, उपादान पच्चय भव, भव पच्चय जाति, जाति पच्चय जरा, मरण, शोक परिदेव, दुक्ख दौमनस्सु पायासा सभवति एव मे तस्स केवलस्स दुक्ख खन्धस्स समुदयो होति ।" भनी भन्नु भएको प्रतीत्य समुत्पाद अङ्ग हेतु बारेमा जान्नु ।

यो पच्चय सम्मोह अन्धकारको कारणले तीन किसिमका मिथ्यादृष्टि उत्पन्न हुन्छन् ।

[१] अहेतुक दिट्ठि (संस्कृतमा अहेतुक दृष्टि)
[२] विसमहेतु दिट्ठि (संस्कृतमा विषम हेतु दृष्टि)
[३] पुब्बेकत हेतु दिट्ठि (संस्कृतमा पूर्व कृत हेतु दृष्टि)

[१] **अहेतुक दिट्ठि** : नाम र रूप धर्म उत्पतिको निमित्त हेतु कारण भन्ने हुँदैन, स्थित हुनको निमित्त पनि कुनै हेतु हुन्न, हेतु कारण नभईकन नै आफ्नै इच्छावस उत्पन्न भएका हुन्छन् र स्थिर भइरहन्छन् भन्ने गलत धारणा नै अहेतुक दिट्ठि हो ।

[२] **बिसमहेतु दिट्ठि** : नाम रूप धर्म उत्पतिको निमित्त हेतु कारण नभईकन आफ्नै इच्छावस उत्पन्न हुन्न सक्ने पनि होइन, स्थिर हुन सक्ने पनि होइन । हेतु कारण भएमा मात्र उत्पन्न हुन सक्छ, स्थिर हुन सक्छ । तर हेतु कारण भनेको यावत् सत्व प्राणीहरू, संस्कारहरू, नामरूप धर्महरू



https://dhamma.digital

ईश्वरको शक्तिको कारणले मात्र उत्पति हुन सक्छ, स्थिर हुन सक्छ भनी अकारणलाई कारण मानी गलत धारणा हुनुलाई विसमहेतु दिट्ठि भनिन्छ। अर्थात् अहेतुलाई हेतुको रूपमा मान्यता प्रदान गर्ने यस्तो मिथ्या दृष्टिलाई विसम हेतु दिट्ठि भनिन्छ।

[३] **पुब्बेकत हेतु दिट्ठि** : भनेको नाम रूप धर्म हेतु कारण विना पनि उत्पन्न हुने होइन न त सर्व शक्तिमान ईश्वरको शक्तिद्वारा उत्पन्न हुने हुन्। वास्तवमा नाम रूप धर्म प्राणीहरूले पूर्व जन्महरूमा सम्पादन गरेका कुशल एवं अकुशल कर्महरूको हेतु प्रत्ययद्वारा मात्र उत्पन्न हुन्छन् र स्थिर हुन्छन् भनी पूर्व जन्महरूको कारणलाई मात्र मान्यता दिई दृढरूपले मिथ्या धारणा लिनुलाई पुब्बेकत हेतु दिट्ठि भनिन्छ। यी तीन किसिमका मिथ्या दृष्टिहरूमध्ये अहेतुक दृष्टि अत्यन्त भ्रान्तिमूलक दृष्टि हो। त्यस्तै विषम - हेतु दृष्टि पनि हो। पुर्वकृत-हेतु-दृष्टि [पुब्बेकत - हेतु - दिट्ठि] भने अंशतः ठीक छ र यसैले यो दृष्टि अन्य दुई दृष्टिभन्दा कम भ्रान्तिमूलक छ। यो दृष्टि आंशिक रूपमा ठीक कसरी छ त भन्ने विषयमा निम्नानुसार विवेचना गर्न सकिन्छ।

नाम र रूप निम्न कारणहरूबाट उत्पन्न हुन्छन् :-

(१) पूर्व कर्म
(२) प्रत्युत्पन्न - चित्त (वर्तमान जीवनको विज्ञान)
(३) प्रत्युत्पन्न - ऋतु (वर्तमान जीवनको तापक्रम)
(४) प्रत्युत्पन्न - आहार (वर्तमान जीवनको आहार, पोषण)

यहाँ पूर्व जन्मका कर्मका कारणले उत्पति हुने नाम र रूप सम्बन्धमा पुब्बेकत-हेतु-दिट्ठि आंशिक रूपमा सत्य ठहर्छ। तर चित्त, ऋतु र आहारको कारणले उत्पत्ति हुने नाम र रूपका हकमा यो दृष्टि गलत छ। प्रतीत्य समुत्पादको सिद्धान्तहरूको आधारमा हामीले यो मतलाई परीक्षा गरी हेर्ने हो भने प्रतीत्य समुत्पादको द्वादश आधारहरूमध्ये पूर्व कर्मको कारणले उत्पन्न हुने केही आधारहरूको हकमा यो दृष्टि वा मत ठीक ठहरिन्छ। तर अविद्या, संस्कार, तृष्णा, उपादान, भव जस्ता यसै जीवनमा हेतुहरूद्वारा उत्पन्न हुने अन्य आधारहरूको हकमा यो मत, धारणा गलत ठहरिन्छ। हामीले पट्ठान भन्ने ग्रन्थको सिद्धान्तहरूको आधारमा यस मतलाई जाँची हेर्ने हो भने यस दृष्टि वा मतले केवल नानाक्खनिक-कम्म पच्चय (अर्थात् पूर्व कर्मसंग विपाकहरूको सम्बन्ध) लाई मात्र स्वीकार गर्ने र सहजात-कम्म-पच्चय (सहजात-कर्म-प्रत्यय अर्थात् वर्तमान कर्मको विद्यमान धर्मसंगको सम्बन्ध) लगायतका अन्य २३ सम्बन्धहरू बहिष्कार गर्ने गरेको देखिन्छ। तसर्थ पुब्बेकत-हेतु-दिट्ठि आंशिक रूपमा ठीक र प्रायः सामान्य रूपमा गलत सिद्ध हुन्छ।



https://dhamma.digital

यी तीन किसिमका मिथ्या दृष्टिहरू, अन्य गलत धारणाहरू र विचिकिच्छाहरू (विचिकित्साहरू अथवा सन्देहहरू) यही पच्चय-सम्मोहको कारणले उत्पत्ति हुन्छन् ।

प्रतीत्य समुत्पादको ज्ञान अर्थात् कार्य-कारण - परिच्छेद ज्ञानको आलोकले निम्न दृष्टिहरूलाई हटाउन सक्तछ :-

(१) अहेतुक - दिट्ठि (सत्ताको निम्ति कुनै हेतु रहन्न भन्ने दृष्टि)

(२) विसम - हेतु दिट्ठि (अ-हेतुलाई हेतुको रूपमा मान्यता गर्ने दृष्टि)

(३) पुब्बेकत हेतु - दिट्ठि (पूर्व कर्महरू नै सत्यहरूको लागि मुख्य हेतुहरू हुन् भन्ने दृष्टि)

अर्थकथा टिकाहरूमा के भनिएको छ भने पच्चय-व्यवत्थान ञाणको आलोक हुने पुद्गल चुल-स्रोतापन्न हुन्छ । अर्थात् भावी पुनर्जन्म अब अपाय गतिमा नहुने गरी निश्चिन्त भविष्य भएका व्यक्ति हुन्छ । यो आलोक लाभ गर्नेको लागि यो पनि ठूलै कुरा हो ।

## लक्खन - सम्मोह र चतुर्थ आलोक

अब म लक्खन-सम्मोह र लक्खन पटिवेध-ञाण (संस्कृतमा लक्षण सम्मोह र लक्षण-प्रतिवेध ज्ञान) को ब्याख्यान गर्दछु । यीमध्ये लक्खन सम्मोहको अर्थ हो) :-

(१) हेतु र प्रत्ययको परिणाम स्वरूप उत्पन्न भई द्रुततर गतिमा उत्पत्ति र विनाश भइरहेका नाम र रूपको अनित्यताको विषयमा यथार्थ तथ्य कुरा नबुझिनु ।

(२) अत्यन्त भयावह रहेको दुःख विषयमा वास्तविक सत्य कुरा नबुझिनु । र

(३) नाम र रूप न कुनै सत्व हो, न जीवन हो, न सार वस्तु हो, न त नित्य वस्तु नै हो भन्ने कुरा अर्थात् अनात्मा सम्बन्धी यथार्थ तथ्य कुरा अवबोध नहुनु ।

## लक्खन-पटिवेध-ञाण (संस्कृतमा लक्षण-प्रतिवेध-ज्ञान)

लक्खन-पटिवेध-ञाणको अर्थ हो :-

(१) हेतु र प्रत्ययको परिणामको रूपमा रहेका द्रुततर गतिमा उत्पत्ति हुँदै विनाश भइरहेका नाम र रूप अनित्य हुन् भन्ने यथार्थ सत्य कुरा अवबोध हुनु ।

(२) अत्यन्त भयावह रहेको दुःखको वास्तविकता जान्नु । र



https://dhamma.digital

(३) नाम र रूप न कुनै सत्व हो, न जीवन हो, न सार वस्तु हो, न त नित्य वस्तु नै हो भन्ने कुरा अर्थात् अनात्मा विषय यथार्थ तथ्य कुरा जान्नु ।

सम्पूर्ण बुद्धहरू-प्रत्येक बुद्धहरू र अरहन्तहरूले लक्षण प्रतिवेध-ज्ञान सम्बन्धी यसै आलोकलाई प्राप्त गरिसकेपछि नै मात्र सत्वहरूलाई आबद्ध राख्ने तृष्णाका वन्धनहरूलाई तोडी विमुक्त हुनु भएको र सबै किसिमका भय र दुःखबाट मुक्त भएको हो । लक्षण सम्मोह अर्थात् अनित्य, दुःख र आनात्मा सम्बन्धी जीवनका त्रि-लक्षणहरू विषयको घोर अज्ञानतामाथि विजय प्राप्त गरी लक्षण-प्रतिवेध-ज्ञानको आलोक प्राप्त गरिसकेपछि नै मात्र उहाँहरूले सम्पूर्ण आश्रवहरू, सम्पूर्ण संयोजनहरू र तृष्णाको बन्धनबाट मुक्ति लाभ गर्नु भई निर्वाण प्राप्त गर्नु भएको हो ।

यहीं चतुर्थ सम्मोह र चतुर्थ आलोकको व्याख्या टुङ्गिन्छ ।

## पञ्चम सम्मोह र पञ्चम आलोक

अब म निब्बान-सम्मोह (अर्थात् निर्वाण सम्मोह) र निब्बान-पटिवेध-ञाण (अर्थात् निर्वाण-प्रतिवेध-ज्ञान) को विषयमा ब्याख्या गर्दछु ।

### निर्वाण सम्मोह

निर्वाण सम्मोहलाई निम्न बमोजिम वर्णन गर्न सकिन्छ : भवचक्रको अनन्त चक्रमा घुमिरहँदा सत्वहरूलाई यस्ता यस्ता धर्मको अभ्यास गर्नाले सम्पूर्ण आश्रवहरू (क्लेशहरू), सम्पूर्ण संयोजनहरू, तृष्णाको बन्धन र अनेक प्रकारका दुःखहरूको पूर्णतयाः निरोध हुन्छन् र शान्ति-परम शान्तिको अवस्थामा पुगिन्छ भन्ने कुराको जानकारी रहँदैन । क्रमैसंग सम्मोह (घोर अन्धकार वा अविद्या) लाई जित्दै नाश गर्दै जब पांचै प्रकारका सम्मोहलाई क्रमसंग प्राप्त भएका आलोकले जिती - पाँच प्रकारकै आलोक जब प्राप्त हुन्छन् तब पाँचौ आलोक प्राप्त हुनासाथै पाँच प्रकारका सम्मोहको पूर्णरूपमा निरोध नै हुन्छन् । पुनः एक पटक उत्पत्ति हुनै नसक्ने गरीकन पाँचै प्रकारका सम्मोहको पूर्णतः निरोध हुनु नै शान्ति-परम शान्तिको स्थिति हुनु हो । यस किसिमको पूर्ण निरोधभित्र सम्पूर्ण अकुशल मूलहरू, सम्पूर्ण मिथ्या दृष्टिहरू र चारै अपाय लोकका सम्पूर्ण दुःखको निरोध र अन्त्य समाविष्ट हुन्छन् । यस प्रकारको शान्ति-परम शान्तिको स्थिति छ भनी नजान्नु निब्बान सम्मोह हो, अन्धकार हो ।

### निर्वाण - प्रतिवेध -ज्ञान

माथि उल्लेख गरिए बमोजिमको शान्ति-परम शान्तिको अवस्था छ भन्ने कुरालाई महशुस गरीकन यसलाई साक्षात्कार गर्नुलाई "निब्बाण-पटिवेध ञाण" (अर्थात् निर्वाण प्रतिवेध ज्ञान) को आलोक भनिन्छ ।



https://dhamma.digital

यहीं पाँचौ सम्मोह [अज्ञान] तथा पाँचौ आलोक विषयको संक्षिप्त व्याख्यान टुङ्गिन्छ ।

पाँच प्रकारका सम्मोहहरू र पाँच प्रकारका आलोकहरूको वर्णन पनि यहीं टुङ्गिन्छ ।

## धम्म ववत्थान ञाण आलोक

पाँच प्रकारका आलोकहरू मध्ये, कम्म-सकता-सम्मा दिट्ठिको प्रथम आलोक अझै बुद्ध शासनको आलोक होइन । किनभने यो त केवल संसारको आलोक वा विश्वको आलोक मात्र हो ।

१. धम्म ववत्थान-ञाण [धर्म व्यवस्थान-ज्ञान] -द्वितीय आलोक
२. पच्चय-परिग्गह-ञाण [प्रत्यय परिग्रह-ज्ञान] -तृतीय आलोक
३. लक्खन-पटिवेध-ञाण [लक्षण-प्रतिवेध-ज्ञान] -चतुर्थ आलोक
४. निब्बान-पटिवेध-ञाण [निर्वाण-प्रतिवेध-ज्ञान] -पञ्चम आलोक

उपर्युक्त चार आलोकहरू मात्र, यथार्थमा, बुद्ध शासनका आलोक हुन् । तसर्थ यहाँ प्रथम आलोकको चर्चा गरिने छैन । बाँकी बुद्ध शासनका चार आलोकहरूका सत्यका विषयमा केही विस्तारका साथ वर्णन गरिने छ ।

## ६ किसिमका धातु

धम्म ववत्थान-ञाण आलोक सम्बन्धमा निम्न प्रश्न उठ्न सक्तछ

नाम र रूप सम्बन्धमा के कति प्रज्ञाको विकास भइसके पछि धम्म - ववत्थान - ञाण [अर्थात् धर्म - व्यवस्थान - ज्ञान] को द्वितीय आलोक प्राप्त गर्न सकिन्छ त ? संक्षिप्त रूपमा भन्ने हो भने, निम्न ६ धातुहरू विषयमा प्रज्ञा लाभ भएपछि मात्र धम्म - ववत्थान - ञाणको द्वितीय आलोक प्राप्त हुन्छ । यथा :-

१. पथवी - धातु [अर्थात् पृथ्वी धातु] पृथ्वी तत्व
२. आपो - धातु [अर्थात् आप धातु] जल तत्व
३. तेजो - धातु [अर्थात् तेज धातु] तापको तत्व
४. वायो - धातु [अर्थात् वायु धातु] गतिको तत्व
५. आकाश - धातु [अर्थात् आकाश धातु] आकाश तत्व
६. विञ्ञाण - धातु [अर्थात् विज्ञान धातु] विज्ञान तत्व

बोलचालको भाषामा हामीले "सत्व, पुद्गल" "म" "आत्मा" "जीव" आदि भन्ने गरेता पनि अभिधर्मको अनुरूप हेर्ने हो भने संसारमा "सत्व",



https://dhamma.digital

"पुद्गल", "म", "आत्मा", "जीव" इत्यादि भन्ने वस्तु केही छैन । यथार्थमा केही छन् भने केवल पृथ्वी धातु आदि धातुहरू (तत्वहरू) मात्र हुन्छन् । लौकिक भाषामा कुरा गर्दा मात्र हामीहरूले "सत्व", "पुद्गल", "म", "आत्मा", "जीव" भनी कुरा गर्नु पर्ने हुन्छ । वास्तवमा ती "सत्व", "पुद्गल", "म", "आत्मा", "जीव" भन्ने कुराहरू केवल नाम, संज्ञा मात्र हुन् ।

उदाहरणका लागि यस संसारमा काठ र बाँसले बनेका अनेकौं वस्तुहरू पाइन्छन् । जस्तै यहाँ, घर, विहार, मन्दिर, आराम-गृह र मण्डप [चौतारा] हरू बन्दछन् । यहाँ "घर" भन्ने नाउँ जो छ न त्यो काठको नाउँ हो, न त बाँसकै नाउँ हो । "घर" भन्ने नाउँ त एउटा खास आकारमा निर्माण गरिएको वस्तुलाई नामाकरण गरिएको मात्र हो । काठ र बाँस खडा रूखमै रहँदा, ती वस्तुहरूलाई "घर" भनिंदैन, न त ती वस्तुहरूलाई "घर" भन्ने नाउँ नै प्राप्त हुन्छ । "घर" को रूपमा कुनै पनि वस्तुको निर्माण भइसकेपछि मात्र, आकाशबाट मानो अकस्मात खसे झैं गरी "घर" भन्ने अस्थायी नाउँ अनि देखा पर्दछ । तसर्थ अभिधर्मको अनुसार घर भन्ने यस्तो वस्तु कुनै केही छैन । यथार्थमा केही छन् भने ती काठ र बाँस मात्र हुन् ।

जहाँ सम्म "घर" भन्ने वस्तुको प्रश्न छ, गृहको-निर्माण भइसकेपछि मात्र देखा पर्ने यो एउटा औपचारिक नाउँ मात्र भएकोले यो यथार्थ कुरा होइन, वास्तविकता होइन । यो "घर" भनेकोलाई भत्काई बिहारको कम्पाउण्ड (चौक) भित्र बिहारको निर्माण गरिएको खण्डमा बिहारको रूपको आकृति देखा पर्दछ र यसलाई "घर" होइन, "बिहार" भनिने हुन्छ । यस्तो अवस्थामा "घर" को रूप लोप हुन्छ र "घर" भन्ने नाउँको पनि लोप हुन्छ । पुनः त्यस बिहारलाई भत्काई एउटा चैत्य धर्मशाला, पाटी, पौवा, सत्तल, घर निर्माण गरिएको खण्डमा "धर्मशाला, पाटी, पौवा, सत्तल" भन्नु पर्ने हुन्छ । त्यसलाई अनि बिहार भन्न मिल्दैन र बिहार भन्ने नाउँ नै लुप्त हुन्छ । त्यही धर्मशाला आदिलाई पुनर्वार एउटा आराम गृहमा परिणत गरी दिने हो भने मन्दिर भन्ने नाउँको लोप हुन्छ र "आराम-गृह" भन्ने नाउँ प्रकट हुन्छ । अनि फेरि त्यो आराम-गृह भन्ने नाउँ नै लोप भई "मण्डप" भन्ने नाउँ प्रकट हुन्छ । यसरी आकारहरू नष्ट हुनासाथ नाउँहरू पनि लुप्त हुन्छन् । आकारको उत्पत्ति हुनासाथ मात्र नाउँको पनि उत्पत्ति हुन्छ ।

काठ र बाँसको कुरालाई नै लिउँ । काठ र बाँस खडा रूखहरूमा रहेसम्म "तिनीहरू काठ र बाँस" हुन्छन्, घर, विहार, मन्दिर, आराम-गृह वा मण्डपको रूपमा काठ र बाँस रहेसम्म पनि तिनीहरूलाई काठ र बाँस नै भनिन्छ । तर जब मण्डपलाई भत्काई निर्माण सामग्रीहरूको राश लगाइन्छ, त्यस वखत तिनीहरूलाई काठ र बाँसका राश भनिन्छ । तसर्थ काठ र बाँसहरूलाई सामुहिक रूपबाट निर्माण गरिएपछि मात्र जुन घर, बिहार, मन्दिर,



https://dhamma.digital

आराम-गृह र मण्डप (चौतारा) भन्ने रूपहरू प्रकट हुन्छन् ती वस्तुहरू प्रारम्भदेखि नै विद्यमान रहेका कुराहरू होइनन् । जहाँसम्म काठ र बाँसको प्रश्न छ ती वस्तुहरू आफ्नो प्रथम उत्पत्ति समयदेखि अस्तित्वमा आएका हुन् । तसर्थ अभिधर्मको मुताविक घर, मन्दिर, बिहार, आराम-गृह वा मण्डप भन्ने नाउँका कुनै वस्तुहरू छैनन् । केही छन् भने केवल काठ र बाँस मात्र छन् ।

सम्मुति सच्च (सम्वृति सत्य) अनुरूप हामीले घर भन्ने कुरा छ भने पनि मुसावाद (मृषावाद) हुँदैन । किनभने लोकजनले पराम्परादेखि नै स्वीकार गरिआएको भाषा नै यही हो । यो शब्दले कसैलाई ठग्ने काम हुन्छ भन्ने कुरा पनि छैन । किन्तु अभिधर्म मुताबिक हामीले “घर” छ भनेमा त्यो “गलत” हुन्छ । किनभने वास्तुविद्हरूले घरको निर्माण गरेपछि मात्र उत्पति हुने नाउँ मात्रको कुरा “घर” हो र लोकजनले यसैलाई “घर” भनी लौकिक रूपमा परम्परागत अर्थमा मात्र पुकार्दछन् । कुनै अर्को व्यक्तिलाई “कुन चाहिं वस्तु घर हो” भनी सोद्धा त्यो व्यक्तिले त्यो भवनलाई नै देखाई “घर भनेको यही हो” भनी औंल्याई दिनेछ । परम्परा अनुसार, लौकिक भाषा मुताबिक यो कुरा सही छ तर अभिधर्म मुताविक यसलाई भ्रमात्मक, भ्रान्तिमूलक गलत भनी भन्नु पर्दछ ।

अभिधर्म मुताविक यो कुरा कसरी भ्रमात्मक वा गलत छ भन्ने कुराको चर्चा यहाँ गरिने छ । घर भनी औंल्याउने औंलाले घरलाई छुन्छ कि काठ र बाँसलाई छुन्छ त भनी सोध्ने हो भने के थाहा हुन्छ भने “घर” भन्ने मात्र धारणा गरिने औपचारिक नाउँ भएको र यथार्थमा “घर” भन्ने चीज केही नहुँदा औंलाले घरलाई छुन सकिंदैन । काठ र बाँस मात्र साँच्चिकै विद्यमान रहेका चीजहरू हुँदा औंलाले स्पर्श गर्न सकिने कुरा पनि काठ र बाँस मात्र हुन् । काठ र बाँसलाई “घर” भन्नु गलत धारणा हो, गलत नामाकरण हो । काठ र बाँसलाई “घर” भन्ने रूपको नाउँ दिनु पनि गलत प्रयोग हो । यदि काठ र बाँसको नाउँ नै “घर” भन्ने भएको भए रूखमा रहँदा पनि तिनका नाउँ “घर” नै रहनु पर्दथ्यो र काठ र बाँसलाई कुनै पनि अन्य वस्तुको निर्माणमा प्रयोग भई अन्य वस्तुहरूमा ती वस्तुलाई परिणत गर्दा पनि “घर” भन्ने नाउँ नै ती वस्तुका पछि लाग्नु पर्दथ्यो । तर कुरो यस्तो हुँदैन । “घर” को रूप रहेसम्म मात्र “घर” भन्ने नाउँ पनि कायम रहन्छ । यही सिद्धान्तलाई विहार, मन्दिर, आराम-गृह र मण्डपमा उपयोग गरी विवेचना गरी जाँच गरीकन हेरौं र लौकिक भाषा (संवृति सत्य) र अभिधर्ममा रहेको विभेद पत्ता लगाऔं ।

लौकिक भूमिमा संवृति सत्यको उपयोग गरी रहनु पर्दछ । यसबाट नाघेर जान्न सकिन्न । अभिधर्मले मात्र सम्मुत्ति (संवृति) सत्यलाई नाघेर जान सक्तछ र लोकेत्तर भूमिमा पुऱ्याई दिन सक्तछ ।



https://dhamma.digital

काठबाट कवच, गड्डी, बेञ्च, डुङ्गा, गाडा इत्यादिको निर्माण गर्दा संवृति सत्यको मुताबिक कवच, बेञ्च, डुङ्गा इत्यादि विद्यमान रहन्छन् तर अभिधर्मको मुताबिक यहाँ कवच, बेञ्च, डुङ्गा, गाडा भनेका वस्तुहरू हुँदैनन्, केवल यहाँ सामग्रीहरू मात्र हुन्छन् । माटोलाई भाँडा, कुँडा, अथलहरू, कचौराहरू र पात्रहरू बनाइंदा लौकिक भाषामा भाँडा, कुँडा, अथलहरू, कचौराहरू र पात्रहरू विद्यमानै हुन्छन् । तर अभिधर्मको दृष्टिबाट भने भाँडा, कुँडा, अथलहरू, कचौराहरू र पात्रहरू भन्ने वस्तुहरू हुन्नन् । केवल माटो मात्र हुन्छ । फलामबाट विभिन्न वस्तुहरू बनाउंदा, तामा, सुन र चाँदीका गहना गुरियाहरू र मालसमानहरू बनाउंदा, सुती धागोबाट अनेक प्रकारका कोट, तौलिया महिला तथा सज्जनका लुगाफटाहरू बनाउंदा, लौकिक व्यवहारिक बोलचालको भाषामा त ती निर्मित वस्तुहरू सबै विद्यमानै रहन्छन् । तर अभिधर्म अनुकूल भन्ने हो भने ती निर्मित वस्तुहरू केही हुँदैनन् । केवल काठ, बाँस, माटो, फलाम, तामा, सुन, चाँदी र धागाहरू मात्र हुन्नन् । विश्लेषण र परीक्षण गरी हेरीकन सम्पूर्ण यस्ता विभेदहरूलाई जान्नु बुझ्नु पर्दछ । "व्यक्ति", "सत्व", "आत्मा" "जीव" हरूलाई उदाहरण लिंदा पनि संवृति सत्य, प्रज्ञप्ति सत्यको अनुसार "व्यक्ति", "सत्व", "आत्मा", भन्ने कुराहरू विद्यमान हुन्छन् । परन्तु अभिधर्मको भाषामा व्यक्ति भन्ने छैन, सत्व भन्ने छैन, "म" भन्ने छैन, "आत्मा" भन्ने छैन । केवल पृथ्वी आदि धातुहरू मात्र विद्यमान छन् । यहाँ न देवता छन्, न शक्रदेव छन्, न ब्रम्हा छन्, न गाईबस्तु छन्, न रांगो, हात्ती, घोडा इत्यादि कोही छन्, छन् केही भने केवल पृथ्वी आदि धातुहरू मात्र छन् । यहाँ न स्त्री छ, "न फलानो" छ, न "म" छ, न "ग" छ, केवल पृथ्वी आदि धातुहरू मात्र छन् । न यहाँ शिर छन्, न गोडा छन्, न हात छन्, न आँखा छन्, न नाक छ, केवल पृथ्वी आदि धातुहरू मात्र छन् । यहाँ न कपालका केश छन्, न शरीरका केश छन्, न नङ छन्, न दाँत, छाला, मासु, नसा, हाड छन्, न कलेजो, मुटु, फोक्सो, पेट आदि वस्तुहरू छन् । छन् भने केवल पृथ्वी आदि जस्ता धातुहरू मात्र छन्, ।

**साना ठूला सबै प्रकारका रूपहरू जति छन् जुन वस्तुहरूलाई संसारभरि नै विभिन्न प्रकारका वस्तुहरू भनी गलत तरीकाबाट हामीले ग्रहण गरी धारणा लिइआएका छौं ती सबै रूपहरूको धारणा विषयलाई प्रज्ञा ज्ञानको आधारमा विश्लेषण, विवेचना र परिच्छेद गरी हेर्ने हो भने हामीले धातुहरूको राश, धातुहरूको समूह, धातुहरूकै संग्रह र धातुहरूकै थुप्रा बाहेक हामीले केही भेट्टाउने छैनौं । यस्तो ज्ञान, यस्तो प्रज्ञालाई धर्म-व्यवस्थापन ज्ञान वा धम्म-व्यवस्थापन-ञाणको आलोक भनिन्छ ।**



https://dhamma.digital

## पृथ्वीको विश्लेषण

म अब संक्षेपमा पृथ्वी धातु जस्ता चतुर्महाभूत - चार धातुहरूको बारेमा चर्चा गर्दछु ।

(१) पथवी (अर्थात् पृथ्वी धातु) पृथ्वी धातुका लक्षणहरू हुन् साऱ्होपन वा नरमपन ।

यस्तो साह्रोपन वा नरमपन भन्नु अन्तिम अर्थमा परमार्थ दृष्टिमा वास्तवमा पृथ्वी तत्व हो ।

(२) आपो (अर्थात् आप-धातु) । आप-धातुका लक्षणहरू हुन् संयोग वा तरलता । यस्तो संयोग वा पन्यालोपन वास्तवमा जल तत्व हो ।

(३) तेजो (अर्थात् तेज-धातु) । तेज-धातुका लक्षणहरू हुन् गर्मी वा ठण्डीपना । यस्तो गर्मी वा ठण्डीपना वास्तवमा अग्नि तत्व हो ।

(४) वायो (अर्थात् वायु-धातु) । वायु-धातुका लक्षणहरू हुन् गति वा दवाव वा आश्रय । यस्तो गति वा आश्रय वास्तवमा वायु तत्व हो ।

यी चतुर्महाभूत तत्त्वहरूका अर्थहरू विषयमा राम्रोसंग अध्ययन गरी कण्ठस्थ हुने गरी सिकी राख्नु पर्दछ ।

अब यी चार तत्वहरू-पृथ्वी, जल, अग्नि, वायुको विषयमा यहाँ यसरी वर्णन गरिने छ कि धम्म-ववत्थान-ञाण-आलोक विषयलाई पूर्णरूपमा बुझ्न सकिने छ ।

पृथ्वी तत्व भन्नु अन्ततोगत्वा: केवल साऱ्होपनको गुण मात्र हो । एउटा कणको परमाणुलाई एक लाख खण्डमा टुक्रा हुने गरी विभाजित गरे तापनि एउटा परमाणुको रजको एक लाख खण्ड (वा अंश) को मात्रासम्म बराबर हुने गरी पनि त्यसमा कुनै किसिमको साऱ्हो वस्तु केही पाइने छैन । नदीको साऱ्है स्वच्छ पानीमा होस् वा सागरको पानीमा होस्, धरतीबाट रसाएर आएको पानीमा होस् वा झर्नाको पानीमा होस्, सूर्य, चन्द्र, तारागणको प्रकाशमा होस् वा माणिकको तेजमा होस्, टाढा नजदीक जहाँसुकै पनि पुग्न सक्ने स्वरहरूमा जस्तो घण्टीहरूको स्वरमा होस् वा ठूलो घण्टाको आवाजमा होस्, मन्द हावामा, मधुरो बतासमा, हावाको झोक्कामा होस् वा आँधीमा होस्, टाढा नजिकका चारै दिशा विदिशाहरूमा हावामा तैरने बासनाहरू जस्तै मग् मग् सुवास आउने सुगन्धहरूमा होस् वा नाक थुन्नु पर्ने खालका दुर्गन्धित बासनाहरूमा होस्, **सम्पूर्ण यी वस्तुहरूमा आखिरी अर्थमा केवल पृथ्वी तत्वहरू नै हुन्छन् ।**



https://dhamma.digital

## ग्रन्थको आधारबाट प्रमाण

(१) ती चतुर्महाभूत - चार तत्वहरू साथै रहन्छन् र छुट्याउन नसकिने खालका छन् ।

(२) यस सम्बन्धमा यस्तो भनिएको छ :-

**"एकं महा-भूतं पटिच्च तयो महा-भूता तयो महाभूते पटिच्च एकं महा-भूतं, द्वे महा-भूते, पटिच्च द्वे महा-भूता" ।**

अर्थात्

एउटा महा-भूतमा आश्रित भईकन, बाँकी तीन महा-भूतहरू उत्पन्न हुन्छन् । ती महा-भूतहरूमा आश्रित भईकन, बाँकी एक महा-भूतको उत्पत्ति हुन्छ । दुई महा-भूतहरूमा आश्रित रहीकन, बाँकी दुई महा-भूतहरू उत्पन्न हुन्छन् ।

अर्थ कथाहरू भन्दछन्:- पृथ्वी तत्वसंग जल तत्व, वायु तत्व र अग्नि तत्वलाई ग्रहण गर्ने शक्ति हुन्छ । जल, वायु र अग्नि तत्वहरूका लक्षणहरू यस्ता हुन्छन् कि पृथ्वी तत्वको आश्रय नलिईकन ती तत्वहरूको अस्तित्व सम्भव हुँदैन ।

उपर्युक्त तथ्यहरूका आधारमा विचार गर्दा हामीले के बुझ्नुपर्छ भने माथि उल्लेख गरिएका अनेक किसिमका जल, वर्णहरू, आवाजहरू, हावा तथा गन्धहरू सबैमा पृथ्वी तत्वहरू भरपूर मात्रामा रहन्छन् । ग्रन्थको माध्यमबाट प्रमाणित हुने कुरा यो हो ।

## लक्षणहरूको माध्यमबाट प्रमाणित

जल पिण्ड वा वायु पिण्डमा तल्लो सतहहरूले माथिल्ला सतहहरूलाई टेवा दिन्छन् भन्ने कुरा स्वत: सिद्ध कुरा छ । आपो (जलवायु) को लक्षण संयोग मात्र हुने हुँदा यो आश्रय वा टेवाको जुन स्थिति छ त्यो आप-धातुको लक्षण होइन । गर्मी वा ठण्डी मात्र तेज धातुको लक्षण भएकोले यो तेज धातुको लक्षण पनि होइन । यसरी यो पृथ्वी तथा वायु तत्वकै लक्षणहरूसित सम्बन्धित हुन्छन् । साह्रोपनसंग मिलेर मात्र आश्रय वा टेवाको स्थिति रहनु सम्भंव हुन्छ । **यी दुई लक्षणहरूमध्ये साह्रोपनलाई नै अन्तिम अर्थमा पृथ्वी भनी भनिन्छ । आश्रय वा दवावलाई नै अन्तिम अर्थमा वायु भनी भनिन्छ । यहाँ वायु तत्व भनिने आश्रय वा दवाव पृथ्वी तत्व भनिने साह्रोपनमा निर्भर रहनु पर्छ । वायु तत्वको आफ्नै इच्छाले मात्र यो अस्तित्वमा आउन सक्तैन । साह्रोपन र आश्रयका बीचको भिन्नतालाई परीक्षा गरी हेरिनु पर्छ ।**



https://dhamma.digital

माथि उल्लेखित जल र वायु पिण्डमा कक्खल-लक्खण (अर्थात् साह्रोपनको लक्षणहरू) समावेश छन् भन्ने तथ्यबाट के बुझ्नु पर्छ भने ती जल र वायु पिण्डमा पनि पृथ्वी तत्वहरू विद्यमान छन् भन्ने कुरा स्वतः स्पष्ट हुन्छ। **सूर्यको प्रकाश जस्ता प्रकाशमा, घण्टीको आवाज जस्ता आवाजमा र सुगन्धित बासनाहरू जस्ता सुवासहरूमा साह्रोपनका लक्षणहरू विद्यमान रहे पनि यी वस्तुहरूको आफ्नै स्वभावको कारणले यति सूक्ष्म हुन्छन् कि ती कुराको अस्तित्व पनि हुन्छ भन्ने कुरालाई ग्रन्थहरूको आधारमा मात्र प्रमाणित गर्न सकिन्छ।** स्वच्छ पानी, हावा, चन्द्र-ज्योति, आवाजहरू र बासनाहरूका उदाहरण केवल निम्न कुरालाई स्पष्ट गर्नाको लागि मात्र उल्लेख गरिएको होः-

(१) पृथ्वी तत्व भनेको साह्रोपनको अन्तर्निहित गुण मात्र हो।

(२) पृथ्वी तत्वमा परमाणुको रजको लाखौं अंशको परिमाणसम्म पनि कुनै किसिमको साऱ्हो सार तत्व भएको केही हुँदैन।

पृथ्वी तत्व भनेको कुनै सार तत्व केही नभएको केवल कडापन मात्र भए तापनि कुनै कुनै तुलनात्मक रूपमा बढी साऱ्हो र कुनै कुनै तुलनात्मक रूपमा बढी नरम हुन्छ। एक छेउमा वज्रको धारमा पाइने साऱ्होपनलाई र चन्द्र-ज्योति समूहमा पाइने साऱ्होपनलाई अर्को छेउमा राखी ती दुई अन्तहरू (चरम सीमाहरू) बीचमा विभिन्न श्रेणीका साऱ्होपन र नरमपनमा रहेका पृथ्वी तत्वका विषयलाई अवबोध गरिनु पर्दछ। यस तत्वमा अन्तर्निहित रहेको साऱ्होपनलाई सामान्य दृष्टिबाट होइन अपितु अन्तिम सत्यको रूपमा यथार्थ सत्यको रूपमा विचार गरिनु पर्छ, मनन गरिनु पर्दछ। चन्द्र-ज्योति आदिको साऱ्होपनलाई सामान्य दृष्टि वा परम्परागत सोचाइबाट चिन्तन मनन गर्नाले पत्ता लगाउन सकिन्न।

जब हजारौं, लाखौं, करौडौं पृथ्वी तत्वहरू (जुन केवल साऱ्होपनका गुणहरू मात्र हुन्) लाई आपो धातु अर्थात् आपधातुको माध्यमबाट संयुक्त गरी संगै राखिन्छन्, "परमाणु" नामको रूपको अस्तित्व देखा पर्छ। जब हजारौं, लाखौं, करोडौं यस्ता परमाणुहरू संयुक्त हुन्छन् उडुसहरू, उपियाहरू इत्यादि भन्ने जस्ता रूपहरूका नाम उत्पन्न हुन्छन्। यसरी मात्राको परिमाण बढाउँदै जाने हो भने प्राणीहरूमा, क्षुद्रानुक्षुद्र जीवहरूदेखि लिएर ४,८०० योजन अग्ला असुरेन्द्र (असुरहरूका राजा) जस्ता नाम पनि उत्पत्ति हुन्छन् र बाह्य वस्तुहरूमा (अर्थात् ८४,००० योजन अग्ला र ८४,००० योजन गहराई भएका पहाडहरूल, सुमेरू पर्वत जस्ता १,६८,००० योजन अग्ला पहाडहरू र २,४०,००० योजन भएका महान् पृथ्वी जस्ता नामहरू खडा हुन आउँछन्।

उडुस, परमाणु आदि जस्ता वस्तुहरूमा निहित पिण्डहरूको समूह वा स्कन्धको आधारभूत कुरा हो पृथ्वी तत्व वा पृथ्वी धातु। पृथ्वी धातुमा बाहेक



https://dhamma.digital

अन्य कुनै पनि धातुमा सान्होपनको गुण हुँदैन । आप-धातु, वायु-धातु र तेज-धातुलाई पृथ्वी धातुमै आश्रित रहनु पर्दछ । यसरी पृथ्वी धातुको कृत्यको महान्तालाई राम्ररी जान्नु बुझ्नु पर्दछ ।

यदि हामीले सुमेरू पर्वत वा महान् पृथ्वीको सम्बन्धमा पनि पृथ्वी धातुकै अन्तिम अर्थमा मात्र विचार मनन गरी हेर्ने हो भने हामीले "परमाणु" को रजको मात्रासम्ममा पनि कुनै प्रकारको सार तत्व देख्न सक्दैनौं केवल सान्होपनको गुण मात्रलाई छुट्याई विचार गर्नु पर्दछ । अनि पृथ्वी धातुलाई "परमाणु" को हदसम्म पनि कुनै प्रकारको सार तत्व नभएको धर्मको रूपबाट ऐनामा वा स्वच्छ निर्मल पानीमा प्रतिविम्ब देखिए झैं देखिने हुन्छ । त्यसबखत परमाणुको मात्रासम्म पनि लामो छोटो ठूलो सानो सान्हो वस्तु हाम्रो मनमा प्रकट भएको खण्डमा यो वास्तविक अर्थमा पृथ्वी होइन भन्ने सम्झनु पर्दछ । किनभने पृथ्वी धातु त्यसबखत एक प्रकारको आकार प्रकारको धारणासंग सम्मिश्रित भएको हुन्छ । स्वभाव धर्महरूको उत्पत्ति र विनाशको चिन्तन गर्दा यदि आकार प्रकार सहितका विचारहरूसंग सम्मिश्रित भएको खण्डमा लक्षणहरूको स्पष्ट अनुबोधलाई प्राप्त गर्न सकिंदैन ।

धातु कर्मस्थान ध्यान भावना गर्ने विषयमा चर्चा गर्दै पूर्ण महास्थबिरले ऐनामा देखिने प्रतिविम्बको उदाहरण सहितको उपदेश आनन्द स्थविरलाई दिनु भयो र यसै उदाहरण मात्रको सहायताबाट नै आनन्द स्थविर श्रोतापन्न हुनु भयो ।

सुमेरू पर्वत र महापृथ्वीदेखि लिएर जड र जीव सम्पूर्ण प्रकारका वस्तुहरूमा ध्यान गर्दा व्यक्तिले "परमाणु" को मात्रासम्मको पनि कुनै प्रकारको सान्हो तत्व केही मिश्रित नभएको पृथ्वी धातु-सान्होपनको गुणलाई स्पष्ट रूपबाट अवबोध गर्न सक्यो भने उसलाई सम्पूर्ण क्षुद्रानुक्षुद्र जड र जीव वस्तुहरूमा रहेका पृथ्वी धातुहरू विषयमा स्पष्ट रूपबाट बुझ्न अनुबोध गर्न सुगम हुने हुन्छ । ऐनामा देखिने प्रतिविम्ब, पानीमा देखिने प्रतिविम्ब, रूखको छायाँ र पहाडको छायाँ इत्यादि सुमेरू पहाड जत्तिकै ठूलो र विशाल किन नहोस्, **ती वस्तुहरूमा "परमाणु" को रजको मात्रासम्मको सार वस्तु पनि केही नभएको हुँदा, ती वस्तुहरूको लोप हुने वा विनाश हुने उपयुक्त अवसर भएमा एक पटक आँखा झिम्क्किंदाको अवधिमा वा एक पटक बिजुली चम्केको समयसम्ममा सयौं पटकभन्दा बढी ती वस्तुहरू लुप्त हुन सक्छन्, विनष्ट हुन सक्छन्** । त्यसरी नै योगीले आफ्नो ध्यानबाट यो कुरा ग्रहण गर्न सक्तछ कि सुमेरू पर्वत जतिकै विशाल भई सम्पूर्ण दिशा विदिशाहरू फैलिएका परमार्थ पृथ्वी धातुहरूमा "परमाणु" को रज बराबर पनि कुनै प्रकारको सार तत्व नभएको हुनाले ती पृथ्वी धातुहरू लुप्त हुने वा विनष्ट हुने अवसर प्राप्त भएको खण्डमा एक पटक



https://dhamma.digital

बिजुली चम्काई वा एक पटकको आँखा झिम्काइको समयभित्रमा सयौं पटकभन्दा बढी लुप्त हुन वा विनष्ट हुन सक्तछन् ।

ज्ञानको आलोक प्राप्त गर्ने उद्देश्यले आफ्नै कायभित्रमा पृथ्वी धातुहरू विषयमा ध्यान गर्दा योगीले आफ्नो देहलाई प्रज्ञा ज्ञानबाट खण्ड खण्ड गरी ध्यान गर्नु पर्दछ ताकि उसलाई हरेक खण्डका विषयमा राम्ररी बोध हुन सकोस् । उसले आफ्नो देहको एउटा अंश भनौ शिरको विषयमा ध्यान नराखी लगाउँदा यसको भित्री र बाहिरी भाग विषयमा कुनै विभेद नराखीकन पूर्णरूपबाट ध्यान लगाउनु पर्दछ । यस प्रकारको ध्यानमा वर्णको तत्वले बाधा दिन सक्तछ । सचित्र विचारहरूले पनि बाधा पुऱ्याउन सक्नेछन् । तसर्थ प्रज्ञालाई निकै अभ्यास गरिनु पर्दछ । देहका तल्लो अंशहरूदेखि लिएर पैतालासम्म योगीले खण्ड खण्ड गरी ध्यानमा लगाउनु पर्दछ ताकि उसले हरेक खण्डको सम्बन्धमा राम्ररी बोध गर्न सकोस् । यसरी सम्पूर्ण देहका अंशहरूका विषयमा चिन्तन मनन गरिसकेपछि उसले शिरमा रहेको पृथ्वी धातुको विषयमा ध्यान लगाउंदा योगीले सम्पूर्ण शरीरका शिरदेखि पैतालासम्मका भागहरूका विषयमा एकै साथ बुझ्ने हुन्छ । **योगीले यदि आफ्नै कायभित्र पृथ्वी तत्वलाई महशूस गर्न सकेको खण्डमा विशाल विश्व ब्रम्हाण्डका अनन्त चक्रवालहरूमा रहेका यावत् प्राणीहरूमा रहेका पृथ्वी धातुलाई जान्न बुझ्न ऊ सक्षम हुनेछ । पृथ्वी धातुलाई महशूस गर्न सक्ने व्यक्तिलाई वायु-धातु र आप-धातुलाई बुझ्नु पनि अति नै सजिलो हुन्छ ।** पृथ्वी सम्बन्धी संक्षिप्त विवेचना यहीं सकिन्छ ।

## आप-धातुको विश्लेषण

परमार्थको दृष्टिबाट भन्ने हो भने आप-धातु (जलतत्व) भन्नु संयोगको गुण मात्र हो । यो संयोग-परमार्थ दृष्टिमा जल तत्व - जुन बेला प्रबल हुन्छ, "पग्घरण (जलतत्व) अर्थात् पन्यालोपन वा तरलताको स्वभाव भएको यो आप-धातु हुन्छ ।

संयोगको गुण मात्रको रूपमा रहेको यस जल तत्वको अन्तिम विवेचना गर्दा यस आबन्धन किरिया (अर्थात् आबन्धन क्रिया) मा "परमाणु" को रजको हजारौं भागको एक भागको परिमाणसम्म पनि कुनै सार वस्तु हुँदैन । **जल-तत्व आप-धातुले धातुहरूको उही पिण्ड (स्कन्ध) मा संयुक्त विद्यमान रहने अन्य धातुहरू जस्तो पृथ्वी धातु, वायु-धातु, तेज-धातुलाई आबद्ध गरिराख्ने भएकोले ती धातुहरू सबैसंगै खडा रहन सक्तछन् र एक अर्कामाथि अन्योन्याश्रित रहन्छन् । ती सबैलाई आबद्ध गरिराख्ने आप-धातुको लोप हुनासाथ अन्य तीन धातुहरू पनि तत्काल नै लोप हुन्छन् ।**



https://dhamma.digital

पिण्डहरू वा स्कन्धहरू सत्वहरूको यस लोकमा परमाणुको रजदेखि असुरराज असुरेन्द्रसम्मको रूपमा र वाह्य जगत्मा सुमेरू पर्वत, चक्रवाल पर्वत र महान् पृथ्वीको रूपाकार सम्ममा अनेक रूप, आकार र परिमाणमा यस संसारमा विद्यमान भइरहेका छन् । **यही जल-तत्व-आप-धातु स्वभाव बाहेक अरू कुनै यस्तो तत्व छैन जसले सम्पूर्ण धातुहरूलाई, सम्पूर्ण तत्वहरूलाई एक साथ समेटिराख्न सक्ने क्षमता राखोस् अर्थात् अर्को शब्दमा भन्ने हो भने यही - जलतत्व बाहेक सम्पूर्ण धातुहरू (तत्वहरू) लाई एकसाथ समेटिराख्न सक्ने अरू कुनै तत्व नै छैन ।** १,६८,००० योजन उच्चा भएको (अर्थात् पानीको सतह माथि ८४,००० योजन अग्लो र पानीमुनि ८४,००० योजन गहिराई भएको) सुमेरू पर्वत राजमा रहेको यही जल-तत्व विनष्ट हुनासाथ सो सम्पूर्ण सुमेरू पर्वत आफैं तत्काल लोप हुनेछ । १,६४,००० योजन उच्चाई भएको (अर्थात् पानीको सतहमाथि ८२,००० योजन र पानीको सतहमुनि ८२,००० योजन गहिराइ भएको) चक्रवाल पर्वतमा रहेको आप-धातुको विनाश हुनासाथ चक्रवाल पर्वत स्वयं एकै क्षणमा लुप्त हुनेछ । विशाल पृथ्वीमा भएको आप-धातु (संयोग) को नाश हुनासाथ यो महान् पृथ्वी पनि आफैं तत्काल लोप भई केवल खाली आकाश मात्र शेष रहने छ । किनभने धातुहरूलाई आपसमा आबद्ध राख्ने संयोग तत्व नहुनासाथै सुमेरू पर्वत, चक्रवाल पर्वत र शीला पृथ्वीमा रहेका परमार्थ तत्व पृथ्वी, परमार्थ तत्व आप, परमार्थ तत्व तेज र परमार्थ तत्व वायुका तत्वहरूले एक अर्कालाई समर्थन दिन र आश्रय दिन असमर्थ भई टुक्रा टुक्रामा विभक्त हुनेछन् । **निर्वाणलाई छाडेर सङ्खत लक्खण (संस्कृत लक्षण) भएका सम्पूर्ण परमार्थ धर्महरू समर्थन वा सहयोगको अभावमा एउटा विजुली चम्किने समयावधि वा आँखाको एक पलकको समयसम्म पनि कायम रहन सक्तैनन् ।**

सुमेरू पर्वत, चक्रवाल पर्वत वा महान् पृथ्वीमा रहेको परमार्थ आप-धातु स्वभावको विषयमा ध्यान, चिन्तन, मनन गर्न चाहनेले पृथ्वी तत्वको रूपमा रहेको साह्रोपनसंग नअलमल्याईकन आप-धातु स्वभाव-संयोगको विषयमा मात्र ध्यान लगाउनु पर्दछ । यसमा रूपको आकार प्रकारहरू उत्पन्न भएर बाधा पुऱ्याउने सम्भावना हुन्छ । यदि रूपको आकार प्रकारहरूले धम्म ववत्थान ञाण (धर्म-परिच्छेद-ज्ञान) लाई बाधा पुऱ्याएका छन् भने उत्पत्ति र विनाशका धर्महरू विषयमा उत्पत्ति र विनाश भएकोलाई हेर्दा ती धर्महरूलाई देख्न नसकिने सम्भावना पनि रहन्छ । परमार्थ धर्मलाई राम्ररी बोध गर्न सकिएमा मात्र साँच्चिकैको यथार्थ अनित्य, यथार्थ दुःख र यथार्थ अनात्मालाई देख्न सकिने हुन्छ ।

पृथ्वी - धातुको बारेमा माथि अघि नै वर्णन गरिसकिए झैं आप-धातु (जल-तत्व) भनेको केवल संयोगको गुण मात्र हो भन्ने तथ्यलाई राम्ररी बुझेपछि ऐनामा वा पानीमा देखिने वर्षा, बादल, सूर्य, चन्द्रमा र बृक्षहरूका



https://dhamma.digital

प्रतिविम्बमा कुनै सार तत्व नभए नरहे जस्तै सुमेरू पर्वत र विशाल यो पृथ्वीमा पनि कुनै पनि किसिमको सार तत्व भनेको केही छैन भन्ने कुरालाई यथार्थ रूपमा जान्ने बुझ्ने महशूस गर्ने हुन्छ।

सुमेरू पर्वत र विशाल पृथ्वीमा रहेको यस धातु स्वभाव, तत्वलाई जान्न बुझ्न सम्झन सकिएमा मनुष्य, देव, ब्रम्हा र सम्पूर्ण अन्य प्राणीहरूमा रहेको यस तत्वलाई जान्न बुझ्न सुगम हुने हुन्छ । मुख्य कुरा चाहिं प्राणीहरूमा रहेको आप-धातु स्वभावलाई चिन्नु जान्नु हो । सुमेरू पर्वत र महान् पृथ्वीदेखि लिएर यहाँ वर्णन गरिनाको कारण प्राणीहरूमा भएको आप-धातुलाई बुझ्नलाई सजिलो होस् भन्ने उद्देश्यले मात्र गरिएको हो ।

शिरदेखि पैतालासम्म आफ्नो देहमा रहेको यस तत्वलाई राम्ररी बुझिसकेपछि मात्र प्राणीहरूमाा रहेको जल तत्व (आप-धातु) सम्बन्धमा ध्यान लगाउनु पर्दछ। आप धातुको विश्लेषण यहीं सकिन्छ।

## तेज-धातुको विश्लेषण

परमार्थ दृष्टिबाट तेज-धातु भनेको केवल गर्मी वा ठण्डीको गुण मात्र हो । गर्मी वा ठण्डीले नै अन्य सहजात, सहअस्तित्वमा रहेका धातुहरूलाई परिपक्व र सबल बनाउँछ। गर्मी र ठण्डी दुबैमा आफूसंगै उही पिण्ड वा पुञ्ज समूह वा स्कन्धमा साथै रहेका अन्य धातुहरूलाई ताप प्रदान गर्ने शक्ति हुन्छ जसले गर्दा प्रत्येक अन्य धातुलाई परिपक्व र प्रबल बनाई दिन्छ। गूँडमा फूल पारिएका कुखुरीका फूलहरू सम्बन्धमा पनि कुखुरीले निरन्तर रूपमा ओठारो बसीकन फूललाई आफ्नो ताप प्रदान गरेपछि मात्र अण्डाहरू परिपक्व भई चल्लाहरू निस्किन सक्ने हुन्छन् । मातृ-कुखुरीले ओठारो बसीकन अण्डाहरूलाई ताप प्रदान नगर्ने हो भने चल्लाहरूको उत्पत्ति हुनै सक्तैन र कुखुरीको गर्भमा रहँदाखेरि अण्डाहरूले प्राप्त गरेको ताप सकिनासाथ ती अण्डाहरू सडी गली जाने हुन्छन् ।

यहाँ मातृ कुखुरी नै तेज-धातु सदृश हो र बाँकी तीन धातुहरू अण्डाको पहेंलो भाग सदृश छन् । अग्नि तत्वको संयोगले मात्र पृथ्वी-तत्व-साऱ्होपनको राम्ररी विकास हुन सक्छ । अग्नि-तत्वको संयोगले आप-धातु (ढिक्कापन) विद्यमान राम्ररी हुन सक्तछ। ठण्डी वा गर्मीको सयोगले मात्र (तेज-धातु) वायु-धातु (गति) को अस्तित्व सफलतापूर्वक हुन सक्तछ । अग्नि तत्व (तेज-धातु) बिना ती धातुहरू कुनैको पनि समुन्नत रूपको अस्तित्व रहन सक्तैन ।

महासागरको पानी, सीदा समुद्रहरूको पानी, यस विशाल पृथ्वीलाई टेवा दिइराखेको पानी सबै नै सीत तेजो-धातु (अर्थात् शीत तेज-धातु) (ठण्डी)



https://dhamma.digital

मा आश्रित छन् । यही सीत तेजो-धातुको नियन्त्रणको अधीनमा रही पानीले आफ्नो अस्तित्वलाई अविच्छिन्न रूपबाट कायम राख्नु पर्छ । सुमेरू पर्वत, चक्रवाल पर्वत र महान् पृथ्वी नै पनि सीत तेजो धातु (अर्थात् शीततेज-धातु) माथि आश्रित छन् । अन्य धातुहरूसंग मिश्रण नगरीकन तेज-धातु (अग्नि तत्व) मा मात्र ध्यानले हेर्दा हामीले चीसो वस्तुहरूमा ठण्डीपनलाई मात्र र गरम वस्तुहरूमा गर्मी (ताप) लाई मात्र हेर्नु पर्दछ र हाम्रो हेराइलाई रूप, आकार र द्रव्य पज्ञप्तिहरूको धारणासंग सम्मिश्रित हुन दिनु हुँदैन । शीत उष्ण नामक परमार्थ तेज-धातुमा "परमाणु" को रजको मात्रासम्म पनि कुनै ठोस सार तत्व द्रव्य वस्तु भनेका केही छैन भन्ने कुरा स्पष्ट छ । ठोस सार तत्व द्रब्य नभएको यसै कारणले गर्दा, तेज-धातुलाई शुद्ध रूपले देखिसकेपछि के कुरा स्पष्ट रूपमा बुझ्ने छ भने हाम्रो ज्ञानमा यस तत्व जतिसुकै ठूलो देखिए तापनि ऐना वा निर्मल पानीमा देखिने सूर्य, चन्द्र, बादल, वर्षाका प्रतिविम्ब सदृश तेज-धातुमा पनि कुनै पनि मात्रामा केही किसिमको ठोस सार तत्व भनेको हुन्न ।

आफ्नै देहमा हेर्दा तेज-धातुलाई आफ्नो ज्ञानले ग्रहण गर्न सकिने जति देहको अंशमा मात्र ध्यान लगाइनु पर्छ, चिन्तन मनन गरिनु पर्दछ ।

आफ्नो सम्पूर्ण शरीरभरिमा तेज-धातुलाई स्पष्ट रूपबाट देख्न जान्न सक्ने पुद्गलले असंख्य अन्य सत्वहरूमा रहेका तेज-धातुलाई पनि जान्न बुझ्न सक्ने हुन्छ ।

तेज-धातुको विश्लेषण यहीँ सकिन्छ ।

## वायु-धातुको विश्लेषण

अग्निको ज्वाला र धुँवामा रहेको तेज-धातुको अग्नि तत्वको अनवरूद्ध निरन्तरता कायम राख्न वायु-धातुको आवश्यकता पर्दछ । वायु-धातुको कारणले गर्दा नै अग्निको बृद्धि, अग्निको शक्तिको बृद्धि, अग्निको तेज (प्रकाश) को बृद्धि, अग्निको रापको बृद्धि, धुँवाको उत्पत्ति र अग्निको एकअर्कोमा संक्रमण, स्थानान्तरण भई तेज-धातुको प्रकट भइरहे झैं वायु-धातुको शक्तिमा पनि शीत-तेज र उष्ण-तेज धातुको त्यत्तिकै प्रभाव परिरहेको हुन्छ । यसबाट वायु-धातु र तेज-धातुको अन्योन्याश्रितपना छर्लङ्ग हुन्छ । कुनै पनि आगो लाग्ने बल्ने पदार्थ भएको ठाउँमा आगोको एक झिल्का (कण) राखिंदा सो आगो बल्ने वस्तु जति भस्म नहुञ्जेल बलेर जानमा अग्नि (तेज-धातु) को कारणले मात्र आगो सल्किदै जाने नभई वायु-धातुको कारणले गर्दा नै सो आगोले खाने वस्तु जति भस्म नहुञ्जेलसम्म आगो बल्दै जाने हुन्छ ।



https://dhamma.digital

अग्निमा शक्ति हीन वा कमजोर भएमा आगो बल्ने पदार्थ पनि बलिरहन नसक्ने हुन्छ । यस्तो अवस्थामा अग्निभित्रको सो शक्ति (Energy) लाई बृद्धि गर्न पंखा हम्काउने जस्ता काम गरी बाहिरबाट शक्ति प्रदान गर्नु पर्ने हुन्छ । कुनै पनि पोल्ने वस्तु हुंदा त्यहाँ पोल्ने शक्ति पनि विद्यमान रहेको हुन्छ । ठण्डी (चिसो) वस्तुसंग ठण्डी (चिसो) शक्ति विद्यमान रहन्छ । ठण्डी वा गर्मीपन भन्नु एउटा कुरो हो । ठण्डी वा गर्मी हुने शक्ति भन्नु भिन्नै कुरो हो । ठण्डी र गर्मीपन वास्तवमा परमार्थ अग्नि तत्व (तेज-धातु) हुन् भने चीसो र पोल्ने शक्ति अर्थात् ठण्डी र गर्मीको शक्ति वास्तवमा परमार्थ वायु तत्व (वायु-धातु) हुन् ।

शक्तिको रूपमा रहेको वायु धातुको पनि समान कलाप हुनाको कारणमा अग्नि तत्व (तेज-धातु), जल तत्व (आप-धातु) र पृथ्वी तत्व (पृथ्वी-धातु) को शक्ति विद्यमान रहनु हो । यी शक्तिको बृद्धि भइरहेको पनि समान कलाप भइरहेका चतुर्महाभूतको उत्पत्ति भइरहनाको कारणले मात्र हो । वायु-धातु-शक्ति प्रवल भएर आउंदा त्यसले आँधी तूफानको रूप लिने हुन्छ । हावा भरिएको तकिया र हावा भरिएको ओछ्यान जस्तै कुनै पनि वस्तलाई टम्म भरिने गरी फुलाईदिने, बेस्सरी कस्सिने गरी कसाइदिने, उफ्रिएर आउने वा उफार्ने वायु-धातुको यसै शक्तिलाई पालि ग्रन्थमा वित्थम्भन लक्खण भनिएको छ ।

सुमेरू पर्वत, चक्रवाल पर्वत, शीला पृथ्वी आदिमा विद्यमान रहेको शीत-उष्ण-तेज-धातुले शक्ति नामक वायु धातुलाई उत्पन्न गराउँछ र सो वायु-धातु क्रमशः बृद्धि हुँदै जानुको साथै कल्पको क्षय नहुञ्जेलसम्म यसै वायु-धातुले रूप-कलापलाई बृद्धि गराइरहन्छ । वायु-धातु विषयमा चिन्तन मनन गर्दा साधकले यस वस्तुस्थितिलाई समेत राम्ररी देख्न जान्न बुझ्न सकिने गरी ध्यान लगाउनु पर्दछ अर्थात् ध्यान लगाएर हेर्नु पर्दछ ।

## वायु-धातुको प्रेरणा

सत्व प्राणीको हृदय वस्तुमा उत्पन्न भइरहेका प्रत्येक क्षण क्षणको चित्तको साथै चित्तज कलापको उत्पन्न भई शरीरभरि नै व्याप्त भइरहेका हुन्छन् । त्यस्तै ऋतुज रूप कलाप, उदरभित्रको आहारज रूप कलाप र सानो कलल रूपदेखि लिएर सत्व प्राणीहरूको रूप जति पनि क्रमशः बृद्धि भइरहेका छन् ती सवै वायु-धातुको शक्तिकै कारणले बृद्धि भइरहेका छन् । वनस्पतिको उत्पत्ति र बृद्धिको हकमा पनि वनस्पतिको बीज अंकुरदेखि लिएर क्रमशः बोट बिरूवाको बृद्धि हुँदै गई ठूल-ठूला बोट बिरूवाको रूपमा बृद्धि हुने कार्य पनि वायु-धातुको शक्तिकै कारणले बृद्धि हुने गर्दछ । सुमेरू पर्वत, चक्रवाल पर्वत र महान् पृथ्वीदेखि लिएर सजीव (चेतन) र निर्जीव (जड) यावत् जति पनि रूप पदार्थहरू छन् ती सबैको विषयमा पनि यसरी नै हेरेर लान सकिन्छ ।



https://dhamma.digital

आफ्नो देहदेखि लिएर रूपहरूलाई पनि यसरी नै हेरेर लान सकिन्छ। यसरी शिरदेखि पैतालासम्म हेर्दा धातु-ज्ञानको आलोक प्राप्त हुने गरी हेर्नु पर्दछ। यसरी हेर्दा वायु-धातुमा पनि माथि चर्चा गरिएका अन्य धातुमा जस्तै परमाणुको रजको प्रमाणसम्म पनि केही पनि सार तत्व द्रव्य वस्तु पाइने छैन। केवल पानी, ऐना आदिमा प्रतिविम्बित प्रतिविम्ब सदृश छायाँसम्म मात्र देखिने हुन्। परन्तु सत्व प्राणीको चर्म चक्षुमा भने रूप, आकार, द्रव्य आदि प्रज्ञप्ति रूप मात्र देखिने भएकोले धातुको रूपबाट यथार्थ दर्शन हुन बाधा भइरहेको हुन्छ। यथार्थमा परमार्थको दृष्टिमा अस्तित्वमै नरहेका ती प्रज्ञप्ति रूपलाई केवल धातु-ज्ञानबाट मात्र हटाउन सकिने हुन्छ।

वायु-धातुको विश्लेषण यहीं सकिन्छ।

## चतुर्महाभूतको उत्पत्ति र विनाशमा प्रकाश

[१] पथवी (अथवा पृथ्वी धातु) - पृथ्वी-धातुका लक्षणहरू हुन् साऱ्होपन वा नरमपन।

[२] आपो (अर्थात् आप-धातु) - आप-धातुका लक्षणहरू हुन् संयोग वा तरलता।

[३] तेजो (अर्थात् तेज-धातु) - तेज-धातुका लक्षण हुन् गर्मी वा ठण्डीपना।

[४] वायो (अर्थात् वायु-धातु) - वायु-धातुका लक्षण हुन् गति वा दवाब वा आश्रय।

यी चार धातुरू आ-आफ्ना स्वभाव लक्षण अनुरूप भिन्नाभिन्नै किसिमबाट प्रकट भइरहेका छन्। पृथ्वी-धातुले अन्य तीनै धातुको आधार भई तीनै धातुलाई एकै रूप कलापको रूपमा आफ्नो साऱ्होपनलाई प्रधान गुणको किसिमबाट प्रकट गरिराखेको छ। यी चारै महाभूतका उत्पत्ति, स्थिति र भङ्गको किसिम एकै समान रहेको छ।

साऱ्होपनको रूपमा रहेको पृथ्वी-धातुको विनाश हुनासाथै अन्य तीन धातुहरू आधारहीन हुने भएकोले शेष तीन धातुहरू पनि विनाशमा प्राप्त हुन्छन्। त्यरी नै संयोगको स्वभाव भएको आप-धातुको विनाश हुनासाथै संयोगको गुणको अन्त्य हुने भएकोले एक अर्कालाई संयोगमा ल्याई राख्ने आधार विहीन भई बाँकी तीनै धातुहरू विनाशमा प्राप्त हुन्छन्। गर्मी प्रदान गरी धातुहरूलाई परिपक्व बनाई दिने तेज-धातुको विनाश हुनासाथै अन्य धातुहरू आ-आफ्ना स्वभावमा अडिरहन नसक्ने हुंदा सबै धातुहरू पनि विनाशमा प्राप्त हुन्छन्।



https://dhamma.digital

कस्सिएर टम्म फुलिरहने स्वभाववाला वायु-धातुको विनाश हुनासाथै अन्य तीनै धातुहरूको बल शक्ति क्षीण भएर जाने हुंदा सबै धातुहरू विनष्ट हुन्छन् ।

वायु-धातुको उपस्थितिको कारणले मात्र तेज-धातुको ठण्डी वा गर्मीपनाको अनवरूद्ध निरन्तरता कायम रहिरहने हुन्छ । अर्को शब्दमा भन्ने हो भने वायु धातुको शक्ति नभएको भए तेज-धातुको गर्मी वा ठण्डीपन कायम रहिरहन सक्तैन । वायु-धातु नरहेमा तेज-धातुको बल शक्ति क्षीण भई तत्कालै यसको लोप हुने हुन्छ । त्यस्तै सान्होपनको स्वभाववाला पृथ्वी-धातुको सान्होपनको जुन कथा छ त्यस कथाको प्रवलतालाई कायमै राख्नमा जुन सहायता वायु-धातुबाट प्राप्त भइरहेको हुन्छ, वायु-धातु नरहेमा पृथ्वी-धातुको यस क्रिया पनि तत्कालै लोप हुने हुन्छ । संयोगको स्वभाववाला आप-धातुको संयोगीकरणको जुन क्रिया छ त्यस क्रियाको प्रवलतालाई कायमै राख्नमा जुन सहायता वायु-धातुबाट प्राप्त भइरेको छ, वायु धातु नरहेमा आप-धातुको यो क्रिया पनि तत्कालै लोप हुने हुन्छ ।

यसबाट चतुर्महाभूतका स्वभावहरूको अन्योन्याश्रितपना छर्लङ्ग हुन्छ र एक धातुको विनाश हुनासाथै अन्य धातु-स्वभावहरूको पनि स्वतः विनाश हुने तथ्य यसबाट प्रष्ट हुन्छ । चतुर्महाभूतको कारणले सजीव (चेतन) निर्जीव (जड) मा जुन धातुहरूको प्रक्रिया हुन्छ सो अचिन्त्य अर्थात् अचिन्तनीय हुन्छ । ती चार धातुहरूको ऋद्धि र शक्ति यो यस्तो वा यत्ति हुन्छ भनी चिन्तनै गर्न सकिन्न । ती चार धातुहरूलाई भगवान् बुद्धको उत्तम मार्ग दर्शन अनुकूल यथार्थ रूपमा देख्न बुझ्न सक्ने हो भने निर्वाण प्राप्त हुने ज्ञान आलोकलाई लाभ गर्न सकिने हुन्छ । लोकोत्तर ज्ञान (अर्थात् आर्य मार्ग फल) लाई पनि प्राप्त गर्न सकिने छ । लौकिक मार्गको निम्न स्तरको पथ मात्र अनुशरण गर्ने हो भने यसबाट लौकिक ज्ञान (प्रज्ञप्ति) को मात्र लाभ हुने छ । बीचको मार्ग (अर्थात् मध्यम स्तर) को मार्गको अनुशरण गरी चतुर्महाभूतको अध्ययन मनन चिन्तन गर्दै गई पूर्णताको ह्दसम्म पुग्न सकिने हो भने प्राचीन ऋषि मुनिहरू र आधुनिक बैज्ञानिकहरूले लाभ गरे झैं अनेक औषधिहरू, अनेक यन्त्रहरू, धातुका अनेक भौतिक एवम् रासायनिक तत्वहरू बारेमा राम्रो ज्ञान प्राप्त हुनेछ ।

## मूल-धातु

यी चार धातुहरूमध्ये तेज-धातु नै प्रधान भई अग्रसर हुने गर्दछ । सम्पूर्ण चक्रवाल देखि लिएर यस विश्वमा जति पनि पृथ्वी र जल समेतका सजीव (चेतन) र निर्जीव (जड) सहितका रूप आकारहरू छन् ती सबैको बृद्धि हुनाको मूल कारण तेज-धातु हो । तेज-धातुको ऋद्धि र शक्तिको विषयमा पूर्ण



https://dhamma.digital

रूपमा जान सक्ने ज्ञान सामर्थ्य भगवान् सम्यक् सम्बुद्धमा मात्र निहित रहेको हुन्छ । अन्य लोक जनको निम्ति तेज-धातुको ऋद्धि शक्तिको विषय अचिन्त्य अर्थात् अचिन्तनीय मान्न सकिन्छ ।

यो हो चार धातुहरूको उत्पत्ति र विनाशको प्रकाश ।

## आकाश-धातुको प्रकाश

माथि चर्चा गरिएका पृथ्वी, आप, तेज र वायु धातुहरूमध्ये कर्मबाट उत्पत्ति हुने धातुहरू चार, चित्तबाट उत्पत्ति हुने धातुहरू चार, ऋतुबाट उत्पत्ति हुने धातुहरू चार र आहारबाट उत्पत्ति हुने धातुहरू चारको रूपबाट भिन्न भिन्न उत्पत्तिको कारण मुताबिक आ-आफ्ना हेतुको कारण ती चार धातुहरू एउटा पिण्ड वा स्कन्धको रूपमा निरन्तर रूपमा उत्पत्ति भइरहेका छन् । **कर्मबाट बनेका वा चित्तबाट उत्पत्ति भएका पृथ्वी, आप, तेज र वायु धातुहरूको स्कन्ध वा पिण्डलाई एउटा कलाप भनिन्छ । कर्मबाट निर्मित चतुर्महाभूतको कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूत (चार धातुहरू) को कलापको बीचमा आकाश-धातु विद्यमान रही आकाश-धातुले ती दुई कलापलाई परिच्छेद गरी छुट्याएको हुन्छ ।**

माथि उल्लेख गरिसकिएका चार धातुहरूको उत्पत्ति र विनाशको प्रक्रिया एकै समान भए तापनि आकाश-धातुबाट परिच्छेद गरेको कारणले मात्र एक अर्का कलापको उत्पत्ति र विनाश प्रक्रिया पनि एकै समान रहेको हो । चर्म चक्षुको नजरमा सत्वहरूलाई र रूप स्कन्धहरूलाई पनि एउटै रूपाकार एकै ढिक्काको रूपमा देखिने हुंदा आकाश-धातुलाई चर्म चक्षुले देख्न सक्तैन ।

**वास्तवमा सुमेरू पर्वत, चक्रवाल पर्वत, विशाल पृथ्वीको रूपमा रहेका ती पृथ्वी, आप, तेज, वायु धातुहरूको रूपकलापहरूका बीच बीचमा आकाश-धातु विद्यमान रहेका हुन्छन् ।** आकाश-धातुले चतुर्महाभूतबाट बनेका रूप कलापहरूलाई परिच्छेद गरेको हुन्छ भन्ने कुरा जान्न बुझ्न सकेमा मात्र वास्तवमा रूपकलापहरू अलग अलग हुन् भन्ने कुराको ज्ञान प्राप्त गर्न सकिने छ । रूपकलापहरू वास्तवमा अलग अलग छन् भन्ने कुरा आफ्नो ज्ञानबाट छुट्याउन सकेमा मात्र ती रूपकलापहरूको अलग अलग अस्तित्वलाई देख्न जान्न कोशिस गर्ने हुंदा त्रि-लक्षण ज्ञान आलोक (अर्थात् अनित्य, दुःख र अनात्माको लक्षणलाई थाहा जानकारी पाउने ज्ञान आलोक) प्राप्त हुने छ । यस संसारमा जति पनि सजीव वा निर्जीव वस्तुहरू छन् ती सबैमा विद्यमान रहेको आकाश-धातुलाई देख्ने जान्ने कोशिस गर्नु पर्दछ । आकाश-धातु उत्पत्ति भएको धातु होइन । उत्पत्ति जाति भइरहेका रूपकलापका चार धातुहरूका बीच बीचमा मात्र यो आकाश-धातु विद्यमान रही रहने हुँदा त्रि-लक्षण ज्ञान (अर्थात्



https://dhamma.digital

अनित्य, दुःख र अनात्माको ज्ञान) बाट यो आकाश-धातुलाई हेरिरहनु पर्दैन । पृथ्वी, आप, तेज र वायु-धातुका विषयमा त्रि-लक्षण ज्ञान प्राप्त गर्ने सिलसिलामा मात्र यो आकाश-धातुलाई पनि देख्नु जान्नु पर्ने हुन आउँछ ।

आकाश-धातु विषयको प्रकाश यहीं सकिन्छ ।

## विज्ञान-धातुको प्रकाश

विज्ञान-धातु भनेको तत् तत् आलम्बन (आरम्मण) लाई थाहा पाउने धातुलाई भनेको हो । ती धातुहरू-

(१) चक्षु-विज्ञानधातु
(२) श्रोत-विज्ञान धातु
(३) घ्राण-विज्ञान धातु
(४) जिह्वा-विज्ञान धातु
(५) काय-विज्ञान धातु
(६) मन-विज्ञान धातुको

रूपबाट ६ किसिमका छन् । ती मध्ये चक्षु-विज्ञान भन्नाले वर्ण नामक रूपारम्मणले चक्षु इन्द्रियमा स्पर्श गर्दा सो विषयमा थाहा पाउने चित्त जुन चक्षुमा उत्पन्न हुने हो त्यस धातुलाई विज्ञान धातु भनिन्छ ।

श्रोत-विज्ञानः- शब्द नामक रूपारम्मणले श्रोतेन्द्रियमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त जुन श्रोतमा उत्पन्न हुने हो त्यस धातुलाई श्रोत-विज्ञान धातु भनिन्छ ।

घ्राण-विज्ञानः- गन्ध नामक रूपारम्मणले घ्राण-इन्द्रियमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त जुन घ्राणमा उत्पन्न हुने हो त्यसलाई घ्राण-विज्ञान धातु भनिन्छ ।

जिह्वा-विज्ञानः- रस नामक रूपारम्मणले जिह्वा-इन्द्रियमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त जुन जिह्वामा उत्पन्न हुने हो त्यस धातुलाई जिह्वा-विज्ञान धातु भनिन्छ ।

काय-विज्ञानः-स्प्रष्टव्य नामक रूपारम्मणले काय-इन्द्रियमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त जुन कायमा उत्पन्न हुने हो त्यस धातुलाई काय-विज्ञान धातु भनिन्छ ।

मन-विज्ञानः- श्रद्धा, शील, श्रुत, त्याग, आदि र लोभ, दोष मोह आदि कुशल अकुशल धर्म्मारम्मणले हृदय नामक हृदय वस्तुमा स्पर्श गर्दा सो विषय थाहा पाउने हृदय वस्तुमा अनेक प्रकारका विज्ञान जुन उत्पन्न हुने हुन् ती धातु-विज्ञानलाई मनः-विज्ञान धातु भनिन्छ ।



https://dhamma.digital

चक्षुले वर्ण नामक रूप आकारलाई देख्दा मैले देखें भन्ने जुन दृष्टि धारण भइरहने हो त्यो चक्षु-विज्ञानमा उत्पन्न हुने गलत धारणा हो । ज्ञानद्वारा त्यस देख्ने प्रक्रियालाई अलग अलग धातुहरूको क्रिया हो भने कुरालाई देख्नु जान्नु पर्दछ ।

श्रोतले शब्दलाई सुन्दा, घ्राणले गन्धको बास सुंघ्दा, जिह्वाले रसको आस्वादान गर्दा, कायले सम्बन्धित अङ्गले खस्रा, कोमल, नरम, गरम, ठण्डा स्पर्श गर्दा मैले सुनें, मैले सुघें, मैले चाखें, मैले स्पर्शको अनुभव गरें भन्ने जुन दृष्टि धारणा भइरहने हुन् ती श्रोत, घ्राण, जिह्वा, काय आदि तत् तत् विज्ञानमा उत्पन्न हुने गलत धारणाहरू हुन् । ज्ञानद्वारा श्रवण गर्ने, गन्ध सुंघ्ने, रसास्वादन गर्ने र स्पर्श अनुभव गर्ने प्रक्रियालाई अलग अलग धातुहरूका क्रिया हुन् भन्ने कुरालाई यथार्थ रूपमा देख्नु जान्नु पर्दछ ।

कुशल र अकुशल धर्मारम्मरणहरूले हृदय वस्तुमा स्पर्श गर्दा मैले जानें, चिन्तन गरें भनी शुद्ध मन-विज्ञानले अनेक प्रकारले जुन चिन्तना गर्ने हो त्यस किसिमको मन-विज्ञानमा उत्पन्न हुने गलत धारणालाई सत्काय दृष्टि भनिन्छ । ज्ञानद्वारा त्यस जान्ने प्रक्रियालाई अलग अलग धातुहरूको क्रिया हो भन्ने कुरालाई देख्नु जान्नु पर्दछ ।

## जान्ने विधि

रूप काय भनेको सडेको घाउ समान हो । विज्ञान ६ चाहिं सडेको घाउबाट पतन भई फिर फिर हल्लिरहने संस्वदेजकीरा समान् हुन् । विज्ञान भनेको नाम-धातु हुंदा यो कुनै वस्तु पदार्थको रूप नभए तापनि चक्षु आदि रूपबाट सर्वथा भिन्न रहेको धातु हो भने कुरालाई ज्ञान-चक्षुबाट जान्नु बुझ्नु पर्दछ ।

चक्षु श्रोत आदि रूपकलापलाई अत्यन्त निर्मल जलबिन्दु समान मान्ने हो भने चक्षु विज्ञान, श्रोत विज्ञान आदि ६ किसिमका विज्ञान धातुलाई सो निर्मल जल बिन्दुमा प्रतिविम्बत भइरहेका छायाँ (प्रतिविम्ब) समान हुने मानी रूप र विज्ञानलाई छुट्याई हेर्न सक्नु पर्दछ । यस किसिमबाट रूप र विज्ञानलाई अलग अलग छुट्याई हेर्ने, मनन गर्ने र साविता गर्ने अभ्यास गरेमा नाम धातुको स्वभाव स्पष्ट रूपमा प्रकट भएर आउने छ । यसरी स्पष्ट रूपमा प्रकट नभएमा पनि रूप र विज्ञानलाई जलविन्दुको रूपमा, प्रतिविम्बको रूपमा र शीतको थोपासम्मको रूपमा अलग अलग देख्न सकिएमा पनि हुन्छ । तर दस्सन (दर्शन अर्थात् हेर्ने काम), सवन (श्रवण अर्थात् सुन्ने काम), घायन (घ्राण अर्थात् संुघ्ने काम), सायन (रसास्वादन अर्थात् रसानुभव गर्ने काम), फुसन (स्पर्शको अनुभव) र विजानन (थाहा पाउने काम) आदि विज्ञान धातुलाई आ-आफ्नो ज्ञानबाट थाहा पाउन बुझ्न सकिएमा मात्र नाम धातु स्वभावको ज्ञान



https://dhamma.digital

पूर्ण हुनेछ । **जुन कुरालाई लक्ष्य गरी आफूले जान्न बुझ्न भनी भाविता गरिरहेको छ सो कुरालाई देख्दा मैले हेरें वा देखें भन्ने भावनाबाट साधक मुक्त हुन नसकेको खण्डमा साधक सत्काय दृष्टिको नियन्त्रणबाट मुक्त नहुने हुन्छ र यसरी सत्काय दृष्टिबाट विमुक्त नभएको व्यक्तिले धम्म ववत्थान-ञाण (धर्म-व्यवस्थान-ज्ञान) को आलोक प्राप्त गर्न सक्ने छैन ।** मैले देखें वा हेरें भन्ने जुन साबिक देखिने धारणा लिई आएको सत्काय दृष्टिको धारणा छ सो सत्काय दृष्टिबाट मुक्त हुने ज्ञान चक्षु प्राप्त भएमा मात्र साधकलाई धम्म-ववत्थान ञाण (धर्म-व्यवस्थान-ज्ञान) प्राप्त हुनेछ ।

निद्देस पालि, विसुद्धि मग्ग अत्थ कथा (निर्देश पालि, विशुद्धि मार्ग कर्थ कथा) मा "विज्जुप्पादाव आकासे उप्पज्जन्ति वयन्तिच" भनी उल्लेख भए बमोजिम आकाशमा एउटा बिजुली चम्किने समयावधि वा आँखाको एक झिम्काई (पलक) को समयभित्रमा उत्पत्ति र विनाश हुने विज्ञान धातु स्वभावलाई देख्न सक्नु पर्दछ ।

**अनित्य, दुःख र अनात्माको भाविता अभ्यास गर्नु नै नित्य संज्ञा, सुख संज्ञा, आत्मा संज्ञा, सत्व पुद्गल संज्ञा, जीव संज्ञाको विनाश गर्नुको लागि हो ।** एक बिजुली चम्किने अवधिभित्र उत्पत्ति र विनाश हुने धातु स्वभावलाई देख्न सकेमा मात्र संसार नित्य छ, सुखमय छ, आत्मा छ, सत्व छ, पुद्गल छ वा जीव छ भनी आधार लिई मानी आएका संज्ञाहरू वास्तवमा आधारहीन ठहरी अनित्य, दुःख र अनात्मा रहेछ भन्ने ज्ञान प्रष्ट रूपमा प्रकट हुनेछ । यस किसिमबाट यथार्थ दर्शन हुन सकेमा मात्र धम्म-ववत्थान-ञाण (धर्म-व्यवस्थान-ज्ञान) प्राप्त हुनेछ । एउटा विजुली चम्किने समयावधिभित्र पनि नाम रूप धर्मको उत्पत्ति र विनाश सयौं हजारौं पटक भई सक्ने हुँदा उक्त क्षणिक समयभित्र उत्पत्ति र विनाश भइसक्ने कुरा सत्वहरूको साधारण ज्ञानले मात्र देख्न जान्न सकिने विषय होइन । साधारणजनले अत्यन्त क्षणिक समयावधिभित्र सयौं हजारौं पटक उत्पत्ति र विनाश भइसक्ने ती नाम धातु स्वभावको सम्पूर्ण उत्पत्ति र विनाश प्रक्रियालाई आफ्नै विपश्यना ज्ञानबाट हेरी पत्ता लगाउँछु भनी सयौं हजारौं वर्षसम्म विपश्यनाको अभ्यास गर्ने प्रयास गरेमा पनि आफ्नो विपश्यना-ज्ञान-दर्शनबाट अणु प्रमाणसम्म पनि पत्ता लगाउन सकिने छैन । त्यस व्यक्तिलाई सम्मोह दुःख मात्र हुनेछ । किनभने नाम धर्म भनेको आँखाको एक पलक अवधिभित्र वा एउटा विजुली चम्किने समयावधिभित्र वा एक चुत्की बजाउँदाको समयावधिभित्र पनि एक लाख कोटीभन्दा बढी पटक उत्पत्ति र विनाश भई सक्तछन् भने कुरा ग्रन्थमा उल्लेख भएको पाइन्छ । साधारणजनको लागि एक आँखा झिम्काइको समयावधि पनि अति छिटो हुने हुँदा ग्रन्थमा उल्लेख भए अनुसार एक आँखा झिम्काइको समयावधिभित्र एक लाख कोटी पटकभन्दा बढी उत्पत्ति र विनाश भइसक्ने नाम धर्मको सम्पूर्ण उत्पत्ति र



https://dhamma.digital

विनाश प्रक्रियालाई आफ्नै ज्ञान चक्षुबाट हेर्छु, देख्छु भनी चिन्तन भाविता गर्नु ठीक छैन । तसर्थ माथि चर्चा गरिआए अनुसार बिजुली चम्किने एक क्षणिक घडीभित्र पनि उत्पत्ति र विनाश भइसक्ने नाम रूप धर्म वास्तवमा कुनै सारतत्व आधार भरोशा केही नभएको र आधार भरोशा र शरण लिन पनि नसकिने अनित्य कुरा हो भनेसम्म ज्ञान दर्शन प्राप्त गर्न सकेमा पनि साधारण जनको निम्ति पर्याप्त हुने हुन्छ ।

सर्वज्ञ ज्ञान विषय र अभिधर्मको ग्रन्थमा चर्चा गरिएको विषयलाई नबुझी चक्षुद्वार वीथि एउटाभित्र उत्पत्ति र विनाशलाई देखेमा मात्र त्रि-लक्षण ज्ञान प्राप्त हुनेछ भनी जुन भनाइ भन्ने गरेको छ यस्तो भनाइ वास्तवमा विषयवस्तुको अज्ञानताकै कारणबाट भनिने गरिने हुन्छ र यस्तो भनाइ वस्तुतः यथार्थ विपश्यना-ज्ञान-दर्शनबाट निकै टाढाको कुरा हो । यसबाट एउटा बिजुली चम्किने क्षणिक समयावधिभित्र एक लाख कोटी पटकभन्दा बढी उत्पत्ति र विनाश भईसक्ने नाम धर्म स्वभावलाई सम्पूर्ण रूपमा देख्ने जान्ने विषय सम्यक् सम्बुद्धको सर्वज्ञ ज्ञान दर्शनको विषय मात्र हुन सक्ने र साधारण विपश्यनाको अभ्यास गर्ने साधक योगीको लागि त्यति हदसम्मको ज्ञान दर्शन हुन नपर्ने र हुन नसक्ने विषय हो भन्ने कुरा प्रष्ट गर्न खोजिएको छ ।

विज्ञान-धातुको प्रकाश यहीं सकिन्छ ।

## आलोक प्राप्ति

यसरी पृथ्वी, आप, तेज, वायु धातु ४, आकाश धातु १ र विज्ञान धातु १ समेत ६ धातुहरूलाई माथि चर्चा गरिआए बमोजिम, सुमेरू पर्वत, चक्रवाल पर्वत, महान् पृथ्वी, समुद्रको पानी आदि वाह्य जगतलाई र मनुष्य, सत्व, देव, ब्रम्हा आदि पुद्गलहरूलाई पनि योग्यतानुसार धातुहरूको रूपमा मात्र हेर्न देख्न सकिएमा मात्र बुद्ध धर्ममा प्रथम आलोक भनी उल्लेखित धम्म-ववत्थान-ञाण (धर्म-व्यवस्थान-ज्ञान) प्राप्त हुनेछ ।

## प्रेरणा

कुनै पनि रूपादि वस्तुमा अज्झत्त (आन्तरिक) र बहिद्ध (बाह्य) भागमा माथि चर्चा गरिएका ६ धातुहरूलाई देख्न जान्न नसकेमा बुद्ध धर्ममा प्रथम आलोक भनी समुल्लेख भएको धर्म-व्यवस्थान-ज्ञान प्राप्त नभई धर्म सम्मोह अन्धकारमा डुबी रहने हुन्छ । तसर्थ उपर्युक्त ज्ञान आलोक प्राप्त गराउन सक्ने दुर्लभ बुद्ध शासन सुलभ हुन आएको वर्तमान अवस्थालाई सार्थक तुल्याउन ती ६ धातुहरू विषयको ज्ञान प्राप्त गर्ने प्रयास गर्नु पर्दछ । धम्म-ववत्थान-ञाण आलोक (धर्म-व्यवस्थान-ज्ञान आलोक) लाई सविस्तार गरिएको वर्णन यहीं सकिन्छ ।



https://dhamma.digital

## पच्चय परिग्गह ञाण आलोक
## (प्रत्यय परिग्रह ज्ञान आलोक)

पच्चय परिग्गह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक) का विषयमा कति मात्रामा पच्चय ञाण आलोक (प्रत्यय ज्ञान आलोक) प्राप्त भएमा पच्चय परिग्गह ञाण आलोक प्राप्त हुन्छ त ? पृथ्वी, आप, तेज, वायु, आकाश, नामक रूप धातु ५ मा कर्म, चित्त, ऋतु, आहार नामक हेतु धर्म ४ विज्ञान भन्ने नाम धातु १ र वत्थु (वस्तु) र आरम्मण (आलम्वन) भन्ने हेतु २ गरी यी ६ धातुहरूका हेतु धर्म ६ का विषयमा ज्ञान आलोक प्राप्त भएमा पच्चय परिग्गह ञाण आलोक प्राप्त हुनेछ ।

### चार हेतु धर्मको कारणबाट चार धातुहरूको उत्पत्ति हुने विधि

पृथ्वी, आप, तेज, वायु नामक चार धातुहरू

[१] कर्मबाट उत्पत्ति भएका चार
[२] चित्तबाट उत्पत्ति भएका चार
[३] ऋतुबाट उत्पत्ति भएका चार र
[४] आहारबाट उत्पत्ति भएका चार गरी चार किसिमका चार धातुहरू छन् ।

आकाश धातु उत्पत्ति जाति भइरहेको धर्म नभई हेतु धर्मको कारणबाट उत्पत्ति भइरहेका रूप कलापका चार धातुहरूका बीच बीचमा मात्र यो आकाश धातु विद्यमान रहिरहने हुदा यो आकाश धातुको हेतु धर्म भनेको छैन । पच्चय धर्म (प्रत्यय धर्म) मा तसर्थ आकाश धातुलाई मिश्रण गरी छुट्याइनु हुन ।

### कर्म भन्नाले

पूर्व (अतीत) जन्ममा गरिआएको दान, शील आदि कुशल कर्म र प्राणातिपात, अदत्तादान आदि अकुशल कर्म गरी दुई किसिमका हुन्छन् ।

कर्मको कारणले उत्पत्ति हुने रूपहरूः–

- जीव (जीव) नामक जीवित रूप,
- हदय (हृदय) नामक हृदय वस्तु रूप,
- स्त्रीको आकार उत्पत्ति हुनाको हेतु भएको इत्थि भाव (स्त्रीभाव) रूप,
- पुरूषको आकार उत्पत्ति हुनाको हेतु भइरहेको पुम्भाव (पुरूष भाव) रूप र
- चक्षु प्रसाद रूप, श्रोत प्रसाद रूप, घ्राण प्रसाद रूप, जिह्वा प्रसाद रूप र काय प्रसाद रूप समेतका यी रूपहरू अतीत कर्मको कारणले उत्पन्न भएका रूप हुन् ।



https://dhamma.digital

## अतीत कर्मको कारणबाट उत्पत्ति भएको प्रमाण

एक जन्ममा जीव भनिने जीवित रूपको शरीरमा एक पटक मात्र विनाश भएपछि पनि ऋतु, आहार, औषधि, पथ्य आहार भोजनको माध्यमबाट पुनर्वार एक पटक मात्र नयाँ उत्पत्ति गर्छु भनी कोशिस गरेमा पनि सो विनाशमा प्राप्त भइसकेको जीवित रूपलाई पुनर्जीवित गर्न सकिन्न । सो काय स्कन्धको विनाश भई हाल्छ, मृत्यु भई हाल्छ । हदय (हृदय) भन्ने गरिएको हदय वत्थु (हृदय वस्तु) रूपको विनाश हुने कुरा पनि त्यस्तै नै हो । चक्षु प्रसाद रूपको विनाश भएपछि पनि औषधि वा पथ्य आहार भोजनको सेवन गर्नाले मात्र पुनः चक्षु प्रसाद रूपलाई सजीव तुल्याउन वा पुनः नयाँ उत्पत्ति गराउन सकिन्न । श्रोत प्रसाद, घ्राण प्रसाद, जिह्वा प्रसाद र काय प्रसादको विनाशका विषयमा पनि यही कुरा लागू हुन्छ । रूप सन्ततिको धारा वा प्रवाह अविच्छिन्न रूपबाट जारी भइरहेसम्म मात्र रूपको जीवित भइरहन्छ । एक पटक सो रूप सन्ततिको धारा विनाश भई अवरूद्ध भईसकेपछि पुनर्वार औषधि वा पथ्य आहार भोजनको सेबनबाट मात्र यसलाई पुनर्जीवित गर्न सकिन्न । कर्मबाट निर्मित धातु चार सबैमा यही कुरा लागू हुन्छ भन्ने कुरा बुझ्नु पर्दछ । कर्मको कारणबाट उत्पत्ति हुने धातु चारको वर्णन यहीं सकिन्छ ।

चित्त भनेको-अकुशल चित्त, कुशल चित्त र अव्याकत (अर्थात् अव्याकृत) चित्त गरी तीन प्रकारका हुन्छन् । अकुशल चित्त पनि लोभ चित्त, दोष चित्त र मोह चित्त, मान, इर्ष्या, मात्सर्य, कौकृत्य, व्यापाद आदि अनेक किसिमका हुन्छन् । कुशल चित्तमा पनि दान चित्त, शील चित्त, मैत्री चित्त, करूणा चित्त, मुदिता चित्त, उपेक्षा चित्त, श्रद्धा चित्त, प्रज्ञा चित्त, ध्यान चित्त आदि धेरै किसिमका हुन्छन् । अव्याकृत चित्तमा पनि विपाक चित्त, क्रिया चित्त, निद्रा-चित्त, प्रतिसन्धि चित्त, भवङ्ग चित्त, आवर्जन चित्त, सन्तीर्ण चित्त, सम्प्रतिच्छन्न चित्त, तदालम्बन चित्त, च्यूति चित्त आदि धेरै किसिमका छन् ।

अरू किसिमबाट भन्ने हो भने कायकम्म (काय कर्म) चित्त, वचि कम्म (बचन कर्म) चित्त र मनो कम्म (मन-कर्म) चित्त भन्ने तीन किसिमका चित्त हुन्छन् । काय कर्म चित्त भन्नाले जाने चित्त, उभिरहने चित्त, बसिरहने चित्त, हात खुम्च्याउने चित्त, हात फिंजाउने चित्त आदि धेरै किसिमका छन् । जाने (गमन गर्ने) पनि गमन गर्ने इर्यापथलाई अग्रसर गराउने चित्त, पहिलो कदमलाई अघि बढाउने चित्त, द्वितीय कदमलाई अघि बढाउने चित्त आदि रूपबाट गमन गर्ने चित्तको सन्तति नटुटेसम्म गमन गर्ने चित्तको प्रक्रिया जारी भैरहने हुन्छ । यस प्रकारबाट शरीरका विभिन अङ्गहरू चलाउन पनि सम्बन्धित चित्तहरूकै अनुसार सम्बन्धित अङ्गहरूको सञ्चालन प्रक्रिया जारी रहन्छ ।



https://dhamma.digital

उपमा:- जस्तो रेलगाडीको तातो पानी रहने यन्त्र (भाँडो) बाट एक पटक बाफ निस्कंदा एक पटक रेल गाडीको मेशिन सञ्चालित हुन्छ। सो बाफ चिम्नीमा पुगी चिम्नीबाट एक पटक बाफ निस्कनासाथ एकपटक आवाज निस्कन्छ र मेशिन पनि चल्ने हुन्छ । सो बाफ निस्केपछि भिन्न भिन्न किसिमबाट कार्य सञ्चालित हुन्छ । ठूला ठूला कलकारखाना र ठूला ठूला जहाजहरूमा पनि यसरी नै बाफ निस्कनासाथ मेशिन सञ्चालित हुने गर्दछ । यहाँ बाफ भनेको चित्त समान हो भने कायका विभिन्न अङ्गका सञ्चालन प्रक्रियाहरू बाफद्वारा सञ्चालित रेलगाडीका विभिन्न मेशिनका पार्टपूर्जाहरूका सञ्चालन प्रक्रिया समान हुन् । यसरी काय कर्म र चित्तको आपसी सम्बन्ध र क्रियाकलाप सम्वन्धमा पनि बुझ्नु पर्दछ ।

## विभिन्न काय कर्म रूपको उत्पत्ति

त्यस्तै नै गमन गर्ने इर्यापथमा पनि एक कदम पाइला चाल्दा रूपसंगै चित्त पनि अलग्गै उत्पत्ति भएको हुन्छ । पहिलो कदम पाइला चलाउने कार्यको अन्त हुनासाथ सो पाइला चाल्न लगाउने चित्तको पनि विनाश हुन्छ। अनि दोश्रो कदम पाइला चलाउने लगाउने चित्तको उत्पत्ति भई दोश्रो कदम पाइला चलाउन गोडा उठाउनासाथ सो कदम उठाउन लगाउने चित्तको निरोध हुन्छ । यसरी नै १०० कदम पाइला चाल्दा चित्त पनि १०० पटक नै उत्पत्ति भई निरोध हुन्छन् भने रूप पनि १०० पटक नै उत्पत्ति भई निरोध हुने गर्दछ । १००० कदम पाइला चाल्दा चित्त पनि १००० पटक उत्पत्ति भई निरोध हुन्छन् भने रूप पनि १००० पटक नै उत्पत्ति भई निरोध हुन्छन् । अघिल्ला पाइला उठाउन लगाउने चित्त अघिल्ला पाइला नामक रूपसंग मात्र सम्वन्धित हुन्छन् र ती चित्त त्यसपछि उत्पन्न भएका रूपसंग सम्बन्धित हुन आउँदैनन् । जुन पाइलाको लागि चित्त उत्पत्ति भएको छ सो पाइला नामक रूपसंगै निरूद्ध भएर जान्छ । पाइला चाल्ने प्रक्रियामा आफ्नो देहभरिकै अङ्ग प्रत्यङ्गहरू नयाँ नयाँ किसमले सञ्चालन हुने प्रक्रियाहरू उत्पन्न हुन्छन् । नयाँ नयाँ चित्त उत्पत्ति हुनाको कारणले गर्दा नै देहका ती विभिन्न अंग प्रत्यंग नामक रूपहरू उत्पन्न भएका हुन् । एक दिनभित्रमा शिर, गोडा, हात आदि अङ्ग प्रत्यङ्गहरू भिन्न भिन्न किसिमबाट चलिरहेका हुन्छन् । स्वास प्रस्वास तान्ने र छाड्ने, आँखा झिम् झिम् झिम्किने, मुख चलाउने, इत्यादि विभिन्न शारिरीक अङ्गहरू चल्ने प्रक्रियाको साथ साथै चित्त पनि त्यसरी नै उत्पत्ति भइरहेका हुन्छन् ।

यो हो भिन्न काय कर्म चित्तको कारणले भिन्न भिन्नै काय कर्म रूपको उत्पत्ति हुने विधि ।



https://dhamma.digital

## विभिन्न वचि कम्म (वचन-कर्म) रूपको उत्पत्ति

विभिन्न वचि कम्म चित्तको कारणले वचि कम्म रूप पनि भिन्न भिन्न किसिमबाट नै उत्पत्ति हुने विधि कस्तो हुन्छ भन्ने कुरा गर्ने, हाँस्ने, रूने, ठूलो स्वरले कराउने, आदिमा पनि एक एक वटा शब्दको उत्पत्ति हुंदा एक एक वटा चित्त पनि उत्पन्न भएको हुन्छ । जस्तो इतिपि सो भगवा अरहं सम्मा सम्बुद्धो भनी पाठ गर्दा इ भन्ने अक्षरलाई बोल्न लगाउने चित्त एउटा छुट्टै हुन्छ भने ति भन्ने अक्षरलाई उच्चारण गर्न लगाउने चित्त भिन्नै हुन्छ । पि भन्ने अक्षरलाई उच्चारण गर्न लगाउने चित्त भिन्नै हुन्छ । एवम् प्रकारले भगवान् बुद्धलाई वन्दना गर्दछु भनी भन्दा पनि भ भन्ने अक्षरलाई उच्चारण गर्न लगाउने चित्त, ग भन्ने अक्षरलाई उच्चारण गर्न लगाउने चित्त, वा भन्ने अक्षरलाई उच्चारण गर्न लगाउने चित्त आदि भिन्ना भिन्नै चित्त हुन्छन् । सम्बन्धित अक्षरको निरोध हुंदा सो अक्षरलाई उच्चारण गर्न लगाउने चित्तको पनि संगै निरोध हुन्छ भने कुरा थाहा पाउनु पर्दछ ।

यो हो भिन्न भिन्न वचि कम्म चित्त (वचन-कर्म चित्त)को कारणले भिन्ना भिन्नै वचि कम्म रूम (वचन-कर्म रूप) को उत्पत्ति हुने विधि ।

## विभिन्न मनो कम्म (मन-कर्म) रूपको उत्पत्ति

विभिन्न मनो कम्म चित्त (मन-कर्म चित्त)को कारणले आँखा, मुख, आदि शरीरका विभिन्न अङ्ग प्रत्यङ्गहरू कसरी उत्पन्न हुन्छन् त ? दोष उत्पत्ति हुंदा मुखको रूप नै आर्कै हुन्छ भने मैत्री चित्त, श्रद्धा चित्त उत्पत्ति हुंदा मुखको रूप नै भिन्नै हुन्छ । दौर्मनस्य (पालिमा दोमनस्स) चित्त उपत्ति हुंदा अनुहारको रूप भिन्नै हुन्छ भने सौमनस्य (पालिमा सोमनस्स) चित्त उत्पत्ति हुंदा अनुराको रूप नै आर्कै हुन्छ । यसै प्रकारले सम्बन्धित चित्तको अनुसार नै सम्बन्धित रूप पनि उत्पत्ति हुने विषयलाई जान्नु बुभ्नु पर्दछ । यो हो विभिन्न मनो चित्तको कारण विभिन्न मनो कम्म रूपको उत्पत्ति हुने विधि ।

यसप्रकार चित्तको कारणले रूप धातु चार उत्पत्ति हुने हुंदा प्रत्येक एक दिनको भित्रमा एक जना व्यक्तिमा हजारौं दशौं हजारभन्दा बढी भिन्न भिन्न किसिमका चित्त उत्पन्न हुनाको कारणले प्रत्येक दिन मै एक जना व्यक्ति मै हजारौं दशौं हजारभन्दा बढी किसिमका थरी थरीका रूप उत्पन्न हुने तथ्यलाई यहाँ दर्शाइएको हो ।

## महा-अन्धकार

गमन गर्ने चित्तको कारणबाट गमन गर्ने रूप उत्पत्ति हुने विषयलाई पुद्गल गयो, सत्व गयो, स्त्री गइन्, पुरूष गयो, त्यो गयो, म गएँ इत्यादि



https://dhamma.digital

रूपबाट गमन गर्ने व्यक्ति भएमा मात्र गमन गर्ने रूप उत्पन्न हुन्छ भनी लिइराख्ने धारणा जो छ त्यो महा-अन्धकार हो ।

## पच्चय परिग्गह ञाण आलोक
## (प्रत्यय परिग्रह ज्ञान आलोक)

गमन गर्ने कार्यलाई प्रेरित गर्ने चित्त जो हो त्यो न पुद्गल हो, न पुरूष हो, न स्त्री हो, न त्यो हो, न म हुं, न मान्छे हो, न देवता हो, केवल चित्त नामक एक धातु मात्र हो । त्यो विज्ञान चित्त धातु (पालिमा विञ्ञाण चित्त धातु) को कारणले उत्पत्ति भई यताउति चलिरहेका पनि पुद्गल, सत्व, आत्मा, जीव, स्त्री, पुरूष, मानिस होइनन्, न म हुं, न त्यो हो । यताउति गमन गर्ने कार्यलाई सञ्चालन गर्ने कर्ता नामक कुनै व्यक्ति वा व्यक्तित्व छैन । यताउति जाने व्यक्ति भन्ने पनि छैन । त्यस्तै आउने भन्ने पनि छैन, उभिरहने भन्ने पनि छैन, बसिरहने भन्ने पनि छैन, सुतिरहने व्यक्ति भन्ने पनि छैन, कुराकानी गर्ने वाला भन्ने पनि छैन, कारक पुद्गल भन्ने पनि छैन, कर्ता पुद्गल भन्ने पनि छैन, मायावी रूप बदल्ने भन्ने कोही छैन । केवल चित्त रूपी हेतु धर्मको आनुभावले मात्र गमन गर्ने रूप, आगमन गर्ने रूप, बस्ने रूप, सुत्ने रूप, कुरा गर्ने रूप, उत्पत्ति हुने हुन् भन्ने कुरालाई स्पष्ट रूपबाट देख्न बुझ्न सकिने ज्ञानलाई पच्चय परिग्गह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक) भन्निछ ।

विञ्ञाण चित्त (विज्ञान चित्त) को कारणले चार धातुको उत्पत्ति हुने विषयको वर्णन यहीं सकिन्छ ।

## ऋतुको कारणले उत्पत्ति हुने रूप

ठण्डी ऋतुको कारणले चीसै रूप कलापको उत्पत्ति हुन्छ भने गरम ऋतुको कारणले गरमै रूप कलापको उत्पत्ति हुन्छ । जाडो मौसममा शीत ऋतुको कारणले शीत स्कन्धको उत्पत्ति हुन्छ । गर्मी मौसममा उष्ण ऋतुको कारणले उष्ण स्कन्धको उत्पत्ति हुन्छ । वर्षा याममा शीत र उष्ण मिश्रित भइरहन्छ । एकदिन भित्रैमा बेलुकीपख शीत स्कन्ध उत्पन्न हुन्छ भने दिउँसोपख उष्ण स्कन्ध उत्पन्न हुन्छ । सूर्यको उदय हुँदा उष्ण स्कन्धको उत्पत्ति हुन्छ भने सूर्यास्त हुने समयमा शीत स्कन्धको उत्पत्ति हुन्छ । घाम चर्किदाको बेलामा उष्ण स्कन्ध उत्पन्न भई जिउ पूरै गर्मी भई पसिना काढिन्छ भने बृक्षको छायाँ मुनि शीत स्कन्ध उत्पन्न भई गर्मी शान्त भई जिउ सञ्चो हुन्छ । सुत्दा, बस्दा शीत स्कन्ध उत्पन्न हुन्छन् भने उभिरहँदा, गमन गर्दा उष्ण स्कन्धको उत्पत्ति हुन्छ । त्यस्तै भारी बोक्दा, खाडल खन्दा, कुनै चीज काट्दा, कुनै बस्तु भाँच्दा, खनजोत गर्दा, चिर्दा उष्ण स्कन्ध उत्पन्न हुन्छन् भन्ने उपर्युक्त कामबाट आराम गर्दा शीत स्कन्ध उत्पत्ति हुन्छ । यस प्रकारले एक दिनकै समयमा एकजना



https://dhamma.digital

व्यक्तिमै समय समयमा एकपछि अर्को गरी हजारौं हजार पटक भन्दा बढीको संख्यामा शीत ऋतुको कारणबाट शीत रूप बारम्बार उत्पन्न हुने र उष्ण ऋतुका कारणबाट उष्ण रूप बारम्बार उत्पन्न हुने कुरालाई आफ्नै शरीरभित्रै राम्ररी ध्यान दिएर हेर्नु पर्दछ।

ऋतुको कारणले उत्पत्ति हुने ऋतुज धातु चारको रूपबाट रूप धातु उत्पत्ति हुने विषयको वर्णन यहीं सकिन्छ।

## महा–अन्धकार

शीत रूप शीत स्कन्ध, उष्ण रूप उष्ण स्कन्धहरू पालै पालो गरी उत्पन्न हुंदा शीत ऋतुको कारणले शीत रूप उत्पन्न हुने र उष्ण ऋतुको कारणले उष्ण रूपको उत्पत्ति हुने भन्ने कुरालाई नबुझ्नुलाई पच्चय सम्मोह अन्धकार अर्थात् प्रत्यय सम्मोह अन्धकार भनिन्छ।

## कारक दिट्ठि (कारक दृष्टि), वेदक दिट्ठि (वेदक दृष्टि)

यही प्रत्यय सम्मोह अन्धकारबाट कारक दृष्टि उत्पन्न हुन्छ र वेदक दृष्टि उत्पन्न हुने हुन्छ। आफूलाई शीतलको इच्छा हुंदा शीतल पार्न सक्छु र गर्मीको इच्छा हुंदा गरम गराउन सक्छु भनी जुन धारणा लिइने हो त्यस धारणालाई कारक दृष्टि भनिन्छ। आफ्नो शरीरलाई शीतल पारी म शीतलको अनुभव गर्दैछु र आफ्नो शरीरलाई गरम पारी म गर्मीको अनुभव गर्दैछु भनी लिइने धराणालाई वेदक दृष्टि भनिन्छ। पूर्वजन्ममा मैले कुशल कर्म गरिआएकोले यस जन्ममा उच्च कुल, सुन्दर रूप, धन सम्पदाबाट परिपूर्ण आदि कुशल फल म अनुभव गर्दैछु र अतीत जन्महरूमा मैले अकुशल कर्म गरिआएको हुंदा यस जन्ममा मैले तुच्छ (हीन कुल), कुरूप, अत्यधिक रोग व्याधि, हीन व्यक्तित्व, दरिद्रता आदि अकुशल फल म भोग्दै छु, उसले गरेको कर्मको फल उसैले भोग्नु पर्छ, मैले गरेको कर्मको फल मैले नै भोग्नु पर्छ भन्ने कुराहरूमा मैले गरें, त्यसले गऱ्यो भन्ने जुन धारणा राखिएको हुन्छ त्यस दृष्टिलाई कारक दृष्टि भनिन्छ। म अनुभव गर्दैछु, त्यसले अनुभव गर्दैछ भन्ने धारणा लिइएकोलाई वेदक दृष्टि भनिन्छ। मैले खेतीको काम गर्न सकेकोले मैले भात खान पाएको छु भन्ने धारणा जो छ त्यस्तो धारणालाई पनि कारक दृष्टि भनिन्छ।

## पच्चय परिग्गह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक)

सम्बन्धित ऋतुको कारणबाट सम्बन्धित रूपको उत्पत्ति हुन्छ भनी स्पष्ट रूपबाट राम्ररी देख्न सकिने ज्ञान आलोकलाई पच्चय परिग्गह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक) भनिन्छ। यस्तो आलोक प्राप्त भए पछि मात्र मैले गरें, त्यसले गऱ्यो भन्ने कारक दृष्टि र ईश्वरले सृष्टि गरेको हो भन्ने कारक दृष्टि सबै लोप भएर जान्छ, निरूद्ध भएर जान्छ। ऋतुको



https://dhamma.digital

कारणबाट ऋतुज धातु चारको रूपबाट रूपधातुको उत्पत्ति हुने विषयको वर्णन यहीं सकिन्छ ।

## आहारको कारणले उत्पत्ति हुने रूप

आहारको कारणबाट चार धातुको रूपको उत्पत्ति हुने बारेमा आहार भनेको खाई निलेर पठाइने आहारलाई कवलीकार आहार भनिन्छ ।

मानिसले दिनको दुई छाक आहार भोजन गरेको र गाई, भैंसी, हात्ती, घोडा आदिले पनि दिनहुं आहार भोजन खाई आएको कुरालाई राम्ररी हेरी विचार गरी आहार खान नपाउँदा के कस्तो रूप स्कन्धको उत्पन्न हुन्छ, आहार खाइरहँदा, र आहार खाई निलिसकेपछि कुन रूप स्कन्धको उत्पत्ति हुन्छ भन्ने विषयलाई दृष्टान्त आफ्नै चक्षुले हेरेर पनि थाहा पाउन सकिन्छ ।

पेटमा आहार केही नहुंदा मलीन रूप स्कन्धको उत्पत्ति भइरहन्छ भने पेटमा आहार रहंदा प्रफुल्लित पुष्ट रूपको रूप स्कन्धको उत्पत्ति भइरहन्छ । प्रतिकूल आहारको भोजनले जरो आउने आदि व्याधि रूप, कष्ट रूप उत्पन्न हुने र अनुकूल पथ्य आहारको भोजनले स्वस्थ रूप निरोगी रूपको उत्पत्ति हुनेमा ऋतु र आहार दुवैको सम्बन्ध रहेको हुन्छ ।

## महा-अन्धकार

यस लोकमा खान नपाईंदा र समयमा खान नखाँदा क्षुधाबाट पीडित मलीन रूप, क्लान्त रूप, कमजोर रूप, अशक्त रूप उत्पन्न हुन्छन् भने आहार भोजन गर्दा चक्षु शान्त भई स्फूर्त रूप, प्रफुल्लित रूप, सबल रूप र सशक्त रूप स्कन्धको उत्पत्ति हुन्छन् भन्ने कुराको थाहा जानकारी भए तापनि मैले खाएको हुंदा मेरो पेट भरेको हो, ममा बल प्राप्त भएको हो, ममा स्फूर्ति आएको हो, म निरोगी भएको हुं, म तृप्त भएको हुं भनी "म" लाई नै प्राधान्यता दिई विश्वास धारण लिइआएको हुंदा यस्ता लोकजन पच्चय सम्मोह (प्रत्यय सम्मोह) अन्धकारबाट मुक्त हुदैनन् ।

## पच्चय परिग्रह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक)

"म" भन्नेलाई प्राधान्यता नदिई यो चार धातु पुञ्जको रूप स्कन्ध आहारको कारणबाट उत्पन्न भएको र आहारबाट सम्वन्धित हुंदा रूप नष्ट हुंदा मलीन रूप, क्लान्त रूप, कमजोर रूप, अशक्त रूप उत्पन्न हुन्छन् भने आहारको भोजन गर्नाले आहारको कारणबाट उत्पन्न भएको र आहारबाट सम्वन्धित रूप हुंदा स्फूर्त रूप, प्रफुल्लित रूप, सवल रूप, सशक्त रूप उत्पन्न हुने हुन् भनी चार रूप धातुको हेतुको कारणलाई स्पष्ट रूपबाट राम्ररी देख्न जान सकिने ज्ञान आलोकलाई पच्चय परिग्गह ञाण आलोक (प्रत्यय परिग्रह ज्ञान आलोक) भनिन्छ ।



https://dhamma.digital

यो हो कर्म, चित्त, ऋतु, आहार नामक हेतु धर्म चारको कारणबाट पृथ्वी, आप, तेज, वायु नामक चार धातु उत्पत्ति हुने विधिको वर्णन ।

## वत्थु (वस्तु) र आरम्मण (आलम्वन) दुइटाको संयोगबाट विज्ञानको उत्पत्ति हुने विधि

वत्थु (वस्तु) र आरम्मण (आलम्वन) दुइटाको संयोगको हेतुबाट विज्ञान नामक नाम धातुको उत्पत्ति कसरी हुन्छ त ? वत्थु भन्नाले –

[१] चक्षुमा प्रसाद धातु नामक चक्खु वत्थु अर्थात् चक्षुवस्तु -१

[२] श्रोतमा (कानमा) प्रसाद धातु नामक सोत वत्थु (अर्थात् श्रोत वस्तु) -१

[३] घ्राण (नाक) मा प्रसाद धातु नामक घाण वत्थु (घ्राण वस्तु) -१

[४] जिह्वामा प्रसाद धातु नामक जिह्वा वत्थु (जिह्वा वस्तु) -१

[५] काय (शरीर) मा प्रसाद धातु नामक काय वत्थु (काय वस्तु) -१

[६] हृदय (छाती) मा हदय (हृदय) नामक हदय वत्थु (हृदय वस्तु) -१ समेत गरी वत्थु (वस्तु) जम्मा ६ किसिमका हुन्छन् । यो हो वत्थु (वस्तु) विषयको वर्णन ।

आरम्मण भन्नाले –

[१] वर्ण नामक चक्षुवाट देखिने रूपारम्मण (रूप-आलम्बन) -१

[२] शब्द नामक कानबाट सुनिने सद्दारमण (शब्दालम्वन) -१

[३] गन्ध नामक नाकबाट सुँघिने गन्धारम्मण (गन्ध-आलम्बन) -१

[४] रस नामक जिह्वाबाट स्वाद लिइने रसारम्मण (रस-आलम्बन) -१

[५] पृथ्वी, तेज, वायुको ठण्डी गर्मी र साह्रोपन मिली बनेको फोठब्ब [स्प्रष्टव्य] नामक काय-इन्द्रीयद्वारा स्पर्श हुने फोट्टब्बारम्मण [स्पर्श-आलम्बन] -१

[६] मनो-विञ्ञाण चित्त [मनः- विज्ञान चित्त] बाट मात्र थाहा पाइने उपर्युक्त पाँच किसिमका आरम्मणहरूदेखि भिन्नै रहेका धर्म स्वभावहरूको आरम्मण-धम्मारमण [धर्म-आलम्बन] -१ समेत गरी आरम्मण जम्मा ६ किसिमका हुन्छन् ।

यो हो आरम्मण [आलम्बन] विषयको वर्णन ।

## वत्थु [वस्तु] र आरम्मण [आलम्बन] दुइटाको संयोगले विञ्ञाण-धातु [विज्ञान-धातु] को उत्पत्ति हुने तरीका

[१] चक्खु वत्थु [चक्षु-वस्तु] र रूपारम्मण दुइटाको संयोगले चक्खु विञ्ञाण [चक्षु-विज्ञान] धातु उत्पन्न हुन्छ ।



https://dhamma.digital

[२] सोत-वत्थु र सद्दारम्मण दुईटाको संयोगले सोत-विञ्ञाण [श्रोत-विज्ञान] धातुको उत्पत्ति हुन्छ ।

[३] घाण वत्थु [घ्राण-वस्तु] र गन्धारम्मण [गन्ध-आलम्मण] दुईको संयोगले घाण विञ्ञाण [घ्राण-विज्ञान] धातुको उत्पत्ति हुन्छ ।

[४] जिह्वा वत्थु [जिह्वा-वस्तु] र रसारम्मण दुईको संयोगले जिह्वा-विञ्ञाण [जिह्वा-विज्ञान] धातुको उत्पत्ति हुन्छ ।

[५] काय वत्थु र फोट्ठब्बारम्मण दुईको संयोगले काय-विञ्ञाण-धातुको उत्पत्ति हुन्छ ।

[६] हदय वत्थु [हृदय वस्तु] र सम्बन्धित धम्मारम्मण दुईको संयोगले मनो विञ्ञाण धातुको उत्पत्ति हुन्छ ।

[यहाँ मनो-धातु चाहिं मनो विञ्ञाण धातु मै समाविष्ट भैसकेको छ । यसरी संक्षिप्त रूपमा जान्नु पर्दछ ।]

## उपमा सहित विस्तृत विवरण

चक्खु वत्थु र रूपारम्मणको संयोग हुनाको कारणले ती रूपलाई देख्न सकिने चक्खु विञ्ञाण धातु उत्पन्न हुन्छ । उपमा दर्पणमा मान्छेको अनुहार प्रतिविम्वित भए जस्तै हो । दर्पण र आँखाभित्र रहेको चक्खु वत्थु प्रसाद रूप समान हो । मानिसको अनुहार सम्बन्धित वर्ण रूप समान हो । दर्पण र मानिसको अनुहारको संयोगको कारणले दर्पणमा मानिसको अनुहारको प्रतिविम्व देखिए झैं चक्षुभित्र रहेको चक्खु वत्थु प्रसाद रूप र चक्षुको अगाडि विद्यमान भइरहेका रूपाकारहरूको संयोग हुनाको कारणले चक्खु वत्थु प्रसाद रूपमा चक्खु विञ्ञाण नामक देख्ने धातु उत्पन्न हुन्छ । दर्पण र मानिसको अनुहार अलग हुंदा त्यो अनुहारको प्रतिविम्व दर्पणमा लुप्त भएर गए जस्तै आँखा अगाडिका रूपाकारहरू नदेखिने गरी मुख फर्काउंदा चक्षुभित्र उत्पन्न हुने चक्षु विज्ञान पनि स्वतः लुप्त भएर जान्छ । यस क्रियालाई आंखाबाट नदेखिएको भनी भनिन्छ । वर्ण रूपाकारहरू भएको ठाउँमा बारबार मुख फर्काई आँखा लगाएमा चक्षुभित्र ती वर्ण रूपाकारहरूलाई देखिने चक्षु विज्ञान धातु पनि बारबार उत्पन्न हुन्छन् । तर आँखा अगाडिका रूपाकारहरू नदेखिने गरी बारम्बार मुख फर्काउंदा चक्षुभित्र उत्पन्न हुने ती रूपलाई देखिने चक्षु विज्ञान-धातु पनि बारम्बार लुप्त भएर जानेछन् ।

यहाँ चक्षु विज्ञान चित्त नामक देख्ने धातुको उत्पत्ति हुने भन्ने कुरा चाहिं चक्खु वत्थु रूप र सम्बन्धित वर्ण रूपको संयोग भइरहंदा मात्र उत्पन्न हुन्छ । त्यस्तो संयोग नभएमा त्यो देख्ने चक्षु विज्ञान धातुको उत्पत्ति पनि हुँदैन । त्यस्तोलाई आँखाबाट नदेखिएको भनी भनिन्छ । तसर्थ सम्बन्धित



https://dhamma.digital

वर्णलाई देख्ने भन्ने कुरा चक्षु-विज्ञान धातु, चक्षु वस्तु (चक्खु वत्थु) र रूपारम्मणको संयोगको कारणले उत्पन्न भइरहने स्वभाव मात्र हो । चक्खु वत्थु, चक्खु प्रसाद नभएमा देख्ने क्रियाको सम्भावना रहन्न । देख्नको लागि रूपारम्मण पनि चक्षुको अगाडि अवस्थित नभएमा रूप देख्न सक्ने धातुको उत्पत्ति हुन सक्तैन । यस प्रकारले चक्खु विञ्ञाण (चक्षु विज्ञान) नामक देख्ने धातु चक्खु वत्थु र रूपारम्मण दुईको संयोग जुटेको कारणले चक्षुभित्र बारम्बार उत्पन्न हुने आगन्तुक धातु मात्र हो ।

कानभित्र रहेको सोत पसाद वत्थु (श्रोत-प्रसाद वस्तु) र सम्बन्धित शब्द नामक सद्दारम्मण (शब्दालम्बन)को संयोग जुटेको कारणले कानभित्र सुन्ने अर्थात् श्रवण गर्ने नामक श्रोत-विज्ञान चित्त बारम्बार उत्पन्न हुन्छ ।

नाकभित्र रहेको घाण पसाद वत्थु (घ्राण प्रसाद वस्तु) र गन्धारम्मणको संयोग जुटेको कारणले नाकभित्र सुंघ्ने नामक घ्राण-विज्ञान चित्त बारम्बार उत्पन्न हुन्छन् ।

जिह्वामा रहेको जिह्वा प्रसाद रूप (जिह्वा प्रसाद रूप) र मीठो, अमीलो आदि रस धातुको संयोग हुनाको कारणले जिह्वामा रसास्वाद थाहा पाउने नामक जिह्वा विज्ञान चित्त बारम्बार उत्पन्न हुन्छन् ।

पैतालादेखि लिएर मस्तिष्कसम्म भित्री बाहिरी रूपबाट शरीरभरि नै व्याप्त भइरहेको काय पसाद वत्थु रूप (काय प्रसाद वस्तु रूप) र स्थूल, सूक्ष्म, तातो, चीसो आदि सम्बन्धित फोट्ठब्बारम्मण (स्पर्श-आलम्बन)को संयोग हुनाको कारणले पातलो चर्मको बाहिर भित्र र मांसको भित्र बाहिर सम्बन्धित स्थानमा दुःख्ने, कष्ट पीडा हुने, ठण्डी हुने, गर्मी हुने, चिलाउने आदि काय विञ्ञाण चित्त [काय-विज्ञान चित्त] बारम्बार उत्पन्न हुन्छन् ।

हृदय [छाती] भित्र रहेको हदय वत्थु रूप [हृदय वस्तु रूप] र कर्म, कर्म निमित्त, गति निमित्त नामक अतीत आरम्मणले यसै जन्ममा नयाँ नयाँ संयोग भइरहेका लोभ आरम्मण, दोष आरम्मण आदि नयाँ आरम्मणहरूलाई लिएर हृदय भित्र कहिले काहीं भवङ्ग-चित्त, कहिले काहीं-लोभ-चित्त, कहिले काहीं दोष-चित्त, कहिले काहीं मोह-चित्त, कहिले काहीं इर्ष्या-चित्त, कहिले काहीं मात्सर्य-चित्त, कहिले काहीं कुशल-चित्त, कहिले काहीं श्रद्धा-चित्त, कहिले काहीं प्रज्ञा-चित्त, कहिले काहीं वितर्क-चित्त इत्यादिका रूपबाट अनेक किसिमका मनो विञ्ञाण चित्त [मनः-विज्ञान चित्त] उत्पन्न हुन्छन् । यी विञ्ञाण [विज्ञान] पाँच उत्पन्न हुनेमा पनि चक्खु-विञ्ञाण चित्तको उत्पत्तिको सिलसिलामा जस्तै दर्पणको उपमा, अनुहारको उपमा, अनुहारको प्रतिबिम्बको उपमा सहित सबै कुरा सोही बमोजिम जान्नु बुझ्नु पर्दछ ।



https://dhamma.digital

## धम्म सम्मोह महा-अन्धकार

विज्ञान ६ वटामा पूरा शरीरलाई नै ६ स्थान गरी आ-आफ्ना स्थानमा आ-आफ्ना सम्बन्धित आरम्मणको संयोग हुंदा आ-आफ्ना वस्तुको आरम्मणका सम्बन्धलाई लिएर तत् तत् सम्बन्धि विज्ञानको बारम्बार उत्पन्न हुने कुरालाई थाहा नहुनु र चक्षुबाट देखिने, कानबाट सुनिने, नाकबाट सुंघिने, जिब्रोबाट रस चाख्ने, शरीरका अंग प्रत्यंग स्पर्श भएकोलाई थाहा पाउने, मनले अनेक किसिमबाट चिन्तन गरेका कुरालाई थाहा पाउने नामक विज्ञान ६ थरीलाई भिन्न भिन्न धातु, भिन्न भिन्न धर्म भनी थाहा नपाउनुलाई नै विज्ञान विषयमा धम्म सम्मोह [धर्म सम्मोह] प्रथम महा-अन्धकार भनिन्छ ।

## पच्चय सम्मोह महा-अन्धकार

ती विज्ञान ६ वत्थु र आरम्मण [वस्तु र आलम्बन] को कारणबाट उत्पत्ति हुने हुन् भनी हेतु धर्मलाई थाहा नपाउनुलाई पच्चय सम्मोह [प्रत्यय सम्मोह] द्वितीय महा-अन्धकार भनिन्छ । यसै महा-अन्धकारबाटै कारक-दृष्टिको उत्पत्ति र बृद्धि हुन्छ ।

कारक दृष्टि भन्नाले

[१] कर्ता भएमा मात्र काम हुने हुन्छ भनी लिइने धारणा,

[२] मैले गरें, उसले गर्‍यो भन्ने धारणा,

[३] कर्ता "म" भन्ने छ, "त्यो" भन्ने छ भन्ने धारणा,

[४] मैले देखें, उसले देख्यो, मैले सुनें, त्यसले सुन्यो भन्ने आदि धारणा,

[५] मैले देख्नको लागि मैले नै गरेमा मात्र हुन्छ, उसले देख्नको लागि उसैले गरेमा मात्र हुन्छ, मैले सुन्ने काम गर्नको लगि मैले नै गर्नु पर्छ, उसले श्रवण गर्ने काम गर्नको लागि उसैले गरेमा मात्र हुन्छ भन्ने जस्ता अन्य हेतुको कारणबाट हुने होइन भनी लिइने धारणा समेत गरी यस्ता धारणा सबैलाई भनिन्छ । अर्थात् उपर्युक्त सबै किसिमका धारणालाई कारक दृष्टि भनी भनिन्छ । सुन्ने, संुघ्ने, स्वाद लिने, स्पर्श हुने, थाहा पाउने, चिन्तना गर्ने क्रिया पनि वत्थु आरम्मणको कारणले उत्पन्न हुने हुन् भनी नसम्फी पुद्गल सत्वहरूले गरेर नै ती क्रिया हुन्छन् र पुद्गल सत्वहरूले गरेर नै ती क्रिया हुन्छन् भनी लिइराखिएको धारणालाई कारक दृष्टि भनिन्छ ।

## पच्चय परिग्गह ञाण आलोक

वत्थु आरम्मणको कारणले देख्ने, सुन्ने, संुघ्ने, स्वाद लिने, स्पर्श गर्ने, थाहा पाउने, चिन्तना गर्ने नामक विज्ञान ६ का उत्पत्ति हुने विषयलाई छर्लङ्ग



https://dhamma.digital

हुने गरी प्रष्ट रूपमा थाहा पाउने ज्ञान आलोकलाई पच्चय परिग्गह [प्रत्यय परिग्रह] द्वितीय ज्ञान आलोक भनिन्छ।

## पच्चय सम्मोह दिट्ठिको लोप हुने विधि

पच्चय परिग्गह ञाण आलोक प्राप्त हुनासाथ पच्चय सम्मोह महा-अन्धकार समेतको कारक दृष्टिको लोप हुनेछ। ती विज्ञान-धातु ६ वास्तवमा वत्थु र आरम्मण दुईको संयोगले उत्पत्ति हुने हुन् भन्ने कुरालाई ग्रहण नगरी, थाहा नपाई, नदेखी ईश्वरले गर्दा ईश्वरले दिएको कारणले देखिने, सुनिने, सुंघिने हो भनी इत्यादि किसिमले ग्रहण गरिराख्ने दृष्टि वा धारणालाई कारक दृष्टि भनिन्छ। यस कुरालाई स्व-ज्ञानबाट देख्न सक्नु पर्दछ।

वत्थु र आरम्मण दुईको कारणले विज्ञानको उत्पत्ति हुने विधिको वर्णन यहीं सकिन्छ।

पच्चय परिग्गह ञाण आलोकलाई विस्तारपूर्वक वर्णन गरिएको विषय पनि यहीं सकिन्छ।

## लक्खण पटिवेध ञाण आलोक (लक्षण प्रतिवेध ज्ञान आलोक)

लक्खण पटिवेध ञाण आलोकमा संक्षेपमा कति धर्ममा त्रि-लक्षण (अनित्य, दुःख, अनात्मा) आलोक प्राप्त भएमा मात्र लक्खण त्तय (लक्षण त्रय) आलोक प्राप्त हुन्छ त ?

## लक्खण त्तय ञाण आलोक (लक्षण त्रय ज्ञान आलोक) प्राप्त हुने विधि

पृथ्वी धातु, आप धातु, तेज धातु, वायु धातु, आकाश धातु र विज्ञान-धातु नामक माथि चर्चा गरिसकिएका ६ धातुमा त्रि-लक्षण आलोक प्राप्त भएमा लक्खण त्तय ञाण (लक्षण त्रय ज्ञान) आलोक प्राप्त हुन्छ।

## पृथ्वी धातुको प्राधान्यता रहेको विषय

रूपधातु पाँचमध्ये पृथ्वी धातु एक मुख्य (प्रधान) हो। किनभने यो महान् पृथ्वी देश, नगर, ग्राम, समुद्र, जंगल, पहाड पर्वत आदि सम्पूर्ण विश्वको आधार रहिआएको छ। महान् पृथ्वीको विनाश भएकोलाई देखेपछि देश, नगर, ग्राम आदिको विनाश हुने कुरालाई पुनः अलग्गै हेरिरहनु पर्दैन। स्वतः सम्पूर्ण विनाशलाई देखिने हुन्छ। त्यस्तै परमार्थ पृथ्वी धातु पनि आपधातु, वायु-धातु, तेज-धातु आदि रूप धातु समूहका आधार रहिआएको छ। पृथ्वी धातुको विनाश क्षण क्षणमै भइरहेको तथ्यलाई देखेपछि बाँकी रूप धातु समूहका क्षण क्षणमै विनाश भइरहेको कुरालाई अलग्गै हेरिरहनु नपर्ने हुन्छ। स्वतः सम्पूर्ण रूप-धातुको विनाश प्रक्रियालाई पूर्ण रूपमै देखिने छ।



https://dhamma.digital

## त्रि-लक्षण तीनमध्ये अनित्य लक्षण भन्नाले

"खयट्ठेन अनिच्चं" भनिए जस्तै क्षण क्षणमै उत्पत्ति भई क्षण क्षणमै विनाश हुने प्रक्रियालाई जनाउँदछ।

## दु:ख लक्षण भनी

"भयट्ठेन दुक्खं" भनिए जस्तै भयङ्कर डरलाग्दा भयलाई भनिएको हो। जस्तो ठूला ठूला घाउ र ठूला ठूला रोग व्याधि भइरहेका व्यक्तिहरू अति स्वदिष्ट भोजनदेखि डराइरहेका हुन्छन् र घाउ वा रोग व्याधिको प्रतिकूल हुने गरेको कारणले अति स्वादिष्ट भोजनहरू खानको लागि दिए पनि सो खाद्य पदार्थ खान डर लाग्छ भनी अस्वीकार गर्दछन्, त्यस्तै मनुष्य सुख, देव सुख, ब्रम्हा सुखले पनि क्लेश रोग जरा मरण रोगलाई अत्यन्त बृद्धि गर्ने भएकोले ती मनुष्य सुख र ब्रम्हा सुख पनि अति भयानक भएकै कारणले ती सुखलाई दु:ख भनी भनिन्छ।

## अनात्मा लक्षण भनी

"असारकट्ठेन अनत्ता" भनिए जस्तै पुद्गलको सारतत्व नभएको, सत्वको सार तत्व नभएको स्वभावलाई भनिएको हो। धम्म ववत्थान ञाण आलोक (धर्म व्यवस्थान ज्ञान आलोक) मा उल्लेख गरिसकिए झैं "घर", "विहार", "सत्तल", "मण्डप" को उपमामा अभिधर्मको अनुसार काठ, बाँस आदि घर होइन, विहार होइन, सत्तल होइन, मण्डप होइन भनिए झैं र घरको सार तत्व र विहारको सार तत्व पनि होइन भनिए झैं रूप धातु नाम धातु पनि पुद्गल होइन, सत्व होइन, न पुद्गलको सार तत्व नै हो, न सत्वको सारतत्व नै हो। तसर्थ यसलाई अनत्त (अनात्मा) भनी भनिन्छ।

**त्रि लक्षण तीनमध्ये दु:ख लक्षणको हकमा अरहन्त मार्गमा आरूढ भइसकेपछि मात्र परमार्थ दु:खको स्वभावलाई पूर्ण रूपमा जानिएको हुन्छ। बाँकी दुई लक्षणहरूका हकमा श्रोतापत्ति, सक्रिदागामी र अनागामी मार्गमा आरूढ हुँदाकै अवस्थामा पनि तिनीहरूका स्वभाव धर्मलाई पूर्ण रूपमा जानि सकिएको हुन्छ।** अनित्य र अनात्मा दुईमध्येमा पनि पृथकजन सत्वहरूको सत्काय दृष्टिलाई हटाउन अनत्त लक्खण (अनात्मा लक्षण) कै भूमिका मुख्य ठहरिन आउँछ। अनत्त लक्खण (अनात्मा लक्षण) पनि "अनिच्च सञ्ञिनो मेधिय अनत्त सञ्ञा सण्ठति" भन्ने पालि ग्रन्थमा उल्लेख भए अनुसार त अनित्य लक्षणभित्र नै समाविष्ट रहेको देखिन्छ। तसर्थ अनित्य लक्षणलाई प्रकट रूपबाट दर्शाई अनात्मा ज्ञान आलोकलाई पनि प्रष्ट रूपमा देखाइने छ।

धम्म ववत्थान ञाण आलोक (धर्म व्यवस्थान ज्ञान आलोक) मा उल्लेख गरिसकिएका धातु ६ मध्येमा तेजधातुको अनित्य लक्षण र अनात्म लक्षणलाई सर्वप्रथम दर्शाईने छ।



https://dhamma.digital

# तेज-धातुको अनित्य र अनात्म लक्षण

तेजो (तेज) नामक अग्नि धातु शीत तेज धातु र उष्ण तेज धातुका रूपबाट दुई थरीका हुन्छन् । यस लोकमा शीत क्रिया एक र गर्म क्रिया एक भनी तेज-धातुलाई नै भनिएको हो । शीत र उष्णत्व वास्तवमा आपसमा वैरी तत्व हुन् । शीतको उत्पत्ति हुँदा उष्णत्वको अन्त्य हुन्छ । उष्णत्वको उत्पत्ति हुँदा शीतपनको अन्त्य हुन्छ । यस लोकमा साधारण जनहरूले लिइराखेको धारणा के हो भने पुद्गल सत्व भन्ने कुरा प्रतिसन्धि कालमा जीवनमा एक पटक मात्र उत्पन्न भई भवको अन्त्य हुँदा एकै पटक मात्र मृत्यु हुन्छ र एकै जन्ममा पुद्गल सत्वको बारम्बार उत्पत्ति भई बारम्बार मृत्यु हुने भन्ने कुरा छैन । यथार्थमा शरीर स्कन्धमा चीसो र गरम भनेको तेज-धातु एक दिनकै समयावधिमा पनि पटक पटक उत्पन्न भई पटक पटक निरूद्ध हुन्छन् । उष्णत्व र गर्मीपनाको लोप भई ठण्डी भएर आयो भनी र शीत र ठण्डीपनाको लोप भई न्यानो भएर आयो र गरम भएर आयो भनी एकै दिनमा पनि पटक पटक मानिसहरू भनिरहन्छन् । यसो हुँदा ठण्डी र गर्मी तेज धातुको उत्पत्ति र विनाश हुने मात्र अर्कै र पुद्गल र सत्वको उत्पत्ति र विनाश हुने मार्ग अर्कै हुन्छन् । ठण्डी र गर्मीलाई पुद्गल सत्व मानी मलाई गर्मी भयो, उसलाई गर्मी भयो र मलाई ठण्डी भयो, उसलाई ठण्डी भयो भनी साधारण जनले लिई राख्ने जुन धारणा छ त्यस्तो धारणा अभिधर्मको नियमानुसार एकदमै गलत कुरा सिद्ध हुन आउँछ । ठण्डी र गर्मीपनलाई पुद्गल सत्वको सारतत्व मानी उसलाई गर्मी भयो, मलाई गर्मी भयो र उसलाई जाडो भयो, मलाई जाडो भयो भनी ग्रहण गरी राखिने जुन समझ वा धारणा छ त्यो समझ वा धारणा पनि अभिधर्मको नियमानुसार बिल्कूल गलत सिद्ध हुन्छ । यसरी भिन्न भिन्न मार्ग भएको कारणले गर्मी र ठण्डीपन पुद्गल र सत्व पनि होइन र पुद्गल र सत्व भन्ने कुराको अर्थ पनि केही छैन । यदि शीत र उष्णत्व पुद्गल भएको भए, सत्व भई दिएको भए पुद्गल र सत्वको उत्पत्ति र विनाश र तेज धातुको उत्पत्ति र विनाशको तौर तरीका पनि एकै समान हुनु पर्ने हो । अर्थात् अर्को शब्दमा भन्ने हो भने शीत र उष्णपन नै पुद्गल र सत्व भएको भए साधारण जनले सम्झी आए जस्तै पुद्गल र सत्वको उत्पत्ति र विनाश एक जन्ममा जीवनमा एकै पटक मात्र भए जस्तै ठण्डी र गर्मीपनको उत्पत्ति र विनाश पनि एक जीवनमा एकै पटक मात्र हुनु पर्ने थियो । वास्तवमा यस्तो हुदैन । एकै दिनको समयावधिमा पनि शीत र उष्णपन पटक पटक उत्पत्ति भई पटक पटक विनाश पनि भइरहन्छन् । तसर्थ मानिसहरूले पोल्दा पोल्यो भनी थाहा पाउंछन् । गर्मी हुंदा गर्मी भयो भन्ने कुरा थाहा पाउंछन् । पोलाइको अन्त्य हुंदा नपोल्ने भयो भनी थाहा पाउंछन् । गर्मीको अन्त्य हुंदा गर्मी भएन भन्ने कुरा थाहा पाउंछन् । चिसो जाडो भयो भने ठण्डी र जाडो भयो भन्ने कुरा



https://dhamma.digital

थाहा पाउंछन् । ठण्डी र जाडोपन लोप हुंदा ठण्डी र जाडोपनको लोप भयो भन्ने कुरा थाहा पाउंछन् ।

यदि शीत र उष्ण र पुद्गल र सत्व भन्ने कुरा एकैं समान वा एउटै कुरा भएको भए एकै दिनको समयावधिमा पनि शीत र उष्णपनको बारबार उत्पत्ति हुंदा र बारबार विनाश हुंदा पुद्गल र सत्व पनि बारबार उत्पत्ति भयो र बारबार विनाश भयो भनी सम्भन्नु पर्ने थियो तर त्यस किसिमबाट मानिसहरू सम्भिन्दैनन् । एकै दिनमा पनि शीत र उष्णभाव बारबार उत्पन्न भई बारम्बार विनाश भइरहेको तथ्यलाई थाहा पाई रहेतापनि पुद्गल र सत्व भन्ने एकै दिनमा बारम्बार उत्पन्न भई बारम्बार विनाश भइरहेका छन् भन्ने कुरालाई नसम्भिन्कन पुद्गल र सत्व एक जन्ममा एकै पटक मात्र विनाश हुन्छन् भन्ने कुराको धारणा लिइराखेका हुन्छन् । यसबाट पनि पुद्गल र सत्व भन्ने कुरा भिन्नै र शीत र उष्णत्व भन्ने कुरा भिन्नै हुन् भन्ने कुरा स्पष्टतः थाहा हुन्छ । त्यस्तै गर्मी र ठण्डीपन पनि पुद्गल र सत्वको सार तत्व होइनन् भन्ने कुरा पनि स्पष्टै भइरहेको छ । तसर्थ शीत र उष्णपन (ठण्डी र गर्मी) नामक तेज-धातुलाई अनत्त (अनात्मा) भनी भनिएको हो ।

यो हो तेज-धातुको अनित्य लक्षण र अनात्म लक्षणलाई प्रकाश गरिएको विधि ।

एकै दिनको समयावधिमा पनि बारम्बार विनाश हुनेलाई अनित्य लक्षण भनी भन्दछन् । बारम्बार विनाश हुने कारणले पुद्गलको सार तत्व पनि होइन र सत्वको सारतत्व पनि होइन पुद्गलको आधार तत्व नभएको र सत्वको ठोस आधारभूत तत्व पनि नभएकोलाई नै अनत्त लक्खण (अनित्य लक्षण) भनी भन्दछन् । सार तत्व होइन, आधारभूत तत्व होइन, ठोस तत्व होइन भन्ने कुरा कसरी सिद्ध हुन्छ भने पुद्गल भन्ने नै गर्मीपन नै हो, ठण्डीपन नै हो र सत्व भन्ने पनि गर्मीपन नै हो, ठण्डीपन नै हो भन्ने जुन धारणा साधारणजनले लिई आएको छ त्यो शीत र उष्णभावलाई नै पुद्गल र सत्वको सारतत्व भनी ग्रहण गरिआएको र सम्भिन्आएकोले त्यस्तो धारणा साधारण जनमा रहन सकेको हो ।

आत्मा (अत्त) भन्नु र सार तत्व आधारभूत तत्व र ठोस आधार तत्व भन्नु एउटै कुरा हो ।

यदि शीत र उष्णभाव पुद्ल र सत्वको सारतत्व, आधारभूत तत्व र ठोस आधारभूत तत्व भएको भए सो पुद्गल सत्व बाचुन्जेलसम्मको लागि शीत र उष्णभाव पनि कुनै परिवर्तन नभई स्थीर भएर अचल भएर रहनु पर्ने थियो । वास्तवमा शीत र उष्णभाव त्यसरी स्थीर नभई एकै दिनको समयावधिमा पनि बारम्बार विनाश भइरहेकोले शीत र उष्णभाव जीवनमा एकै पटक मात्र मृत्यु



https://dhamma.digital

हुने पुद्गलको सारतत्व नभएको हुंदा शीत र उष्णभाव (तेज-धातु) पुद्गल, सत्वको आत्मा होइन, अनात्मा मात्र हो । पुद्गल, सत्व कतिपयको आयु एक सय वर्षभन्दा बढी रहिआएको छ । तथापि त्यस पुद्गल सत्वको शीत र उष्णभाव पनि एक सय वर्षसम्म नै अविपरीत भावले स्थीर रहिआएको छ भन्ने कुरा चाहिं कहीं छैन । एक सय वर्षको कुरालाई त परै राखौं नब्बे वर्ष, अस्सी वर्ष, सत्तरी वर्ष, साठी वर्ष, पचास वर्ष, चालीस वर्ष, तीस वर्ष, बीस वर्ष, दश वर्ष, पाँच वर्ष, तीन वर्ष, दुई वर्ष, एक वर्षसम्म पनि शीत र उष्णभाव अविपरीत रही स्थीर रहिआएको भन्ने कहीं छैन । तसर्थ उष्ण र शीत तेज-धातु पुद्गल सत्वको आधारभूत, ठोस र सारभूत आत्मा होइन, अनात्मा मात्र रहेछ भन्ने कुरा सिद्ध हुन आउंछ । प्रस्तुत विषय अत्यन्त गम्भीर कुरो हुंदा बारम्बार यो कुरोलाई दोहोऱ्याइकन बताइरहेको हुं । यस तथ्यलाई स्व-ज्ञानले गम्भीर रूपबाट विचार गरी आफ्नै प्रयासले यस तथ्यलाई प्रत्यक्ष हुने गरी हेर्नु बुझ्नु पर्दछ ।

तेज-धातुको वर्णन यहीं सकिन्छ ।

## लक्खणत्तय ञाण (लक्षणत्रय ज्ञान) प्राप्त हुने विधि

अब धातु चारलाई एकै समूह गरी सोको उत्पत्ति जाति सहित लक्षणत्रय ज्ञान प्राप्त हुने कुराको चर्चा गरिने छ ।

### उम्लिरहेको

यो पृथ्वी, आप, तेजधातु नामक चतुर्महाभूतलाई ऐनामा देखिने प्रतिबिम्बको उपमा र इन्द्रधनुषको उपमाबाट कर्म आदि हेतु धर्मको समूह र धातु-अग्नि र धातु-तेलबाट निर्मित भई उत्पत्ति र विनाश भइरहेको अवस्था हो भनी राम्ररी देख्न सकेको खण्डमा यो स्कन्ध देहमा आँखाको एक पलकको अवधि वा बिजुली चम्किने एक क्षणिक अवधिसम्म पनि नयां उत्पत्ति हुनुबाट रहित भएको अवस्था वा स्थान छैन र उत्पन्न भइरहेकोमा पनि विनाश हुनुबाट रहित भएको कुनै अलग अवस्था वा स्थान छैन भन्ने कुरालाई अवबोध गर्न सकिने छ । उम्लिरहेको पानीको भाँडोभित्र रहेको पानीको फोकाको उत्पत्ति र विनाश संगै संगै एक पल एक क्षण पनि नछुट्टिई गुडकिदै उम्लिदै गर्दै पानीको फोकाको उत्पत्ति र विनाश भइरहे जस्तै कर्म आदि हेतु धर्म र धातु-अग्नि र धातु-तेलको कारणले चार धातुको उत्पत्ति र विनाश पनि उम्लिरहेको पानी जस्तै उत्पत्ति र विनाश भइरहेको स्वभावलाई देख्न सकिने छ ।

### अति शिघ्र विनाश

कर्म, चित्त, ऋतु र आहार नामक हेतु धर्म चारको कारणबाट सम्पूर्ण शरीरमा साह्रोपन नामक पृथ्वी-धातु उत्पन्न हुन्छ, संयोग नामक आप-धातु



https://dhamma.digital

उत्पन्न हुन्छ, गर्मी नामक तेज-धातु उत्पन्न हुन्छ र गति नामक वायु-धातुको पनि उत्पत्ति हुन्छ । ती पृथ्वी, आप, तेज, वायु धातु चारमा साह्रो वा ढिक्का द्रव्य वस्तु भन्ने कुरा अणु परमाणुसम्म पनि केही हुँदैन । केवल स्वभाव र क्रिया मात्र हुन्छ । तसर्थ साह्रोपन, संयोग, गर्मीपन र गतिहरू तेज-धातुको शक्तिबाट तुरून्त विनाश गरिदिन्छ । आँखाको एक पलकको अवधिसम्म पनि ती धातुहरू स्थीर रही रहन्न । पृथ्वीको विनाश हुँदा पनि पृथ्वी धातुसंग आबद्ध रहिआएका आप-धातु, तेज-धातु र वायु-धातु पनि संगसंगै विनाशमा प्राप्त हुन्छ । यस कुरालाई आफ्नो देहमा पनि सम्पूर्ण शरीरभरि नै विचार गरी हेर्नु पर्दछ ।

विनाश हुने ठाउँमा पनि तुरून्तै विनाश भएका तत्वको सट्टा भर्नाका रूपबाट भरिपूर्ण रूपबाटै अर्को तत्वको उत्पत्ति हुने हुन्छ । यस प्रकारबाट आँखाको एक पलकको अवधि र विजुली चम्किने एक क्षणिक घडीको समयावधिमा पनि उत्पत्ति र विनाशको यी प्रक्रियाहरू पालैपालो गरी हजारौं हजार पटक परिवर्तित भइरहन्छन् ।

यसरी उत्पत्ति र विनाश हुने प्रक्रियालाई मांस चक्षुबाट देख्न जान्न सकिने कुरा होइन । माथि उल्लेख गरि आए जस्तै स्वभाव धर्मको रूपबाट हेर्न सकिएमा मात्र प्रज्ञा-ज्ञानबाट जान्न बुझ्न सकिने हुन्छ । कुनै पनि वस्तु हल्लिरहेको वा चलिरहेको झैं जुन हामीलाई देखिने हो त्यो वास्तवमा पुरानो विनाश भई नयाँको उत्पत्ति भइरहेको प्रक्रिया मात्र देखिएको हो । मांस चक्षुबाट हेर्दा एउटै रूप नै चलिरहेको भन्ने धारणा भइरहन्छ । आँखाबाट देखिएको कुरालाई नै सत्य हो भनी सम्झिने हो भने यथार्थ परमार्थ धर्म स्वभावलाई देख्न सकिने छैन । तसर्थ यस कुराको राम्ररी ख्याल गर्नु पर्दछ ।

कर्म आदि चार हेतु धर्मको कारणबाट उत्पन्न भएका सम्पूर्ण साह्रो, ढिक्का आदि परमार्थ धातु पृथ्वी, आप आदि संगसंगै उत्पत्ति भएको अग्नि धातुको शक्तिबाट क्षण क्षणमै विनाश हुन्छन् भने कुरालाई स्पष्ट रूपबाट चर्चा गरिने छ ।

## विनाश प्रक्रियाको विस्तापूर्वक वर्णन

यस लोकमा अग्नि नामक तत्व जुन वस्तुको आधार लिई उत्पन्न हुन्छ सो आधार भइरहेको वस्तु नै आगोले जल्ने स्वभाव धर्मवाला हुन्छ । त्यसै प्रकारले परमार्थ अग्नि धातुले पनि आफूसँगै उत्पत्ति भएको पृथ्वी, आप र वायु धातु स्वभावलाई पनि तुरून्तै जलाई विनाश गरिदिन्छ । धूलोमा भएको अग्निले धूलोलाई तुरून्तै केही बाँकी नरहने गरी जलाइदिन्छ । तेलबाट उत्पत्ति भएको अग्निले पनि त्यो तेललाई तुरून्तै सकिने गरी जलाइदिन्छ । मट्टितेलबाट उत्पन्न भएको अग्निले पनि त्यो मट्टितेललाई तुरून्तै सकिने गरी जलाइदिन्छ । जसरी जुन जुन तेलबाट अग्नि उत्पन्न हुन्छ त्यस तेललाई नै बाँकी नरहने गरी खाई



https://dhamma.digital

दिन्छ वा जलाइदिन्छ, त्यस्तै सत्वहरूको शरीरमा पनि जिउभरि भरिपूर्ण हुने गरी भरिएको र अबिच्छिन्न रूपबाट उत्पत्ति भइरहेको तेज-धातुले पनि सहजात धातुहरूलाई तुरून्तै केही शेष पनि बाँकी नरहने गरी खाई दिंदो रहेछ । विशेष गरी तेल जत्तिलाई तुरून्तै केही बाँकी नरहने गरी तेज-धातुले खाइदिन्छ । तसर्थ उत्पत्ति भए जति सम्पूर्ण परमार्थ पृथ्वी, आप आदि धातुहरू आँखाको एक पलकको अवधि वा बिजुली चम्किने एक क्षणिक घडीसम्मको अवधिसम्म पनि स्थीर रहँदैनन् । एक पटक आँखा झिम्किने समयावधि सम्ममा पनि सयौं हजारौं पटक शरीरका धातुहरू विनाश भएर जान्छन् । यसरी विनाश भइरहे पनि ती नष्ट भएका धातुहरूको सट्टामा नयाँ उत्पत्ति हुने धर्म पनि अनेकौं हुने हुँदा वाल्यावस्था देखि क्षण क्षण बृद्धि भई बच्चाहरू प्रौढावस्थामा विकसित बृद्धि हुन सकेको हो । सम्पूर्ण आफ्नो शरीरको पनि निरन्तर रूपमा विनाश भइरहेको स्वभाव धर्मलाई प्रज्ञा-ज्ञानबाट राम्ररी देख्न जान सक्नु पर्दछ ।

त्यसरी विनाश हुँदै गई रहेका स्वभाव धर्मलाई राम्ररी अलग अलग छुट्टिने गरी देख्न सकिएमा सम्पूर्ण शरीरभरिमै नयाँ नयाँ निरन्तर रूपमा उत्पत्ति भइरहेका जाति धर्म स्वभावलाई र निरन्तर विनाश हुँदै गइरहेका अनित्य धर्म स्वभावलाई पनि राम्ररी देख्न जान सकिने हुन्छ ।

उपमाः- एक माना मट्टितेलबाट बलिरहेको अग्निले त्यो मट्टितेललाई एक थोपा पनि बाँकी नरहने गरी खाइदिन्छ वा जलाइदिन्छ । किन्तु त्यो मट्टितेलाई घट्न नपाउने गरी बत्तिमा मट्टितेल थपिरहने व्यक्तिले यसरी मट्टितेल थप्दै जाउन्जेल त्यो अग्नि र मट्टितेल दुवै क्षण क्षणभरिमै विनाश हुदै गइरहेको छ भन्ने कुरालाई मानिसहरू बुझ्न सम्झन सक्तैनन् । त्यसरी मानिसहरूले नसम्झे तापनि ती दुवै अग्नि र मट्टितेल प्रत्येक क्षण क्षणमै विनाश हुँदै गइरहेको हुन्छ । यदि त्यो मट्टितेल यसरी सकिंदै नगएको भए त्यस बत्तिको भांडोमा नयाँ नयाँ मट्टितेल थप्दै जानु पर्ने कामै हुँदैनथ्यो । रातभरि नै बारबार मट्टितेल थप्दै जानु पर्ने कारणले दुई तीन माना मट्टितेल सकिंदा बत्तिको अग्नि बलेकै कारणले सो दुई तीन माना मट्टितेल सकिएको भन्ने कुरा ज्ञान हुन्छ । सो अग्निलाई राम्ररी हेरेको खण्डमा मट्टितेल र अग्नि दुवै क्षणक्षणमै सकिंदै गएको कुरालाई देख्न सकिने छ । त्यस्तै मट्टितेलको साथ साथै अग्निको तेज पनि मन्द हुँदै गएको पनि देखिने हुन्छ । रातभरि नै बत्ति बालेको खण्डमा मट्टितेल धेरै सकिएको पनि थाहा हुन्छ । त्यस्तै एकपटक भोजन गरेको आहारको कारणले केही घण्टासम्म यो स्कन्ध देह हृष्ट पुष्ट र सबल भइरहन्छ र खाने आहार कम हुँदै जांदा यो शरीर पनि कमजोर हुँदै जान्छ र आहार विल्कुलै नरहेको खण्डमा शरीर पनि रहन सक्ने छैन ।



https://dhamma.digital

शरीरको विनाशको गति निकै तिब्र भइरहेको हुंदा नयाँ नयाँ स्कन्ध देहको उत्पत्तिको गति पनि त्यति नै तिब्र रहिआएको छ । त्यस्तो गति तिब्र हुनाको कारणले यस लोकमा प्राण रक्षाको कार्य सबैभन्दा महान्, सबैभन्दा कठीन र नगरी नहुने काम भइरहेको छ ।

## स्थीर गर्ने कठीनता

यस जम्बुद्वीपमा वर्ष वर्षभित्रमा उब्जा भएको धान, मकै, भटमास, गहुँ आदि अन्नको परिमाण कति हुंदो रहेछ र वर्ष दिन, महीना दिन, एकदिनको लागि सो अन्न खाई कति सकिंदै जांदो रहेछ भन्ने कुरालाई राम्ररी विचार गरी हेरेमा यस नयाँ नयाँ स्कन्ध देहलाई निरन्तर रूपमा संरक्षण सम्बर्द्धन गरिराख्ने काम कतिको कठीन र महान् काम रहेछ भन्ने कुरा स्पष्ट हुनेछ ।

## विनाशको प्रक्रिया

दिनहुं नयां नयां स्कन्ध देहलाई निरन्तर रूपमा संरक्षण गरी जीवन रक्षा गर्ने कार्य कतिको कठीन र महान् काम हो भन्ने कुरालाई बुझ्मेमा यो स्कन्ध यो जीवको विनाश हुने र क्षय हुने प्रक्रिया पनि निकै तिब्र र शक्तिशाली रहेछ भन्ने कुरालाई पनि देख्ने बुझ्ने हुन्छ । जलचर प्राणीहरू र भूमस्थ पृथ्वीमा रहेका प्राणीहरूले आ-आफ्ना जीवन रक्षा गर्न, आहार खोज्न र धन उपार्जन गर्ने दिन रात साना ठूला वाल बृद्ध वनिता समेतका मानिसहरूले काम गरिरहेका, भारी बोकिरहेका, काममा गइरहेका र आइरहेका, कुरा गरिरहेका, चिन्तन गरिरहेका, शोकसन्ताप गरिरहेका, सुरक्षा गरिरहेका, विवाद झगडा गरिरहेका आदि सबैलाई यथार्थ रूपबाट हेरेर लान सकेको खण्डमा यो स्कन्ध देह पुराना र नयाँलाई निरन्तर रूपबाट स्थीर राख्ने काम कतिसम्म कठीन एवम् महान् काम रहेछ भन्ने कुरालाई बुझिनेछ ।

## प्रकृति अनित्य प्रकृति अनात्मा

निरन्तर रूपबाट नयाँ नयाँ स्कन्ध देहलाई सुरक्षित रूपबाट संरक्षण र सम्बर्द्धन गर्ने काम कतिको कठीन र महान् रहेछ भन्ने कुरालाई जान्न सकिएमा पुराना पुराना स्कन्ध देहको विनाश हुने प्रक्रिया पनि अत्यन्त तिब्र, अस्थीर, अनित्य, सारहीन, आत्म-नियन्त्रण नरहेको र अनात्मा रहेछ भन्ने कुरा पनि स्पष्ट रूपबाट अवबोध हुन आउने छ । यो स्कन्ध देहका साना ठूला धातुको विनाश र उत्पत्ति द्रुतगति रूपबाट हुने भएकोले यस लोकमा संरक्षण गर्नु पर्ने कुरा पनि अनन्त रहिआएको भन्ने कुरालाई यहाँ दर्शाइएको छ ।

यो हो प्रकृति जाति र प्रकृति अनित्य र अनात्मालाई देख्ने विधि ।



https://dhamma.digital

## विकृति जाति आदिलाई देख्ने विधि

यस पञ्च स्कन्ध देहप्रति आसक्त रहिआएको कारणले १०० वर्ष, एक हजार वर्षसम्म बाँच्ने इच्छा गरीकन नयाँ नयाँ जातिलाई अविच्छिन्न रूपबाट निरन्तर कायम गर्न आफ्ना प्राण रक्षा गर्नको लागि जीविकोपार्जन गर्नु पर्ने हुन आएको हो भन्ने कुराको साथै प्रकृति जातिबाट निरन्तर रूपबाट नयाँ नयाँ उत्पत्ति भइरेका कुरालाई देख्न सकिएमा र प्रकृति विनाश भएको अनित्य र प्रकृति सार रहित भएको अनात्मालाई देख्न सकिएमा विकृति जाति, विकृति अनित्य भेदन-क्षय-व्यय-विकृति, निसारपनालाई पनि देख्न सकिने हुन्छ ।

## विकृति जाति

विकृति जाति भनेको अनेक किसिमका घाउ खटिरा आदि उत्पत्ति हुने, अनेक प्रकारका रोग व्याधिको उत्पत्ति हुने, अनेक प्रकारका भय उत्पत्ति हुने, अनेक प्रकारका शत्रु वैरी उत्पन्न हुने, अनेक प्रकारका दण्ड, अनेक प्रकारका उपद्रव उत्पत्ति हुने प्रक्रियालाई भनिएको हो ।

माथि उल्लेखित अनेक प्रकारका उपद्रब, भय, दण्ड शत्रु वैरीको कारणले निरन्तर रूपबाट हानी, नोक्सानी हुने र विनाश हुने प्रकृयाको विकृति अनित्य स्वभावलाई पनि र निरन्तर रूपबाट विनाश भई गईरहनाको कारणले केही सार रहित छन् भन्ने विकृति अनात्मालाई पनि जान्नु बुझ्नु पर्दछ ।

अत्यन्त शिघ्रताका साथ जुट्ने र संयोग हुने र निरन्तर रूपबाट अविच्छिन्न किसिमले नयाँ नयाँ उत्पत्ति हुने जाति धर्म सदैव विद्यमान भइरहेको कारणले गर्दा इष्ट रूप इष्ट स्कन्धको अस्तित्व भइरहन्छन् भने तिनै रूप स्कन्ध पनि अत्यन्त शिघ्रताका साथ अनिष्ट रूप अनिष्ट स्कन्धमा परिवर्तित भई उत्पत्ति र विनाशको प्रकृया अविच्छिन्न रूपबाट जारी भइरहन्छन् ।

विनाश गति अत्यन्त छिटो हुने हुनाले इष्ट रूप, इष्ट स्कन्ध अनित्य रूप, अनित्य स्कन्ध, सुख रूप, सुख स्कन्ध, दुःख रूप, दुःख स्कन्ध पनि परिवर्तन हुनु पर्दा तुरून्त नै परिवर्तित हुन्छन् । अनिष्ट रूप अनिष्ट स्कन्ध, इष्ट रूप, इष्ट स्कन्ध, सुख रूप, सुख स्कन्ध, दुःख रूप, दुःख स्कन्धको उत्पन्न नहुने भन्ने एक क्षण पनि छैन भने ती रूप स्कन्ध सबैको विनाश नहुने भन्ने क्षण पनि छैन । ती सवै रूप स्कन्धहरू प्रत्येक क्षण क्षणमै उत्पत्ति पनि हुन्छन् र विनाश पनि हुन्छन् ।

जाति भन्नाले उत्पत्ति हुने स्वभाव धर्मलाई भनिएको हो । यस संसारमा आँखाको रोग लाग्छ, कानमा रोग लाग्छ, इत्यादि भनी जे जति पनि भन्ने गरेका छन् ती सबै जातिलाई नै भनिएको हो ।



https://dhamma.digital

अनित्य भन्नाले विनाश हुने, लोप हुने स्वभाव धर्मलाई भनिएको हो । यस संसारमा जाडो सकियो, ठण्डी सकियो भनी जे जति पनि सकिने कुरा गरिन्छन् ती सबै अनित्यलाई नै भनिएको हो ।

अनात्मा भनेको चिरकालसम्म विद्यमान नरहने स्वभाव धर्म हो । यस संसारमा सुख भन्ने क्षणभर मात्र रहन्छ । शान्ति भन्ने पनि क्षणभरि नै मात्र रहन्छ । सुन्दर, बलिया भन्ने पनि क्षणभर नै मात्र रहन्छन् । ती क्षणभर मात्र रहने स्वभाव धर्म नै अनात्माको स्वभाव धर्म हो ।

## काष्ट मुख सर्प

यस शरीर स्कन्धमा अनिष्ट जाति रूप स्कन्ध, इष्ट जाति रूप स्कन्ध, र क्षय-धर्म, शरीर भित्र पनि असंख्य अनन्त विद्यमान् छन् भने शरीर बाहिर पनि असंख्य अनन्त संख्यामा विद्यमान् छन् । यस स्कन्ध देहमा ठोस तत्व, आधारभूत सान्हो तत्वको रूपमा रहेको पृथ्वी धातुलाई काष्ट मुख सर्प भनी भगवान् बुद्धले उल्लेख गर्नु भएको छ । अत्यन्त विषधारी सर्पले औंलाको टुप्पामा टोकेको खण्डमा पूरै शरीरभरि नै त्यस व्यक्तिको रूप बदलेर गई साविकको रूप कलाप जम्मै नै लुप्त भएर जान्छ र निजको शरीर तुरून्तै बलिरहेको अग्निको राश सरहको रूप कलाप जस्तै हुन्छ । निजको शरीरमा साविकको रूप कलाप अणु प्रमाणसम्म पनि शेष बाँकी नरहने हुन्छ । उसको शरीर सम्पूर्ण नै बलिरहेको आगो समानको नयाँ रूपमा परिवर्तन हुन्छ ।

उपमा:- करीव १२० किलो बारूद भएको भाँडोमा तिल प्रमाणको प्वालमा मात्र अग्निले स्पर्श गरेमा पनि ती सम्पूर्ण १२० किलो बारूद एक क्षणमा आगोमा परिणत भए जस्तै सर्पले डँसेको व्यक्तिको शरीरमा नयाँ रूप उत्पत्ति भई साविकको उसको रूप लोप भएर जाने तरीका कस्तो हुन्छ भने द्रव्य पदार्थ रूपी त्यस व्यक्तिको पैतालामा सर्पले डंस्नुभन्दा अगाडि साविकमा अति आनन्ददायक इष्ट रूप भइरहे तापनि सर्पले त्यस व्यक्तिको पैतालामा डंसिसकेपछि सो व्यक्तिको शरीर स्कन्धमा साविकमा नभएको पोलेको, दु:खेको, जलन भएको, कट् कट् खाने गरी दु:खेको आनन्द रहित कष्ट पीडा जे जति पनि उत्पन्न भएर आउँछन् ती सम्पूर्ण दु:ख, कष्ट, पीडा सर्पले डंसेकै कारणले मात्र तुरून्त उत्पन्न भएर आउने कुरा हुन् र यस कष्ट दु:ख पीडाको विषयमा सर्पद्वारा डंसिएको त्यस पीडित व्यक्तिसंग सोध्ने हो भने निजले यी सब दु:ख कष्ट पीडा भरखरै मात्र सर्पले डंसेपछि उत्पन्न भएर आएका हुन् भनेर पनि भन्नेछ । त्यसो भने तापनि त्यस व्यक्तिलाई यी कुराहरू नयाँ रूप, नयाँ कलाप हुन् भन्ने कुराको जानकारी रहन्न । साथै पुराना साविकका रूप कलाप धातु विनाश हुँदै गएका र स्थीर भएर नरहेका कुराको ख्याल र जानकारी पनि निजलाई हुँदैन । तसर्थ शरीर भित्र हाल के भयो, कसरी भयो, कसरी यी दु:ख



https://dhamma.digital

कष्ट पीडादि धर्म उत्पन्न भए, के रोग भयो, के कस्ता घाउ भए इत्यादि रूपबाट कला उत्पन्न हुन आएका सम्पूर्ण रूपहरू नयाँ जाति, नयाँ रूप, नयाँ धातु, नयाँ कलाप, नयाँ परमार्थ मात्र हुन् भनी सम्झनु बुझ्नु पर्दछ । यी उत्पत्ति भइरहेका धर्महरूका बारेमा जे जति पनि कुराहरू गरिन्छन् ती सबै नै पुराना पुराना रूप, धातु, कलाप निरूद्ध भएरै मात्र उत्पन्न भएका हुन् । ती पुराना रूप, पुराना कलाप, पुराना धातु, पुराना परमार्थ आदि निरोध लोप हुनुबाट नै ती सम्पूर्ण धर्महरू अनित्य हुन् भनी जान्नु बुझ्नु पर्दछ ।

आ-आफ्ना शरीर स्कन्धमध्ये एक एक स्थानमा वा सम्पूर्ण शरीरमै अहिले तुरून्त नै केही भएर आयो भन्ने कुरा थाहा भएमा त्यो उत्पन्न भएको धर्म नै नयाँ.जाति हो । नयाँ धर्मको उत्पत्ति हुनासाथ सो नयाँ धर्मको उत्पन्न भएको ठाउँमा पुरानो धर्मको निरोध भइसकेको हुन्छ । अर्थात् पुराना साविकको रूपादि धर्मको निरोध नभईकन सो ठाउँमा नयाँ रूपादि धर्मको उत्पत्ति हुन सक्तैन, सम्पूर्ण शरीरमा अहिले जलन भएर आइरहेछ भनी राम्ररी छुटयाई थाहा पाउन सकिएको खण्डमा सम्पूर्ण शरीरमा विद्यमान रहेका पुराना रूप, पुराना धातु, पुराना कलाप आदि लोप भएर गइसकेका छन् भने कुरालाई पनि जान्न सकिने हुन्छ । परिवर्तन हुँदा परिवर्तनको गति अतिशय छिटो हुने हुँदा सो परिवर्तन भएको कुराको जानकारी सत्वहरूमा नभएको हो । अहिले चिसो भएर आयो, दुःखेर आयो, जलन भएर आयो, कष्ट भएर आयो, कट्कट् खान थाल्यो, थकित भएर आयो, साह्रो भएर आयो भनी इत्यादि रूपबाट शरीरमा भित्र र बाहिर पट्टि दुवैतर्फ सत्वहरूले सहनै नसक्ने गरी दुःख पीडा कष्ट भोग्नु पर्ने कुरा जति उत्पत्ति भएर आउँछन् ती सबै उत्पत्ति भएका स्वभाव धर्महरूलाई यथार्थ रूपबाट सत्य रूपबाट जाने बुझेमा सम्पूर्ण शरीरमा पुराना रूपहरू लोप भई नयाँ जाति नयाँ रूप उत्पन्न भएका हुन् भने कुराको ज्ञान प्राप्त हुने हुन्छ ।

## दुःख

यो विकृति जाति विकृति अनित्यबाट मुक्त नभएको हुँदा हामीले मनले कामना गरे जस्तो संसारमा हुन नसकी इच्छा गरेको ठाउँमा जान नसक्नु, इच्छा गरेको कुरा गर्न नसक्नु, इच्छा गरेको कुरा पाउन नसक्नु, भय ल्याउने कुरा उत्पन्न हुनु, दण्डित हुने अवस्थाको सृजना हुनु, शरीरको भित्र र वाहिर रोगादि अन्तरायको उत्पत्ति हुने अवस्थाको सृजना हुने जस्ता भयभित हुनु पर्ने, शोक संतप्त हुनु पर्ने, चिन्तित हुनु पर्ने अवस्थाको सृजना भई ती भय विघ्नवाधा अन्तरायादिबाट बचेर हिंड्नु पर्ने कारणले गाउँ समाजको सृजना गर्नु पर्ने, घर पर्खाल आदिको निमार्ण गरी सुरक्षित भएर बस्नु पर्ने इत्यादि महान् कष्ट दायक कुराहरूको उत्पत्ति भएको हो । यी कष्ट दायक कुराहरू स्व-ज्ञानले राम्ररी देख्न जान सकेमा विकृति जातिको कारणबाट शरीर स्कन्धले भोग्नु सहनु



https://dhamma.digital

व्यहोर्नु परिरहेका दुःखलाई स्पष्ट रूपबाट जान्न देख्न सकिनेछ । अर्थात् यो पञ्चस्कन्ध शरीर नै दुःख हो भने कुरालाई स्पष्ट रूपबाट देख्न जान्न सकिने छ ।

(यसरी सर्पले डंसेको उपमा र वारूद भरिएको वस्तुको उपमाद्वारा सम्पूर्ण शरीरको आधारभूत तत्व रहिआएको पृथ्वी तत्व नामक काष्ट मुख सर्प भनी उपदिष्ट गर्नु भएको पृथ्वी धातुको क्षणभरमा नै विकृति हुने, विनाश हुने र परिवर्तन हुने स्वभावको अत्यन्त तिव्र गतिलाई यहाँ दर्शाइएको छ ।)

यस पृथ्वी-धातुलाई चिन्न जान्न सकिएमा एकोत्पाद उत्पत्ति र एक-निरोध भइरहेका आप-धातु, तेज-धातु र वायु-धातु पनि यसैमा समावेश भइरहेका छन् भने कुरालाई पनि चिन्न जान्न सकिने छ ।

## निरोध, भङ्ग आदि

अब यहाँ निरोध र भङ्ग आदिको विषयलाई सविस्तार वर्णन गरिने छ ।

अत्यन्त साऱ्हो मान्छेको आकारको लाहाको वस्तु, मैन, बोसो आदिलाई अगाडि पछाडि चारैतिरबाट आगोको राप दिइएको खण्डमा सो वस्तु क्रमशः पग्लदै गई साऱ्होपन घट्दै जानको साथै नरमपन त्यसमा बढ्दै जाने हुन्छ । आगोलाई टाढा राखिदिने हो भने सो लाहा, मैन वा बोसोको वस्तु क्रमशः चिसो हुँदै आउँदा पहिले सो पग्लदै गई देखापरेको नरमपना लोप हुँदै गई क्रमशः साऱ्होपनमा बृद्धि हुँदै जाने क्रम देखिने छ । यस प्रकृयालाई राम्ररी देख्न जान्न सक्नु पर्दछ । त्यस साऱ्होपनको क्रमशः जुन लोप हुँदै गएको प्रकृया छ त्यसलाई अभिधर्मको भाषामा पृथ्वी धातु क्रमशः लोप हुँदै गएको, सकिँदै गएको, विनाश हुँदै गएको भनी भनिन्छ । त्यसैलाई सूत्र देशनामा निरोध, भङ्ग, क्षय, व्यय, मरण, अनित्य भनी उल्लेख गरिएको छ ।

## लक्खण त्तय ञाण आलोक (लक्षण त्रय ज्ञान आलोक)

विपश्यनाको ध्यान भावनाको अभ्यास गर्ने योगी पुद्‌गलहरूले त्यस अनित्यलाई प्रत्यक्ष रूपबाट देखिरहेका हुन्छन् । त्यस अनित्यलाई प्रत्यक्ष रूपबाट देख्न सकिने ज्ञानलाई लक्षण त्रय ज्ञान आलोक भनिन्छ ।

## पुति मुख, अग्गि मुख, सत्थ मुख सर्प

कट्ठ मुख सर्प (काष्ठ मुख सर्प) भनी भगवान् बुद्धले आज्ञा भएको पृथ्वी धातुको अनित्यलाई देख्न सकेमा पुति मुख सर्प भनी शास्ताले आज्ञा भएको आप-धातु, अग्नि मुख सर्प भनी आज्ञा भएको अग्नि-धातु (तेज-धातु) र सत्थ मुख सर्प भनी आज्ञा भएको वायु-धातु समेत ती धातु तीनैको विकृति हुँदै जाने, विनाश हुँदै जाने र निरोध हुँदै जाने स्वभाव धर्मका साथै नयाँ नयाँ धर्मको उत्पत्ति र परिवर्तन हुने प्रकृयालाई पनि देख्न जान्न सकिने छ ।



https://dhamma.digital

## निरोध, भङ्ग आदि

आप-धातुमा संयोगीकरणको शक्ति बृद्धि हुँदै गई पछि क्रमशः संयोगीकरणको शक्ति शिथिल हुँदै जाने प्रकृयालाई नै निरोध, भङ्ग, क्षय, व्यय, मरण, अनित्य आदि भनिएको हो । अग्नि-धातु (तेज-धातु) मा उष्णताको क्रम बृद्धि हुँदै गई पछि क्रमशः उष्णताको शक्ति शिथिल हुँदै जाँदा शीतपनको क्रम बृद्धि हुँदै जाने जुन प्रकृया छ त्यसलाई नै निरोध, भङ्ग, क्षय, व्यय, मरण, अनित्य आदि भनिएको हो । वायु-धातुमा टम्म फुल्ने र कस्सिने शक्ति बृद्धि हुँदै गई पछि क्रमशः खुकुलिँदै जाने, होलो हुँदै जाने प्रकृयालाई निरोध, भङ्ग, क्षय, व्यय, मरण, अनित्य भनी भनिएको हो ।

**यस प्रकार अनित्यलाई देख्न सकेको खण्डमा मात्र लक्षण त्रय ज्ञान आलोक प्राप्त हुने हुन्छ । यस लक्षण त्रय ज्ञान आलोकलाई नै साँच्चिकै अर्थमा विपश्यना ज्ञान भनिन्छ ।** यस लोकमा मरण हुने समय आइपुग्दा मृत्यु भयो, बृद्ध हुने अवस्था आइपुग्दा बृद्ध भयो, विनाश हुने अवस्था आइपुग्दा विनाश भयो भने जुन धारणा व्याप्त भइरहेको छ सो धारणा सो दृष्टि विपश्यना ज्ञान पनि होइन, लक्षण त्रय ज्ञान पनि होइन । यस्तो धारणा साधारणजनहरूमा रहेको देखिन्छ । यो हो स्कन्ध देहलाई चार धातुको रूपबाट हेरी त्रिलक्षण ज्ञान आलोक प्राप्त गर्ने विधि ।

## विज्ञान धातु ६ को अनित्य लक्षणको प्रकाश

विज्ञान धातु ६ मध्ये सम्पूर्ण धातुलाई सविस्तार विवेचना गर्दा सो को विवरण निकै विस्तृत भएर जाने र नरकको कुराको वर्णन पनि निकै विस्तृत हुन जाने भएकोले यहाँ मनो विञ्ञाण धातु (मनः-विज्ञान धातु) लाई सर्व प्रथम चर्चा गरिने छ ।

## मनो विञ्ञाण (मनः-विज्ञान) मा अनित्य लक्षण

मनो विञ्ञाण दिन रात अविच्छिन्न अविरल रूपबाट प्रवाहित भई रहेतापनि एकै प्रवाह, एकै गति भनी सम्झी सदैव स्थीर रहिआएको भनी धारणा लिइरहन्छ । मैले जानें, मैले चिन्तना गरें मैले विचार गरें भनी इत्यादि रूपबाट सत्काय दृष्टि रूपी नरकको अग्निको ज्वालालाई निरन्तर बृद्धि गरेर लग्छ ।

## उत्पत्ति-स्थान

मनो विञ्ञाणको उत्पत्ति स्थान हदय वस्तु (हृदय वत्थु) हो । त्यस हृदय वस्तुमा पनि देढ हत्केलाको प्रमाणमा रगत हुन्छ । त्यस हृदय वस्तुको तल्लो भागमा भएको पाचक अग्निले सम्पूर्ण शरीरभित्र चारैतिर विद्यमान भइरहेको उष्ण नामक आफ्नो शरीरलाई रक्षा गरिरहेको अग्नि धातुको कारणले हृदय वस्तुमा रहेको रगतलाई फोहराको रूपबाट निरन्तर निकालिरहेको हुन्छ । मनो विञ्ञाणको आधार



https://dhamma.digital

भइरहेको हृदय वस्तु रूप कलाप त्यस रगतमा लाखौ दशौं लाखभन्दा बढी संख्यामा विद्यमान रहिरहेका हुन्छन् । हृदय वस्तु रूप कलापहरू हृदय वस्तुमा भएको रगतमा तरंगित हुँदै प्रवाहित भइरहेका हुन्छन् । मनो विञ्ञाण जत्ति छन् ती हृदय वस्तु रूपका आधारमा निरन्तर रूपबाट अविच्छिन्न किसिमले उत्पत्ति भइरहेका हुन्छन् । ती मनः- विज्ञानहरू अति चम्किला हुन्छन् । "पभस्सर मिदं भिक्खवे चित्त" र "पण्डरं चित्तं" भनेर पनि भगवान् बुद्धले ती चित्तका बारेमा उल्लेख गर्नु भएको छ । अर्थात् भिक्षुहरू, ती चित्तहरू साऱ्है नै चम्किला र साऱ्है ने सफेद (सेता) हुन्छन् भनी भगवान् बुद्धले भएको छ ।

यस्ता मनः- विज्ञानहरू मांस चक्षुबाट देख्न सकिने विषय नभई ज्ञान-चक्षुबाट मात्र देखिने विषयहरू हुन् । यस्ता विषयलाई मांस-चक्षुबाट देखिएको आधारमा ज्ञान-चक्षुबाट हेरेर लगेमा पनि कुनै आपत्ति हुन्न । "विज्जुप्पादाव आकाशे उप्पज्जन्ति वयन्तिच" भनी ग्रन्थमा उल्लेख गरिए जस्तै आकाशमा बिजुली चम्किंदा एकदम बिजुली छिटो उत्पत्ति भई विनाश भएको देखिने झैं उदयको अन्त र व्ययको अन्त-दुवै अन्तलाई स्व-ज्ञानबाट गहिरिएर हेरी देख्न सकेमा पनि पर्याप्त हुने छ ।

निरन्तर रूपबाट प्रवाहित भइरहेका हृदय वस्तुको रगतको पनि उत्पत्ति हुने स्थानलाई विभिन्न भागमा बाँडेर हेर्नु पर्दछ । सो रगत हृदय वस्तुको बीच भागमा उत्पति हुने अवस्था पनि हुन्छ । माथिल्लो भागको छेउमा उत्पन्न हुने अवस्था पनि हुन्छ । तल्लो भागको छेउमा उत्पन्न हुने अवस्था पनि हुन्छ । पछिल्लो भागको छेउमा उत्पन्न हुने अवस्था पनि हुन्छ । दायाँ पट्टिको भागको छेउमा उत्पन्न हुन्ने अवस्था पनि हन्छ । बायाँ पट्टिको भागको छेउमा उत्पन्न हुने अवस्था पनि हुन्छ । यस प्रकार हृदय वस्तुमा रगत उत्पन्न हुने स्थानहरू सयौं संख्याभन्दा बढी हुन्छन् । ती रगतको पनि उत्पत्ति भएको स्थानमै विनाश भएर जाने स्वभाव हुन्छन् । शरीरको प्रत्येक भागमा सियोको टुप्पोले घोच्दा पीडा नामक वेदना स्कन्धको समूह त्यस भागमा उत्पन्न हुन्छ सो वेदना उत्पन्न भएको स्थानबाट वेदना लुप्त हुँदै गएको पनि हुन्छ । यसरी शरीरको जुन भागमा वेदनाको उत्पत्ति हुन्छ सोही भागबाट वेदनाको लोप पनि क्रमशः हुँदै जाने वेदनाको स्वभाव धर्म जो छ त्यस्तो उत्पत्ति र विनाशको स्वभाव धर्मलाई मांस चक्षुले देखेझैं गरी ज्ञान चक्षुले स्पष्ट रूपमा देख्न जान्न सक्नु पर्दछ ।

उपमा-मानौं एउटा सानो शिशी भित्र आधा हत्केल्ला भरिको प्रमाणमा ऐना झैं सफेद र निर्मल रातो वर्णको शेष पनि बाँकी नहरने गरी एकै गाँसमा खान सकिने झोल पदार्थ रहेछ । सो पदार्थमा अत्यन्त सूक्ष्म रूपका अत्यन्त तिब्र गतिमा दुगुर्न सक्ने अति सानासाना अत्यन्त सफेद रंगका साना सँस्वेदज कीराहरू तुरून्त तुरून्तै उत्पन्न हुने गर्दा रहेछन् । ती कीराहरू उत्पन्न भएकै



https://dhamma.digital

ठाउँमा बहुत बेगले यताउति दुगुर्दै त्यही पदार्थलाई आहारको रूपमा ग्रहण गरी एक आँखा झिम्काइको समयावधिमै निरूद्ध हुँदै जान्छन् । त्यस सफेद निर्मल झोल पदार्थमा उत्पन्न हुँदै विनाशमा प्राप्त भइरहेका ती कीराहरूको राम्ररी ध्यान दिएर हेरेमा मांस चक्षुबाट पनि ती कीराहरूको उत्पत्ति र विनाशको प्रकृयालाई देख्न सकिने छ । माथि उपमामा उल्लेख गरिए झैं शरीरको प्रत्येक भागमा उत्पन्न हुने वेदनाको अत्यन्त शिघ्र उत्पत्ति र विनाश हुने स्वभाव धर्मलाई पनि स्व-ज्ञान स्व-अनुभूतिबाट जान्न बुझ्न सक्नु पर्दछ ।

मनः- विज्ञान चित्तको उत्पत्ति र विनाश आदि परिवर्तन अत्यन्त शिघ्रताका साथ हुने भएकोले हृदय वस्तुमा रहेको रगत पनि जहाँ हेरे पनि त्यो रगत फर्फर् चलिरहेको झैं देखिने हुन्छ । मैले थाहा पाएं, मैले चिन्तन्न गरें आदि भनी निरन्तर रूपमा धारणा भइरहेको मनः- विज्ञान चित्त र फर्फर् चलिरहेको झैं देखिएका स्वभाव धर्महरूलाई एक एक गरी छुट्याई देख्न सकिएमा पनि हुन्छ । हृदय वस्तुमा रहेको रगत जुन फर्फर् चलिरहे झैं देखिएका छन् ती तुरून्त उत्पत्ति भई तुरून्त विनाश भइरहेका हुन् भन्ने तथ्यलाई जान्न नसकेमा सो दृष्टि ठीक नहुने हुन्छ । "मलाई थाहा छ, म चिन्तन गर्दछु" भन्नु चाँहि नरकको अग्निलाई थाहा नपाउनु नजान्नु हो । तसर्थ विपश्यना ज्ञानबाट भाविता गरी स्मृति राखी उत्पत्ति र विनाश धर्मलाई जान्न बुझ्न सकेमा सत्काय दृष्टि रूपी नरकाग्निबाट बच्न सकिने हुंदा सत्काय दृष्टिमा मात्र नपरी ती उत्पत्ति र विनाश भएका धर्मलाई पनि बारम्बार देख्न जान्न सक्नु पर्दछ ।

**फेणूपमं कायमिमं विदित्वा**
**मरीचि धम्मं अभि सम्बुधान**

– धम्मपद ४.३ (४६)

यस श्लोकमा रूप स्कन्धलाई फिंजको पिण्ड समान तथा नाम स्कन्धलाई मृग तृष्णा समान भनी जान्न देख्न सकेमा मृत्यु राजले देख्न नसक्ने निर्वाणमा पुगिने छ भनी भगवान् बुद्धबाट आज्ञा भएको हुंदा उपर्युक्त उपमालाई सारहीन र आकार रहित धर्मलाई अवबोध गराउनको लागि तथागतले प्रयोग गर्नु भएको हो भन्ने कुरालाई जान्नु पर्दछ ।

मृग तृष्णा भनेको वर्षा ऋतुको प्रारम्भमा गर्मी महीनामा पानी नभएको सुखा खुल्ला ठाउँमा मध्यान्हको समयमा प्रखर घाम लागी प्रचण्ड गर्मीको अवस्थामा सो ठाउँबाट केही दूरीमा बसी हेर्दा सो मैदानमा पानीको चाल झैं चलायमान् भइरहेको दृष्यलाई भनिन्छ । प्रचण्ड गर्मीले गर्दा पानीको तिर्खा लागी पानीको खोजीमा हिंडेका ५०० वा १००० मृगहरू सो मृग



https://dhamma.digital

तृष्णालाई देखी पानी नै हो भन्ने ठानी पानीको प्यास बुझाउन पानी खाने उत्कण्ठ इच्छा गरी त्यस ठाउँमा दगुरेर पुग्छन् । तर त्यस ठाउँमा आई पुग्ना साथ त्यहाँ पानीको दृष्य लोप भई मैदानको बीच भागमा पानीको दृष्य देखी मैदानकै बीच भागमै दुगुरेर जाँदा त्यहाँ पनि पानी नभई टाढा मैदानको पल्लो छेउमा मात्र पानी चलिरहे झैं दृष्य देख्छन् । ती मृगको बथान पानीको प्यासले रन्थनिई मैदानको पल्लो छेउमै दुगुरेर पुग्दा त्यहाँ पनि पानीको दृष्य लोप भई पछिल्तिर फर्केर हेर्दा पुनः मैदानको बीच भागमा पानी भए झैं देख्तछन् । पानीको तिर्खालु अति सताइएका ती मृगहरू पानी खान भनी पुनः मैदानको वीच भागमा फर्केर आउंदा त्यहाँ पनि पानी नरही मैदानको वल्लो छेउमा पानीको दृश्य देख्छन् र त्यहीं मृगहरू फर्केर आई पुग्छन् । यसरी पानीको भ्रममा ती मृगहरू मैदानको एक छेउबाट अर्को छेउसम्म दुगुर्दै गर्दा पानी खान नपाइकनै ती मृगहरूको मृत्यु हुन्छन् ।

यहाँ मृग तृष्णा भनेको बर्षाको कारणले माथि उडेका पानीको वाफको समूहमा सूर्यको किरण परी सम्मिश्रण भएकोलाई नै भनिएको हो । यस्तो मृग तृष्णालाई ज्यादै नजदीकको ठाउँबाट हेरेमा देख्न सकिन्न र लोप भएर गए झैं देखिन्छ । केवल सूर्यको किरण वाफ उडेको ठाउँमा मात्र ती मृग तृष्णा देखिने हुन्छ ।

## मृग तृष्णा समानको नामस्कन्ध

शरीर भित्र निरन्तर रूपबाट आरम्मण रहेको स्थानमा अभिमुख भई विद्यमान रहेको नामस्कन्ध समूहलाई मृग तृष्णा समान जान्नु पर्दछ भनी भनिएको हो । विज्ञान ६ को उत्पत्ति र विनाशको प्रक्रियालाई अलग अलग छुट्याई देख्न जान्न सकेमा पनि पर्याप्त हुन्छ । अनित्य भनेको उत्पत्ति र विनाश प्रक्रियालाई राम्ररी जान्नु हो ।

माथि उल्लेख गरिए बमोजिम विज्ञान ६ का मूल स्वभाव सहित उत्पत्ति र विनाशलाई देख्दा ६ आरम्मणसंग सम्बन्धित रहेका ६ विज्ञानलाई प्रतीत्य समुत्पादको रूपबाट देख्न जान्न सक्नु पर्दछ । यसरी अनित्यलाई देख्न सकेमा अनात्मालाई स्वतः देखिने छ ।

यो हो विज्ञान ६ का अनित्य लक्षण ।

## चक्षु विज्ञानमा प्रकाश

**"चक्खुञ्च पटिच्च रूपेच्च उप्पज्जति चक्खु विञ्ञाणं"**

– पट्ठान पालि

अर्थात् रूपारम्मणको आधार लिएर पनि चक्षु प्रसादको आधारबाट पनि चक्षु विज्ञानको उत्पत्ति हुन्छ ।



https://dhamma.digital

**रूपारम्मण** भन्ने शब्द अभिधर्मको भाषा हो । **रूपारम्मणको** आधार लिई अष्ट कलाप द्रव्य वस्तुहरू सहितलाई दर्शाइएमा यो कुरा स्पष्ट हुनेछ । मनुष्यको रूप, साँढेको रूप, काठको मूढाको रूप, खम्बाको रूप भनिएको अभिधर्ममा आउने शब्दहरू हुन् ।

मान्छेलाई देखें, मूढोलाई देखें, खम्बालाई देखें भनी व्यवहारमा जो भन्ने गरिन्छ त्यसलाई निलेर पठाइने, खाइने आहार भोजनलाई कवलीकार आहार भनिए झैं सवत्थुक कथा भनिन्छ । अभिधर्म ग्रन्थमा पनि सवत्थुक कथा र परमत्थ कथा भनी दुई किसिमका उल्लेख पाइन्छ ।

निलेर पठाइने र खाइने आहार भोजनलाई कवलीकार आहार भनी जो भनिएको छ त्यो द्रव्य वस्तु समेतलाई समेटी दर्शाइएको वहारकथा (व्यवहार कथा) हो । ओदनो, कुम्मासो, सत्थु, मच्छो मंसं, इत्यादि रूपबाट धम्म संगणी ग्रन्थमा पनि व्यवहार शब्दहरू उल्लेख भएका पाइन्छ ।

निलेर पठाइने आहारमा अष्टकलाप रूप आठ प्रकारका हुन्छन् । ती ८ प्रकारमध्ये ओजा नामक आहार रूप पनि पाइन्छ । त्यस रूपलाई अलग गरी कवलीकार आहार भनी जो भन्ने गरिएको छ त्यसलाई निब्बत्तिक परमत्थ वहार भनिन्छ । सवत्थुक कथा र परमत्थ कथा दुईटालाई स्पष्ट पार्नको लागि यहाँ सवत्थुक वहार र परमत्थ कथा विषयमा चर्चा गरिने छ ।

## चक्षु विज्ञानको नयाँ उत्पत्ति

रूपारम्मणको आधार लिई नयाँ नयाँ चक्षु विज्ञान उत्पन्न हुने भनेको बिहान सबेरै ओछ्यानबाट उठेदेखि बेलुकीपख ओछ्यानमै नसुतेसम्मको अवस्थामा पहिले दखिएका, त्यसपछि देखिएका र त्यसपछि देखिएका इत्यादि किसिमबाट रूपहरूको क्रम भएतापनि सो अवधिमा धेरै वस्तुहरू देखिने हुंदा पहिले मान्छेलाई देखें, त्यसपछि साँढेलाई देखें भन्ने इत्यादि किसिमबाट र मान्छेलाई देख्दा पनि पहिले मानिसको पिठ्युंलाई देखें, अनि शिरलाई देखें भन्ने इत्यादि रूपबाट क्रमैसँग देखिएका रूपाकार द्रव्य वस्तुहरू सबैलाई सम्झन भन्न नसकिने भएकोले ती सम्पूर्ण रूपाकार द्रव्य वस्तुहरूलाई उद्देश्य गरीकन अभिधर्ममा रूपारम्मण भनी उल्लेख गरिएको हो र ती वस्तु द्रव्यलाई देख्दा एउटा नयाँ वस्तुको साथै एउटा एउटा नयाँ चक्षु विज्ञान पनि उत्पन्न हुने हुनाले रूपारम्मणको आधार लिई नयाँ नयाँ चक्षु विज्ञानको उत्पत्ति हुन्छ भनी भनिएको हो ।

यस विषयमा यहाँ विस्तारपूर्वक वर्णन गरिने छ ।



https://dhamma.digital

## सविस्तार वर्णन

काठको मूढो र मुख आमने सामने हुनासाथ काठको मूढोको प्रतिविम्ब चक्षु प्रसादमा पर्दछ। सो मूढो प्रतिविम्बित हुने परमार्थ स्वभाव कस्तो हुन्छ भने चक्षु प्रसाद रूपमा बिजुली गिरे जस्तै मूढोको प्रतिविम्ब तीव्र बेगबाट गिर्न आई चक्षु प्रसाद रूपमा सो प्रतिविम्ब पर्न आउँछ। यसरी मूढोको प्रतिविम्ब चक्षु प्रसाद रूपमा पर्न आई प्रतिविम्बित हुंदा सो मूढोलाई देख्ने चक्षु विज्ञानको उत्पत्ति त्यहाँ हुन्छ। अर्थात् आगो बाल्नको लागि दुइटा ढुंगा आपसमा जुढाउँदा जसरी आगोको ज्वाला निस्कने हो त्यसरी नै काठको मूढोको प्रतिविम्ब चक्षु प्रसाद रूपमा पर्न आउनासाथ सो मूढोलाई देख्ने चक्षु विज्ञानको उत्पत्ति हुन्छ। जति पटक हामी आँखा झिम्काउँछौं त्यति नै पटक सो मूढोको प्रतिविम्ब लुप्त भएर जान्छ र सो प्रतिविम्बको लोप हुंदा सो प्रतिविम्बको साथै उत्पत्ति भएको चक्षु विज्ञानको पनि निरोध हुने गर्दछ। यसरी आँखाको पलक पिच्छे त प्रतिविम्बको लोप भई सो साथै उत्पन्न हुने चक्षु विज्ञानको पनि लोप हुन्छ भने मूढोलाई आँखा सामुन्ने नपार्ने गरी मुखै फर्काउँदा त सो मूढोको प्रतिविम्ब र सो साथै उत्पत्ति भएको चक्षु विज्ञान कायम रहने भन्ने त प्रश्नै भएन। प्रत्येक पटक आँखाको पलक खोल्दा चक्षु प्रसाद रूपमा सो मूढोको नयाँ नयाँ प्रतिविम्ब पर्न आई हरेक नयाँ प्रतिविम्बको साथै चक्षु विज्ञानको पनि उत्पत्ति हुन्छ भन्ने कुरालाई यहाँ बुझ्नु पर्दछ। काठको मूढोलाई छोडी काठको खम्बालाई देख्दा पनि उपर्युक्त बमोजिम नै प्रतिविम्ब चक्षु प्रसाद रूपमा परी चक्षु विज्ञानको उत्पत्ति हुने हुन्छ। खम्बालाई छोडी अन्य वस्तुलाई देख्दा पनि सोही बमोजिम हुन्छ।

यसरी नयाँ नयाँ वस्तु पदार्थ देख्दा ती नयाँ नयाँ वस्तु पदार्थको दृष्य साथै नयाँ नयाँ चक्षु विज्ञानको पनि उत्पन्न हुन्छन् भन्ने कुरालाई जान्नु पर्दछ।

मूढोको प्रतिविम्ब, खम्बाको प्रतिविम्ब इत्यादि पर्न आएकै कारणले मात्र चक्षु विज्ञानको पनि उत्पत्ति हुने हुंदा रूपारम्मणको आधार लिई मात्र चक्षु विज्ञानको उत्पन्न हुने भएकोले यहाँ "आधार लिई" भन्ने शब्दहरू नै प्रधान हुन आउँछन्। यसरी मूढो, खम्बा आदि रूपारम्मण द्रव्य वस्तुको स्पर्शको कारणले मात्र चक्षु विज्ञानको उत्पत्ति हुने हुंदा मूढोलाईदेखी चक्षु प्रसादमा जुन चक्षु विज्ञानको उत्पत्ति हुन्छ सो मूढोकै कारणले मात्र चक्षु विज्ञानको उत्पत्ति भएको हो। मूढोको कारणले मात्र चक्षु विज्ञानले मूढोलाई देखेको, खम्बाले गर्दा चक्षु विज्ञानले सो खम्बालाई देखेको हो भन्ने इत्यादि रूपबाट दर्शनको स्वभाव धर्मलाई जान्नु बुझ्नु पर्दछ।

उपमा- एक लाख वर्ष मानिसको आयु भएको समयमा एक जना रूपवती स्त्रीको लोग्ने प्रत्येक वर्ष मर्ने भएको कारणले प्रत्येक वर्ष नयाँ नयाँ पतिलाई ग्रहण गरी सो स्त्रीले प्रत्येक वर्ष नयाँ नयाँ पतिबाट एक एक वटा



https://dhamma.digital

छोरा प्रत्येक वर्ष जन्माउँदै जाने हो भने ५०,००० वर्षसम्ममा त्यस स्त्रीले ५०,००० वटा पतिसँग वास गरी ५०,००० वटै छोरा जन्माउने हुन्छ । यसरी ती ५०,००० छोराका आमा एउटै भए पनि बाबुहरू प्रत्येक छोराको भिन्न भिन्नै रहने भएकोले आमाको नाउँबाट यो फलानाको छोरा हो भनी छुट्याउँदा सो छोराहरूको भिन्न भिन्न बाबु रहेको तथ्यलाई दर्शाउन नसकिने हुँदा प्रत्येक छोराको हकमा एक वर्षमै मर्ने गरेका निजका बाबुको नाउँ लिई यो फलानाको छोरो हो, यो फलानाको छोरो हो भनी छुट्याएमा मात्र प्रत्येक छोराको बाबु भिन्न भएको तथ्य समेत दर्शाउन सकिने हुन्छ । यहाँ चक्षु प्रसाद रूप आमा समान हो । मूढो, खम्बा इत्यादि रूपारम्मण द्रव्य पदार्थ जति ५०,००० बाबु समान हुन् । नयाँ नयाँ उत्पन्न भएका चक्षु विज्ञान आदि पचास हजार छोरा समान हुन् । "चक्खु रूपेन संवासा राग पुत्तं विजायति" भनी पालिमा भगवान् बुद्धले आज्ञा भएकोबाट पनि उपर्युक्त कुरा प्रमाणित हुन्छ ।

मूढो, खम्बा आदिलाई एक एक गरी क्रमैपूर्वक विहान उठेदेखि ओछ्यानमा नसुतेसम्मको अवधिमा देख्दै गरेका पुद्गलले मूढोको पुत्र भएको चक्षु विज्ञानबाट खम्बालाई देख्ने हुन्छ भनी इत्यादि रूपबाट भन्न सकिने हुन्छ ।

उपमा-दायाँ बायाँ दुबैतिर मानिसको आकारका एक हजार बृक्षहरू भएको बाटोमा ऐनाको एक ढिक्कालाई उठाई द्रुतगतिमा दगुरेर जाँदा सो चारैतिर देखिने ऐनाको ढिक्कामा एक एक वटा बृक्षको प्रतिविम्ब पर्नासाथ ऐनामा भिन्न भिन्न प्रतिविम्बको उत्पत्ति भइरहन्छ । यहाँ ऐनाको ढिक्का चाहिं चक्षु प्रसाद समान हो । ती रूखहरू चाहिं रूपारम्मण द्रव्य वस्तु समान हुन् । ती रूखका प्रतिविम्बहरू चाहिं चक्षु विज्ञान समान हुन् । तिनका उत्पत्ति र विनाश हुने कुरा पनि माथि उल्लेख गरिएकै समान हुन् ।

चक्षु विज्ञान सम्बन्धी विषय यहीं सकिन्छ ।

सम्बन्धित शब्द र श्रोत विज्ञान, सम्बन्धित गन्ध र घ्राण विज्ञान, सम्बन्धित रसारम्मण र जिह्वा विज्ञान, शरीरकोभित्र बाहिर स्पर्श हुने सम्बन्धित फोट्टब्बारम्मण वस्तु द्रव्य र काय विज्ञान समेतलाई माथि उल्लेख गरिएको चक्षु विज्ञान जस्तै गरी बुझ्नु पर्दछ ।

मनः- विज्ञानमा धेरै किसिमका आरम्मणहरू (आलम्बनहरू) हुन्छन् । कुशल चित्त, अकुशल चित्त, चक्षु विज्ञान आदि अब्याकृत (पालिमा अब्याकत) चित्त र उपर्युक्त चित्तहरूसंग सम्प्रयुक्त रहेका लोभ धर्म, दोष धर्म, मोह धर्म आदि अकुशल धर्महरू, श्रद्धा, प्रज्ञा, स्मृति इत्यादि कुशल धर्म र अब्याकृत धर्म राशी र स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितेन्द्रिय, मनसिकार वितर्क, विचार,



https://dhamma.digital

अधिमोक्ष, वीर्य, प्रीति, छन्द, नामक धर्म राशी, दश दुष्चरित्र, दश सुचरित्र इत्यादि धर्म राशी, आप धातु, चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, हृदय वस्तु, जीवित, आहार, जाति, जरा, मरण आदि धर्म राशी सवै धर्मारम्मण हुन् । रूपारम्मण, शब्दारम्मण इत्यादि पंचारम्मणहरू पनि मनः विज्ञानसंग सम्बन्धित छन् ।

## मनः विज्ञानका आरम्मण

मनः विज्ञानका आरम्मण हुंदा रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण, स्प्रष्टव्यारम्मण र धर्मारम्मण आदि ६ आरम्मण हुन्छन् । ती ६ आरम्मणहरू यथा:- आमाको गर्भबाट उत्पत्ति भएदेखि अहिलेको वर्ष महिना दिन घडीसम्म जीवनभरि नै अविरल अविच्छिन्न रूपमा अनुभव गरिएका आरम्मण ६, वर्तमान घडीमा आशा लिई अनुभव गरिएका आरम्मण ६, भावी जन्मकालागि अहिलेदेखि प्रतीक्षा गरिएका आरम्मण ६, ग्रन्थको अनुसार भनिएका, विभिन्न व्यक्तिहरूले भनी जानिएका आरम्मण ६ - यी सबै नै मनः विज्ञानका आरम्मण राशी हुन् ।

## आरम्मण ग्रहण गर्ने विषयमा प्रकाश

निरन्तर रूपमा लागिरहेका चित्त राशीमध्ये निदाइरहेका बेलामा भवङ्ग चित्तले र निरन्तर रूपमा लागिरहेका मनः विज्ञान राशीले कर्म, कर्म निमित्त, गति निमित्त नामक आरम्मण राशीलाई आरम्मणको रूपमा ग्रहण गर्दछन् । निद्राबाट बिउँझी उठेदेखि ओछ्यानमा सुती ननिदाउञ्जेलसम्म माथि उल्लेख गरिआएका ६ आरम्मणहरूमध्ये कुनै न कुनै आरम्मणलाई एक एक गरी क्रमिक रूपबाट ग्रहण गरिन्छन् ।

## मनः विज्ञानको उत्पत्ति विषयमा प्रकाश

मनः विज्ञान सन्ततीमा माथि उल्लेख गरिएका आरम्मण राशीमध्ये कुनै एउटा हेतु कारणको संयोगले कुनै एक आरम्मणले भवङ्ग चित्तमा स्पर्श गर्नासाथ सो स्पर्श हुन आएको कुरालाई आरम्मण गरी थाहा पाई अनेक चिन्तन गर्ने मनः विज्ञान कुनै न कुनै एउटा हृदय वस्तुको आधार लिई उत्पन्न हुन्छ । सो मनः विज्ञानले आरम्मण गर्दा आफूले पहिले अनुभव गरिसकिएका कुनै न कुनै एउटा आरम्मणलाई वा वर्तमानमा उत्पत्ति हुने आरम्मणमध्ये कुनै न कुनै एउटा आरम्मणलाई ग्रहण गर्दछ । यसरी आरम्मण हुंदाको प्रत्येक पटकमा हृदय वस्तुको पनि उत्पत्ति भई आरम्मण र हृदय वस्तुको उत्पत्ति र विनाशका प्रकृया निरन्तर रूपमा जारी भइरहन्छन् सो निरन्तर रूपमा जारी भइरहेको भन्ने कुरा सर्वसाधारण जनले सम्झे अनुसार मात्र भनिएको हो ।

मुख्य कुरा के हो भने चैतसिक र चित्त गरी नामस्कन्ध चार (वेदना, संज्ञा, संस्कार र विज्ञान नामक नाम स्कन्ध चार) चक्षुमा उत्पन्न हुंदा चक्षु



https://dhamma.digital

द्वारमै मात्र उत्पन्न हुन्छन् । बाँकी शरीरमा ती नाम स्कन्ध उत्पन्न हुँदैनन् । श्रोतमा नाम स्कन्ध उत्पन्न हुंदा श्रोत द्वारमै मात्र उत्पन्न हुन्छन् । घ्राणमा उत्पत्ति हुंदा घ्राणद्वारमै मात्र उत्पत्ति हुन्छन् । जिह्वामा उत्पत्ति हुंदा जिह्वा द्वारमै मात्र उत्पत्ति हुन्छन् । कायका अंग प्रत्यंग एउटा एउटामा नाम स्कन्ध उत्पत्ति हुंदा सम्बन्धित एउटा अंगमै मात्र उत्पत्ति हुन्छ । हृदयमा उत्पत्ति हुंदा हृदयद्वारमा मात्र उत्पन्न हुन्छन् । बाँकी शरीरमा उत्पन्न हुँदैनन् । आँखाको एक पलकको समयावधिमा एकलाख कोटीभन्दा बढी पटक नाम स्कन्ध चारको उत्पत्ति र विनाश हुने कारणले गर्दा ती नाम स्कन्ध जम्मै शरीरमै एकैसाथ उत्पत्ति भइरहन्छन् भन्ने धारणा आम जनताका मनमा रहिरहेको हुन्छ ।

## धारणा हुने विषयमा प्रकाश

चक्षुबाट यस्तो वस्तु मैले देखें भनी सम्भंदा चक्षु विज्ञानको सन्ततीको बीच बीचमा हृदय वस्तुमा मन: विज्ञान राशीहरू अविच्छिन्न रूपमा उत्पत्ति र विनाश भइरहन्छन् । श्रोत विज्ञान आदिमा पनि सम्बन्धित आरम्मण लागिरहंदा पनि हृदय वस्तुमा मन: विज्ञान राशीहरू अविच्छिन्न रूपमा उत्पत्ति र विनाश भई नै रहेका हुन्छन् । आँखाले हेरिरहंदाको बेलामा हृदयले चिन्तना पनि गरिरहेको हुन्छ थाहा पनि पाइरहेका हुन्छन् । कानबाट कुनै एउटा शब्दलाई सुन्दाको बेलामा पनि सत्वहरूको चित्तमा पनि चिन्तन गर्ने र थाहा पाउने कार्यहरू जारी नै भई रहन्छन् । घ्राण विज्ञान, जिह्वा विज्ञान र काय विज्ञानमा पनि यस्तै नै हुन्छ ।

## मन: विज्ञान राशी

मन: विज्ञान राशीमा पनि शरीर सम्बन्धी विज्ञानको कृत्य भइरहंदा बचनबाट हुने विज्ञान कृत्य हुन सक्तैन । फेरि बचनबाट हुने कृत्य सम्बन्धी विज्ञान भइरहंदा शरीरबाट गर्ने विज्ञान सम्वन्धी कृत्य हुन सक्तैन । यी कृत्यहरू हुने गति ज्यादै तीब्र भएको हुँदा गमन गरिरहंदाको बेलामा कुराकानी गर्ने काम पनि भइरहन्छन् । कुराकानी गर्दाको बेलामा पनि शरीरका अंग प्रत्यंगहरूलाई चलाइरहन सकिन्छ । सम्बन्धित रूपलाई देख्न सकिन्छ । सम्बन्धित शब्दलाई सुन्न सकिन्छ । यसो हुनाको कारण विभिन्न कृत्यहरूको गति अति तीब्र हुनाले एउटा एउटा सन्ततीको बीच बीचमा पनि अन्य कुराहरू पनि उत्पन्न भई निरूद्ध भएर जान सक्तछन् ।

## मुख्य कुरा

विपश्यनाको भावना गर्ने योगि पुद्गलले मन: विज्ञान वीथिमा अत्यन्त तीब्र गतिमा प्रवर्तित भइरहेका लाखौं करोडौं वीथिलाई संक्षेप रूपबाट एकै वीथिको उदय र व्ययको तवरबाट मात्र देख्न जान्न सकिएमा पनि पर्याप्त हुन्छ ।



https://dhamma.digital

**यहाँ मैले देखें, मैले सुनें, मैले सुंघे, मैले स्वाद लिएँ, मैले स्पर्शको अनुभव गरें मैले अनेक चिन्तन गरें भनी नरक अग्नि ६ र मैले कुरा गरें, मैले देहलाई चलाएं, म हिंडें, म आएं इत्यादि रूपबाट नरकाग्नि समेतलाई निरोध गर्न सक्नु नै मुख्य कुरा हुन आउँछ । अर्थात् मैले देखें, मैले सुनें इत्यादि पाँच प्रकारबाट ढाकिराखिएका लक्षण त्रय सम्मोह अन्धकारलाई विनाश गरी लक्षण त्रय ज्ञान आलोकलाई प्राप्त गर्ने काम नै मुख्य कुरा हो ।**

## समावेश हुने

शरीरभित्रका चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र हृदय नामक ६ स्थानलाई राम्ररी समेटी तिनको उत्पत्ति र विनाशलाई राम्ररी देख्न जान्न सकिएमा माथि लेखिएका कुराहरू सबै सोही ज्ञानको अन्तर्गत हुन आउँछ ।

यो हो चक्षु विज्ञान आदिलाई प्रकाश गरिएको विधि ।

## लक्षण त्रय ज्ञान आलोक

**यसरी माथि उल्लेख गरिसकिएको पृथ्वी, आप, तेज, वायु नामक धातु चार, आकाश धातु एक र विज्ञान धातु एक समेत जम्मा धातु ६ को उत्पत्ति र विनाशलाई पानीको फिंजको उपमा समान निरन्तर रूपबाट जाति, मरण, अनित्यलाई विपश्यना ज्ञानबाट हेरी जानिएको ज्ञान आलोकलाई लक्षण त्रय ज्ञान आलोक (अर्थात् पालिमा लक्खण त्तय ञाण आलोक) भनिन्छ ।**

लक्खण त्तय पटिवेध ञाण आलोक (अर्थात् लक्षण त्रय प्रतिवेध ज्ञान आलोक) लाई सविस्तार गरिएको वर्णन यहीं सकिन्छ ।

## निब्बान पटिवेध ञाण आलोक (निर्वाण प्रतिवेध ज्ञान आलोक)

**यसरी लक्षण त्रय ज्ञान आलोक प्राप्त भएपछि मार्ग चार (श्रोतापत्ति, सक्रिदागामी अनागामी र अरहन्त मार्ग चार) र फल चार (श्रोतापत्ति, सक्रिदागामी, अनागामी र अरहन्त फल चार) लाभ हुनेछ । यसरी लाभ भएको मार्ग ज्ञान चार र फल ज्ञान चारले प्रत्यक्षतः निर्वाणलाई साक्षात्कार गर्ने ज्ञान हुंदा ती मार्ग ज्ञान र फल ज्ञानलाई निश्चित रूपबाट निब्बान पटिवेध ञाण आलोक (अर्थात् निर्वाण प्रतिवेध ज्ञान आलोक) भनिन्छ ।**

निर्वाण प्रतिवेध ज्ञान आलोकको वर्णन यहीं सकिन्छ ।

सम्मोह पाँच र आलोक पाँचलाई स्पष्ट रूपबाट दर्शाइएको वृतान्त यहीं सकिन्छ ।

## भाग २

## कर्म सम्बन्धी पाँच प्रश्नहरू

फ्रान्सको राजधानी पेरिस निवासी फ्रान्सेली विचारकहरूको एक जमातले श्री मौंग्वा लेडि सयादो महास्थविरसंग कर्म सम्वन्धी विषयहरूमा केही प्रश्न सोधेका थिए । ती पाँच प्रश्नहरू र तत्सम्बन्धमा भदन्त मौंग्वा लेडि सयादो महास्थविरले दिनु भएको उत्तरको अनुवाद तल दिइएका छन् ।

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

**प्रश्न नं.** १:- जीव शास्त्रमा त केटाकेटीले आफ्ना आमाबाबुका शारीरिक गुणहरू प्राकृतिक तवरले नै वंशानुगत रूपबाट प्राप्त गर्दछ भन्ने कुरा लेखिएको छ । आमाबाबुका कर्म र छोराछोरीका कर्म समान हुन्छ कि हुन्न ? के आमाबाबुका कर्मले केटाकेटीका कर्मलाई निर्धारित गर्दछ ?

**उत्तर**:- आमाबाबुका कर्म र छोराछोरीका कर्म एक समान हुन्छन् कि हुँदैनन् भन्ने प्रश्नको जवाफमा के भन्न सकिन्छ भने कतिपय कर्म समान हुने खालका हुन्छन् भने कतिपय कर्म असमान पनि हुन्छन् । आमाबाबु र छोराछोरीका कर्मका शक्ति प्रबल वा दुर्वल भएको आधारमा तिनीहरूका कर्म आपसमा समान वा असमान हुने हुन्छन् ।

शारीरिक रूपबाट भन्ने हो भने आमाबाबुका कर्मले सामान्यत: आफ्ना छोराछोरीका कर्मलाई प्रभावित गरेकै हुन्छ । किनभने स्वस्थ आमाबाबुले अक्सर गरेर स्वस्थ सन्तानलाई नै जन्म दिन्छन् । अस्वस्थ आमाबाबुले अस्वस्थ सन्तानलाई अक्सर जन्माउँछन् । किन्तु धार्मिक, चारित्रिक रूपबाट भन्ने हो भने आमाबाबुका कर्मले आफ्ना सन्तानका कर्मलाई कुनै किसिमबाट पनि प्रभावित नगर्न सक्तछन् । बच्चाको कर्म उसको आफ्नै कुरा हो । यसले बच्चाको व्यक्तित्वको निर्माण गर्दछ । अर्को शब्दमा भन्ने हो भने, असंख्य पूर्वजन्महरूमा उसले संचित गरिआएका कुशल र अकुशल कर्महरूको कूल संचितिको रूपमा उसको व्यक्तित्वको निर्माण भएको हुन्छ । उदाहरणार्थ बोधिसत्वको रूपमा रहेका राजकुमार सिद्धार्थको कर्मलाई उहाँका मातापिता राजा शुद्धोदन र महारानी महामायादेवीका संयुक्त कर्मबाट समेत कुनै किसिमको प्रभाव परेको थिएन । किनभने बोधिसत्व राजकुमार सिद्धार्थको कर्म र उहाँका मातापिताको कर्मको शक्तिमा समान थिएन । हाम्रा बुद्ध हुनेवाला बोधिसत्व राजकुमार सिद्धार्थको कर्म अत्यन्तै गौरवपूर्ण र शक्तिशाली थिए । सिद्धार्थ कुमारका कर्मसंग तुलना गर्दा उहाँका मातापिता दुबैका संयुक्त कर्म पनि अत्यन्त शक्तिहीन र दुर्वल थिए । यसबाट मातापिता र सन्ततीका कर्म असमान हुन सक्ने दृष्टान्त प्रष्ट हुन्छ ।



https://dhamma.digital

शारीरिक रूपबाट मातापिता र तिनका सन्ततीका कर्म एक समान हुने प्रमाण पनि यस लोकमा प्रशस्त पाइन्छन् । इह जन्ममा फल दिने रूप समान छ कि छैन भने कुरालाई हेरी त्यसको कर्म समान छ कि छैन भन्ने कुरालाई थाहा पाउन सकिन्छ ।

**प्रश्न नं**. २:- कुष्ठ रोगबाट पीडित वा प्रचण्ड सरूवा रोगबाट ग्रसित आमाबाबु वा पागल आमाबाबुबाट जन्मेका छोराछोरीमा आमाबाबुका ती कुष्ठ रोग वा सरूवा रोग वा पागलपनको रोग सर्न सक्छन् भन्ने कुरा चिकित्साशास्त्रमा उल्लेख गरिएको छ । आमाबाबु र छोराछोरीका कर्म आपसमा समान नभएका भए आमाबाबुका रोग व्याधि तिनका सन्तानमा कसरी सर्न सक्छन् ? अर्थात् आमाबाबुका कर्मले तिनका सन्तानका कर्मलाई प्रभावित नगर्ने हो भने प्रचण्ड सरूवा रोगबाट पीडित आमाबाबुका रोग तिनका सन्तानमा संक्रमण हुने तथ्यलाई कसरी व्याख्या गर्न सकिन्छ त ?

**उत्तर**:- छोराछोरीमा तिनका आमाबाबुका रोग व्याधि वंशानुगत रूपबाट प्राकृतिक तवरले सर्ने कुरा जो छ त्यो माताको उतु (अर्थात् ऋतु) र पिताको उतु (अर्थात् ऋतु) को कारणले गर्दा कुष्ठ रोग र पागलपन जस्ता सरूवा रोग छोराछोरीमा सर्न सक्ने हुन्छन् । यहाँ एउटा सानो बोट विरूवाको उपमा दिई यो कुरालाई दर्शाउन सकिन्छ । एउटा कमसल सुक्खा माटो भएको जग्गा छ र अर्को असल मलिलो माटो भएको र पानीको चिस्यान पनि भएको जग्गा छ भनौं । एउटा बोटको विरूवाबाट दुइटा वीजलाई लिएर बिउलाई कमसल सुक्खा माटोमा रोपि दिउँ र अर्को उस्तै बिउलाई असल मलिलो पानी समेत भएको माटोमा रोपि दिउँ । परिणाम हामी के पाउँछौं भने कमसल सुक्खा माटोमा रोपिएको बिउबाट उम्रेको विरूवा चाहिं झिनो बिरामी बोटको रूपमा हाङ्गा निस्कन थाली सुकेर जानेछ । किन्तु असल मलिलो चिस्यान भएको माटोमा रोपिएको अर्को बिउ चाहिं राम्ररी हुर्की बढेर एउटा अग्लो स्वस्थ बृक्षकै रूपमा फष्टाउने छ । एउटै बोटका बिउ भएर पनि बिरूवा एक समान किन फष्टाएनन् त ? यसबाट के देखिन्छ भने एउटै बोटबाट दुईटा बिउ लिइएको भए तापनि बिउ रोपिएको माटो र पानीको गुण असमान भएको कारणले गर्दा उम्रंदा (हुर्किंदा) असमान रूपबाट अर्थात भिन्ना भिन्नै किसिमबाट हुर्किंदा रहेछन् । त्यस्तै मानिसका कर्मलाई पनि, पूर्व कर्मलाई बिउसंग, आमाको ऋतु अथवा शारीरिक अवस्थालाई माटोसंग र बाबुको ऋतु वा शारीरिक अवस्थालाई माटोलाई मल पुऱ्याउने चिस्यानसंग तुलना गर्न सकिन्छ । सामान्य रूपमा भन्ने हो भने माथि प्रस्तुत गरिएको उदाहरण अनुसार त्यो बोटको बृद्धि हुने कार्यमा बिउको भागमा दश खण्डको एक खण्ड, माटोको भागमा दश खण्डमा ६ खण्ड र चिस्यानको भागमा १० खण्डमा ३ खण्ड हात रहेको हुन्छ । यसरी बिउ (बच्चा) मा उपजको शक्तिको सम्भाव्यता विद्यमान रहे तापनि यसको बृद्धिको



https://dhamma.digital

गति भने माटो (आमा) र चिस्यान (बाबु) बाट सशक्त रूपबाट प्रभावित हुन्छ र सो गतिलाई ती कुराले तीब्रता प्रदान गर्दछ।

तसर्थ बृक्षको बृद्धि र स्थितिको लागि माटो चिस्यानका हेतुहरू धेरै मात्रामा उत्तरदायी रहे झैं सन्तानका उत्पत्ति र बृद्धिका सन्दर्भमा पनि आमाबाबुका कर्मका प्रभावहरूलाई समुचित स्थान दिइनु पर्दछ।

सन्ततीका शारीरिक रूपाकारलाई निर्धारण गर्ने कर्ममा आमाबाबुका कर्मका भाग (हिस्सा) के कति हुन्छ भने कुराको चर्चा तल गरिने छ।

मातापिताका कर्मका हिस्सा (भाग) भन्नाले जन्मदाता मातापिता मानिसहरू भएमा तिनका सन्तान पनि मानिसै हुनेछन्। जन्मदाता आमाबाबु गाईवस्तु भएमा तिनका सन्तान पनि गाई गोरू नै हुनेछन्। मानिसहरूमध्ये पनि यदि आमाबाबु चिनियाँ जातिका भए तिनका सन्तान पनि चिनियाँ जातिकै हुनेछन्। यसरी जन्मदाता आमाबाबु जुन जाति, वर्ण, वर्ग र किसिमका हुन्छन् तिनका सन्तान पनि सदैव तिनै जाति, वर्ण, वर्ग र किसिमका नै हुन्छन्। रोग व्याधि पनि आमाबाबुकै कर्मको भाग अन्तर्गत आउँछन्।

यसबाट के स्पष्ट: देखिन्छ भने आमाबाबुका कर्म र छोराछोरीका कर्म समान नभए तापनि वा छोराछोरीका कर्म आफैमा बहुतै शक्तिशाली भए तापनि आमाबाबुका कर्मबाट छोराछोरीका कर्म पूर्ण रूपमा अप्रभावित रहन भने सक्तैन। यसरी छोराछोरीले आमाबाबुका शारीरिक गुण लक्षणहरूलाई नै वंशानुगत क्रममा प्राप्त गर्ने सम्भाव्यता कायमै रहिरहन्छन्। अर्थात् आमाबाबु कुष्ठ रोगी भएमा तिनका छोराछोरी पनि कुष्ठ रोगबाट पीडित हुन सक्नेछन्। आमाबाबुलाई सरूवा रोग भएमा तिनका छोराछोरी ती सरूवा रोगबाट अभिमुक्त नहुन सक्तछन्। आमाबाबुलाई पागलपन (उन्मादपना) को रोग भएमा तिनका सन्ततीलाई पनि पागलपनको रोग हुन सक्नेछ। तथापि कस्तो पनि हुन सक्छ भने आमाबाबुका कर्मभन्दा छोराछोरीका कर्म तुलनात्मक रूपमा ज्यादै शक्तिशाली भएको खण्डमा भने छोराछोरीका कर्मले आमाबाबुको अकुशल धातुलाई अतिक्रमण गरेर जान सक्ने पनि हुन्छ। आमाबाबुका खराब वा नराम्रा शारीरिक प्रभावहरूलाई औषधि विज्ञानको प्रयोगद्वारा पनि निष्कृय गर्न सकिन्छ। अर्को शब्दमा भन्ने हो भने असल औषधि मुलोबाट आफ्ना शरीरलाई स्वस्थ रूपबाट बृद्धि गरेर लान सकेको खण्डमा आमाबाबु कुष्ठ रोगी भएतापनि छोराछोरी कुष्ठ रोगबाट मुक्त हुन सक्तछन्।

**आमाको गर्भमा प्रतिसन्धि लिने सत्वहरू तीन बीजबाट बृद्धि हुन्छन्- पहिलेका पुर्वजन्मका बीज-१, आमाको रस धातु बीज-१ र पिताको रस धातु बीज-१।** त्यसमध्ये पनि आमाको रस धातु र बाबुको रस धातु दुईटामा पनि शक्तिशाली र शक्तिहीनको रूपबाट समान र असमान दुई किसिमका हुन्छन्।



https://dhamma.digital

आमाबाबु दुबै स्वस्थ भएमा रस धातु दुबै समान शक्तिका हुन्छन् । त्यस अवस्थामा प्रतिसन्धि हुने छोराछोरीहरूका रूप आकार आदिमा दुबै तर्फबाट समान भई रहन्छन् । आमाबाबुका रस धातु एक तर्फबाट शक्तिशाली र अर्को तर्फबाट शक्तिहीन भएमा प्रतिसन्धि हुने छोराछोरीहरूका एक पक्ष मात्र शक्तिशाली हुन्छ र अर्को पक्ष शक्तिहीन हुन्छ । किन्तु छोराछोरीका कर्म र शारीरिक रूप आकारहरू जस्तै जाति, वर्ण आदि भने माथि लेखिएका तीनै हेतुहरू अर्थात् तीन बीजहरूकै उपज हुन्छन् ।

**प्रश्न नं**. ३ः- आलय विञ्ञाण (अर्थात् आलय विज्ञान) भनेको केही समाउने भएमा मात्र उत्पन्न हुने हो कि अथवा त्यसरी समाउने केही नभएमा पनि आफैं आफैं उत्पन्न हुने हो ? सत्वहरूका मृत्युपछि आफ्ना स्वेच्छाले विचरण गर्ने अगति, आत्मा भन्ने कुरा के छ ? अर्थात् के अगति छ भन्ने कुरा साँचो हो ?

**उत्तर**ः- समाउने भएमा यस जन्मबाट छुट्ने र समाउने केही नभएमा बीचमा केही अन्तराभव सत्वको रूपमा आफैं आफैं उत्पन्न हुने कुरा साँचो होइन । एक जन्मबाट मृत्यु भएपछि अर्को लोकमा जन्मिने गरी समाउने केही नभएमा बीचमा कहीं एउटा भवमा आफैं आफैं उत्पन्न भइरहन्छ भन्ने सिद्धान्तलाई अन्तराभव दृष्टि भनिन्छ । त्यस प्रकारको दृष्टिलाई स्थविरबादी बुद्ध धर्मको ग्रन्थमा कहीं पनि मान्यता दिइएको छैन ।

## अन्तराभव दृष्टि विषयमा प्रकाश

चेतन भएका जीवधारी सत्वहरू यस जन्मबाट मृत्यु भएपछि अर्को जुनीमा मनुष्य हुने, देवता हुने, ब्रम्हा हुने, तल्ला नर्कमा जन्म हुने, तिर्यक र प्रेत लोकमा जन्म ग्रहण गर्ने भनी ६ प्रकारका जुनीमा जन्मिने कुरा त्रिपिटकादि ग्रन्थमा उल्लेख गरिएका छन् । किन्तु एकथरी अविश्वासीहरू र अज्ञानी जनहरू भने जीवधारी सत्वहरूका लागि यस जुनीबाट मृत्यु हुँदा जन्म ग्रहण गरिने भनिएका ती मनुष्य भव, देव भव, ब्रम्हा भव, नर्क-तिर्यक-प्रेत भव देखि सर्वथा भिन्न रहेका ती भवका बीचमा अवस्थित रहेका अन्तरीम अवस्थाहरू अर्थात् अन्तराभव भन्ने पनि छन् र मनुष्य, देव, ब्रम्हा, नर्क, तिर्यक, प्रेतादि कुनै पनि त्रिपिटकादि ग्रन्थहरूमा उल्लेख नभएका ती अन्तरीम अवस्थाका अन्तराभवमा ती षटगतिमा जन्मेदेखि बाहेकका अन्तरीम अवस्थाका सत्वहरू अर्थात् अन्तराभव सत्वहरू रहन्छन् भने विश्वास वा धारणा राख्तछन् । देव, ब्रम्हा मनुष्य भव पनि नभएका र तर्क तिर्यक प्रेत भव पनि नभएका ती अन्तरीम अवस्थालाई नै अन्तराभव भनिन्छ ।

कुनै कुनै व्यक्तिहरू यस्ता अन्तराभव सत्वमा पनि पञ्च स्कन्ध पूर्ण रूपमा हुन्छ भन्ने कुरा मान्दछन् । कोही कोहीमा भने अन्तराभव सत्वमा केवल विज्ञान मात्र हुन्छ भन्ने पनि धारणा रहेको पाइन्छ ।



https://dhamma.digital

द्रष्टव्यः- पञ्च स्कन्ध-भगवान् बुद्धले यस संसारका सम्पूर्ण भौतिक एवम् मानसिक कृयाकलापलाई अर्थात् नाम र रूपलाई पाँच स्कन्धको रूपमा विभाजन गर्नु भएको छ। यिनै पाँच स्कन्धहरू नै अज्ञानीजनको दृष्टिमा "म" र "आत्मा" को रूपमा अगाडि उपस्थित हुन आउँछन्। ती पाँच स्कन्धहरू हुन्- १) रूप-स्कन्ध, २) वेदना-स्कन्ध, ३) संज्ञा-स्कन्ध, ४) संस्कार-स्कन्ध र ५) विज्ञान-स्कन्ध। आन्तरिक वा वाह्य, स्थूल वा सूक्ष्म, ठूला वा साना, उँचा वा नीच, टाढा वा नजीक, आफ्ना वा अरूका जति पनि रूपहरू यस संसारमा छन् ती सबै नै रूप-स्कन्धभित्र समावेश हुन्छन्। जति पनि वेदना छन् ती वेदना स्कन्धमा, यावत् संज्ञा जति संज्ञा-स्कन्धमा, सम्पूर्ण संस्कार जति संस्कार-स्कन्धमा र विज्ञान जति सबै विज्ञान-स्कन्धभित्र समावेश हुन्छन्।

कसै कसैको भनाइमा यस्ता दिव्य सत्वहरू चक्षुबाट पूर्ण हुन्छन् भन्ने धारणा पनि छ। यी सत्वहरू आफ्नो इच्छा भएको ठाउँमा तुरुन्त जान सक्ने ऋद्धिबाट पनि सम्पन्न हुन्छन् भन्ने धारणा राख्नेहरू पनि छन्। पुनः एकथरीका व्यक्तिहरूमा यस्ता यस्तासम्म पनि भ्रमात्मक उपहासयोग्य मतहरू पनि रहेका हुन्छन् कि यस्ता अन्तराभव सत्वकर्मद्वारा प्रेरित भएका कारणले गर्दा अनेक प्रकारका चिन्तन गर्दछन्। आफू जुन लोकमा अवस्थित छन् त्यस लोकदेखि भिन्नै लोकमा बास गरेका छौं भन्ने धारणा पनि राख्तछन्। जस्तो उदाहरणार्थ कर्मको प्रेरणाबाट ऊ आफू दुःखी दरिद्रताको अवस्थामा रहेतापनि सो सत्वले दुःखी दरिद्रपनलाई नै सुख भनी सम्भन्छ। नर्कमा जाने कर्मबाट प्रेरित भएतापनि नर्कलाई नै देवलोक भनी सम्भन्छ। अन्तराभव सत्व आफ्ना इच्छानुकूलको भवमा क्षण भरमै पुगी प्रतिसन्धि ग्रहण गर्न सक्तछन् भन्ने धारणा राख्नेहरू पनि हुन्छन्। (अन्तराभववादी पुद्‌गलहरूको सिद्धान्त र दृष्टि यही हो।)

**यस प्रकारको अन्तराभववादी सिद्धान्तलाई बुद्ध धर्मको त्रिपिटकादि ग्रन्थले मान्यता प्रदान गरेको छैन। अन्तराभव सम्बन्धी यी विश्वासहरू झुठा हुन् भनी यस्ता दृष्टिहरूलाई त्रिपिटकादि ग्रन्थमा अस्वीकार गरिएका छन्।**

यस प्रकारको धारणा, दृष्टिलाई बुद्ध धर्मको ग्रन्थमा कसरी अस्वीकार गरिएको छ भने अन्तराभव भन्ने छैन। यस जन्ममा मनुष्य योनीमा जन्म ग्रहण गरेको व्यक्ति आफ्नो कुशल कर्मका कारणले अर्को जुनीमा पनि मनुष्य योनीमै जन्मन योग्य हुन्छ भन्ने उसको पुनर्जन्म मनुष्यकै कुलमा हुनेछ। जुन व्यक्ति आफ्नो कर्मको कारण अर्को जुनीमा देवलोकमा जन्म ग्रहण गर्न योग्य हुन्छ उसको पुर्नजन्म देवलोकमै हुनेछ। कर्मको कारण नर्कमा जन्मनु पर्ने सत्वको पुनर्जन्म नर्कमा हुनेछ। बीचमा अन्तराभव भन्ने नभएको भए मनुष्य लोकबाट देवलोकमा मनुष्य लोकबाट नरकलोकमा कसरी जान्छन् त भन्ने प्रश्न आउन सक्ने छ। किन्तु एक जन्मबाट अर्को जन्ममा जाने, आउने, सर्ने, संक्रमण गर्ने



https://dhamma.digital

वा विचरण गर्ने भन्ने कुरा केवल लोक व्यवहारका कुरा मात्र हुन् । यस्तो कुरा धर्मका कुरो होइन, धातुको कुरो होइन ।

धर्मको भाषाबाट भन्ने हो भने एक रूप धर्म-नाम धर्म एक जन्मबाट अर्को जन्ममा जाने भन्ने छैन । एक जन्मबाट अर्को जन्ममा एक रूप धर्म-नाम धर्म आउने वा सर्ने, संक्रमण गर्ने वा विचरण गर्ने भन्ने पनि छैन । यहाँ चलचित्र देखाउने यन्त्रले निकाल्ने चित्रहरू वा ग्रामोफोनबाट निकाल्ने स्वरसंग तिनका फिल्म र स्वर-बाकस वा ग्रामोफोनको चक्कासंगको अटूट सम्बन्धलाई उपमा लिई रूप धर्म नाम धर्मलाई क्रमिक रूपबाट अटूट किसिमले प्रवर्तित भइरहेको कुरालाई जान्नु पर्दछ ।

जुन सत्व मनुष्य लोकबाट च्यूत भई देवलोकमा जन्म हुन पुग्दछ त्यस सत्वको मनुष्य भवको अन्त र देव भवको प्रारम्भ स्थानको दूरीको हिसाबबाट निकै टाढा भएतापनि समयको हिसाबले मनुष्य भवबाट च्यूत भई देवलोकमा जन्म ग्रहण गर्न कुनै समय नलाग्ने हुनाले खास अन्तर केही हुँदैन, निरन्तर रूपमा जोडिएकै हुन्छ । जुन सत्व मनुष्य लोकबाट च्यूत भई महा अवीची नरकमा पुनर्जन्म ग्रहण गर्दछ त्यस सत्वको मनुष्य लोकको अन्त र नरक लोकको जन्मको प्रारम्भ स्थानको हिसाबले निकै अन्तर, टाढा भएतापनि समयको हिसाबले कुनै अन्तर हुँदैन । लोकको दृष्टिमा महापृथ्वी निकै बाक्लो भएकोले मनुष्य लोकबाट च्यूत भई नर्कलोकमा उत्पन्न हुँदा पृथ्वीले सो मार्गलाई रोक्ने अन्तर निकै बढी रहन सक्ने जस्तो प्रतीत भएतापनि कर्म नामक नाम धर्मको शक्तिलाई रोकिराख्ने शक्ति त्यस महापृथ्वीमा पनि पटक्कै छैन । न त त्यस संक्रमणलाई कुनै पनि बीचमा हस्तक्षेप गर्ने वस्तु वा आकाशले छेक्न सक्छ, न त कुनै प्रकारले त्यस संक्रमण प्रकृयालाई कुनै कुराले बाधा पुऱ्याउन नै सक्तछ । मनुष्य जन्मको अन्त, पुरानो नाम धर्मको निरोध हुनासाथ महा अवीची नरकको प्रारम्भ र नाम धर्मको नयाँ नयाँ उत्पत्ति हुने निरन्तरता अनबरूद्ध रूपमा अबिच्छिन्न तरीकाबाट जारी नै रहन्छ । एक जन्मबाट अर्को जन्म, एक लोकबाट अर्को लोकमा उत्पत्ति हुनमा बीचमा आँखाको एक पलकसम्म वा एक पटक बिजुली चम्किंदाको समयसम्मको प्रमाणमा पनि अन्तर भनेको रहन्न । अर्थात् एक जन्मबाट च्यूत भई अर्को भवमा उत्पन्न हुने समय यति क्षणिक मात्र लाग्छ कि बीचमा पारवहनमा लाग्ने समय आँखाको एक पलकको समयभन्दा पनि कैयौं गुणा चलाक र छिटो हुन्छ । कारण किनभने भिन्न भिन्न कर्मले आ-आफ्ना कर्म र आ-आफ्ना पुनर्जन्मका भुवन, आ-आफ्ना भुवन र आ-आफ्ना भवलाई निर्धारित गरिराखेको कारणले गर्दा यस्तो हुन सकेको हो । अर्को शब्दमा भन्ने हो भने भिन्न भिन्न कर्मले आ-आफ्ना कर्मको निमित्त आ-आफ्ना पुनर्जन्मका भवलाई निर्धारित गर्नुको साथै सम्पूर्ण आवागमनमा लागेका सत्व प्राणीहरूलाई यस्ता भवमा सुलभ हुने



https://dhamma.digital

जीवनको अवस्थाको पनि निर्धारण गरेको हुन्छ । (आवागमनमा लागेका सत्वहरू भन्नाले निर्वाणको अन्तिम चरणलाई प्राप्त नहुञ्जेलसम्ममा भवचक्रमा यात्रा गरिरहनु पर्ने सम्पूर्ण जीवधारी सत्व प्राणीहरूलाई जनाउँछ ।)

कर्मले निर्धारित गरिराखेको कसरी हुन्छ त ?

कर्म अनेक प्रकारका हुन्छन् । कर्मका विपाक (फल) पनि अनेक प्रकारकै हुन्छन् ।

१. दान नामक कुशल कर्म एउटामा पनि-कतिपय दानको कर्मले मनुष्यमा जन्म दिन्छ भने कतिपय दान कर्मले चतुर्महाराजिक देव भवलाई उत्पन्न गराइदिन्छ र कतिपय दानका कर्मले तावतिंस्स देव भुवनलाई उत्पन्न गराइदिन्छ । यसप्रकार विभिन्न दान कर्मले देवलोकहरू तह तह गरी ६ देवलोकसम्म पनि पुऱ्याइदिन्छन् ।

२. शील नामक कुशल कर्मले पनि दानका कर्मले जस्तै विभिन्न सुगति लोकमा जन्म ग्रहण गराइदिन्छ ।

३. महग्गत भावनाको क्रममा पनि प्रथम ध्यान कुशल कर्मले प्रथम ध्यान ब्रम्हा भुवनमा प्रथम ध्यान ब्रम्हा भवलाई उत्पन्न गराइदिन्छ । द्वितीय ध्यान कुशल कर्मले द्वितीय ध्यान ब्रम्ह लोकमा द्वितीय ध्यान ब्रम्हा भवलाई उत्पन्न गराइदिन्छ । तृतीय ध्यान, चतुर्थ ध्यान आदिको पनि आ-आफ्ना कर्म, आ-आफ्ना भुवन र आ-आफ्ना भव आदि भिन्न भिन्न रूपबाट छन् । यसरी विभिन्न ध्यान भावनाको अभ्यासबाट विभिन्न ब्रम्हलोकहरूमा जन्म ग्रहण गराउन सकिन्छ । सबैभन्दा माथिल्लो नैव संज्ञाना संज्ञायतन ध्यान कुशल कर्मले पनि सबैभन्दा माथिल्लो नैव संज्ञाना संज्ञायतन ब्रम्ह भुवनमा नैव संज्ञाना संज्ञायतन ब्रम्ह भवलाई उत्पन्न गराइदिन्छ ।

४. प्राणातिपात नामक अकुशल कर्ममा पनि-कतिपय कर्मले संजीव नर्क भुवनमा संजीव नरक भव उत्पन्न गराइदिन्छ भने कतिपय कर्मले कालसूत्र नरक भुवनमा कालसूत्र नरक भवलाई उत्पन्न गराइदिन्छ । यसै प्रकारले सबैभन्दा तल्लो महा अवीची नरक भुवनसम्म पनि यसै रूपबाट उत्पन्न हुन्छ । अदत्तादान इत्यादि कर्ममा पनि प्राणातिपात कर्ममा जस्तै फलको विभाजन गरी जान्नु पर्दछ ।

कर्मका फल भिन्न भिन्न भनेको मनुष्य भव, चतुर्महाराजिक भव, तावतिंस्स देव भव इत्यादि माथि भनिएका कुरामा भव भन्ने शब्द कर्मको फललाई भनिएको हो । भिन्न भिन्न भवलाई कर्मका फल भिन्न भिन्न भनी भनिएको हो । यस प्रकारबाट सामान्यतः आ-आफ्ना कर्म र आ-आफ्ना भुवन, आ-आफ्ना भुवन र आ-आफ्ना भव भिन्न भिन्न रूपबाट निर्धारित गरिराखिएको



https://dhamma.digital

हुंदा मनुष्य लोकबाट च्यूत हुंदा च्यूत हुनेको सबैभन्दा शक्तिशाली कर्म एउटाले आ-आफ्ना सम्बन्धित भुवन र सम्बन्धित भवमा मात्र उत्पन्न गराउँछ । अर्को भुवनमा अर्को भवमा उत्पन्न गराउँदैन । हाम्रा काम कार्वाहीहरू कुशल, अकुशल र उपेक्षायुक्त रहे झैं हाम्रा भूत, वर्तमान र भविष्यका कर्महरू पनि सदैव कुशल, अकुशल र उपेक्षायुक्त कर्महरूका रूपमा संचित हुने हुन् । उपर्युक्त विवरणबाट के थाहा हुन्छ भने हाम्रा कर्मले नै हाम्रा जीवनमा हुने परिवर्तनहरूलाई निर्धारित गरेको हुन्छ । (यो हो अन्तराभव सिद्धान्तलाई त्रिपिटकादि ग्रन्थबाट अस्वीकार गरिएको तरीका ।)

"अगति" छ भन्ने कुरो साँचो हो त भन्ने प्रश्नको हकमा अगति हुनेलाई नै अन्तराभव हो भनी सिद्धान्त लिइराख्ने व्यक्तिहरूका लागि त्रिपिटकादि ग्रन्थानुसार यथार्थ कुरा के हो भन्ने विषयमा अब चर्चा गरिने छ ।

अगति भनेका अरू कोही होइनन् । केवल चतुर्महाराजिक देव भवका सत्वहरू हुन् । चतुर्महाराजिक देव भव भनेको मनुष्य भव, देव भव, ब्रम्हा भव, नर्क भव, तिर्यक भव र प्रेत भवबाट अलग होइनन् । ती चतुर्महाराजिक देव भवका सत्वहरू मनुष्य भव, देव भव, नरक भव, तिर्यक भव वा प्रेत भवमध्ये कुनै एकमा नै निवास गर्दछन् । तसर्थ त्यस भवमा परेकाहरू मनुष्य लोकको साह्रै नजीकै नै रहन्छन् । त्यस भवमा दुःख भोग्न दिने कर्मका फल सकिएको अवस्थामा ती भवका सत्वहरू मनुष्य लोकमा नै पुनर्जन्म ग्रहण गर्छन् र आफ्ना योग्य माताको गर्भमा प्रतिसन्धि ग्रहण गर्दछन् ।

त्यो भव सुखी आनन्ददायक देव भव नभएको कारणले त्यस भवलाई देव भव नभनीकन "अन्तराभव" भनी एउटा अर्कै प्रकारले लिइएको हुन्छ । त्यस भवमा जीवन दुःखमय हुने हुंदा तिनीहरूलाई सामान्यतः "अगति वा प्रेत" भनी पुकारिन्छन् । यस संसारमा जति पनि मानिसहरू मर्दछन् ती सबै नै "प्रेत वा अगति" भएरै जन्मिन्छन् भन्ने कुरा भने साँचो होइन । बर्मामा अस्हीं तच्छै (अर्थात् काँचो वायु जस्तो) भनी नामाकरण गरिएको छ । त्रिपिटकादि ग्रन्थमा तिनीहरूलाई "विनिपातिक असुर" भनी भनिन्छ । मनुष्य लोकबाट च्यूत हुने सबै "विनिपातिक असुर" भवमा मात्र पर्न जाने होइनन् । कोही कोही मात्र यस भवमा उत्पन्न हुन्छन् । सामान्यतः आकस्मिक रूपबाट मृत्यु हुनेहरू भने त्यस भवमा उत्पन्न हुने सम्भावना बढी रहन्छ । तसर्थ "विनिपातिक असुर गति" भनेको मनुष्य गति, देव गति, नरक गति, तिर्यक गति र प्रेत गति भन्ने ५ गतिबाट सर्वथा अलग रहेको कुरा होइन ।

**प्रश्न नं. ४:-** मनुष्य गतिमा पुनर्जन्म लिएर यस्ता जन्ममा आफ्ना पूर्वजन्महरूका बारेमा पनि ठीकसंग बताउन सक्ने मानिस पनि हुन्छ भनेको कुरा के ठीक हो ? अर्थात् पूर्वजन्मको कुरा बताउने भन्ने कुरा पनि लोकमा भनिन्छ । पूर्वजन्मको कुरा बताउने हेतु बुद्ध धर्मभित्र समावेश हुन्छ ?



https://dhamma.digital

**उत्तरः-** अवश्य, यो कुनै असाधारण कुरो होइन र कर्म सम्बन्धी बुद्ध धर्मका सिद्धान्त अनुकूल पनि यस्ता कुरा हुन नसक्ने होइनन् । मनुष्य जन्म ग्रहण गर्न आउने पुद्गलहरूमध्येमा पनि पूर्वजन्मका ज्ञाताहरू केही मात्रामा मात्र हुन्छन् । त्यस्ता पुद्गलहरूलाई पूर्वजन्मका कुरा जान्ने भनिन्छ । त्रिपिटकादि ग्रन्थानुसार त्यस्ता व्यक्तिहरूलाई "जातिस्सर पुग्गल" अर्थात् जाति स्मरण हुने पुद्गल भनिन्छ । जातिको अर्थ हो जीवन । स्मरण (स्सर) को अर्थ हो सम्भिmरहने । पुग्गलको अर्थ हो सत्व । यसको अर्थ हो पहिलेको भवलाई सम्झन सक्ने जान्न सक्ने व्यक्ति ।

पहिलेको जन्मलाई थाहा पाउने र थाहा नपाउने कारणहरू निम्न बमोजिम हुन्छन् ।

## पूर्वजन्मका कुरा थाहा नपाउने कारणहरू

१. मनुष्य जन्ममा चिरकालसम्म रोगबाट ग्रस्त भई चित्त एकदमै दुर्वल भई मृत्यु हुने -१

२. पछिल्ला जन्ममा गब्भसेय्यक जाति भई एकदम सूक्ष्म कलहबाट प्रारम्भ भई चिरकालसम्म दमन भई रहेको कारणले गर्दा जीवको बृद्धि क्रम अत्यन्त बिस्तारै मात्र बृद्धि भएको हुँदा चित्तको शक्ति एकदम दुर्वल भई अचेत भई रहने -१

उपर्युक्त दुई कारणको संयोग हुने सत्व प्राणीहरूले पूर्वजन्मलाई सम्झन सक्तैनन् । ती कारणहरूको अलावा निम्न कारणहरूले गर्दा पनि पूर्वजन्मलाई स्मरण गर्न सक्तैनन् । (यस प्रकारका पुद्गलहरूकै संख्या मानव जातिमा सबैभन्दा बढी बहुमतमा हुन्छन् ।) : -

(१) अत्यन्त शैशवावस्थामा मृत्यु हुने, अत्यन्त बृद्धावस्थामा चेतना शून्य र जर्जर भइसकेपछि मृत्यु हुने र अति मादक पदार्थ सेवन गरी मृत्यु हुने र लागू औषधि सेवन गरी मृत्यु हुने ।

(२) हालको जन्ममा आमा हुने साह्रै विरामी भएका ।

(३) अत्यन्त कडा परिश्रम गर्नुपर्ने कारण भएका आमाहरूका गर्भबाट जन्मनु पर्ने भएमा ।

(४) गर्भावस्थामा राम्रो स्याहार सम्भार गर्न नजानिएको भएमा वा गर्भ धारणको समयमा पनि आमाहरू लापर्वाही र अविवेकी हुने भएमा ।

(५) गर्भको राम्ररी सुरक्षित गर्ने कोही नभएमा ।

आमाको गर्भमा रहँदा बच्चाहरू अत्यन्त डराई सन्त्रस्त रहने र घबडाउने कारणले पनि पहिलेका जन्मका कुरालाई जान्न सक्तैनन्, सम्भिmन सक्तैनन् ।



https://dhamma.digital

## पूर्वजन्मका कुरा थाहा पाउने कारणहरू

(१) मनुष्य जन्मबाट मृत्यु भई उपपत्ति देव भव अर्थात् औपपातिक देव भव र ब्रम्हा भवमा पुगेका र नरक भव र प्रेत भवमा पुगेकाहरूले पूर्व जन्मका कुरालाई जान्न सक्तछन् ।

(२) मनुष्य जन्ममा वल शक्तिबाट पूर्ण भइरहेको अवस्थामा शस्त्र अस्त्रको भय, महामारीको भय अन्तरायद्वारा आकस्मिक रूपमा मृत्यु भई पछिको जन्ममा रोग व्याधि रहित भएर स्वस्थ र शान्त प्रकृतिको आमाको शुद्ध मातृ गर्भमा जन्म हुनेहरूले पनि पूर्वजन्मलाई जान्न सम्झन सक्तछन् ।

(३) पूर्वजन्ममा शान्त एवम् पुण्यमयी जीवन व्यतीत गर्ने र भावी जन्ममा अतीतका जन्मका कुरालाई थाहा पाउन सकौं भनी कुशल कर्म गरी प्रार्थना गरिआउने पुद्गलहरूले पनि पूर्वजन्मलाई स्मरण गर्न जान्न सक्तछन् ।

(४) पुब्बे निवास अभिज्ञा (पूर्व निवासानुस्मृति ज्ञान) प्राप्त ऋषिहरूले पनि, बुद्ध, प्रत्येक बुद्ध र अरहन्तहरूले पनि पूर्वजन्मलाई जान्न स्मरण गर्न सक्तछन् ।

उपर्युक्त प्रकारका पुद्गलहरूले पूर्वजन्मका कुरालाई थाहा पाउने हुँदा उनीहरूलाई "जातिस्सर पुग्गल" अर्थात् जाति स्मरण हुने पद्गल भनिन्छ ।

**प्रश्न नं.** ५:- अभिज्ञा पाँच अर्थात् पाँच ऋद्धि शक्ति

१) इद्धिविध अभिज्ञा अर्थात् ऋद्धि-विध अभिज्ञा
२) दिब्ब सोत अभिज्ञा अर्थात् दिव्य श्रोत अभिज्ञा
३) चेतोपरिय अभिज्ञा अर्थात् पर-चित्त ज्ञान
४) पुब्बे निवास अभिज्ञा अर्थात् पूर्व निवासानुस्मृति ज्ञान
५) दिब्ब चक्खु अभिज्ञा अर्थात् दिव्य चक्षु ज्ञान

यी पाँच अभिज्ञा बुद्ध अतिरिक्त अरहन्तादि श्रावकहरूसंग पनि हुनसक्छन् ?

**उत्तर**:- अभिज्ञा पाँच (अर्थात् ऋद्धि शक्तिहरू पाँच)

१) इद्धिविध अभिज्ञा
२) दिब्ब सोत अभिज्ञा
३) चेतो परिय अभिज्ञा
४) पुब्बे निवास अभिज्ञा
५) दिब्ब चक्खु अभिज्ञा



https://dhamma.digital

यी पाँच अभिज्ञा अरहन्तादि श्रावकहरूले पनि लाभ गर्न सक्तछन् । केवल आर्य श्रावकहरूसंग मात्र ती अभिज्ञा सम्बन्धित हुने होइनन् कि त्रिपिटकानुसार समथ भावनालाई पूर्ण रूपमा भावित गरिसकेका शैक्ष्यजन अर्थात् पृथक्जन श्रावकहरूले पनि, कल्पको प्रारम्भमा धर्मानुकूल आचरण र अभ्यास गरी ध्यान प्राप्त गरेका श्रमण ब्राम्हण ऋषिहरूले पनि ती पाँच अभिज्ञा लाभ गर्न सक्तछन् । बुद्धको उत्पत्ति नहुँदाको अवस्थामा कल्पको शुरू प्रारम्भ कालमा आकाशमा उडेर हिंड्न सक्ने शासन बाहिरका ध्यानलाभी ऋषिहरू पनि प्रशस्त हुन्थे ।

आजकालको समयमा पनि ती पाँच अभिज्ञालाई सिद्ध गर्न प्रयत्न गर्ने विधि बुद्धधर्मका ग्रन्थमा स्पष्ट रूपमा दर्शाइएका छन् । वर्तमान् समयमा पनि त्यस विधि अनुसार सिद्ध गर्न सकेमा ती अभिज्ञा पाँचलाई प्राप्त गर्न सकिन्छ । केवल काय बल वीर्य बल दुर्वल शक्तिहीन भएको कारणले मात्र आजकाल ती अभिज्ञा प्राप्त गर्ने महानुभावहरू दुर्लभ भएर गएका हुन् । अर्को शब्दमा भन्ने हो भने ती अभिज्ञाहरू लाभ गर्नकोलागि आवश्यक हुने कठीन शारीरिक एवम् मानसिक आचरण एवम् अभ्यास गर्ने व्यक्तिहरू दुर्लभ प्राय: भएर गएकै कारणले वर्तमान अवस्थामा त्यस अभिज्ञा लाभी पुद्गलहरू दुर्लभ भएर गएका हुन् ।

Dhamma.Digital



https://dhamma.digital

## भाग ३

## अनत्तानिसंस

**(अनात्माको ज्ञानबाट उपलब्ध हुने लाभहरूको एक संक्षिप्त विवेचना)**

अनात्माको लक्षणलाई महशूस गर्ने क्षमताबाट उपलब्ध हुने लाभहरूलाई म यहाँ अब देखाउने छु। अनात्माको लक्षण वा स्वभावलाई स्पष्ट रूपमा देख्न सक्नेले आत्म-दृष्टि वा सत्काय दृष्टिलाई पूर्ण रूपमा निर्मूल गर्न सक्ने श्रोतापत्ति मार्गको ज्ञान प्राप्त गर्दछ र श्रोत्तापन्न आर्य पुद्‌गल भावमा पुग्दछ।

### नर्कमा पतन हुने खालका असंख्य कर्महरू

अनादि संसारमा घुमिरहेका सत्व प्राणीहरूले बुद्ध शासनलाई भेट्टाउनु भनेको साह्रै मुश्कील हुन्छ। लाखौं कल्पहरू व्यतीत भई सकेतापनि र असंख्य कल्पहरू व्यतीत भइसक्दा पनि त्यस्ता सत्वहरूले बुद्ध शासनलाई एकपटक मात्र पनि भेट्टाउने सुअवसर पाउँदैनन्। यस्ता सत्वहरूमा अकुशलहरू र मिथ्या दृष्टिहरूबाट आक्रान्त हुने जीवनहरू र कल्पहरूकै संख्या ज्यादै हुन्छन्। तसर्थ यस्ता प्राणीहरूमा सदैव अविची नरकमा पतन गराउने खालका कर्महरू कै संख्या बढी रहन्छन्। त्यसरी नै सजीव र अन्य नरकहरूमा पतन गराउने वा आठ प्रकारका नरक असुर काय र प्रेत लोकहरूमा र तिर्यक योनीहरूमा जन्म गराउने खालका असंख्य कर्महरू सदैव यस्ता प्राणीहरूले संचित गरेका हुन्छन्।

प्राणीहरूसंगै अविच्छिन्न रूपमा सहगमन गर्ने पुराना अकुशल कर्महरूको मूल-प्रमुख अकुशल कर्म हो आत्म-दृष्टि।

सत्काय दृष्टि-विद्यमान रहुञ्जेलसम्म यी पुराना अकुशल कर्महरू प्रज्वलित र बलवान् हुन्छन्। सत्वहरूले देवता वा शक्रको रूपमा ६ देव लोकहरूमा रही सुख र सुविधाको उपभोग गरि रहेतापनि तिनीहरू चार अपाय लोकमा पुनर्जन्म हुन सक्ने सम्भाव्यता लिएरै बाँच्न बाध्य हुन्छन्। त्यस्तै रूप अरूप ब्रम्ह लोकहरूमा बसी सुख र सुविधाको उपभोग गरिरहेका सत्वहरूले पनि पुनः चार अपाय लोकहरूमा जन्म ग्रहण गर्न जान सकिने सम्भाव्यता लिएरै जीवन यापन गर्न बाध्य हुन्छन्।

ताडको जंगलमा ताडका बृक्षहरूको टुप्पा टुप्पामा फलिरहेका ताडका फलहरूमा सदैव भूईमै खस्न सकिने प्रवृत्ति विद्यमान रहेकै हुन्छन्। रूखका डाँठहरू कडा र बलिया रहुञ्जेल ती फलहरू रूखमै फलिरहन्छन् तर छिट्टैनै ती डाँठहरू कमजोर भएर लच्किनासाथ अवश्यम्भावी रूपमा ती फलहरू भुईंमै गिर्दछन्। त्यसरी नै आत्म-दृष्टिबाट आक्रान्त रहेका देवताहरू तथा



https://dhamma.digital

ब्रम्हाहरूलाई पनि देवता वा ब्रम्हाको रूपबाट जिउन पाउने जीवन शक्तिहरू अर्थात् आयुहरू तिनीहरूको कायम रहेसम्म मात्र देव वा ब्रम्हलोकहरूमा रहिरहने अवसर प्राप्त हुन्छन् । जब उनीहरूका जीवन शक्तिहरू वा आयु समाप्त हुन्छन्, तब ताडको फलहरू गिरेझैं देव ब्रम्हाहरू पनि तल्ला लोकमा झर्न बाध्य हुन्छन् । किनभने यस्ता सत्वहरूका चित्तवृतिमा सदैव टाँसिएर रहने सत्काय दृष्टिले आफूमा यतिका अनन्त, असंख्य अकुशल कर्महरूलाई संगालिराखेका हुन्छन् कि यस्तो संग्रह गर्ने कार्य चालू रहेसम्म यस्ता सत्काय दृष्टि सुमेरू पर्वतभन्दा पनि ज्यादै गऱ्हौं र बोझिला हुन्छन् ।

तसर्थ सत्काय दृष्टि जसको चित्तवृतिमा कायमै रहन्छ त्यस्ता सत्वहरू सर्वश्रेष्ठ ब्रम्हलोकमा निवास गरिरहेतापनि सदैव उनीहरूमा अपायलोकतिर झर्ने वा पतन हुने बाध्यता निरन्तर रूपमा विद्यमानै रहिरहेका हुन्छन् । तल्ला ब्रम्हलोकहरू वा देवलोक वा मनुष्य लोकमा बास गरिरहेका प्राणीहरूका स्थिति त झन नाजुक हुन्छन् भन्ने कुरालाई त अरू बढी टिप्पणी गर्नु परोइन । यस्ता सत्वहरूले ब्रम्हराजहरू, देवराजहरू वा इन्द्रराजहरूकै रूपमा जीवन यापन गरिरहेतापनि उनीहरूको चित्तवृतिमै आठै महान् नरकलोकहरूका हेतु तयारी अवस्थामै विद्यमान रहिआएका हुन्छन् । त्यस्तै उनीहरूकै चित्तवृतिमा साना साना असंख्य नरकहरू, प्रेत लोकहरू, असुर काय लोकहरू र तिर्यक लोकहरूका हेतु तयारी अवस्थामै विद्यमान रहेका हुन्छन् । यी सत्वहरूले आफूमा यस्ता तल्ला र दुःखमय लोकहरूमा उत्पत्ति हुने हेतु र प्रवृति सदैव विद्यमान रहिरहेका छन् भन्ने कुरा थाहा नपाएकै कारणले गर्दा ब्रम्हराजहरू र देवराजहरू आफ्ना जीवन कालमा सुख आनन्द प्राप्त गर्न प्रयत्नशील रहन सकेका हुन्छन् ।

## सत्काय दृष्टि निरोध हुनुको आनिशंस

लामा र आरम्भ रहित जन्महरूको अनन्त चक्र अर्थात् संसारको दौरानमा सत्वहरूले संगालेका सम्पूर्ण पुराना अकुशल कर्महरू जति छन् तीनका प्रमुखको रूपमा रहेको सत्काय दृष्टिको निरोध हुनासाथै ती सबै अकुशल कर्महरू निरूद्ध हुन्छन् ।

पूर्वजन्महरू र अतीत कल्पहरूमा प्राणीहरूले सङ्गालेका यी पुराना अकुशल कर्महरूको त के कुरा, वर्तमान जीवनमा सम्पादन गरेका असंख्य अकुशल कर्महरू जस्तै प्राणी हत्या, चोरी र तिनका विपाक प्रवृतिहरू जति पनि छन् सत्काय-दृष्टि पूर्ण रूपमा निर्मूल हुनासाथै ती सबै अकुशल कर्महरू पनि समूल नष्ट हुन्छन् । सत्काय-दृष्टि निर्मूल भइसकेका सत्वहरूलाई बेला बेलामा उडुस उपियाँहरूको आक्रमणको सामना गर्नुपर्ने डर रहन सक्तछ तर तिनीहरूले अतीतका असंख्य अकुशल कर्मका विपाकहरू भोग्नु पर्ने डर भने अब कदाचित नरहने हुन्छ ।



https://dhamma.digital

सत्काय-दृष्टिबाट पूर्ण रूपमा मुक्तभइसकेका सत्वहरू मनुष्य लोकमै हाल निवास गरिरहेका किन नहुन्, उनीहरू देव र ब्रम्ह लोकका उच्चस्तर भूमिहरूतिर फर्केर अर्थात् अभिमुख भएर बसेका हुन्छन् । उनीहरू तल्ला देव ब्रम्हलोकहरूमा निवास गरिहेका भए त्यसपछि उनीहरू माथिल्ला स्तरका देव र ब्रम्हलोकहरूमा उत्पन्न हुने भई उतैतिर फर्केर बसेका हुन्छन् । उनीहरू वर्षायामको पछिल्लो खण्डमा पर्वतहरू र वन जङ्गलहरूबाट निरन्तर माथि उडिरहने बाफहरूका समान् हुन् ।

यसले पूर्व कर्मका सम्बन्धमा सत्काय-दृष्टिको उत्मूलनबाट उपलब्ध हुने आनिशंसहरूको महानतालाई स्पष्ट दर्शाउँछ ।

## सत्काय दृष्टि भइरहेमा दुश्चरित्र कर्म गर्ने सम्भाव्यता बढी रहने

सत्काय-दृष्टि सहगत भएका मनुष्यहरू, देवताहरू र ब्रम्हाहरू अहिले असल पुण्यात्मा सत्वहरू हुन सक्छन् तर उनीहरूले आज नभए भोलि, पर्सि, अर्को महिनामा वा अर्को वर्षमा वा अर्को जुनीमा पनि असंख्य दुश्चरित्रका कृत्यहरू जस्तै मातृ हत्या, पितृ हत्या र अरहन्तहरूका हत्या जस्ता महान् प्राणातिपात कर्महरू, अदतादान, चोरी जस्ता पाप कर्महरू गर्न सक्ने हुन्छन् । आज उनीहरू बुद्ध शासनको छत्र छायाँमा बस्ने हुन सक्छन् तर भोलि वा अर्को दिन वा अर्को वर्ष, अर्को जुनीमा उनीहरू बुद्ध शासनको घेराभन्दा परै रहन सक्नेछन् र सुगत शासनका विनाशक दृष्टिमा पनि पर्न सक्ने छन् ।

## सत्काय दृष्टि निरोध भएमा दुश्चरित्र कर्म हुन नसक्ने

परन्तु अनात्माको लक्षणलाई राम्ररी जानी बुझी सत्काय-दृष्टिलाई आफ्ना चित्तबाट समूल नष्ट गरिसकेका मनुष्यगण, देवगण र ब्रम्हाहरूले सत्काय-दृष्टिलाई निर्मूल पारेको क्षणदेखि नै धेरै जन्महरू र कल्पहरूसम्म घुमिरहेतापनि सपनामा पनि त्यस्ता दुश्चरित्र कर्महरू गर्ने कुरा सोच्दैनन् । हो, उनीहरूको पनि अझै अनेक जन्महरू ग्रहण गर्ने र अनेक कल्पहरूमा घुम्दै संसारमा विचरण गर्ने व्यवस्था भने कायमै रहन सक्तछ । किन्तु सत्काय-दृष्टिबाट मुक्त भएको दिनदेखि अन्तिम निर्वाण प्राप्त नभएसम्मकै जुनीहरूमा पनि उनीहरू सदैव कल्पान्कल्पसम्म पनि निरन्तर रूपमा अविच्छिन्न रूपले जन्म जन्मान्तरपिच्छे बुद्ध शासनमै अभिरमण गर्ने हुन्छन्, सुगत शासनमै कायम रहने हुन्छन्, उनीहरूकोलागि बुद्ध शासन शून्य भएको कल्प भनेको हुन्न ।

यसले भविष्यका कर्मका सन्दर्भमा पनि सत्काय-दृष्टि निर्मूल गर्नाले उपलब्ध हुने आनिशंसहरूलाई प्रष्ट देखाउँछ ।



https://dhamma.digital

## सत्काय दृष्टि निर्मूल नभएमा अकुशल पनि निर्मूल नहुने

सत्काय-दृष्टि उन्मूलन भएको घडीदेखि नै असंख्य अगणित अतीत कर्महरू कसरी निष्कृय भएर जान्छन् भने कुरालाई निम्न उदाहरणद्वारा प्रष्ट पार्न सकिन्छ:-

बलियो रेशमी धागोमा उनिएका अनगिन्ती संख्याका गेडीहरू भएको जपमालाबाट एउटा गेडीलाई निकालिदिने हो भने सम्पूर्ण अरू गेडीहरू पनि त्यही निकालिएको गेडीकै अनुशरणमा झर्ने हुन्छन् । किन्तु त्यो रेशमी धागोलाई नै झिकिदिने हो भने एउटा गेडी झिक्नाले अरू कुनै पनि गेडीलाई त्यसले असर पार्न सक्तैन । किनभने ती गेडीहरूका बीचमा अब कुनै बन्धन, कुनै अनुराग बाँकी छैन ।

उपर्युक्त उपमा जस्तै सत्काय-दृष्टि धारण गर्ने सत्वले पूर्वजन्महरू र पूर्वकल्पहरूका स्कन्धहरूको लहरैलाई "म" मा परिणत गरी ठूलो अनुराग, लोभको भावलाई संरक्षण गरिराखेको हुन्छ । पूर्वजन्महरू र अतीत कल्पहरूमा मैले धेरै अनगिन्ती पटक मनुष्य गति वा देव गति वा ब्रम्ह गतिमा जन्म लिएको छु भन्ने कुरामा चिन्तन गर्दै उसले सत्काय-दृष्टिरूपी धागोलाई सङ्गालेको हुन्छ । यसरी त्यो पुद्गलले जहाँसुकै पुनर्जन्म ग्रहण गरेतापनि उसले पूर्वजुनीहरूमा र अतीत कल्पहरूमा संग्रह गरिआएका तर अझै ती कर्मका विपाक उत्पन्न भइनसकेको असंख्य पूर्व अकुशल कर्महरू पनि उसको साथ साथै लागेका हुन्छन् । यी अतीतका अकुशल कर्महरू बलियो धागोमासंगै उनिएका ती गेडीहरू सदृश छन्, ती गेडीहरू जस्तै हुन् ।

## अनात्मालाई देख्न सकेमा सत्काय दृष्टि निर्मूल हुने

अनात्म स्वभावलाई राम्ररी जानी बुझी सत्काय-दृष्टिलाई पूर्णरूपमा उन्मूलन गरिसकेका सत्वहरूले एक बसाइको छोटो अवधिमा उत्पत्ति र विनाश हुने रूप तथा नाम स्कन्धलाई एउटै आवद्ध श्रृङ्खला होइन, अपितु रूप तथा नाम स्कन्धहरू अलग अलग कृयाकलापहरू हुन् भन्ने कुरालाई अवबोध गरेको हुन्छ । "मेरो आत्मा" भन्ने धागो सरहको धारणा त्यस्ता पुद्गलमा हुँदैन । तिनीहरूको लागि स्कन्धहरू धागो झिकिसकिएका गेडीहरूको माला जस्तै देखिन्छन् । तिनीहरूले पूर्वजन्ममा गरेका अकुशल कर्म जति छन् ती कुनै पनि "म", "मेरो कर्म", "सत्वहरू", "पुद्गलहरू" भने केही होइनन् र ती त केवल क्षण भरमै उत्पत्ति हुँदै विनाश हुने कुराहरू मात्र हुन् भन्ने तथ्यलाई राम्ररी बुझ्दछन् । त्यसै कारणले गर्दा सत्काय-दृष्टिको लोप हुनासाथ यी अतीतका अकुशल कर्महरू पनि पूर्णतः लोप हुन्छन् ।



https://dhamma.digital

यहाँ के कुरा स्मरण गरिनु पर्दछ भने अकुशल कर्महरूको मूल नै सत्काय-दृष्टि हुने हुनाले सत्काय-दृष्टिको निरोध हुनासाथै केवल ती अकुशल कर्म मात्र यसरी लोप हुन्छन् । सत्काय-दृष्टिको निरोध हुनासाथै अतीतका कुशल कर्म चाहिं लोप हुँदैनन् । अरहन्त मार्गको चरणमा पुगीकन तृष्णालाई निःशेष रूपबाट क्षय गरिसकेपछि मात्र कुशल कर्म पनि सम्पूर्णतः लोप हुन्छन् । किनभने लौकिक कुशल कर्मका मूल तृष्णा भएको र अरहन्त मार्गले मात्र तृष्णालाई समूल नष्ट गर्ने भएकोले अरहन्त मार्ग प्राप्त हुनासाथै तृष्णाको साथ साथै कुशल पनि पूर्णतः निर्मूल हने हुन्छ ।

## सत्काय-दृष्टि (सक्काय-दिट्ठि) को खराबी

अकुशल मूलको रूपमा सत्काय-दृष्टि साह्रै नै प्रगाढ र अन्धकार मूलक हुन्छ । मातृ घाटक, पितृ घाटक, अरहन्त घाटक, लोहितुपादक, संघ भेदक कर्म जस्ता पञ्च महापाप कर्ममध्ये कुनै एक कर्म सम्पादन गरी महर अबीची नरकमा निश्चित रूपमा जन्मिने भयो भनी अति नै दुःखित र चिन्तित रहने हत्याराले सो महापाप कर्मलाई "आत्मा" मा परिणत गरी "मैले" साँच्चिकै पाप कर्म गरे", "मैले साँच्चिकै भूल गरें" भनी दृढ धारणा लिई साह्रै हतास भएको हुन्छ । यदि त्यस्ता व्यक्तिले अनात्माको लक्षण (अनात्मा परिज्ञा) लाई राम्ररी बुझी महशूस गरीकन "मैले साँच्चिकै भूल गरें" भन्ने जस्ता विचारहरूको बन्धनलाई निर्मूल गर्न सक्ने हो भने त्यस महापाप कर्ममा त्यस व्यक्तिका उपर कुनै पनि विपाकहरू ल्याउने शक्ति नहुनु पर्ने हो । तर यस्ता व्यक्तिहरूले भने आफ्ना गरु कर्मको कारणले गर्दा अनात्मा परिज्ञा प्राप्त गर्ने सम्भावना रहँदैन ।

मानौं, त्यस कर्मले त्यस पुद्गलको पछि लागी विपाकहरू उत्पन्न गराउने इच्छा नराखेतापनि त्यस पुद्गलले "यो मैले गरेको कर्म हो । यो मेरो कर्म हो" भन्ने जस्ता विचारहरूलाई मनमा खेलाएर त्यो कर्मको स्वामीत्व आफूले सकार्ने भएकोले नै त्यस कर्मलाई विपाक पैदा गर्न मजबूर हुनु पर्छ, वाध्य हुनु पर्छ ।

यसरी कर्मलाई सशक्त रूपमा स्वीकार्ने कारणले गर्दा नै त्यस कर्मले यसका विपाकहरू पैदा गर्न वाध्य हुनु पर्ने हुन्छ ।

सत्काय-दृष्टि भएका लोकजनहरू यसरी त्यो मात्रासम्म पनि भ्रममा परी आफ्नै किसिमले भूल गरिरहेका हुन्छन् ।

अन्य अकुशल कर्मका सम्बन्धमा पनि कुरा यही नै हुन्छ । सत्काय-दृष्टिको सशक्त स्वामीत्वको अवलम्बन गर्ने कारणले नै गर्दा अकुशल कर्मले पुद्गलहरू जहाँ जन्म लिए पनि संसारको सम्पूर्ण प्रक्रियामै साथ लागीकन विपाकहरू पैदा गर्दछन् ।



https://dhamma.digital

अकुशल कर्मका विपाकले आफूलाई सताई रहेतापनि अकुशल कर्मलाई त्याग्न, फाल्न नसकेको कारणले गर्दा पुद्गलहरू महान् दुःख भोग गर्ने प्रक्रियामै रहेका हुन्छन् । यस्ता पुद्गलहरूले "मैले यो अकुशल कर्म गरेको हुँ" भनी अकुशल कर्मलाई मान्यता दिई तिनका स्वामीत्व आफूले ग्रहण गर्दछन् र यसले गर्दा ती कर्मबाट पैदा गरेका विपाकहरूको कारण नरकमा समेत दुःख भोग गर्नु पर्ने अवस्थामा रहन्छन् । पुद्गलहरूले नै अकुशल कर्मलाई छोड्न वा त्याग्न नसकेको हुँदा यी अकुशल कर्मले विपाक पैदा नगरी रहनै सक्तैनन् । यी अकुशल कर्मले यतिसम्म विपाकहरू पैदा गर्दै गर्छन् कि पुद्गलहरूले नरक लोकहरूबाट मुक्ति नै पाउन सक्तैनन् । यस्तो हदसम्म सत्काय-दृष्टि घोर अकुशल मूलक र भ्रान्तिमूलक हुन्छ ।

त्यसरी नै प्राणीहरू रोग, जरा र मृत्युका खतरादेखि अतिशय तर्सिएका हुन्छन् । यस्ता त्रासहरू उनीहरूको मनमा खेलिरहेतापनि मैले अतीतमा धेरै पटक रोगबाट दुःख पाएको छु, जराबाट दुःख पाएको छु र मृत्युबाट दुःख पाएको छु" भन्ने जस्तो विचारहरू गरीकन प्राणीहरू बितेको रोग, जरा र मरणका घटनाहरूसँग आवद्ध भइरहन्छन् । यसरी उनीहरू यस्ता भयावह कुराहरूलाई पनि त्याग्न र अलग गर्न नसक्ने हुन्छन् । आफूले छोड्न र त्याग्न नसकेकै कराणले गर्दा रोग, जरा र मरण भयहरूले आफ्नै इच्छा विपरीत प्राणीहरूलाई पछि पछि लागी सताउने कार्य गर्दछन् । यसप्रकार जरा, व्याधि र मृत्युलाई प्रकट हुन करै लाग्छ । यस्तो हदसम्म सत्काय-दृष्टि घोर अकुशलमूलक र भ्रमात्मक हुन्छ ।

यस जीवनमा पनि आन्तरिक तथा बाह्य खतराहरूसंग मुठभेड हुँदा र रोग व्याधिहरूबाट निकै दुःख दिईदा पनि प्राणीहरूले "मलाई दर्द छ, मलाई चोट लागेको छ, मलाई पोलिरहेको छ" भन्ने जस्ता विचारहरू गरी तिनका स्वामीत्व आफूमा सार्दछन् र तिनै विचारहरूको माध्यमबाट तिनै रोग र व्याधिहरूप्रति नै वन्धनको विकास गरेका हुन्छन् । यो ग्रहण गर्ने कार्य जो छ त्यो नै वन्धनको कार्य हो र त्यसैले गर्दा रोग र व्याधिहरूबाट मुक्ति पाउन पछि उनीहरूलाई बाधा पुऱ्याएको हुन्छ । सत्काय-दृष्टिको वन्धनको यो कार्य यति प्रबल छ कि यसले गर्दा नै यो लामो आदि-आरम्भ रहित संसारमा सत्व प्राणीहरूले आजसम्म पनि रोग र व्याधिहरूलाई अभिन्न मित्रको रूपमा भोग्दै व्यहोर्दै आउनु परेका छन् । यसरी सत्काय-दृष्टिले वन्धनलाई विकसित गरी हालसम्म पनि सताउने गर्दै आएका ती रोग र व्याधिहरूलाई नै आफूलाई सकार्न लगाउँछ ।

मानौं, ती महान् खतराहरू र दुःखहरूले प्राणीहरूका साथ लाग्न नमाग्ने तापनि तिनीहरू यसरी अलग्ग रहन नसक्ने भई सत्काय-दृष्टिले



https://dhamma.digital

खिंचेको कारणले गर्दा निरन्तर रूपमा एक जुनीबाट अर्को जुनीमा पछि लाग्न बाध्य नै हुन्छन् ।

भविष्यका जन्महरूमा पनि, "हामीले बृद्ध हुनु पर्ने छ, हामीले मृत्युलाई सामना गर्नु पर्ने छ" भन्ने जस्ता विचारहरूद्वारा उब्जेका वन्धनहरू नै सत्काय-दृष्टिका कार्यहरू हुन्छन् र तिनले भविष्यमा आईपर्ने जरा, व्याधि र मृत्युलाई सकार गरी प्राणीहरूलाई ती भयहरूसँग आबद्ध गरी राख्दछन् । वन्धनको यो कार्यलाई नाश नगरेसम्म निश्चित छ, कि प्राणीहरूले ती सम्भाव्यताहरूलाई भविष्यमा पनि फेला पार्ने छन् । यस्तो हदसम्म सत्काय-दृष्टि घोर अकुशल र भ्रम खडा गर्ने खालको हुन्छ ।

तृष्णा र मानका वन्धनहरू आत्माको रूपमा दृष्टिगत वन्धन होइनन् । तृष्णाले तीनै लोकहरूको गतिविधिहरू "यो मेरो धन हो" भन्ने रूपबाट वन्धनलाई विकसित गर्दछ । मानले "यो म हुँ" भन्ने रूपबाट तिनमा वन्धनलाई विकसित गर्दछन् । सत्काय-दृष्टि हुने प्राणीहरूमा चाहिं तृष्णा र मान दुबैले सत्काय दृष्टिले प्रदान गर्ने नेतृत्वकै अनुगमन गर्दछ । सत्काय-दृष्टिलाई निर्मूल गरिसकेका श्रोतापन्न, सकृदागामी र अनागामीहरूका दृष्टान्तहरूमा चाहिं तृष्णा र मानले संज्ञा विपल्लास र चित्त विपल्लासलाई अनुगमन गर्दछन् । संज्ञा र चित्त विपल्लासले पैदा गर्ने उपादानहरू दुर्वल हुन्छन् । सत्काय-दृष्टिले पैदा गर्ने उपादानहरू भने अत्यन्त गम्भीर हुन्छन् ।

सत्काय-दृष्टिको लोप हुँदा अकुशल कर्महरू पनि कसरी निरूद्ध हुन्छन् भन्ने विषयको वर्णन यहीं सकिन्छ ।

Dhamma.Digital



https://dhamma.digital

## भाग ४

# बुद्धका अमृत वचनहरू

**बहुं वे सरणं यन्ति पब्बतानि वनानि च ।**
**आराम रुक्खचेत्यानि मनुसस्सा भयतज्जिता ॥१॥**

**नेतं खो सरणं खेमं नेतं सरणमुत्तमं ।**
**नेतं सरणमागम्म सब्ब दुक्खा पमुच्चति ॥२॥**

**यो च बुद्धञ्च धम्मञ्च संघञ्च सरणं गतो ।**
**चत्तारि अरियासच्चानि सम्मप्पञ्ञाय पस्सति ॥३॥**

**दुक्खं दुक्खसमुप्पादं दुक्खस्स च अतिक्कमं ।**
**अरियञ्चट्ठङ्गिकं मग्गं दुक्खूपसमगामिनं ॥४॥**

**एतं खो सरणं खेमं एतं सरणमुत्तमं ।**
**एतं सरणमागम्म सब्ब दुक्खा पमुच्चति ॥५॥**

बुद्ध - धम्मपद १४-६ (१०-१४)

***अर्थ***

मानिसहरू भयको कारण पर्वत, वन, उद्यान, वृक्ष, चैतारी आदिका शरणमा जान्छन् ॥१॥ किन्तु यिनिहरूका शरणमा गएर मानिसहरू भयबाट मुक्त हुँदैनन् । यिनिहरूका शरण उत्तम पनि होइनन् । किनभने यिनिहरूको शरणमा गएर सबै दुःखबाट मुक्ति पनि मिल्दैनन् ॥२॥

जो बुद्ध, धर्म, र संघका शरणमा जान्छन् जसले दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनि आर्य अष्टाङ्गिक मार्ग सत्य कहलिएका यी चार आर्य सत्यहरूलाई प्रज्ञा ज्ञानबाट देख्न सक्तछन् ॥३-४॥ उनीहरूका यही शरण कल्याणप्रद र भयबाट मुक्त भइरहेका शरण मध्येमा उत्तम शरण हुन् । यही शरणमा गएर मात्र सम्पूर्ण दुःखबाट मुक्त भएर जान्छन् ॥५॥

**"अनिच्चावत सङ्खारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमोसुखो ॥"**

बुद्ध, वेपुल्ल पब्बत सुत्त, संयुक्त निकाय

***अर्थ***

सम्पूर्ण संस्कार अनित्य छन् । उत्पत्ति र विनाश हुने स्वभावका छन् । उत्पत्ति भएजति सबै नै निरुद्ध भएर पनि जान्छन् । त्यसैले संस्कारको क्रम शान्त भएर निर्वाण प्राप्त हुनु नै साँच्चिकैको सुख हो ।



https://dhamma.digital

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं, एतम् बुद्धानुसासनं ॥"**

-बुद्ध, धम्मपद १४,४(५)

***अर्थ***

सम्पूर्ण पापबाट विरत रहनु, पुण्य जति संचय गर्नु । आफ्नो चित्तलाई ऐनाझैं परिशुद्ध पार्नु, यही नै बुद्धहरूको शिक्षा हो ।

**"यथा बुब्बुलकं पस्से, यथा पस्से मरीचिकं ।**
**एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सति ॥"**

-बुद्ध, धम्मपद १३-३(४)

***अर्थ***

**जलका फोकाहरूलाई हेरे झैं, मृगजललाई हेरेझैं नै यस लोकलाई हेरिरहने पुद्गललाई मृत्युराजा-कालले देख्न सक्तैन ।**

**"एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।**
**वितिण्णा परलोकस्स, नत्थि पापं अकारियं ॥"**

-बुद्ध, धम्मपद १३, ९(१०)

***अर्थ***

एउटा धर्म सत्यलाई नाघेर गई झुठो कुरा बोल्ने र परलोकमा विश्वास नगर्ने व्यक्तिले यस संसारमा नगर्ने पाप भनेको केही हुदैन ।

**"अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।**
**सकुन्तो जालमुत्तोव अप्पो सग्गाय गच्छति ॥"**

-बुद्ध, धम्मपद १३, ७(८)

***अर्थ***

**अन्धा भइरहेका यी लोकजनहरूमध्ये ज्ञान रूपी चक्षु भएका पुद्गलहरू थोरैमात्र हुन्छन् । एक पटक शिकारीको जालमा परिसकेर पनि उक्त जालबाट मुक्त भएर जान सक्ने पंक्षीहरू थोरै मात्र रहे झैं थोरै मात्र व्यक्तिहरू स्वर्गलोकमा जाने हुन्छन् ।**

**"मत्तासुख परिच्चागा पस्से चे विपुलं सुखं ।**
**चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ॥"**

-बुद्ध, धम्मपद २१, १(१)

***अर्थ***

महान् विपुल सुखका लागि अल्प सुखलाई परित्याग गर्नु पर्दछ । तसर्थ धैर्यवान् ज्ञानी पण्डितजनहरूले निर्वाणमै परम सुख शान्ति, विपुल सुख शान्तिलाई देखेर सांसारिक सुखरूपी अल्प थोरै सुखलाई त्याग गर्दछन् ।



https://dhamma.digital

**मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन भासति वा करोति वा ।**
**ततो नं दुक्ख मन्वेति चक्कं'व वहतो पदं ॥**

-बुद्ध, धम्मपद १, १(१)

*अर्थ*

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा प्रमुख हो । सबै मनबाट नै उत्पत्ति हुन्छन् । यदि कसैले दुषित मनले कुरा गरेमा वा काम गरेमा दुःखले उसको अनुशरण उसै प्रकारले गर्दछ जसरी गाडाको चक्काले बयलको गोडाको अनुशरण गर्दछ ।

**मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन भासति वा करोति वा ।**
**ततो नं सुखं मन्वेति छाया'व अनपायिनी ॥**

-बुद्ध, धम्मपद १, २(२)

*अर्थ*

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा मुख्य हो । सम्पूर्ण प्रवृत्तिहरू मनबाट उत्पन्न हुन्छन् । यदि कसैले प्रसन्न (स्वच्छ) मनले कुरा गरेमा वा काम गरेमा सुख उसको पछि पछि त्यसरी नै लाग्छ जसरी सदैव प्रतिविम्वले व्यक्तिलाई पछ्याउने हुन्छ ।

**नहि वेरेन वेरानि सम्मन्ती'ध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति एस धम्मो सनन्तो ॥**

-बुद्ध, धम्मपद १,४(५)

*अर्थ*

यस संसारमा वैरागीहरू वैरभावबाट कदापि शान्त हुदैनन् । अवैर (मैत्री) भावले वैर शान्त हुन्छन् । यही नै सनातन कालदेखि चलेर आइरहेको धर्म (= नियम) हो ।

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये च त उपनह्यन्ति वेरं तेसं न सम्मति ॥**

-बुद्ध, धम्मपद १, ३(३)

*अर्थ*

मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा राखिरहन्छ, त्यसको शत्रु कहिल्यै पनि शान्त हुदैन ।

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये तं न उपनह्यन्ति वेरं ते सूप सम्मति ॥**

-बुद्ध, धम्मपद १, ३(४)

*अर्थ*



https://dhamma.digital

मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा लिइरहदैन, त्यसको शत्रु शान्त हुन्छ ।

**मुहूर्तमपि चे विञ्ञू पण्डितं पयिरूपासति ।**
**खिप्पं धम्मं विजानाति जिव्हा सूप रसं यथा ॥**

-बुद्ध, धम्मपद ५, ६(६)

***अर्थ***

तीक्ष्ण बुद्धि भएका विज्ञ पुरुषले क्षणभरि नै मात्र पण्डितको सेवा (संगत) गरे पनि चांडै नै धर्मलाई त्यसरी नै अवबोध गर्दछ जसरी जिब्रोले दालको रसास्वादन तत्कालै गर्दछ ।

**यथागारं दुच्छन्नं वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं रागो समतिविज्झति ॥**

-बुद्ध, धम्मपद १, ९(१३)

***अर्थ***

राम्ररी छाना नछाएको घरमा वर्षात्मा पानी चुहिए जस्तै ध्यान भावना नगरिएको चित्तमा राग, द्वेष, मोह रूपी पानी पनि चुहिने गर्दछ ।

**पापो'पि पस्सति भद्रं याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं अथ पापो पापानि पस्सति ॥**

-बुद्ध, धम्मपद ९, ४(४)

***अर्थ***

जतिञ्जेल पापको फल आउँदैन त्यतिञ्जेल पापीले पापलाई पनि असल (भद्र) नै हो भनी सम्झिराख्तछ । किन्तु जब पापको फल आउँछ, अनि मात्र उसलाई आफ्नो पाप (कुकर्म) देखिन थाल्छ ।

**फेणुपमं कायमिमं विदित्वा धम्मं अभि सम्बुधानो ।**
**छेत्वान म।रस्स पपुप्फकानि अदस्सनं मच्चुराजस्स गच्छे ॥**

-बुद्ध, धम्मपद ४, २(३)

***अर्थ***

फींजको पिण्ड समानका रूप स्कन्ध वा मृगतृष्णा समानका नाम स्कन्धले युक्त यो देह भनी प्रज्ञा ज्ञानले देख्न सक्ने व्यक्ति मारको बन्धनलाई तोडेर मृत्युराज (काल) ले देख्न नसक्ने स्थान निर्वाणमा पुग्दछ ।

**यथापि पुप्फरासिम्हा कयिरा मालागुणे बहु ।**
**एवं जातेन मच्चेन कत्तब्बं कुशलं बहुं ॥**

-बुद्ध, धम्मपद ४,८ (१०)

***अर्थ***



https://dhamma.digital

जसरी दक्ष मालाकारनीले पुष्प राशीबाट राम्रा रामा फूलहरू चुनी धेरै फूलका मालाहरू गुथ्दछे, त्यसरी नै संसारमा जन्म भएका मनुष्यहरूले धेरै पुण्य गर्नु पर्दछ ।

**ये धम्मा हेतुप्पभावा तेसं हेतु तथागतो आह ।**
**तेसं च यो निरोधो एवं वादी महासमणो ॥**

-पचंभद्रवर्गीय भिक्षु अस्सजीत

***अर्थ***

(यस संसारमा) हेतुबाट उत्पन्न हुने जति पनि धर्महरू छन् ती सबैको कारण तथागत बताउनु हुन्छ र तिनको निरोध पनि बताउनु हुन्छ । यही नै महाश्रमण (तथागत) को वाद हो ।

**यो च वस्स सतं जीवे अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जीवितं सेय्यो पस्सतो धम्ममुत्तमं ॥**

-बुद्ध, धम्मपद ८, ९(११)

***अर्थ***

उत्तम धर्म नदेख्नेको एक सय वर्षको आयुको जीवनभन्दा उत्तम धर्म (बुद्धोपदेशित धर्म) लाई देख्ने व्यक्तिको एक दिन मात्रको जीवन श्रेष्ठोत्तम (सार्थक) हुन्छ ।

**पुप्फानि हेव पचिनन्तं व्यासत्तमनसं नरं ।**
**सुत्तं गामं महोघोव मच्चु आदाय गच्छति ॥**

-बुद्ध, धम्मपद ४, ३(४)

***अर्थ***

काम भोगरूपी पुष्पलाई रोज्ने आशक्तियुक्त व्यक्तिहरूलाई मृत्यु (काल) ले उही प्रकारले पक्रेर लान्छ जसरी कि आकस्मिक रूपमा आएको ठूलो बाढीले सुतिरहेको गाउँलाई बगाएर लान्छ ।

**अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मता ॥**

-बुद्ध, धम्मपद २, १(१)

***अर्थ***

अप्रमादी हुनु अमृत पदको साधना गर्नु हो भने प्रमादी हुनु मृत्यु पदको साधना गर्नु हो । प्रमादी व्यक्ति सदैव जीवित रहे पनि मरेतुल्य नै हो । किन्तु अप्रमादी व्यक्ति मरेर गए पनि अमर हुन्छ ।

**सब्बे सङ्खरा अनिच्चा'ति यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

-बुद्ध, धम्मपद २०, २(५)



https://dhamma.digital

*अर्थ*

"सम्पूर्ण संस्कार अनित्य हुन्" भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दुःखबाट विराग प्राप्त हुन्छ । यही निर्वाणको मार्ग हो ।

**सब्बे सङ्खरा दुक्खा'ति यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

-बुद्ध, धम्मपद २०, ३(६)

*अर्थ*

सम्पूर्ण संस्कार दुःख हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दुःखबाट निर्वेद (विराग) प्राप्त हुन्छ । यही विशुद्धि (निर्वाण) को मार्ग हो ।

**सब्बे धम्मा अनत्ता'ति यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

-बुद्ध, धम्मपद २०, ४(७)

*अर्थ*

सम्पूर्ण धर्म (पञ्चस्कन्ध) अनात्मा हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दुःखबाट विराग प्राप्त हुन्छ । यही निर्वाणको मार्ग हो ।

**अभिवादन सीलिस्स निच्चं वुड्ढा'पचायिनो ।**
**चतारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥**

-बुद्ध, धम्मपद ८, ८(१०)

*अर्थ*

त्रिरत्नलाई पूजा र अभिवादन गर्नु, वयःबृद्ध, शीलबृद्ध र ज्ञानबृद्धहरूलाई आदर सत्कार गर्ने सज्जनको आयु, वर्ण, सुख र बल, यी चारै प्रकारका धर्मफलको बृद्धि हुन्छ ।

**सील दस्सन सम्पनं धम्मट्ठं सच्चवादिनं ।**
**अत्तनो कम्म कुब्बानं तं जनो कुरुते पियं ॥**

-बुद्ध, धम्मपद १६, ७(९)

*अर्थ*

शीलवान्, सद्धर्ममा प्रतिष्ठित, सत्यवादी र धर्म कार्यमा संलग्न रहने पुद्गललाई लोकजनले मन पराउंछन् ।

**सब्ब दानं धम्मदानं जीनाति, सब्बं रसं धम्मरसो जीनाति ।**
**सब्बं रतिं धम्मरतिं जीनाति, तण्हक्खयो सब्ब दुक्खं जीनाति ॥**

-बुद्ध, धम्मपद २४, १०(२१)

*अर्थ*



https://dhamma.digital

यावत् दानलाई धर्मदानले जितेको हुन्छ । यावत् रसलाई धर्मरसले जितेको हुन्छ । यावत् प्रेमलाई धर्मप्रेमले जितेको हुन्छ । तृष्णा क्षय (निर्वाण) ले सम्पूर्ण दुःखलाई जितेको हुन्छ । अर्थात् दानमध्येमा धर्मदान श्रेष्ठोत्तम छ, रसमध्येमा धर्मरस श्रेष्ठोत्तम छ । प्रेममध्येमा धर्मप्रेम श्रेष्ठोत्तम छ । तृष्णा क्षयले सम्पूर्ण दुःखलाई विनाश गर्दछ ।

**यो सहस्सं सहस्सेन सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं स वे सङ्गाम जुत्तमो ॥**

-बुद्ध, धम्मपद ८, ३(४)

***अर्थ***

संग्राममा गई हजारौं हजार सैनिकहरूलाई जित्न सक्ने व्यक्तिभन्दा आफ्नो मन एउटालाई जित्न सक्नेलाई संग्राम जीत भनिन्छ ।

**"चरथ भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय, देवमनुस्सानं । देसेथ भिक्खवे, धम्मं आदि कल्याणं, मज्झे कल्याणं, परियोसाने कल्याणं, सात्थं, सब्यञ्जनं, केवल परिपुण्णं, परिसुद्धं ब्रम्हचर्य पकासेथ ।"** -बुद्ध

***अर्थ***

"भिक्षुहरू ! बहुजन हितका लागि, बहुजन सुखका लागि, लोकमाथि दया गर्नका लागि, देवताहरू र मनुष्यहरूका प्रयोजनका लागि, हितका लागि, सुखका लागि, चारिका (भ्रमण) गर । आदि (अतित काल) मा कल्याणकारक, मध्य (वर्तमान काल) मा कल्याणकारक, अन्त (पर्यवसान=भविष्य काल) मा पनि कल्याणकारक यस धर्मको उपदेश गर । अर्थयुक्त (कुशल अर्थ सहितको) व्यञ्जनयुक्त (कुशल व्यञ्जन=व्याख्यान सहितको), धर्मले भरिपूर्ण परिशुद्ध ब्रम्हचर्य धर्मलाई प्रकाश गर ।"

**अभित्थरेथ कल्याणे पापा चित्तं निवारये ।**
**दन्धं हि करोतों पुञ्ञं पापस्मिं रमते मनो ॥**

-बुद्ध, धम्मपद, पाप वञ्गो ९(१)

***अर्थ***

राम्रा असल कर्महरू छिटो छिटो गर । पापबाट चित्त हटाऊ । पुण्य कार्य ढीलो भइरहयो भने पापतिर मन आकर्षित हुन थाल्छ ।

**किच्छो मनुस्स पटिलाभो, किच्छ मच्चानं जीवितं ।**
**किच्छं सद्धम्म सवणं, किच्छो बुद्धानं उप्पादो ॥**

-बुद्ध, धम्मपद, १४,३(४)

***अर्थ***



https://dhamma.digital

मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ । मृत्यु हुनुपर्ने मानिसहरू जीवित भइरहनु पनि दुर्लभ छ । सद्धर्मको श्रवण पनि दुर्लभ हुन्छ । बुद्धहरूको उत्पत्ति पनि दुर्लभ नै हुन्छ ।

**आरोग्य परमा लाभा, सन्तुट्ठी परमं धनं ।**
**विश्वास परमा ञाति, निब्बानं परमं सुखं ॥**

-बुद्ध, धम्मपद, १५,६(८)

***अर्थ***

सुस्वास्थ्य नै ठूलो लाभ हो । सन्तोषी हुनु महान् सम्पत्ति हो । विश्वास भन्दा श्रेष्ठकर नाता कुटुम्व कोही छैनन् । निर्वाण भन्दा विपुल सुख केही छैन ।

**अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया ।**
**अत्तना'व सुदन्तेन नाथं लभति दुल्लभं ॥**

-बुद्ध, धम्मपद, १२,४(४)

***अर्थ***

प्राणी आफै आफ्नो स्वामी हो । अन्य कोही उसको नाथ कहाँ छ र स्वयं आफूलाई राम्ररी दमन गरेर नै उसले दुर्लभ स्वामी भइरहेका निर्वाणलाई प्राप्त गरेर लिन्छ ।

**नत्थि राग समो अग्गि, नत्थि दोस समो कलि ।**
**नत्थि खन्धसमा दुक्खा, नत्थि सन्ति परं सुखं ॥**

-बुद्ध, धम्मपद, १५, ४(६)

***अर्थ***

राग समान अग्नि अर्को छैन । द्वेष समान मल (अपराध) अन्य छैन । पञ्चस्कन्ध भन्दा बढी दुःख अर्को छैन । शान्ति (निर्वाण) समानको सुख केही छैन ।

**यं परे सुखतो आहु तदरिया आहु दुक्खतो ।**
**यं परे दुक्खतो आहु तदरिया सुखतो विदू ॥**

-भगवान् बुद्ध

***अर्थ***

सामान्य लोकजनले जुनकुरालाई सुख भनिरहेका छन् त्यसलाई आर्य सन्त महानुभावहरूले दुःख मानिरहेका छन् । आर्य सन्त महानुभावहरू जुन कुरालाई दुःख भनिरहेका छन् त्यसलाई साधारण लोकजनले सुख सम्झिरहेका छन् ।

**तुम्हे हि किच्चं आतप्पं अक्खातारो तथागता ।**
**पटिपन्ना पमोक्खन्ति झायिनो मारबन्धना ॥**

-बुद्ध, धम्मपद, २०, १(४)

***अर्थ***



https://dhamma.digital

निर्वाण लाभ गर्ने कार्यका लागि तिमीहरूले आफैले बलोद्योग गर्ने प्रयास गर्नुपर्दछ । तथागतहरूले त उपदेशद्वारा केवल पथ प्रदर्शन गर्नु हुन्छ । उपदेशअनुसार ध्यान भावनाको मार्गमा जाने ध्यानीहरूले बन्धनबाट मुक्त भएर निर्वाण सम्पत्ति लाभ गरि लिन्छ ।

**अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।**
**सकुन्तो जालमुत्तोव अप्पो सग्गाय गच्छति ॥**

– धम्मपद १३.७(८)

***अर्थ***

अन्धा भइरहेका यी लोकवासीहरू मध्ये ज्ञान रूपी चक्षु हुनेहरू अल्प मात्र छन् । जालबाट मुक्त भई उडेर जाने पंक्षीहरू झैं थोरै मात्र स्वर्ग जान्छन् ।

**हंसादिच्चपथे यन्ति आकासे यन्ति इद्धिया ।**
**नीयन्ति धीरा लोकम्हा जेत्वा मारं सवाहिनी ॥**

– धम्मपद १३.९ (१७५)

***अर्थ***

हंसादि पंक्षीहरू आकाशमा उड्छन् । ऋद्धि बल हुनेहरू आकाश मार्गबाट जान्छन् । सैन्य सहित मारलाई विजय गरिसकेका धीरजनहरू लोकबाट उत्तीर्ण भई निर्वाणमा पुग्दछन् ।

**हीन धम्मं न सेवेय्य पमादेन न संवसे ।**
**मिच्छा दिट्ठिं न सेवेय्य न सिया लोक-वड्ढनो ॥**

– धम्मपद १३.१ (१६७)

***अर्थ***

हीन धर्मको सेवन नगर । प्रमादी भई नबस । मिथ्या दृष्टिको सेवन नगर । लोक (संसार) बृद्धि हुने काम नगर ।

**फेणूपमं कायमिमं विदित्वा, मरीचि धम्मं अभि सम्बुधानो ।**
**छेत्वान मारस्स पपुप्फकानि, अदस्सनं मच्चुराजस्स गच्छे ॥**

– धम्मपद ४.२(३)

***अर्थ***

फिंजको पिण्ड समानको रूप स्कन्ध वा मृग तृष्णा समानको नाम स्कन्ध युक्त यो शरीर हो भनी प्रज्ञा ज्ञानबाट देख्न सक्ने व्यक्ति मारका बन्धनलाई तोडी मृत्युराजले देख्न नसक्ने स्थान निर्वाणमा पुग्दछ ।

**मत्ता सुख परिच्चागा पस्से चे विपुलं सुखं ।**
**चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ॥**

– धम्मपद २१. १(१)

***अर्थ***

विपुल (महान) सुखको लागि अल्प सुखलाई त्याग्नु पर्दछ । तसर्थ धीर पण्डितजन निर्वाणमा विपुल सुखलाई देखी संसारको अल्प सुखलाई परित्याग गर्दछन् ।

**अन्तिम तीन वचन**

**"हन्ददानी भिक्खवे, आमन्तयामी वो, वयधम्मा संखारा, अप्पमादेन सम्पादेथ"** ।



https://dhamma.digital

## भाग ५

# पञ्चशील प्रार्थना सहित त्रिरत्न वन्दना

त्रिरत्नमा सश्रद्धा आफ्नो देहलाई अर्पण गरी जीवनभरका लागि शरण ग्रहण गर्ने विधि :-

१) अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ॥
३) अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) जीवित परियन्तिकं बुद्धं शरणं गच्छामि ।
५) जीवित परियन्तिकं धम्मं शरणं गच्छामि ॥
६) जीवित परियन्तिकं सङ्घं शरणं गच्छामि ॥

१) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ॥
३) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) दुतियम्पि जीवित परियन्तिकं बुद्धं शरणं गच्छामि ।
५) दुतियम्पि जीवित परियन्तिकं धम्मं शरणं गच्छामि ॥
६) दुतियम्पि जीवित परियन्तिकं सङ्घं शरणं गच्छामि ॥

१) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ॥
३) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) ततियम्पि जीवित परियन्तिकं बुद्धं शरणं गच्छामि ।
५) ततियम्पि जीवित परियन्तिकं धम्मं शरणं गच्छामि ॥
६) ततियम्पि जीवित परियन्तिकं सङ्घं शरणं गच्छामि ॥

*अर्थ*

१) आजदेखि म आफ्नो देहलाई बुद्ध समक्ष अर्पण गर्दछु ।
२) आजदेखि म आफ्नो देहलाई धर्म समक्ष अर्पण गर्दछु ।
३) आजदेखि म आफ्नो देहलाई सङ्घ समक्ष अर्पण गर्दछु ।
४) जीवन रहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) जीवन रहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) जीवन रहेसम्मको लागि म सङ्घको शरणमा जान्छु ।

१) द्वितीयवार आजदेखि म आफ्नो देहलाई बुद्ध समक्ष अर्पण गर्दछु ।
२) द्वितीयवार आजदेखि म आफ्नो देहलाई धर्म समक्ष अर्पण गर्दछु ।
३) द्वितीयवार आजदेखि म आफ्नो देहलाई सङ्घ समक्ष अर्पण गर्दछु ।



https://dhamma.digital

४) द्वितीयवार जीवन रहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) द्वितीयवार जीवन रहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) द्वितीयवार जीवन रहेसम्मको लागि म सङ्घको शरणमा जान्छु ।

१) तृतीयवार आजदेखि म आफ्नो देहलाई बुद्ध समक्ष अर्पण गर्दछु ।
२) तृतीयवार आजदेखि म आफ्नो देहलाई धर्म समक्ष अर्पण गर्दछु ।
३) तृतीयवार आजदेखि म आफ्नो देहलाई सङ्घको समक्ष अर्पण गर्दछु ।
४) तृतीयवार जीवन रहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) तृतीयवार जीवन रहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) तृतीयवार जीवन रहेसम्मको लागि म सङ्घ शरणमा जान्छु ।

द्रष्टव्य :-

१) एक पटक जीवनभरका लागि बुद्ध, धर्म र सङ्घको शरण ग्रहण गरी आजीवन उपासकत्व/उपासिकात्व ग्रहण गरिसकेपछि आफैंले त्रिरत्न शरणगमनलाई परित्याग नगरेसम्मका लागि सो त्रिरत्न शरणगमन जीवन कालसम्मका लागि नै स्थिर भएर रहन्छ ।
२) जति जति लामा अवधिसम्मका लागि शरणगमन कायम रहन्छ त्यति त्यति नै त्रिशरण गमनको महानिशंस फल प्राप्त हुन्छ ।
३) अतः सुगतिका अभिलाषी लोकजनले जीवनमा जति सक्यो उति चाडो त्रिरत्न प्रति निश्चल अटल श्रद्धाका साथ जीवनभरिका लागि नै शरण ग्रहण गर्नु परम हितकारी हुन्छ । यही नै बौद्ध विश्वास हो ।

## त्रि-शरण सहित पंचशील प्रार्थना गर्ने विधि

### सर्वप्रथम पापदेशना र क्षमा प्रार्थना

उपासक/उपासिका : "ओकासद्वार तयेन कत्तं सब्बं अपराधं खमथ मे भन्ते ।"
(तीन पटक प्रार्थना गर्ने)

***अर्थ***

भन्ते ! काय्, वाक्य र चित्त - तीनैद्वार मार्फत मैले गरेका सम्पूर्ण मेरा अपराधहरूलाई क्षमा गरिदिनुहोस् ।

भिक्षु : (भन्ते भएमा उहाँले भन्नुहुनेछ) "खमामि, खमामि, खमामि ।"

***अर्थ***

क्षमा भयो ! क्षमा भयो ! क्षमा भयो !

(भन्तेले आशीर्वाद दिनुहुनेछ) : "आयु आरोग्य सम्पत्ति, सग्ग सम्पत्ति मेव च ।
अथ निब्बान सम्पत्ति, इमिना ते समिज्झतु ॥

***अर्थ***

आयु आरोग्य सम्पत्ति र निर्वाण सम्पत्ति समेत तिमीलाई प्राप्तहोस् ।



https://dhamma.digital

## पञ्चशील प्रार्थना

उपासक/उपासिका : "अहं भन्ते ! तिसरणेन सह पञ्चशीलं धम्मं याचामि, अनुग्गहं कत्वा शीलं देथ मे भन्ते ।"

द्रष्टव्य : अष्टशील प्रार्थना गर्ने उपासक/उपासिकाले निम्नानुसार प्रार्थना गर्नु पर्ने हुन्छ - "अहं भन्ते ! तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ/शीलं धम्मं याचामि, अनुग्गहं कत्वा शीलं देथ मे, भन्ते ।"

"दुतियम्पि अहं भन्ते ! तिसरणेन सहं पञ्चशीलं धम्मं याचामि, अनुग्गहं कत्वा शीलं देथ मे भन्ते ।"
"ततियम्पि अहं भन्ते ! तिसरणेन सहं पञ्चशीलं धम्मं याचामि, अनुग्गहं कत्वा शीलं देथ मे भन्ते ।"

*अर्थ*

भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शीलं प्रदान गर्नुहोस् ।
द्वितीयवार पनि भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शील प्रदान गर्नुहोस् ।
तृतीयवार पनि भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शील प्रदान गर्नुहोस् ।
भिक्षु - "यमहं वदामि तं वदेथ ।"

*अर्थ*

मैले भनेजस्तै तिमीले पनि भन ।

उपासिका/उपासिका - "आम भन्ते ।"

*अर्थ*

हवस् भन्ते ।

भिक्षु - "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

*अर्थ*

उहाँ भगवान् अर्हन्त सम्यक् सम्बुद्धलाई नमस्कार ।
(उपासक/उपासिकाले तीन पटकसम्म दोहोऱ्याएर भन्नुपर्दछ ।)

## त्रिशरण गमन

"बुद्धं सरणं गच्छामि । धम्मं सरणं गच्छामि । सङ्घं सरणं गच्छामि । दुतियम्पि बुद्धं सरणं गच्छामि । दुतियम्पि धम्मं सरणं गच्छामि । दुतियम्पिं सङ्घं सरणं गच्छामि । ततियम्पि बुद्धं सरणं गच्छामि । ततियम्पि धम्मं सरणं गच्छामि । ततियम्पि सङ्घं सरणं गच्छामि ।"



https://dhamma.digital

*अर्थ*

बुद्धको शरणमा जान्छु । धर्मको शरणमा जान्छु । सङ्घको शरणमा जान्छु । दोश्रोवार पनि बुद्धको शरणमा जान्छु । दोश्रोवार पनि धर्मको शरणमा जान्छु । दोश्रोवार पनि सङ्घको शरणमा जान्छु ।

तेश्रोवार पनि बुद्धको शरणमा जान्छु । तेश्रोवार पनि धर्मको शरणमा जान्छु । तेश्रोवार पनि सङ्घको शरणमा जान्छु ।

भिक्षु : "तिसरणगमनं परिपुण्णं ।"

*अर्थ*

त्रिशरण गमन पूर्ण भयो ।

उपासक/उपासिका : " आम भन्ते"

*अर्थ*

हवस् भन्ते ।

१) "पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - प्राणी हिंसा नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

२) "अदिन्नादाना वेरमाणी सिक्खापदं समादियामि ।"
अर्थ - नदिइकन नलिने अर्थात् चोरी गरी नलिने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

३) "कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - काम मिथ्याचार (अर्थात् पर स्त्री/परपुरुष गमन-व्यभिचार) नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

४) "मुसावादा वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - झुठो कुरो, असत्य वचन नबोल्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

५) "सुरामेरय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - जाँड रक्सी आदि लाग्ने कुनै पनि मादक पदार्थ र लागू पदार्थलाई सेवन नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

भिक्षु : "तिसरणेन सह पञ्चशीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन समादेथ ।"

*अर्थ*

त्रिशरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित राखी अप्रमादीपूर्वक पालन गर ।

उपासक/उपासिका : साधु ! साधु !! साधु !!!

*(पञ्चशील ग्रहण गर्ने विधि समाप्त भयो)*



https://dhamma.digital

**अष्टशील प्रार्थना गर्ने उपासक/उपासिकाले प्रार्थना गर्नु पर्ने थप शिक्षापदहरू:-**

३) "अब्रम्हचरिया वेरमणी सिक्खापदं समादियामि ।"
(यो पञ्चशीलको शिक्षापद नं. ३ को ठाउँमा अष्टशील ग्रहण गर्ने व्यक्तिले प्रार्थना गर्ने शिक्षापद हो ।)
अर्थ - अब्रम्हचर्य छाड्ने (अर्थात् ब्रम्हचर्य धर्मलाई नबिगार्ने शील पालन गर्ने) शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

६) "विकाल भोजना वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - विकालमा (अर्थात् अपरान्ह १२ वजेभन्दा पछि) भोजन नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

७) "नच्च-गीत-वादित-विसूकदस्सना-माला-गन्ध-विलेपन-धारण-मण्डल-विभूसनट्टाना वेरमणी सिक्खापदं समादियामि ।"
अर्थ - नृत्य, गीत, वाद्यवादन, अकुशल विविध दृष्य दर्शन (अर्थात् नाच्ने, गाउने, बाजा बजाउने, बाजा फुक्ने, नराम्रा उत्तेजनात्मक अकुशल विविध दृष्यहरू हेर्ने) माला-सुगन्ध-विलेपन-विभूषणादि श्रृङ्गार पदार्थहरू आदि पाउडर हाल्ने, गहना आदि श्रृङ्गारपटारका सामानहरू प्रयोग नगर्ने) शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

८) "उच्चासयन महासयना वेरमाणी सिक्खापदं समादियामि ।"
अर्थ - उँचो, ठूलो र विलासतापूर्ण शयनासन (अर्थात् भव्य ओढ्ने ओछ्याउने अति कोमल डसना पलंगादि विलासिताका सामानहरू) प्रयोग नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

भिक्षु : "तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ सीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।"
अर्थ - त्रिशरण सहित आठ अङ्गबाट सम्पन्न भएको अष्टशील धर्मलाई राम्ररी सुरक्षित राखी अप्रमादीपूर्वक पालन गर ।

उपासक/उपासिका : साधु ! साधु !! साधु !!!

(अष्टशील ग्रहण विधि समाप्त)

द्रष्टव्य :

१) पालि वाङमयमा "धन्य छ, राम्रो छ, वेश छ, असल छ, बढिया छ, हुन्छ, सोही अनुसार गर्छु, स्यावास" भन्ने इत्यादि भाव र उद्‌गार व्यक्त गर्नका लागि, सहर्ष "समर्थन" र "अनुमोदन" गर्न र "वधाइ" ज्ञापन र तारीफ र प्रशंसा आदि गर्नुपर्ने ठाउँमा समेत "साधु" "साधु" भन्ने शब्दहरूको प्रयोग गरिन्छ ।

२) साधुकार दिंदा ३ पटक साधुकर दिने प्रचलन छ ।



https://dhamma.digital

# त्रिरत्न वन्दना

## बुद्ध वन्दना

**(बुद्धका गुणहरूलाई अनुस्मरण गरी तथागतलाई गरिने वन्दना)**

**"नमो तस्स भगवतो अरहतो सम्मासबुद्धस्स"**

***अर्थ***

उहाँ भगवान् अरहन्त सम्यक सम्बुद्धलाई नमस्कार !

**"इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदु, अनुत्तरो पुरिसदम्म सारथी, सत्था-देव-मनुस्सानं, बुद्धो, भगवा'ति ।"**

***अर्थ***

उहाँ तथागत गौतम बुद्ध भगवान् अरहन्त, सम्यक् सम्बुद्ध, विद्या र आचरणबाट सम्पन्न, राम्ररी निर्वाण प्राप्त सुगत, सत्व, संस्कार र ओकास तीनै लोकका ज्ञाता-विज्ञ, देव मनुष्य र वेनेय्य सत्व लोकलाई सभ्य हुने गरी दमन गर्न अनुत्तर अनुपम पुरूषदम्य सारथी, ब्रम्हा देव-मनुष्यहरूका गुरु शास्ता, चतुरार्य सत्यको राम्ररी ज्ञान प्राप्त बुद्ध, ६ थरी नै भाग्य र अनन्त गुणबाट सम्पूर्ण भगवान् हुनुहुन्छ ।

**"नमो तस्स सम्मासम्बुद्धस्स"**

***अर्थ***

नवाङ्ग गुणहरूबाट सम्पन्न हुनु भएका उहाँ सम्यक् सम्बुद्धलाई नमस्कार ।

**"ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।**
**पचुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥"**

***अर्थ***

पहिलेका अतीत बुद्धहरूलाई, भविष्यमा उदय हुने बुद्धहरूलाई र अहिले वर्तमान कालमा हुनुभएका बुद्धहरूलाई पनि म सदैव वन्दना गर्दछु ।

**"नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।**
**एतेन सच्च वज्जेन, होतु मे जयमङ्गलं ॥"**

***अर्थ***

अरू कसैको शरण छैन मलाई, बुद्धको शरण नै मात्र उत्तम छ मलाई । यो सत्य वचनको आनुभावबाट, जय मंगल होस् मलाई ॥



https://dhamma.digital

**"उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं ।**
**बुद्धे यो खलितो दोसो, बुद्धो खमतु तं ममं ।**
**बुद्धं जीवित परियन्तं सरणं गच्छामि ॥"**

***अर्थ***

सम्यक् सम्बुद्ध उहाँको पैतालाको धूलोलाई पनि उत्तम सम्झी म शिरबाट वन्दना गर्दछु । बुद्धका प्रति मैले केही अपराध गरिराखेका भएमा बुद्धले त्यसलाई क्षमा गर्नुहोस् । म आजीवन बुद्धको शरणमा जान्छु ।

## धर्म वन्दना

**(धर्मका गुणहरूलाई अनुस्मरण गरी गरिने धर्म वन्दना)**

**"स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको, पच्चतं वेदितब्बो विञ्ञूही'ति ।"**

***अर्थ***

भगवान् बुद्धले अतीतकाल, अनागत काल र वर्तमान् कालमा समेत कल्याण हुने किसिमले देशना गर्नुभएको दश धर्मलाई अर्थ र व्यञ्जन समेत प्रष्ट हुने गरी राम्ररी व्याख्यान गर्नुभएको हुँदा सुआख्यात छ, बुद्धोपदेशित नव (९) लोकोत्तर धर्महरूले यहाँको यहीं फल दिने भएकोले सांद्रिष्टिक छ, समय नबित्दैमा फल दिने भएकोले अकालिक छ, यहाँ आएर हेर्न आऊ भनी बोलाएर देखाउन योग्य भएकोले एहिपश्यिक छ, निर्वाणसम्म राम्ररी पुऱ्याइदिने भएकोले ओपनयिक छ, र प्रज्ञावान्हरूले स्वयं आ-आफैंले अनुभव गरी जान्न बुझ्न योग्य धर्म हुँदा पच्चतं वेदितब्बो विञ्ञूहि हो ।

**"नमो तस्स निय्यानिकस्स धम्मस्स ।"**

***अर्थ***

त्यस्तो निर्वाणसम्म पुऱ्याइदिने नव (९) लोकोत्तर धर्मलाई नमस्कार ।

**"ये च धम्मा अतीता च, ये च धम्मा अनागता,**
**पचुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ।"**

***अर्थ***

पहिले भएका जिनधर्मलाई पनि, पछि भविष्यमा हुने धर्मलाई पनि, अहिले विद्यमान रहेको धर्मलाई पनि, म सदैव वन्दना गर्दछु ।

**"नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं,**
**एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ।"**



https://dhamma.digital

***अर्थ***

अरू केही शरण छैन मलाई, धर्मको शरण मात्र उत्तम छ मलाई, यो सत्य वचनको आनुभावबाट, जय मंगल होस् मलाई ।

**"उत्तमङ्गेन वन्देहं, धम्मञ्च दुविधं वरं,**
**धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ।**
**धम्मं जीवितपरियन्तं सरणं गच्छामि ॥"**

***अर्थ***

लौकिक र लोकोत्तर दुइटै धर्मलाई पनि म शिरबाट वन्दना गर्दछु । धर्मका प्रति मेरा केही अपराध भएमा धर्मले त्यसलाई क्षमा गरोस् । म आजीवन धर्मको शरणमा जान्छु ।

## संघ वन्दना

**(संघका गुणहरूलाई अनुस्मरण गरी संघलाई गरिने वन्दना)**

**"सुपटिपन्नो भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठ पुरिसपुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेतं लोकस्सा'ति ।"**

अर्थ

भगवान् बुद्धका श्रावक संघहरू बुद्धले उपदेश गर्नुभएजस्तै राम्ररी आचरण गर्नुहुने हुँदा सुप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावक संघहरूले आर्य अष्टाङ्गिक मार्गमा सोझो आचरण गर्नुहुने भएकोले ऋजुप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावक संघहरूले निर्वाणको हेतु योग्य रूपले आचरण गर्नुहुने भएकोले न्याय प्रतिपन्न छन् । भगवान् बुद्धका श्रावक संघहरूले आदर सत्कार गर्न योग्य किसिमले आचरण गर्नुहुने भएकोले सामीचिप्रतिपन्न छन् । मार्ग चार र फल चारका हिसाबले जम्मा चार जोडा वा व्यक्तिका हिसाबले आठ उत्तम पुद्गलहरूले युक्त भगवान् बुद्धका श्रावक संघहरू छन् । बुद्धका यी श्रावक संघहरू सश्रद्धा निमन्त्रणा गर्न योग्य छन् । अतिथिका रूपमा सत्कार गरी पूजा गर्न योग्य छन् । निर्वाणसम्मको कामना गरी दान दक्षिणा दिन योग्य छन् दशाञ्जली जोडी नमस्कार गर्न योग्य छन् र लोकजनहरूका लागि निर्वाणसम्मको कामना गरी पुण्य वीज रोप्न हुने अनुपम पुण्य क्षेत्र हुन् ।

**"नमो तस्स अट्ठारिय पुग्गल महासंघस्स ।"**

अर्थ

यस्ता अष्ट आर्य पुद्गलहरूको महासंघहरूलाई नमस्कार ।



https://dhamma.digital

**"ये च संघा अतीता च, ये च संघा अनागता,**
**पच्चुप्पना च ये संघा, अहं वन्दामि सब्बदा।"**

***अर्थ***

अतीतकालका श्रावक संघहरूलाई पनि, भविष्य कालका श्रावक संघहरूलाई पनि, वर्तमान कालका श्रावक संघहरूलाई पनि, म सदैव वन्दना गर्दछु।

**"नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं,**
**एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं।"**

***अर्थ***

अरू केही शरण छैन मलाई, संघकै शरण मात्र उत्तम छ मलाई, यो सत्य वचनको आनुभावबाट जय मंगल होस् मलाई।

**उत्तमङ्गेन वन्देहं, संघञ्च तिविधुत्तमं,**
**संघे यो खलितो दोसो, संघो खमतु तं ममं,**
**संघं जीवित परियन्तं सरणं गच्छामि ॥**

***अर्थ***

तीनै प्रकारका उत्तम श्रावक संघहरूलाई पनि म शिरबाट वन्दना गर्दछु। श्रावक संघहरूप्रति मेरा केही अपराध भएमा संघहरूबाट त्यसलाई क्षमा रहोस्। म आजीवन संघको शरणमा जान्छु।

## विविध आमिस पूजा विधि

Dhamma Digital

### जल पूजा

**"अधिवासेतु नो भन्ते, पानीयं उपनामितं।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥१॥"**

***अर्थ***

हे भगवान्! हजूरलाई परिशुद्ध जल अर्पण गर्दैछु। स्वीकार गर्नुहोस्। हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ॥१॥

### पुष्प पूजा

**"वण्णगन्ध गुणोपेतं, एतं कुसुम सन्ततिं।**
**पूजयामि मुनिन्दस्स, सिरिपाद सरोरुहे ॥२॥**



https://dhamma.digital

*अर्थ*

रामा वर्ण र सुगन्धले युक्त यी फूलहरूबाट शाक्य मुनिन्द्र तथागतका श्री चरणमा पूजा गर्दै छु ।

**"पूजेमि बुद्धं कुसुमेन नेन, पुञ्ञेन मेतेन च होतु मोक्खं ।**
**पुप्फं मिलायाति यथा इदम्मे, कायो तथा याति विनासभावं ॥२॥"**

*अर्थ*

यी फूलहरूबाट बुद्धलाई पूजा गर्दैछु । यसको पुण्यबाट मलाई मोक्ष प्राप्त होस् । यी फूलहरू ओइलाएर गए जस्तै मेरो यी शरीर पनि विनाश भएर जानेछ ।

## धूप पूजा

**गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।**
**पूजये पूजनेय्यानं, पूजाभाजन मुत्तमं ॥३॥**

*अर्थ*

पूजाका लागि उत्तम पात्र हुनुभएका पूजनीय श्रेष्ठोत्तम भगवान् बुद्धलाई यो सुगन्धयुक्त धूपबाट पूजा गर्दैछु ॥३॥

## प्रदीप पूजा

**"घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।**
**तिलोक दीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥४॥"**

*अर्थ*

त्रिलोकका प्रकाश हुनुभएका सम्यक् सम्बुद्धलाई अन्धकार नाश गर्ने चन्दनादि प्रदीपबाट पूजा गर्दैछु ।

## भोजन पूजा*

**"अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥५॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई प्रणित भोजन अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ॥५॥



https://dhamma.digital

## व्यञ्जन पूजा**

**"अधिवासेतु नो भन्ते, व्यञ्जनं उपनामितं**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥६॥**

***अर्थ***

हे भगवान् ! हजूरलाई अनेक प्रकारका व्यञ्जन अर्पण गर्दैछु । स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ।

## खाद्य पूजा

**"अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥७॥"**

***अर्थ***

हे भगवान् ! हजूरलाई अनेक प्रकारका खाद्यवस्तुहरू अर्पण गर्दैछु स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ।

## स्कन्धमूल पूजा (फलफूल पूजा)

**"अधिवासेतु नो भन्ते, फलानि उपनामितं**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम ॥८॥"**

***अर्थ***

हे भगवान् ! हजूरलाई अनेक प्रकारका फलफूल अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ।

Dhamma.Digital

---

*द्रष्टव्य: *१२ बजे अगाडि भोजन चढाउँदा यो गाथाको प्रयोग गरिन्छ ।*
***बुद्ध पूजामा व्यञ्जन चढाउँदा मात्र यो गाथाको प्रयोग गरिन्छ ।*



https://dhamma.digital

## चैत्य वन्दना

### (विश्वभरका चैत्यहरूको वन्दना)

**"वन्दामि चेतियं सब्बं सब्ब ठानेसु पतिट्ठितं ।**
**सारीरिक धातु महाबोधि, बुद्ध रूपं सकलं सदा ॥१॥"**

***अर्थ***

विश्वमा सर्वत्र स्थानमा प्रतिष्ठित भइरहेका सम्पूर्ण चैत्यहरूलाई पनि, बुद्धको पवित्र अस्थि धातुलाई पनि, महाबोधि बृक्षलाई पनि र सम्पूर्ण बुद्धरूपलाई पनि म सदैव वन्दना गर्दछु ।

### क्षमा याचना

**"कायेन वाचा चित्तेन, पमादेन मया कतं ।**
**अच्चयं खम मे भन्ते, भूरि पञ्ञो तथागत ॥"**

***अर्थ***

हे भगवान् ! मेरो काय (शरीर), वाक्य (बोली), र चित्त (मन) द्वारा प्रमादवश बेहोशी भएर म बाट केही भूल अपराध दोष भएका भए गम्भीराति गम्भीर प्रज्ञा भएका हजूर तथागतले मलाई क्षमा गर्नुहोस् ।

### आशिका

**"इमाय बुद्ध पूजाय, कताय शुद्ध चेतसा ।**
**चिरं तिठ्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ॥"**

Dhamma.Digital

***अर्थ***

शुद्ध चित्तले गरिएको यो बुद्ध पूजाबाट प्राप्त सम्पूर्ण पुण्यको आनुभावले तथागतको सद्धर्म चिरस्थायी रहोस् ! सम्पूर्ण सत्व प्राणीहरू सुखी रहुन् ।

**"इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।**
**सब्बं तं अनुमोदित्वा, सब्बेपि तुट्ठ मानसा ॥"**

***अर्थ***

यो बुद्ध पूजाबाट मलाई जे जति पुण्य प्राप्त भएको छ, ती सम्पूर्ण पुण्यलाई देखेर सन्तुष्ट रही सबैले अनुमोदन गरून् ।

**"पूरेत्वा दान सीलादि, सब्बापि दसपारमि ।**
**पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ॥"**



https://dhamma.digital

*अर्थ*

दान शीलादि दश पारमिता सम्पूर्ण पूर्ण गरी, आफ्नो इच्छानुसार उत्तम बोधिज्ञान प्राप्त गरी अमृत रूपी निर्वाण सुख अनुभव गर्ने बनून् ।

## प्रतिपत्ति पूजा

**"इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दछु ।

**"इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा धर्मलाई पूजा गर्दछु ।

**"इमाय धम्मानुधम्म पटिपत्तिया संघ पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा संघलाई पूजा गर्दछु ।

**"अद्धा इमाय पटिपत्तिया जाति जरा व्याधि मरणम्हा, परिमुच्चिस्सामि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा अवश्य पनि म जन्म जरा व्याधि मृत्युबाट मुक्त हुनेछु ।

## कामना

**"इमिना पुञ्ञकम्मेन, मा मे बाल समागमो ।**
**सतं समागमो होतु, याव निब्बाण पत्तिया ॥"**

*अर्थ*

यस पुण्यको प्रभावले मलाई बालजनहरूको संगत गर्न नपरोस् ! निर्वाणमा नपुगुञ्जेलसम्म नै सत्पुरूषहरू (कल्याण मित्रहरू) को संगत गर्न पाइयोस् ।

**"इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।"**

*अर्थ*

यो मेरा पुण्यद्वारा सम्पूर्ण आश्रव (क्लेशमलहरू) को क्षय (विनाश) होस् ।



https://dhamma.digital

**"इदम्मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु।"**

*अर्थ*

यी सम्पूर्ण मेरा पुण्यहरू निर्वाण प्राप्तिका लागि हेतु बनोस् !!

**"इदम्मे पुञ्ञं सब्बेसत्ता अनुमोदन्तु।"**

*अर्थ*

यो मेरो पुण्य कार्यलाई यावत् सत्व प्राणीहरूले अनुमोदन गरून् !!

**"इदम्मे पुञ्ञं सब्बेसत्ता सुखिता भवन्तु।"**

*अर्थ*

यो मेरो पुण्य कर्मद्वारा सम्पूर्ण सत्वप्राणीहरू सुखी होऊन् !!!

Dhamma.Digital



https://dhamma.digital

## पुण्यानुमोदन

### (पुण्य दान)

**"इदं* मे/वो/नो/ञाति नं होतु, सुखिता होन्तु ञातयो ।" (३)**

***अर्थ***

यो मेरो/तिम्रो हामी सबैको पुण्य मेरा/तिम्रा/हामी सबैका ज्ञाति बन्धुहरूलाई प्राप्त होस् ! यो पुण्यको प्रभावबाट मेरा/तिम्रा/हामी सबैका ज्ञातिहरू (बन्धु बान्धव इष्टजनहरू) सुखी रहून् !!

**"एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**

**सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

***अर्थ***

अहिलेसम्ममा प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण देवताहरूले अनुमोदन गरून् ! सम्पूर्ण देवतागणहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।**
**सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

***अर्थ***

अहिलेसम्ममा प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण सत्वहरूले अनुमोदन गरून् ! उनीहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

**"एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।**
**सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

***अर्थ***

अहिलेसम्म प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण प्राणीहरूले अनुमोदन गरून् ! उनीहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

साधुकार

---

*द्रष्टव्य: *आफू एक्लैले प्रार्थना गर्दा "मे" शब्द अरूको लागि प्रार्थना गर्दा "वो" शब्द र हामी सबैको लागि भनी प्रार्थना गर्दा "नो" शब्दको प्रयोग गर्ने ।*



https://dhamma.digital

# भाग ६

## अनुसूची

भदन्त लेडि सयादोले लेख्नु भएका केही टीकाहरू, दीपनीहरू, निबन्धहरू र चिट्ठीपत्रहरूको सूची तल प्रस्तुत गरिन्छ :-

**पालिमा:**

१) परमत्थ दीपनी वा अभिधम्मत्थ संगह महा टीका
२) निरूत्ति दीपनी वा बुत्तिमोग्गलान टीका
३) अनु दीपनी
४) विभत्यत्थ टीका
५) वच्चवाचक टीका
६) सासन सम्पत्ति दीपनी
७) सासन विपत्ति दीपनी
८) पट्ठानुद्देस दीपनी
९) सम्मादिट्ठि दीपनी
१०) लण्डन पालि देवी प्रश्नहरू तथा उत्तरहरू
(London Pali Devi Questions and Answers)
११) पश्चिमका लागि बौद्ध धर्मको व्याख्यान
(Exposition of Buddhism for the West)
१२) पधान सुत्त
१३) अनत्त विभावना
१४) यमक पुच्छा विसज्जना
१५) नियाम दीपनी
१६) विपस्सना दीपनी

**बर्मेली भाषामा**

१७) रूप दीपनी
१८) लक्खन दीपनी
१९) पारमी दीपनी
२०) विज्जामग्ग दीपनी
२१) निब्बान दीपनी
२२) महासयन दीपनी
२३) उत्तम पुरिस दीपनी



https://dhamma.digital

२४)  पटिच्च समुप्पाद दीपनी
२५)  आहार दीपनी
२६)  अनत्त दीपनी
२७)  अनत्त दीपनी (नयाँ)
२८)  कमट्ठान दीपनी
२९)  आनापान दीपनी
३०)  चतुसच्च दीपनी
३१)  वोधिपक्खिय् दीपनी
३२)  सोमनस्सउपेक्खा दीपनी
३३)  भावना दीपनी
३४)  सुकुमार दीपनी
३५)  सच्चत्थ दीपनी
३६)  सासन दायज्ज दीपनी
३७)  रोगन्तर दीपनी
३८)  धम्म दीपनी
३९)  दानादि दीपनी
४०)  मग्गङ्ग दीपनी
४१)  गोणसुरा दीपनी
४२)  नियाम दीपनी
४३)  सिलविनिच्छय दीपनी
४४)  इणपरिभोग-विनिच्छिय दीपनी
४५)  दीघासन- विनिच्छय दीपनी
४६)  असंखार-ससंखार विनिच्छय दीपनी
४७)  सिक्खा-गहण-विनिच्छय दीपनी
४८)  चेतियङ्गम-विनिच्छय दीपनी
४९)  उप सम्पदा-विनिच्छय दीपनी
५०)  आजीवट्ठमक शील सम्बन्धी निर्णय (Decision on Ajivatthamaka Sila)
५१)  विकालभोजन-सिक्खापद सम्बन्धी निर्णय
(Decision on Vikalbhojana-Sikkhapada)
५२)  सरण-गमन-विनिच्छय दीपनी
५३)  परमत्थ संखित्त
५४)  विनय संखित्त
५५)  सद्द संखित्त
५६)  "वर्णाक्षर" संखित्त



https://dhamma.digital

५७) छन्द संखित्त

५८) अलंका संखित्त

५९) उच्चारण संखित्त

६०) परमत्थ संखित्त

६१) रूप सम्बन्धी परिच्छेद (संक्षेपमा) (Chapter on Material Qualities in briet)

६२) निब्बान-विसज्जना दीपनी (Nibban Visajjana Manual)

६३) लेडि प्रश्न र उत्तरहरू (Ledi Questions and Answers)

६४) श्रोतापन्न सम्बन्धी प्रश्नहरू (Questions on Sotapanna)

६५) सासन विसोधनी भाग १, २ र ३

६६) गंभीर-कव्या क्यान (Gamvhira Kabya Kyan)

६७) गाईको मासुबाट विरत रहन खुला पत्र
(Open Letter for Abstention from Taking Beef)

६८) ऊ ब ब्वलाई उत्तरको पत्र (Letter of Reply to U Ba Bwa)

६९) उ साइङ्गलाई चेतावनी पत्र (Admonitory letter to U Saing)

७०) दीपेयैं शहरका बासिन्दाहरूलाई चेतावनी पत्र
(Admonitory letter to the inhabitants of Dipeyin Townnship)

७१) चिट्टा र जुवा निषेध सम्बन्धी चेतावनी पत्र
(Admonitory letter prohibiting lotteries and gambiling)

७२) बोधिबृक्षमा दीप उत्सव मनाउने सल्लाह
(Advice to hold a lighting festival at the Bo tree)

७३) ऊ हमतलाई पत्र (Letter to U Hamat )

७४) सीहत चैत्यको अभिलेख (Inscription at Sihataw Pagoda)

७५) सम्वेग सम्वन्धी महाकाव्य (Epic on Sambega)

Dhamma.Digital



https://dhamma.digital

## बुद्ध धर्मप्रतिका उद्‌गार वचनहरू

आधुनिक युगमा बुद्ध र बुद्ध धर्मका बारेमा प्रख्यात विद्वतवर्ग वैज्ञानिकहरू र दार्शनिकहरूका केही उद्‌गार वचनहरू तल समेटिएका छन:

*"विश्वले थाहापाएका मार्गदर्शकहरूमध्ये सबैभन्दा महान् पथप्रदर्शक गौतम बुद्धले संसारलाई देखाउनु भएको पथबाट बाहेक अन्य नयाँ नयाँ कलह र युद्धहरूबाट मानव जातिलाई बचाउने कुनै पथ स्थापना गर्न सकिदैन ।"*

**– जवाहरलाल नेहरू**

*"बुद्ध धर्मले समस्त मानव जातिलाई अंगिकार गरीकन उनीहरूमा नयाँ प्रेरणाको संचार गरेको थियो ।"*

**– रविन्द्र नाथ टैगोर**

*"बुद्ध भर्म ईशाइ धर्मभन्दा सयौ गुणा यथार्तवादी छ । किनभने यसले सम्पूर्ण समस्याहरूलाई वस्तुगत रूपबाट समाधान गर्ने तरीकालाई उत्तराधिकार विरासत (Inheritance) को रूपमा पाएको छ ।"*

**– जर्मन दार्शनिक नीत्से** (Nietzsche)

*"भविष्यको धर्म एउटा विश्व धर्म हुनेछ । यसले व्यक्तिगत ईश्वरको धारणलाई नाघेर जानु पर्छ र कोरा सिद्धान्त नारालाई हटाउनु पर्छ । यस्तो धर्म सार्थक एकताको रूपमा प्राकृतिक र आध्यात्मिक सबै कुराको अनुभवबाट उत्पत्ति भएको धार्मिक चेतनामा आधारित हुनु हुनेछ । केवल बुद्ध यस्तो वर्णनलाई पूरा गर्छ ।"*

**– वैज्ञानिक अल्वर्ट आइन्सटीन**

*"मैले अक्सर भन्ने गरेको छु र बारम्बार दाहोर्‍याउने छु कि बुद्धधर्म र आधुनिक विज्ञानको बीचमा मात्र निकटतम बौद्धिक सम्बन्ध विद्यमान छ ।"*

**– सर एडवीन आर्नल्ड**

*"इतिहासमा विद्यमान धर्महरूमध्ये म बुद्ध धर्मलाई मन पराउछु ।"*

**– आर्शनिक वरट्राण्ड रसेल**

*"मानव यतिहासमा कुनै धर्म प्रभाव बुद्ध धर्मले विश्व सभ्यताको प्रदर्शनका लागि वढी प्रभाव पारेको छ । पशिचमि सभ्यताको सम्पर्कमा आएर तथा इतिहासको (Spirit) भावनावाट उत्प्रेरित भएर पुर्नजागृत र विशुद्धिकृत भगवान् गौतम बुद्धको मौलिक उपदेशले मानवताको लक्ष्यको दिशामा अझै ठूलो भूमिका निर्वाह गर्न सक्ने सम्भावना छ ।"*

**– इतिहासकार एच. जि. वेल्स**



https://dhamma.digital

*"नाम विज्ञानको पृष्ठभूमिमा ठोस सार आत्मा नभएको कारणलाई हामी राम्ररी देखाउन सक्छौं । बर्कले (Berkeley) यो तथ्यलाई जानेको थिएन । यो क्षेत्रमा गौतम बुद्धले आधुनिक युगमा सर्वप्रसिद्ध विज्ञानवादीले भन्दा बढी गम्भीर रूपमा देख्नु जान्नु भएको थियो ।"*

**– वैज्ञानिक टि. एस. हक्सले**

*"महान् गुरू (बुद्ध) प्रति हिन्दुधर्म शाश्वत ऋणी छ ।"*

**– महात्मा गांधी**

*"संसारले बुद्ध र युद्धमध्ये एकलाई चुन्नु परेको छ ।"*

**– जवाहरलाल नेहरू**

*"थेरवादीहरूको अनात्मा चित उद्विग्न पार्ने भौतिकवाद जस्तो छ ।"*

**– वेलायती विद्वान त्रिसटमस हम्फ्रेस**

*"बुद्धवाद निराशजनक नास्तिकवाद होइन ।"*

**– अमेरिकी विद्वान पाउल क्यारेस**

*"विश्ले देखेका महान विजेताहरूमध्ये भगवान् बुद्ध सर्वश्रेष्ठ विजेता हुनुहुन्छ । उहाँले करूणा र प्रज्ञाको अचूक अस्त्रबाट संसारमाथि विजय हासिल गर्नु भयो ।"*

**– भदन्त डा. के. श्रीधम्मानन्द**

*"विश्वको निश्चित विनाशबाट बचाउने एउटै मात्र उपाय छ । त्यो हो बुद्धको सन्देश बढी सेबढी जीवनमा उतार्ने ।"*

**– राष्ट्रपति डा. राजेन्द्र प्रसाद**

*"बुद्ध धर्मले आफ्ना अनुयायीहरूमा जति प्रभावकारी ढंगले भित्रैसम्म शान्तिको जग बसालेको छ, त्यति अन्य कुनै धर्मले गर्न सकेका छैनन् ।"*

**– जे. टी. सुन्दरल्याण्ड**

*"बुद्ध धर्मको प्रचार गर्नु मानव समाजको सेवा गर्नु हो ।"*

**– डा. भीमराव अम्वेडर**

*"आधुनिक भौतिक शास्त्र (विज्ञान) को परिणामहरूले वैज्ञानिकहरूलाई अनुशरण गर्नका लागि दुइटा ज्यादै भिन्न भिन्न रहेको पथहरूलाई खोलिदिएका छन् । ती परिणामहरूले हामीलाई कि त बुद्धतिर कि बमतिर डोऱ्याउने सम्भावना छ । कुन चाहि मार्ग लिने भन्ने कुरा निर्णय गर्ने विषय प्रत्येक वैज्ञानिकमा निहित छ ।"*

**– वैज्ञानिक फ्रिाफ काप्रा**



https://dhamma.digital

## शुद्धि पत्र (Corrigendum)

| सि. नं. | पेज नं. | हरफ | भएको अशुद्धि | हुनु पर्ने शुद्धि |
|---|---|---|---|---|
| १. | १३ | २८ | परणाम | परिणाम |
| २. | ३० | १३ | ग्रनथहरूको | ग्रन्थहरूको |
| ३. | ३१ | २८ | ४२ महानयुत | ४२१० महानयुत ४२१ प्रयुत |
| ४. | ३२ | १२ | दचाविद | दयाविद |
| ५. | ३५ | २७ | प्राप्त कुरामा | प्राप्त हुने कुरामा |
| ६. | ३६ | १६ | र उत्साहसको | र उत्साहको |
| ७. | ३६ | १९ | यथाभतवाद | यथाभूतवाद |
| ८. | ३८ | ५ | र परिवर्तित | र परिबर्द्धित |
| ९. | ४४ | १८ | २०१८ | २०१९ |
| भाग १ | | | | |
| १० | २ | २ | भनु नै | भन्नु नै |
| ११. | ४ | १७ | यस्ते | यस्तो |
| १२. | १६ | २२ | न "ग" छ | न "ङ" छ |
| १३ | २१ | ७ | ध्यान नराखी लगउँदा | ध्यान लगाउँदा |
| १४. | ३० | २६ | र साविता गर्ने | र भाविता गर्ने |
| १५. | ३१ | ६ | साविक देखिन | साविक देखि नै |
| १६ | ४२ | २६ | भक्वङ्गचि | भवङ्ग चित |
| १७ | ५४ | २ | रुपबाट कला | रुपबाट हाल |
| १८. | ५७ | ६ | भिक्खवे चित्त" | भिक्खवे चित्तं" |
| १९. | ५७ | ८ | बुद्धले भएको छ। | बुद्धले भन्नु भएको छ। |
| २०. | ६० | २१ | पहिले दखिएका | पहिले देखिएका |
| भाग २ | | | | |
| २१ | ७४ | १४ | सूक्ष्म कलहबाट | सूक्ष्म कललबाट |

Dhamma.Digital

https://dhamma.digital

**15. Social and Religious Activites:**

a) Vice Chairman, Economic Society, Tribhuwan University while student in TU.

b) Member: I) Dharmodaya Sabha, ii) Nepal Bouddha Pariyati Shikshya.

c) Life Member: I) Shree Shakya Sinha Vihar ii) Shre Sumangal vihar, iii) Shree Nagarmandapa Shrikeerti Vihar, iv) Shree Pranidhipoorna Vihar, v) Shree Gana Mahavihar, vi) Shree Ashoka- Charumati Stupa Vihar, vii) Shree Vishow Shanti Vihar, viii) Shree Muni Vihar, ix) Shree Birat Bouddha Sangha Biratnagar, x) Shree Pati Vihara, xi) Shree Tri Ratnakirti Vihara.

d) Advisor & Life member, Pragyananda Memorial Freee Clinic.

e) Hon. Member, Y's Men's Club, Baguio the Phillippines.

**16. Literature:** Literary articles published in "Arpana" and "Aarati" Nepali Monthly Literary Magazines (2021-2025 B.S. 1964-1968 A.D)

**17. Books Published so far :** 19 books on various subjects in Nepal Bhasa (6), English (3) and Nepali Languages (10 books).

**18. Important Books so far Published:**

a) Autobiographies of Late Sanga Maha Nayak Agga Maha Pundita Most Venerable Pragyananda Mahathera, (Nepal Bhasa, Nepali and English Languages).

b) Four Books on various aspects of Abhidhamma.

c) Two Books on Buddhism and Modern Science etc.

**19. Literary Activities:** Beginning of writing literary articles in the pen name of R.B. Vandya from 1961 A.D.

**20. Religious Service:** Publication of the first Buddhist Hymn in Nepal Bhasa in the Pen-name of R.B. Vandya in 1962.

**21. Notable Services to the Society, Government and Nation under the inspiration of Buddhism:**

i) Launching of Exemplary especial Innovative Drives from time to time for the free and Speedy Disposal of Land cases on the spots itself through the Mobilization of Mobile teams on the basis of the mutual conciliation, wherever possible, in the rural areas in the presence of the local people and their representatives in Kathmandu, Lalitpur and Bhaktapur while working as Land Administrator there for the control and elimination of corruption in Land Administration offices and providing easy, efficient, economic and accessible justice to the ordinary public.

ii) Liberalization of office and legal procedures for the general benefit of the common people.

iii) Contribution in the Introduction of Easy Printed forms for land registration purposes for controlling unwanted corrupt practices in Land Registration.

iv) Peaceful conducting of Natioal Referendum in 2037 B.S (1980 A.D) in Saptari while working as CDO there without using any force whatsoever.

v) Exemplary Contribution in the Smooth and Speedy clearance of Nepalese Traffic in Transit through and from Kolkata Port while working as Dy. Consul General to mitigate the sufferings of Nepalese People.

vi) Historical Contribution in Liberalization of Nepal India Trade and Transit Regimes through more liberal Nepal-India Trade and Transit Treaties in 1996 and 1999 while working in the Minstry of Commerce, Nepal and R.N.E. New Delhi (1982-2000 A.D) etc.

Institute Of Agriculture and Animal science
Tribhuwan University
Rampur, Chitwan

**Prof. Dr. Shanta Man Shakya**
Asst. Dean

https://dhamma.digital

३6· शा· वि,

# Author's Profile



R.B.Vandya

1. **Pen Name:** R.B. Vandya (Eminent Buddhist Scholar & writer)
2. **Popular Name:** Raja Bhai Shakya (Ex. Minister Economic)
3. **Date of Birth & Place:** Wednesday, September 23, 1942, (Ashwir 7, 1999 B.S.), Pyukha Tole, Kathmandu, Nepal.
4. **Family Monastery:** Shree Jambunandan Poorna Buddha Mahavihar (Pichhe Bahal) - A Branch of Shree Dharma Chakra Mahavihar, Wotu, Kantipur, Nepal.
5. **Formal Education:** M. A. (Economics) -Tribhuwan University (Top position in Economics Faculty in 1965).
6. **Foreign Study Tour under U.N., F.A.O. Fellowship Programme:**
   a) Australia & Papua New Guinea February 25, 1971 to August 25, 1971.
   b) The Philippines & India - February15, 1973 to May 15, 1973.
7. **Profession**: Government service (Sept. 1965 to Sept. 10, 2000) (Now Retired)
8. **Proficiency in Languages:** Nepal Bhasha (Mother tongue), Nepali, Hindi, English.
9. **Hobbies:** Literature, Religion, Philosophy.
10. **Positions held during Government Service:**
    a) Lands Administrator in Kathmandu, Acting L.A. in Lalitpur & Bhaktapur
    b) Chief, Planning Cell, MOLR, Govt. of Nepal.
    c) C.D.O. Saptari during the period of Historical Referendum in Nepal.
    d) Under Secretary, MOC, Govt. of Nepal.
    e) Dy. Consul General, RNCG, Calcutta (Feb 1989 to March 1992)
    f) Joint Secretary, MOC, Govt. of Nepal, (Sept. 1994 to March 1998)
    g) Minister Economic, Nepalese Embassy, New Delhi, India (March 1998 to Sep. 2000). (Retired from Govt. Service in New Delhi on completion of the prescribed age).
11. **Contribution:**
    a) Significant Contributions in the management and development of Land Reforms and Administration System in Nepal .
    b) Historical Contribution in the improvements and development of Trade and Transit Regimes of Nepal .
12. **International Travel:** Australia, Papua Guinea, The Philippines , India, Italy, france, United kingdom, Thailand, Sri Lanka, Maldives, Singapore, Hongkong, Iraq, Yugoslavia, People's Republic of China, Bangladesh, U.A.E. etc .
13. **Decorations and Medals:**
    a) Vikhyat Trishakti Patta,
    b) Suprabal Gorkha Dakshin Bahu,
    c) Prabal Gorkha Dakshin Bahu by the King .
    d) Five Medals from Govt. of Nepal and the king.
14. **Appreciation and Honour from Private Sector:**
    a) Letter of Appreciation by Nepal Bouddha Pariyati Shiksha in May 1976
    b) Prashansa Padak (Medal) by Nepal Bouddha Pariyati Shiksha in 1976
    c) Letter of Honour by Shree Shakya Sinha vihar in April 2000 & Ceremonial Shawl by it in April 2001.
    d) Letter of Felicitation by Yeshodhara Mahavihar, Asahaya Sewa Samiti, Lalitpur, Nepal on Sept. 9, 2007 along with Ceremonial Shawl & sacred scarf "Khada".

*(Continued on inside cover page)*

ISBN 993721752-1
9789937217521

https://dhamma.digital